अल्पायुमै बितेका क. विनोद मिश्र !




# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६३
पुस, २०५५

मूल्य रु. १७/-
भारतमा भा.रु. १३/-



खगेन्द्र संग्रौला
श्याम कोजू
लोककृष्ण भट्टराई
नारायण ढकाल
भरत दाहाल
र डा.सरोज धितालका
विचारोत्तेजक
भनाइहरु सहित !

# के नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगले पुनर्गठन गर्नु जरुरी छ ?




श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५४ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै
मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका
लागि श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।

**नेपाल राष्ट्र बैंक**

परिवार

# DUCKHAMS




अन्तरराष्ट्रिय
**ISO-9002** को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६३
पुस/२०५५



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ

**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ

**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/९९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं




## के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्नु जरूरी छ ?

साथमा

## के आज नेपाली कम्युनिष्ट आन्दोलनमा देखिएका असन्तुष्टिहरूको हल यसको पुनर्गठन नै हो ?

*युवा वामपन्थी व्यक्तित्वहरू: खगेन्द्र संग्रौला, श्याम कोजु, डा. सरोज धिताल, लोककृष्ण भट्टराई, नारायण ढकाल र भरत दाहालका विचारोत्तेजक अभिमतहरू सहित !*

## श्रीलंकाको सरकारमा सामेल कम्युनिष्ट पार्टीको कथा

*१६ औं महाधिवेशनको झाँकी*



## विनोद मिश्र एउटा नयाँ 'दास क्यापिटल' लेख्न चाहन्थे !

◆ क. विनोद मिश्रको संक्षिप्त जीवनवृत्त
☐ भाकपा (माले) लिबरेशन समूह के भन्छ ?

## मजदूर वर्गप्रति समर्पित एक ठूला योद्धाको निधन

*क. प्रीतीश चन्दाको क्रान्तिकारी जीवनले विश्वभरिका जनतामा आशाबोध जगाइरहनेछ !*


**हाम्रो मूल्यांकन**
कति बुद्धिमत्तापूर्ण रह्यो नेकपा एमालेको यो निर्णय ? ४
**घटना र प्रवृत्ति**
किन चुनावी सरकार महाकाली सन्धि लागु गर्न खोज्दैछ ? ४
'जनादेश' र इन्द्रेणी प्रेसमाथि प्रहरीको बर्बर हमला ४
**आवरण कथा**
के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्नु जरुरी छ ? -श्याम श्रेष्ठ ५
*☐ लामो समयसम्म गरेको त्याग र बलिदानको सानो सफलतापछि छोटो समयमा आएको बिफलताको बीच अहिले हामी उभिरहेका छौं -नारायण ढकाल/७ ☐ नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठित गर्नु पर्ने बेला आएको छ -श्यामकृष्ण कोंजु/८ ☐ अहिलेसम्मको संगठन पूर्वनिश्चित फ्रेममा कैद गरिएको निर्जीव खालको छ -डा. सरोज धिताल/११ ☐ नेपाली मार्क्सवाद कागजदेखि कागजसम्म र सडकदेखि सडकसम्म कुदिर हेछ -खगेन्द्र संग्रौला/१३ ☐ नेपालको कम्युनिष्ट आन्दोलनको पुनर्गठन केका लागि र किन ? -भरत दाहाल/१० ☐ मैले कम्युनिष्ट आन्दोलनको पुनर्गठन गर्नुपर्छ किन भनें ? -लोककृष्ण भट्टराई/३८*

**अचेल**
नेपालमा आर्थिक क्रान्ति हुन सकेन -चन्द्रशेखर रघुवंश श्रेष्ठ २२
**विश्व कम्युनिष्ट आन्दोलन**
श्रीलंकाको सरकारमा सामेल कम्युनिष्ट पार्टीको कथा १६
लेनिनका शालिकहरु पुन: स्थापित गर्न थालियो ! १७
मजदूर वर्गप्रति समर्पित एक ठूला योद्धाको निधन: *क. प्रीतीश चन्दाको क्रान्तिकारी जीवनले विश्वभरिका जनतामा आशाबोध जगाइरहनेछ !* १८
विनोद मिश्र एउटा नयाँ 'दास क्यापिटल' लेख्न चाहन्थे ! -अभयकुमार दुबे ३२
क. विनोद मिश्रको संक्षिप्त जीवनवृत्त ३३
कमरेड विनोद मिश्रलाई श्रद्धाञ्जली ! "हामी निश्चय पनि सफल हुनेछौं !" ३४
**जीवनको झाँकी**
छापामार युद्धमा नेता क. नागभूषण ! २८
**प्रेरक प्रसंग**
माओले आफ्ना कार्यकर्ताहरुको यसरी ख्याल राख्नु हुन्थ्यो ! १९
**प्रवास**
कस्ता छन् पूर्वोत्तर भारतका नेपालीहरुका समस्याहरु ?
*'अखिल भारत नेपाली एकता समाज'का सभापति गिरधारीलाल न्यौपानेसंगको अन्तर्वार्ता* २०
**आँखीझ्याल**
कसरी बढ्दैछ विश्वमा महाधनाढ्यहरुको संपत्ति ? -दीपक बैद्य १५
**अर्थतन्त्र**
कस्तो अर्थतन्त्रलाई सामन्ती अर्थतन्त्र भन्ने ? २४
विकसित औद्योगिक अर्थतन्त्रभित्रका यी पीपहरु २५
विश्वको ताजा आर्थिक परिसूचकहरु २५
**उत्पीडित चौतारी**
'मुक्ति समाज' को दोस्रो राष्ट्रिय सम्मेलन सामु रहेका चुनौतिहरु -पद्मलाल विश्वकर्मा २६
**विज्ञान/प्रविधि**
कही गुरुत्वाकर्षणको सिद्धान्तमा संशोधन त गर्नुपर्ने होइन ? -तुल्सीदास महर्जन ३५
**दर्शन परिचय**
आदर्शवादका हाँगाहरु -श्याम श्रेष्ठ ३५
**व्यंग्य**
मेरो रक्सीको गिलास -विमल निभा ३८
**पाठकको कुरो** ४२


आवरणमा : नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान स्थितिको प्रतीकको रुपमा टुटफुट भएको हँसिया-हथौडा चिन्ह ! (कला: सुन्दर बस्नेत)।
काँधमा : भारतको पटनामा भाकपा (माले) लिवरेशन समूहका महासचिव क. विनोद मिश्रलाई अन्तिम श्रद्धाञ्जली दिइएको दृश्य (फोटो: उषा तिवारी)


आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५ /कलाकारहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक। फोन: २४७१८२
कम्प्युटर सेटिङ्ग: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

# कति बुद्धिमत्तापूर्ण रह्यो नेकपा एमालेको यो निर्णय ?

सत्ताभन्दा बाहिर हुनासाथ नून खाएको कुखुरा जस्तो शक्तिहीन भइहाल्ने नेपाली कांग्रेस यसपालि गिरिजा कोइरालाकै मूर्खतावश दोस्रो पटक सत्ताबाट आउट हुने स्थितिमा पुगिसकेको थियो । नेकपा मालेको पहलमा संसदमा दर्ता भएको अविश्वास प्रस्ताव संसदबाट पास हुने र गिरिजा कोइरालाको खुनी सरकार पुनः सत्ताच्यूत हुने निश्चित भइसकेको थियो । एमालेकै नेतृत्वमा र क. मनमोहनको प्रधानमन्त्रित्वमा गैर कांग्रेसी संयुक्त सरकार बनाउन माले, मसाल, नेमकिपा, राप्रपा लगायत सबै तम्तयार भइसकेका थिए । यो वाम बाहुल्य भएको चुनावी सरकार हुने थियो । यो सरकार बनाउने र चलाउने प्रक्रियामा एमाले र मालेबीच अहिल विद्यमान असैद्धान्तिक, अराज-नैतिक कटुता पनि कम हुने थियो । सबै वाम शक्तिहरु यस प्रक्रियामा बढी नजिक र एकताबद्ध हुने थिए । सबै वाम मिलेर चुनाव लड्दा आगामी संसद वाम शक्तिको स्पष्ट बहुमत भएको संसद हुने र नेपालमा पहिलो पटक प्रष्ट बहुमतको वाम सरकार बन्ने निश्चित थियो । कांग्रेसको साइज अहिलेभन्दा निकै दुब्लो हुने परिपक्का थियो । यो दिशामा अघि बढ्दा नेपालको भावी राजनीति नै नयाँ दिशामा जाने थियो । यो बाटो देश र जनताको हितमा पनि थियो । एमाले स्वयंको हितमा पनि । तर देशको इतिहासलाई नै जनहित अनुकूल र नयाँ दिशामा लाने स्पष्ट विकल्प सामुन्नेमा हुँदा हुँदै एमाले नेतृत्वले त्यो विकल्प अंगीकार गरेन । सबैको अपील र अनुरोधलाई ठुकराउँदै एमालेले संसदमा आफूभन्दा पनि शक्तिशाली रहेको प्रमुख प्रतिक्रियावादी शक्ति कांग्रेससँग संयुक्त सरकार बनाउने विकल्प रोज्यो । एमाले नेतृत्वले आफ्नै पार्टीका अध्यक्ष क. मनमोहन अधिकारीको नेतृत्वमा आफ्नै पार्टीको हालीमुहाली भएको गैर कांग्रेसी संयुक्त सरकार बनाउनुभन्दा खुंखार राष्ट्रघाती र जनहत्याराका रूपमा बदनाम गिरिजा कोइरालाको नेतृत्वमा सरकार बनाउनु किन र कसरी उचित र उत्तम ठहर्‍यायो ? यो बुझिनसक्नुको कुरो भएको छ । एमालेको वर्ग विश्लेषणमा 'प्रतिक्रियावादी कांग्रेस' केका आधारमा र कसरी मालेभन्दा पनि ज्यादा नजिक हुन सक्यो ? कांग्रेसले बरू संसदमा बहुमत ल्याए पनि ल्याओस्, तर मालेलाई चाहिँ संसदमा एकसिट पनि ल्याउन नसक्ने पार्नुपर्छ भन्ने राजनीतिक विश्लेषण एमालेको किन र कसरी हुन सक्यो ? यो सामान्य जनताले ठम्याइ-नसक्नुको कुरो भएको छ ।

यस्तो देखिन्छ- एमाले नेतृत्वले अब श्रमिक वर्गको पक्षधरतामा आधारित वर्ग विश्लेषणका आधारमा शत्रु को र मित्र को ? भन्ने छुट्याउन छोडिरहेछ, ऊ अब देश र जनताको हित केमा छ भन्ने कुरा त टाढैको कुरा रह्यो, आफ्नै पार्टीको हित केमा छ, त्यो समेत खुट्याउन छाडिरहेछ । ऊ या त भावुकताको भरमा अन्ध राजनीति गरिरहेछ, या आफ्नै हितमा समेत प्राथमिकता दिन नसक्ने गरी अन्त कतैको दवाबको बन्दी हुन थालेको छ । नत्र एमालेको छैठौं महाधिवेशनको वर्ग विश्लेषण अनुसार त अरू उत्तम विकल्प हुँदाहुँदै सरकारको लागि कांग्रेस एमालेको पहिलो रोजाइ हुनै सक्दैन । किनकि, त्यहाँ कांग्रेसलाई त प्रमुख वर्ग दुश्मन ठहर्‍याइएको छ ।

तथापि, आखिर एमालेले निर्णय गरिनै सकेको छ । र, यो निर्णय एमाले स्वयं र सिंगै देशको लागि साह्रै महंगो पर्नेवाला छ । तर गल्ती सच्याउन र राम्रो कुरो थाल्न ढिलो कहिल्यै हुँदैन । अहिले पनि समय छ- आगामी संसदमा प्रधानमन्त्रीले विश्वासको मत माग्ने समयमा एमालेले समर्थनको मत नदिएर र गैर कांग्रेसी सरकारको लागि पहल गरेर अहिलेको गल्ती सच्याउन सक्छ । ❑

# किन चुनावी सरकार महाकाली सन्धि लागु गर्न खोज्दैछ ?

**सरकारमा** आउनेबित्तिकै नयाँ जलस्रोत मन्त्रीले महाकाली सन्धिको डि.पि.आर. तयार गर्न विशेष पहलका साथ साधन, स्रोत जुटाउने र काम कारवाही अगाडि बढाउने मेलोमेसो थाल्नु भएको छ । यसको लागि जुनसुकै स्रोतबाट भए पनि डेढ करोड रुपियाँ जुटाउने निर्णय गरिएको छ र तदारुकताका साथ काम अघि बढाउन आश्चर्यजनक उत्साहका साथ पहल थालिएको छ ।

यो जगजाहेर कुरा हो कि, महाकाली सन्धि अनुसार, पञ्चेश्वर योजनाको डि.पि.आर. सन्धि भएको ६ महिनाभित्रै बनिसक्नु पर्ने हो । तर त्यो म्याद गुज्रेको तेह्र महिना बितिसकेको छ । त्यसैले सन्धि अनुसार नै पञ्चेश्वर बहुउद्देश्यीय योजनासम्बन्धी सन्धि 'म्याद गुज्रेको सन्धि' भइसकेको छ । दुवैको सहमति अनुसार म्याद नथपी त्यो सन्धि अब वैध नै हुँदैन र स्मरणीय छ, म्याद थप्ने काम अहिलेसम्म भएको छैन ।

त्यसमाथि, थप महाकाली सन्धिको पानीको बाँडफाँड सम्बन्धी धारालाई भारतीय पक्षले नेपालको हकको पानीसमेत पूरै हडप्ने अर्थमा बुझेको कुरा दुईपक्षीय वार्ताको क्रममा भारतीय पक्षबाट स्पष्ट भइसकेको छ । र, संसदबाट पारित संकल्प प्रस्तावअनुसार पानी बाँडफाँडको सिद्धान्तको सम्बन्धमा साझा समझदारी बनिसकेको छैन ।

यतिञ्जेलको भारत सरकारको व्यवहारबाट के प्रष्ट भएको छ भने, भारतले महाकाली सन्धिमार्फत् घुमाउरो बाटोबाट टनकपुर सन्धि पास गरेको मात्र हो । उसलाई वास्तवमा महाकालीको पानी कौडीको मोलमा चाहिएको हो, बिजुली चाहिएको होइन । त्यही हुनाले महाकाली सन्धि पास भइसकेपछि जालसाजीपूर्ण प्रावधानद्वारा पानीको हक पाइएको हुनाले भारत सरकार आफैं अब पूरै चूप छ । ऊ स्वयंलाई महाकाली सन्धिबारे कुनै खास चासो छैन ।

यी सबै कुराको परिप्रेक्ष्यमा, विवादका कुराहरु टुंगो नलागिकन नै वर्तमान सरकारलाई मात्र किन महाकालीको डि.पि.आर.बारे यति ज्यादा चासो लागेको हो ? किन मूलतः भारतीय हितमा बनेको महाकाली सन्धिको कार्यान्वयनमा वर्तमान चुनावी सरकारलाई ज्यादा चिन्ता लागिरहेको छ ? जबकि, भारतीय पक्षलाई यसबारे खासै चिन्ता देखिन्न । यो सरकार र वर्तमान जलस्रोत मन्त्री भारतद्वारा हड्पिएको महाकालीको मुहानबारे किन त्यति चिन्तित छैनन्, जति अवैध र समयातीत बनिसकेको डि.पि.आर.बारे चिन्तित छन् ?

यो चुनावी सरकार मात्रै हो र चुनावी सरकारलाई साधारण प्रशासन, दिनानुदिनको राजनीति र चुनाव निष्पक्ष गराउने कुरा बाहेक, राष्ट्रका लागि गम्भीर महत्वका अरु नीति निर्णय गर्ने कुनै हक हुँदैन । महाकाली सन्धि राष्ट्रको लागि दीर्घकालीन महत्वको साह्रै गम्भीर सन्धि हो । यसबारे निर्णय गर्ने र कारवाही अगाडि बढाउने हक वर्तमान मन्त्री परिषद्लाई छैन । ❑



# 'जनादेश' र इन्द्रेणी प्रेसमाथि प्रहरीको वर्वर हमला

गत पुस २१ गते मंगलबार सरकारले साप्ताहिक 'जनादेश'को कार्यालय र सो पत्रिका छापिने इन्द्रेणी अफसेट प्रेसलाई घेराबन्दी गरी छापा मारेको र तालाबन्दी गरेको घटनाले बहुदलीय व्यवस्थामा नै पञ्चायती शासनको पुनरावृत्ति गराएको प्रष्ट झलक दिएको छ ।

जनादेश साप्ताहिकको कार्यालयमा प्रवेश गरेर त्यहाँ रहेका कम्प्युटर, क्यामेरा, फाइलहरु र सम्पूर्ण कागजात प्रहरीले लुटेको र टेबुल र दराज तोडिएको छ । जनादेशका सल्लाहकार वरिष्ठ पत्रकार शक्ति लम्साल लगायत चार जना सहयोगी पत्रकारहरु र चार जना वितरकहरु समेतलाई विनापूर्जी जबरजस्ती गिरफ्तार गरियो । इन्द्रेणी अफसेट प्रेसबाट प्रेस मालिक ज्ञानेन्द्र मानन्धर समेत आठजना कामदारहरुलाई पनि गिरफ्तार गरियो । 'महिमा' साप्ताहिकको कार्यालयमा पनि छापा मारियो ।

सोही दिन 'जनादेश' साप्ताहिकले ललितपुरको पहाडी गाउँ भट्टे डाँडामा माओवादीहरुले दुई जना प्रहरी मारेको र चारजनालाई घाइते बनाएको समाचार 'भट्टेडाँडा चौकीमाथि साहसिक आक्रमण' शीर्षकमा छापेको थियो । मृत र घाइते प्रहरीहरुको फोटो पनि सो समाचारमा छापिएको थियो ।

२०४६ सालमा जनताले संघर्ष गरेर ल्याएको नेपालको संविधानले प्रकाशन स्वतन्त्रताको ग्यारेन्टी र पत्रपत्रिकाको निर्वाध प्रकाशनको स्पष्ट किटानी गरेको छ । तर यसको ठाडो र नांगो उल्लंघन गरी सरकारले पत्रिकाहरु र प्रेस समेतमाथि गरेको यो व्यवहार बर्वर र निन्दनीय छ । कांग्रेस र एमालेको वर्तमान सरकार-बाट यस्तो व्यवहार हुनुले ती दुवै पार्टीहरुको नियतमाथि स्वतः प्रश्नचिन्ह पैदा भएको छ । नेकपा माले लगायत अरु वाम पार्टीहरु र व्यक्तिहरुले जस्तै एमाले पार्टीले पनि यस घटनाको विरोध गर्नुले देखाएको छ- कांग्रेस संयुक्त सरकारको नाममा एक्लौटी निरंकुश व्यवहार गरिरहेछन् । यस्ता व्यवहारहरुबाट सरकारको एक घटक एमालेको छविमा पनि आँच आउने प्रष्ट छ । कांग्रेसीहरु अरु कुनै पार्टीलाई आफ्नो कुत्सित स्वार्थका निम्ति प्रयोग गर्ने काइते शैली मात्र जान्दछ भन्ने कुराको यो थप प्रमाण हो । यसबाट एमालेले पनि पाठ सिक्नु जरुरी छ ।

हामी प्रेस जगत्माथि भएको यस बर्वर हमलाको भर्त्सना गर्दछौं र गिरफ्तार सबैको तत्काल रिहाई एवं लुटिएका समानहरु तत्काल फिर्ता गर्न माग गर्दछौं ।

इन्द्रेणी अफसेट प्रेस 'मूल्यांकन' लगायत थुप्रै स्थापित पत्रपत्रिकाहरु छापिने प्रेस हो । यसलाई तालाबन्दी गरी र यसका सहकर्मीहरुलाई गिरफ्तार गरी सरकारले 'मूल्यांकन' लगायत सबै पत्रपत्रिकाहरुमाथि पनि प्रहार गरेकामा हामी पुलिस प्रशासनको थप निन्दा गर्दछौं । ❑

आवरण कथा

## के आज नेपाली कम्युनिष्ट आन्दोलनमा देखिएको असन्तुष्टिहरूको हल यसको पुनर्गठन नै हो ?

युवा वामपन्थी व्यक्तित्वहरू: खगेन्द्र संग्रौला, श्याम कोजु, डा. सरोज धिताल, लोककृष्ण भट्टराई, नारायण ढकाल र भरत दाहालका विचारोत्तेजक अभिमतहरू सहित ।



# के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्नु जरुरी छ ?

◆ श्याम श्रेष्ठ ◆

नेपालको कम्युनिष्ट आन्दोलन पचास वर्षे प्रौढ भइसकेको छ। यो पूरै आधा शताब्दीको अवधिमा विगतमा नेपाली कम्युनिष्ट आन्दोलनले केही पनि काम गरेन, त्यसैले यसलाई नयाँ ढंगबाट पुनर्संगठित गर्न जरुरी भएको भन्ने कुरा सही होइन। आफ्ना सारा सीमा र कमजोरीहरुका वावजूद देशको राष्ट्रिय स्वाधीनता जोगाउनलाई, जनताको प्रजातान्त्रिक अधिकार बढाउनलाई र जनताको जीवनस्तर माथि उठाउनलाई नेपालका कम्युनिष्टहरुले शुरुदेखि अहिलेसम्म संघर्षको मैदानमा सबैभन्दा अघिल्लो पंक्तिमा रहेर काम गरेका छन् । यी संघर्षहरुमा जुन दृढता र संघर्षशीलताका साथ, जुन सक्रियता र समर्पणका साथ नेपाली कम्युनिष्टहरु मैदानमा होम्मिएका छन्, त्यसको दाँजोमा तुलना गर्न लायक अर्को सामाजिक शक्ति नेपालको राजनीतिक रंगमंचमा देखिन्न। यही नै कारण हो, जसले गर्दा नेपालका कम्युनिष्टहरु सबैभन्दा जनव्यापी, लोकप्रिय र संगठित सामाजिक शक्ति भएका छन् ।

नेपालमा कम्युनिष्ट शक्तिको अस्तित्व र बलियो उपस्थिति नै त्यस्तो ब्रेक भएको छ, जसले गर्दा नेपालका प्रतिगामी र प्रतिक्रियावादी वर्गहरुले देश र जनतालाई जुन हदसम्म प्रतिगमन र पतनको, शोषण र उत्पीडनको खाडलतिर धकेल्न प्रयत्नशील छन्, त्यस हदसम्म लान समर्थ भइरहेका छैनन् । कम्युनिष्टहरुको क्रियाशीलता र प्रतिरोध मात्रैले पनि श्रमिक वर्गमाथि चुसाहा वर्गद्वारा हुने शोषण र उत्पीडन एक हदसम्म नरम र नियन्त्रित भएको छ। उनीहरु कम्युनिष्टहरुको काम र उपस्थितिको कारणले जन असन्तोषबाट बच्न र आफ्नो शासन टिकाउन बेला बेलामा सुधारको सहारा लिन बाध्य भएका छन् । नेपालको राजनीतिक रंगमंचबाट कम्युनिष्ट शक्तिलाई माइनस गरिदिने हो भने प्रतिक्रियावादी वर्गहरुको अन्याय र अत्याचार, उनीहरुको तानाशाही र दादागिरी अहिलेभन्दा कति धेरै बर्बर र बेरोकटोक हुने थियो ? यसैमा कम्युनिष्ट शक्तिको महत्व निहित छ।

नेपाल जस्तो सांस्कृतिक रुपले अत्यन्त पछौटे मुलुकमा वैज्ञानिक समाजवाद जस्तो विश्वको सबैभन्दा उन्नत र वैज्ञानिक विचारधारालाई आम जन समुदायबीच स्थापित र परिचित गर्ने काम पनि नेपालको अहिलेसम्मको कम्युनिष्ट आन्दोलनले नै गरेको हो ।

नेपालको सामाजिक विकासमा नेपालका कम्युनिष्टहरुले अहिलेसम्म खेलेको यो भूमिकालाई गौरवका साथ स्वीकार्नु जरुरी छ। त्यसैले, नेपालका कम्युनिष्टहरुले विगतमा केही काम नै नगरेकाले हामीले अब नयाँ शिराबाट, नयाँ ढंगले कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठित गर्नु जरुरी भएको होइन ।

विगतमा कम्युनिष्टहरुले थुप्रै गल्ती गरेकाले अब गल्ती नै नगर्ने परिपूर्ण संगठन बनाउनका लागि हामीले यसलाई पुनर्संगठित गर्न जरुरी भएको पनि होइन । संसारमा गल्तीबिनाको कोही हुँदैन र पूर्णता भन्ने कुरा दिशा मात्रै हुनसक्छ, यथार्थ कहिल्यै हुन सक्दैन । जस्तोसुकै संगठन बनाए पनि गल्ती त्यसबाट पनि हुन सक्छ र पूर्णता त्यसको पनि हुँदैन । त्यसैले, हामीले गल्तीरहित र खोटरहित संगठनको परिकल्पना गरेर नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्न जरुरी ठानेका होइनौं ।

त्यसो भए किन त नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्न जरुरी भएको ?

नेपाली कम्युनिष्टहरु देशको राष्ट्रिय स्वाधीनताको

रक्षाको लागि, जनताको प्रजातान्त्रिक अधिकार र जीवनस्तर माथि उठाउनका लागि सक्रिय र संघर्षशील छन्। यो गौरवयोग्य कुरा हो। तर देशमा वैज्ञानिक समाजवादी आन्दोलनको विकासको निम्ति यति नै पर्याप्त हुँदैन। आफ्नो देशलाई माया गर्नको निम्ति, आफ्नो र जनताको प्रजातान्त्रिक अधिकार बढाउन खोज्नका निम्ति र जीवनस्तर माथि उठाउन खोज्नका निम्ति कुनै पनि व्यक्ति वैज्ञानिक समाजवादी नै हुनु जरुरी हुँदैन। वैज्ञानिक समाजवादी विचारधारा नअँगालेका थुप्रै गैर कम्युनिष्ट मान्छेमा पनि यो चरित्र भेट्न सकिन्छ।

वैज्ञानिक समाजवादको सार र मुख्य ध्येय त शोषणरहित, वर्गरहित, राज्यरहित जनसत्ताको सिर्जना हो। यस्तो जनसत्तालाई साकार पार्नका निम्ति समाजमुखी जागृत मनुष्यत्वको सिर्जना हो। समाजमुखी मनुष्यत्व भन्नाले त्यस्तो मानवीय संवेदनशीलताले भरपूर मानिसको विकास हो, जो अरु मानवको दुःखमा आफ्नो चित्त दुखाउँछन्, जो व्यक्तिवादबाट मुक्त छन् र व्यक्तिगत संपत्ति र व्यक्तिगत फाइदाको निम्ति समाजको फाइदामाथि बंचरो चलाउँदैनन्, जो समाजको हितमै आफ्नो हित साकार भएको अनुभूति गर्छन्। जागृत मनुष्यत्व भन्नाले त्यस्ता मान्छेहरुको विकास हो, जो वैज्ञानिक दृष्टिकोण र संस्कृतिले लैश छन्, जो आलोचनात्मक चेतना राख्छन् र होशपूर्ण छन्। जो आफ्नो बुद्धि विवेकको आधारमा मात्र कुनै पनि कुराको समर्थन वा विरोध गर्छन्। शोषणरहित, वर्गरहित र राज्यरहित जनसत्ताको सिर्जना समाजमुखी जागृत मनुष्यत्वको आधारमा मात्र हुन संभव हुन्छ। क्रुर र अमानवीय, व्यक्तिगत संपत्तिको मानसिकता वा व्यक्तिवादले ग्रस्त अवैज्ञानिक दृष्टिकोण र पछौटे संस्कृतिले ग्रस्त, अनालोचक र मूर्च्छित मान्छेहरुको आधारमा वैज्ञानिक समाजवादको निर्माण कदापि संभव हुँदैन। निर्माण मात्र संभव नहुने होइन, वैज्ञानिक समाजवादी दिशातिर अघि बढ्न नै संभव हुँदैन।

अहिलेको नेपालको कम्युनिष्ट आन्दोलनको प्रमुख समस्या यो हो कि, हाम्रो कम्युनिष्ट आन्दोलनको नेतृत्व स्वयं वैज्ञानिक समाजवादको ध्येयप्रति प्रतिबद्ध र स्पष्ट छैन। हामीले अहिले कम्युनिष्ट आन्दोलनको नेतृत्व वत्तीस लक्षणले युक्त होस्, ऊ खोटरहित र परिपूर्ण होस् भनेर माग गरेको होइन। कम्युनिष्ट आन्दोलनको नेतृत्वमा वैज्ञानिक समाजवादी चरित्रको भ्रूण त हुनु पर्‍यो नि! नेतृत्व स्वयं वैज्ञानिक समाजवादी मान्छे हुनका लागि संघर्षरत हुनु पर्‍यो नि! समाजमुखी जागृत मनुष्यत्व सिर्जना गर्ने कार्य कम्युनिष्ट पार्टीको केन्द्रबाट सर्वप्रथम प्रारम्भ हुनु पर्‍यो नि! व्यक्तिगत संपत्ति र व्यक्तिवादबाट मुक्त हुने प्रक्रिया, वैज्ञानिक दृष्टिकोण र संस्कृतिले लैश हुने प्रक्रिया, र आलोचक र जागृत मनुष्यत्व सिर्जना गर्ने प्रक्रियातिर नेतृत्व स्वयं उन्मुख र अग्रसर भएको हुनु पर्‍यो नि! नत्र केका आधारमा थाहा पाउने कि नेपालको कम्युनिष्ट आन्दोलन वास्तवमै वैज्ञानिक समाजवादी दिशातिर अग्रसर छ?

विश्वसामु घोषणा गरिएको छ- वैज्ञानिक समाजवादको ध्येय, तर दिनदिनैको जीवनमा बाँचिदैछ बिल्कुलै सामन्तवादी वा पूँजीवादी ढंगले, सामन्तवादी वा पूँजीवादी व्यक्तिगत सम्पत्तिको मानसिकताले लफ्रक्कै भिजेर। यस्तो सामन्तवादी वा पूँजीवादी जीवनशैली र जीवनमूल्य खत्तम गर्ने दिशामा कुनै प्रारम्भिक कदम नै चालिएको छैन, कदम चालिनु पर्छ भनेर आवश्यकता नै बोध गरिएको छैन। के यो समाजवादी ध्येयतिरको उन्मुखता भयो? आम जनसमुदायसामु सिद्धान्त घोषणा गरिएको छ- वैज्ञानिक समाजवादी- तर जीवन र जगत्का कुनै पनि समस्या आउँदा हेर्ने दृष्टिकोण अभ्यास गरिँदैछ- गैर-समाजवादी (अर्थात् आदर्शवादी वा अधिभूतवादी)। समाजवादी विश्व दृष्टिकोण ग्रहण गर्न दैनिक जीवनमा त्यसलाई अभ्यास गर्न र ज्ञान विज्ञानको विकासको सापेक्षतामा त्यो दृष्टिकोणलाई विकसित र परिमार्जित पार्दै लैजान कुनै प्राथमिकता र पहल नै छैन। के यो वैज्ञानिक समाजवादको दिशातिर उन्मुख हुने व्यवहार भयो? ध्येय समातिएको छ जागृत मनुष्यत्व तयार पार्ने, तर व्यवहारमा नेताको आदेश आँखा चिम्लेर स्वीकार गर्ने अन्धभक्त र दासमात्र तयार पार्ने प्रक्रिया हाम्रो आन्दोलनमा हावी छ। हरेक सवालमा आफ्नो बुद्धि विवेक प्रयोग गरेर हेर्ने आलोचक र विवेकशील मान्छे तयार पार्ने कुनै प्रक्रिया हाम्रो कम्युनिष्ट आन्दोलनमा देखिन्न। के यो जागृत मनुष्यत्व तयार पार्ने दिशातिरको यात्रा हो?

त्यसैले, नेपाली कम्युनिष्ट आन्दोलनको अहिलेको आधारभूत समस्या नै यही हो कि, यसका अगुवाहरु आफैं वैज्ञानिक समाजवादको दिशातिर अगाडि बढ्ने कुरामा प्रतिबद्ध र स्पष्ट छैनन्। उनीहरु आफैं व्यक्तिवाद र व्यक्तिगत संपत्तिको मानसिकताबाट मुक्त हुने दिशामा, वैज्ञानिक दृष्टिकोण र संस्कृतिले लैश हुने दिशामा र जागृत मनुष्यत्व सिर्जना गर्ने दिशामा अग्रसर छैनन्। उनीहरु बाहिरी समाजमा क्रान्ति गर्ने कुरामा मात्र आतुर छन्, समाजमा क्रान्तिअघि आफैंमा क्रान्ति घटित गर्न उनीहरु ठ्याम्मै चिन्तित छैनन्। यही नै मुख्य कारण हो, जसले गर्दा नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्नु जरुरी भएको छ। किनभने, कम्युनिष्ट आन्दोलनको यो दुई चारवटा गल्ती

**अहिलेको नेपालको कम्युनिष्ट आन्दोलनको प्रमुख समस्या यो हो कि, हाम्रो कम्युनिष्ट आन्दोलनको नेतृत्व स्वयं वैज्ञानिक समाजवादको ध्येयप्रति प्रतिबद्ध र स्पष्ट छैन।**



**◆ अहिले नेपालमा कम्युनिष्ट आन्दोलनले पचासौं वर्ष पार गरेर अगाडि बढ्दैछ। यो आन्दोलनमा तपाईले के के सबलताहरु पाउनुभयो?**

-म यो पचास वर्षको बीचतिरबाट कम्युनिष्ट आन्दोलनमा पसेको व्यक्ति हुँ। त्यतिबेला वैचारिक हिसाबबाट म कम्युनिष्ट विचारधारासित असहमत थिएँ। म अराजक विचारबाट अभिप्रेरित थिएँ। खासगरी, यस दुनियाँमा जो जस्तो किसिमको शासन सत्ताको नाउँमा भइरहेका नराम्रा कुराहरु छन्, त्यसविरुद्ध अभिप्रेरित भएर त्यतिबेला म साहित्य क्षेत्रमा क्रियाशील थिएँ। विद्यार्थी बेलामै मैले विभिन्न किसिमका आन्दोलन पनि देखें। यही दौरानमा मैले कम्युनिष्टहरु अत्यन्तै सज्जन, भद्रभलाद्मी, आदर्शले ओतप्रोत भएका, त्यागी, बलिदानी भएको देखें। यही कुरा देखेर नै म कम्युनिष्ट आन्दोलनमा लागेको थिएँ। यही कुरालाई नै कम्युनिष्ट आन्दोलनको सबल पक्ष मानेको थिएँ। यिनै कुराहरु भएर नै जनताहरु कम्युनिष्ट आन्दोलनको पछि लागेका हुन् भन्ने मलाई लाग्छ।

तर अहिले आएर यी आदर्श तथा त्याग र बलिदानका कुराहरु विघटन हुन थालेका छन्। यसैको कारणले गर्दा नै कम्युनिष्ट आन्दोलनमा निराशा छाउन थालेको छ। अहिले धेरै कुराहरुमा ममा पनि धेरै असहमतिहरु पैदा भएका छन्। कतिपय साथीहरुले यो असहमतिको कुरालाई निराशा पनि भन्नु भएको होला। तर यो मेरो निराशा होइन। किनभने, म एउटा ट्र्याकमा हिँडिरहेको मान्छे अब म यो ट्र्याक छोडेर अर्को ट्र्याकमा हिँड्छु भनेको मात्र हो। एउटा नयाँ किसिमको खोजीमा जानुपर्छ भन्ने विषयसंग सम्बन्धित कुरा हो यो।

**◆ तपाईलाई अहिलेको कम्युनिष्ट आन्दोलनको मूल समस्या के हो भन्ने लाग्छ?**

-निश्चय नै आदर्श र मूल्य मान्यताको विघटन नै समस्याको मूल पक्ष हो। तर समस्या यो मात्र होइन। जम्मामा, कम्युनिष्ट आन्दोलनको मूल समस्या सैद्धान्तिक तथा सांस्कृतिक विचलन हो। सैद्धान्तिक दिशाबोधका साथसाथै सांस्कृतिक- चारित्रिक परिस्कारलाई पनि बलियो ढंगले लान सकेनौं भने जुनसुकै आन्दोलनको गर्भबाट पनि विचलन पैदा हुँदोरहेछ।

कम्युनिष्ट आन्दोलन सम्हालिरहेका 'नायक'हरु एउटै कालखण्डको एक छेउमा पुगेर फेरि 'खलनायक' मा परिवर्तन हुने हुँदारहेछन्।

हरेक राजनीति सत्ताप्राप्तिको एउटा अभियान हो, चाहे त्यो पूँजीवादी होस् वा साम्यवादी आन्दोलन होस्। हाम्रो सत्ताप्राप्तिको अभियान चाहिं वृहत जनसमुदायको हितको लागि हुनुपर्ने। तर ०४६ सालपछिको कालखण्डमा यो अभियान आत्मकेन्द्रित

**नकार्नै पर्छ नराम्रा कुराहरूलाई। कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याउनेहरू कतिपय बिग्रिरहेका छन्, भ्रष्ट भएका छन्। अझ, कडा भाषामा भन्ने हो भने, उनीहरू नवसामन्त भएका छन्।**

# लामो समयसम्म गरेको त्याग र बलिदानको सानो सफलतापछि छोटो समयमा आएको विफलताको बीच अहिले हामी उभिरहेका छौं

भएर खालि आफ्नो व्यक्तिगत हितको निम्ति केन्द्रित बन्ने प्रकृया हावी हुन थालेको छ । हुन त यसको भ्रुणको विकास ०४६ सालभन्दा अगाडि नै फस्टाउन शुरु भइसकेको थियो । ०४६ पछि अत्यधिक तीव्रताका साथ यो फष्टाएको पाइयो । हामीले जुन ढाँचा वा मोडेलमा सामाजिक परिवर्तन गर्न खोजेका हौं, त्यो ढाँचा र मोडेलबारे नै वैचारिक अस्पष्टता हामीमा निकै मात्रामा विद्यमान रहेछ !

**◆ यो समस्या हल गर्ने उपाय के त ?**

-अहिले कम्युनिष्ट आन्दोलन नकारात्मक स्थितिमा गुँजिरहेको छ । तर निरपेक्ष रुपबाट यो नकरात्मक स्थितिमा मात्र आएको छ भन्ने कुरा पनि होइन । तर अहिले नेपालमा भएका सबै खाले कम्युनिष्ट पार्टीहरुमा आ-आफ्नै खालका गतिशीलता विरुद्धका जटिलताहरु रहेका छन् । कम्युनिष्ट आन्दोलन र कम्युनिष्ट पार्टीले "उन्नत मानव बनाउने आन्दोलन थाल्नु पर्छ" भन्ने आशाहरु तल्लो तहका कार्यकर्ताहरु तथा बुद्धिजीवीहरुले गरिरहेका छन् ।

लामो समयसम्म गरेको त्याग र बलिदानको सानो सफलतापछि छोटो समयमा आएको विफलताको बीच हामी अहिले उभिइरहेका छौं । यस्तो अवस्थामा मूल्य तथा मान्यताको निर्माणको लागि आफूले गर्न सक्ने ठाउँबाट व्यक्तिगत रुपमै भए पनि प्रयत्न र संघर्ष जारी राख्नु पर्छ ।


सांस्कृतिक आन्दोलन भनेको एक्लैले पनि जारी राख्न सकिँदोरहेछ भन्ने कुरा चीनमा ल्यू-शुन र रुसमा गोर्कीले गरेका कामहरुबाट देख्न सकिन्छ । अझ चीनमा, प्रायः ल्यू-शुन एक्लै नै थिए । आजसम्मको स्थितिमा आउनको लागि चीनमा जुन सांस्कृतिक जमीन तयार भयो, त्यो जमीन तयार गर्नमा ल्यु-शुन प्रायः एक्लैजसो नै लाग्नु भयो । मलाई लाग्छ, सही काम गर्ने हो भने एक्लैले गरेका क्रियाकलापहरु पनि वास्तवमा सार्थक रहँदोरहेछन्, खास गरी विचार निर्माण र संस्कृति निर्माणका कामहरु ।

मेरो विचारमा अब नेपालमा विद्यमान रहेका पार्टीहरुको बीचबाट अर्को नयाँ उपायहरुको खोजी हुनु जरुरी भएको छ । र, अहिले एक्लै रहेका, स्वतन्त्र रहेका तथा पार्टीभित्रै रहेका असल, मान्छेहरुको जुन संघर्ष यहाँ चालू छ, एउटा समयपछि त्यसले एउटा वस्तुगत धरातलमा खडा भएर ठोस र एकीकृत रुप लिन्छ भन्ने कुरामा म विश्वस्त छु । समस्याको समाधान यही नै हो ।

**◆ अहिले नेपालमा विद्यमान रहेका पार्टीहरुले समग्रतामा एउटा लाइन लिइसकेको छ र यसैले सबै समस्या हल गर्छ, त्यसैले अहिले कम्युनिष्ट आन्दोलनको कुनै पुनर्गठन आवश्यकता छैन भनिरहेका छन् । यी धारणाहरुलाई चाहिं तपाईले कसरी लिनु भएको छ ?**

-पुनर्गठनको आवश्यकता छैन भन्ने कुरा म मान्दिनँ । ०४६ सालपछि कम्युनिष्टहरु क्रान्ति पूर्वको सरकारमा जानुपर्छ भन्ने कुराहरु आए । त्यसपछिको ठूलो समस्या के भयो भने, सत्तामा जानको लागि जे पनि गर्ने र त्यसका लागि आफ्ना स्वार्थी विचारहरुलाई सैद्धान्तिकृत गर्ने र सत्तामा जाने कामहरु पनि भए, गएर के गर्ने वा नगर्नेबारे प्रष्टता भएन, यो अत्यन्तै खराब कुरा हो । नेपाली समाजको परिवर्तन तथा

**◆ नारायण ढकाल ◆**



नेपाली जनताको आन्दोलनको स्तरलाई यसले प्रतिनिधित्व गरेको छैन । र, अर्को कुरा, नेपाली समाजको आमूल परिवर्तनको मागलाई पनि यसले प्रतिनिधित्व गर्दैन । त्यसैले सिद्धान्तमा पनि र व्यवहारमा पनि नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन आवश्यक छ । र, त्यो बाटोमा लाग्नु पर्छ ।

**◆ कतिपय इमान्दार पार्टी कार्यकर्ताहरु आफ्नो पार्टीको समग्र ध्याउन्ना देखेर असन्तुष्ट भएका देखिन्छन् । कोही त असन्तुष्ट भएर पार्टी बाहिर पनि बसिरहेका छन् । उनीहरुको भूमिका के भएको तपाईले देख्नु भएको छ ?**

-हाम्रो कम्युनिष्ट आन्दोलन र पार्टीको सबभन्दा ठूलो वियोगान्त भनेको नै वैचारिक समझदारीको ठूलो न्यूनता नै हो । ती धेरैजसो कार्यकर्ताहरु दृष्टि, छलफल, नवआवाज अथवा प्रकाश, जन आस्था जस्ता पार्टी नजिकका पत्रिकाहरु मात्र पढ्ने र बुझ्ने अवस्थामा हुनुहुन्छ । ती पत्रिकाहरुमा सतही रुपमा विषाक्त गर्ने खालका सामग्रीहरु दिइएका हुन्छन् । त्यसले गर्दा थोरै कुराहरु बुझेर उहाँहरुले पार्टीलाई समर्थन गरिरहनु भएको छ वा अर्कोलाई विरोध गरिरहनु भएको छ ।

पार्टीभित्र भएको भताभुंग अवस्था देखेर पार्टीविरुद्ध नै पनि सतही रुपमा आवाज उठाउने गरिरहनु भएको छ । ती असन्तुष्ट रहेका कार्यकर्ताहरुलाई नयाँ निकास दिनको लागि वा नयाँ नेतृत्व दिनको लागि पनि एउटा ठोस संभावनाको खोजी गरिनु जरुरी छ । र, यो फगत नेपालको लागि मात्र नभएर विश्व कम्युनिष्ट आन्दोलनकै सन्दर्भमा पनि आवश्यक भएको देखिन्छ । त्यसैले, हामी सबैले गहिरो ढंगले हाम्रो समाजको अध्ययन, विश्वको समाजको अध्ययन र नयाँ क्रान्तिकारी उपाय र बाटोको खोजी गर्नुपर्छ । यसरी अध्ययन गर्दै जाँदा पुराना राम्रा कुराहरुलाई जारी राख्नु पर्छ र नराम्रा कुराहरुलाई छोडेर जानु पर्दछ । जो जो जहाँ जहाँ हुनुहुन्छ, उहाँहरुले यसको लागि आ-आफ्नो प्रयास जारी राख्नु पर्छ ।

**◆ त्यो प्रयास भनेको मूर्त रुपमा के हो त ?**

-तत्काललाई मार्क्सवादी अध्ययन दल बनाएर सिद्धान्तको अध्ययन गर्न थाल्नु जरुरी छ । कोही कुनै पार्टीमा रहे तापनि जो जो इमान्दार, क्रान्तिप्रति गम्भीर हुनुहुन्छ, उहाँहरुले यो काम गर्नु पर्दछ र अरु अरु पार्टीसंग पनि अन्तरक्रिया गर्न थाल्नु पर्दछ । यो काम खालि छ महिना, एक वर्ष गरेर पुग्दैन । लामो प्रक्रियामा नै जानुपर्ने आवश्यकता देखिन्छ ।

अहिले वामपन्थी आन्दोलनमा जुन निराशा छाएको स्थिति पैदा भएको छ, यो त पार्टीका मुहानहरु प्रदूषित भएको र उनीहरु जिम्मेवार नभएको कारणले उनीहरुले नै सृजना गरेको कुरा हो । नेपालमा अहिले एकातिर, उग्र दक्षिणपन्थी विचलन छ, अर्कोतिर उग्रवामपन्थी विचलन छ । यी दुवै विचलनका कारणबाट यो निराशा अझ तीव्र हुने सम्भावना पनि छ । तर इतिहासले व्यक्तिको भावनालाई मान्यता दिँदैन, वस्तुगत आधारहरुले नै अन्ततः एउटा यस्तो ठाउँमा पुर्याउँछ र फेरि नयाँ ढंगले कम्युनिष्ट आन्दोलनको पुनर्गठनको प्रक्रियालाई अगाडि बढाउँछ ।

**◆ पुनर्गठन गर्ने क्रममा जो जो जहाँ जहाँ छन्, त्यहाँ त्यहाँ अध्ययन समूह बनाएर विचार बनाउन थाल्ने र विकल्प खोज्ने थाल्ने भन्नुभयो । यसो भन्नुको अर्थ, कतै कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याउनेहरुलाई नकार्न खोजिएको त होइन ?**

-नकार्नै पर्छ नराम्रा कुराहरुलाई । कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याउनेहरु कतिपय बिग्रिरहेका छन्, भ्रष्ट भएका छन् । अझ, कडा भाषामा भन्ने हो भने, उनीहरु नवसामन्त भएका छन् । कम्युनिष्ट पार्टीको नाममा नेतृत्व गर्दै नवसामन्ती वर्गमा पुगेकाहरुलाई नकार्नै पर्छ । ठीक छ, इतिहासको कुनै कालखण्डमा भएको उनीहरुको योगदानलाई उचित मूल्यांकन पनि गर्नुपर्छ । इतिहासमा राम्रा मान्छेहरु पनि छन् नि । उनीहरुका कुराहरुलाई हामीले लिएर अगाडि जानुपर्छ । खराब कुरा नकार्ने र राम्रा कुराहरु लिएर जाने कुरामा म स्पष्ट छु ।

**◆ यसबाट अराजकता पनि त जन्मिएला नि ?**

-यो 'अराजकता' भन्ने शब्द यस्तो शब्दावली भएको छ, आफूलाई मन नपर्ने मान्छेलाई वा कसैले कम्युनिष्ट पार्टीभित्र नराम्रो कुराको विरोध गर्‍यो भने त्यसलाई अराजक भयो भन्न थालिन्छ । यो शब्दकै दुरुपयोग भएको छ । गल्ती गर्नेहरुलाई दण्ड दिनुपर्छ भन्ने व्यवस्था कम्युनिष्ट पार्टीभित्र गरियो भने अराजकताको प्रश्न नै आउँदैन ।

**◆ आन्दोलनलाई पुनर्गठित गर्नु र विकल्प खोज्नु जरुरी छ भन्ने मानिसहरु पार्टीभित्र वा बाहिर कत्तिको रहेका छन् जस्तो तपाईलाई लाग्छ ?**

-संख्याकै हिसाबले त भन्न अप्ठ्यारो हुन्छ । तर विकल्प खोज्नु जरुरी छ भन्ने मान्छेहरु धेरै छन् । पार्टीहरुभित्र दवाब पनि बढिरहेको छ । उनीहरुले विचार मिल्नेहरु नजिक हुन थाल्ने प्रकृयामा शुरु गर्नुपर्छ । र, यो निरन्तर जारी राख्नु पर्छ । ❑

*(श्री ढकाल सांसद तथा सक्रिय प्रगतिशील लेखक हुनुहुन्छ र नेकपा मालेसँग सम्बद्ध हुनुहुन्छ । -मूल्यांकन)*

सच्च्याउने कुरो होइन, यो नेपालको कम्युनिष्ट आन्दोलनले अहिले पक्रिरहेको दिशा र चरित्र नै बदल्ने सवाल हो ।

### बुझाइको समस्या

नेपालमा साम्यवाद बारेको बुझाइ दोषपूर्ण रहेको छ । साम्यवादलाई हामीकहाँ अत्यन्त दूरगामी भविष्यको लक्ष्य समाज-व्यवस्थाको रुपमा मात्र बुझ्ने गरिएको छ । यसलाई हाम्रो आम दिशा एवं यहीं र अहिल्यै पनि व्यवहारमा अभ्यास गर्न सकिने जीवन-संस्कृतिका रुपमा बुझ्ने गरिएकै छैन । हो, सम्पूर्ण समाजको हकमा साम्यवादी प्रणाली लागू गर्न निक्कै लामो संघर्षको जरुरत पर्छ । त्यसैले, त्यो सम्पूर्ण समाजको लागि दूरगामी भविष्यकै लक्ष्य हुन सक्ला । तर के वैज्ञानिक समाजवादको निम्ति पहल गर्ने मान्छेहरुले यहीं र अहिल्यै व्यक्तिगत सम्पत्तिको र व्यक्तिवादको मानसिकताबाट मुक्त हुन प्रारम्भिक संघर्ष थाल्न सक्दैनन् ? उनीहरु यहीं र अहिल्यै वैज्ञानिक समाजवादी दृष्टिकोण र संस्कृतिले लैश हुन सचेत प्रयत्न थाल्न सक्दैनन् ? उनीहरु आफ्नो संघर्षबाट यहीं र अहिल्यै

*के वैज्ञनिक समाजवादको निम्ति पहल गर्ने मान्छेहरुले यहीं र अहिल्यै व्यक्तिगत सम्पत्तिको र व्यक्तिवादको मानसिकताबाट मुक्त हुन प्रारम्भिक संघर्ष थाल्न सक्दैनन् ?*

जागृत र आलोचक बन्न थाल्न सक्दैनन् ? के त्यस्ता साम्यवादी ध्येय र चेत भएका मान्छेहरुको स-सानो समुदाय यहीं र अहिल्यै विकास गर्न थाल्न संभव छैन ? मलाई लाग्छ, यी सबै कुराहरु एक हदसम्म यहीं र अहिल्यै गर्न संभव छ । ध्येयमा स्पष्ट सानो समुदायमा वैज्ञानिक समाजवादलाई जीवन संस्कृतिका रुपमा यहीं र अहिल्यै अभ्यास गर्न थाल्न संभव छ । आ-आफ्नो घर, छिमेक र समुदायमा समान ध्येय र चरित्र भएका जागृत मानिसहरु मिलेर साम्यवादी समुदायको भ्रुण यहीं र अहिल्यै विकास गर्न थाल्न संभव छ । भारत र बांग्लादेशका केही स्थानहरुमा त यस्तो अभ्यास सफलतापूर्वक गरेर हेरिसकिएको पनि छ ।

तर हाम्रो र विश्वका कैयन मलुकको कम्युनिष्ट आन्दोलनमा साम्यवादलाई आम दिशा र यहीं र अहिल्यै अभ्यास गर्न सकिने जीवन संस्कृतिका रुपमा बुझ्ने गरिएको छैन । यसलाई दुरगामी भविष्यको 'एउटा अन्तिम, पूर्ण र खोटरहित समाज व्यवस्थाको रुपमा बुझ्ने गरिएको छ । साम्यवादको यो खोटपूर्ण बुझाइले गर्दा साम्यवाद हाम्रो कम्युनिष्ट आन्दोलनमा खालि 'मान्छु' भनी दिए पुग्ने, जीवन र व्यवहारमा अभ्यास गर्नु नपर्ने- औपचारिक विषय बन्न गएको छ । कम्युनिष्ट पार्टीका नेताहरु स्वयं बाँच्न चाहिं एउटा सामन्त वा पूँजीपति बाँचे जस्तै गरी नितान्त व्यक्तिवादी ढंगले बाँचे हुन्छ । उनीहरुको जीवनशैली र जीवनमूल्य राजा महाराजा वा पूँजीपतिको जस्तो व्यक्तिगत सम्पत्तिको मान्यताले पूर्ण व्यक्तिवादी भए पनि हुन्छ । उनीहरुको प्रत्येक समस्यालाई हेर्ने विश्व दृष्टिकोण अद्वन्दवादी अभौतिकवादी भए पनि हुन्छ । सिर्फ

*(बाँकी ३९ पेजमा)*

# नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठित गर्नु पर्ने बेला आएको छ

◆ श्यामकृष्ण कोंजु

**◆ नेपाली कम्युनिष्ट आन्दोलनको विगत ५० वर्षको इतिहासलाई केलाउँदा तपाईंले यसमा सबल र दुर्बल पक्षहरु के के रहेको पाउनु भएको छ ?**

-नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएयता नेपाली कम्युनिष्ट आन्दोलनले विभिन्न घुम्तीहरु पार गर्दै अगाडि बढेको छ । यो आन्दोलन शुरुदेखि नै कार्यक्रमको अन्यौलता, बैचारिक अस्पष्टता, ठीक कार्यदिशा पहिल्याएर अगाडि जान नसक्नु जस्ता समस्याहरुबाट ग्रसित छ ।

साथै, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा विभिन्न समयमा देखापरेका दायाँ र बायाँ अतिबाट पनि नेपाली कम्युनिष्ट आन्दोलन अहिलेसम्म पनि प्रभावित हुँदै आएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको विगतलाई नियालेर हेर्ने हो भने हामी यसका सबल र दुर्बल दुवै पक्ष देख्दछौं ।

कम्युनिष्ट पार्टीको स्थापना कालदेखि अहिलेसम्म फुट्ने र जुट्ने प्रक्रिया चल्दै आइरहेको छ । तैपनि विभिन्न समयमा भएका विभिन्न आन्दोलनहरुमा कम्युनिष्टहरु बीच कार्यगत एकता हुनु, संयुक्त मोर्चा बन्नु जस्ता कुराहरु नेपाली कम्युनिष्ट आन्दोलनका सबल पक्षहरु हुन् । र, देशको प्रजातान्त्रिक आन्दोलनमा नेपाली कम्युनिष्टहरुको जुन अहं र महत्वपूर्ण भूमिका रहेको छ, यो पनि नेपाली कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण सबल पक्ष हो । हुन त प्रजातन्त्र प्राप्तिको संघर्षको सवालबारे कम्युनिष्टहरु बीच मतभिन्नता रहँदै नरहेको त होइन र त्यस्तै यस आन्दोलनको सन्दर्भमा उनीहरुमा बेलाबखत भड्काव देखा नपरेको पनि होइन, तै पनि नेपालको प्रजातान्त्रिक आन्दोलनमा कम्युनिष्ट-हरुको योगदान शीर्षस्थानमा रहेको छ ।

२०४६ सालमा वामपन्थीहरु बीच एकता कायम हुनुका साथसाथै वामपन्थीहरुको नेपाली कांग्रेससंग पनि कार्यगत एकता हुनु गई संयुक्त जनआन्दोलनको निर्माण हुन पुग्यो । र, जनआन्दोलनले निर्णायक मोड लिने सफलता हासिल गऱ्यो । यो पनि नेपाली कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण सबल पक्ष हो ।

२०४६ सालको जनआन्दोलनमा कम्युनिष्टहरुले खेलेको प्रभावकारी र जुझारु भूमिकाबाट कम्युनिष्टहरु प्रजातन्त्रको लागि लड्दैनन् भन्ने प्रतिक्रियावादीहरुले विगत समयदेखि फिजाउँदै आएको भ्रम गलत रहेछ भन्ने कुरा जनसमक्ष प्रष्ट हुन आयो । यो महत्वपूर्ण उपलब्धि हो ।

त्यस्तै, राष्ट्रिय स्वाधीनताको सवालमा नेपालका कम्युनिष्ट पार्टीहरुले जुन महत्वपूर्ण भूमिका खेल्दै आएका छन्, यो पनि नेपाली कम्युनिष्ट आन्दोलनको महत्वपूर्ण सबल पक्ष हो । जब जब देशमा राष्ट्रको सार्वभौमिकतामाथि संकट देखापर्छ, त्यस घडीमा नेपालका कम्युनिष्टहरुले देशको राष्ट्रिय सार्वभौमिकताको सुरक्षाको लागि देशभक्तिपूर्ण संघर्षहरु गर्दै आएका छन् । यो नेपाली कम्युनिष्ट आन्दोलनको साह्रै राम्रो पक्ष हो ।

अहिलेसम्मको संघर्षको इतिहासमा नेपालका कम्युनिष्टहरुले पेशागत हक र हितको लागि पनि महत्वपूर्ण पेशागत संघर्षहरु गर्दै आएका छन् । जस्तो कि: शिक्षक, विद्यार्थी, किसान आदि तप्काका जनसमुदायहरुका हक र हितको लागि संघर्ष उत्थान गर्न नेपालका कम्युनिष्टहरुले महत्वपूर्ण र अहं भूमिका खेल्दै आएका छन् । यो पनि महत्वपूर्ण उपलब्धि हो ।

किसान आन्दोलनको कुरा गर्ने हो भने, तराई क्षेत्रमा ठूला ठूला किसान आन्दोलनहरुको उत्थान गर्ने कार्य नेपालका कम्युनिष्ट पार्टीहरुले नै गरेका हुन् । तर ती आन्दोलनहरुलाई देशको बृहत्तर प्रजातान्त्रिक आन्दोलनसंग गाँस्ने काम भएन । यस मामलामा नेपाली कम्युनिष्ट आन्दोलनको तत्कालीन नेतृत्व वर्गको गम्भीर कमजोरी देखिन्छ ।

यसरी, प्रजातन्त्र, राष्ट्रियता, पेशागत हक हित र दैनिक जनजीवनका सवालहरुमा नेपालका कम्युनिष्ट शक्तिहरुले इमान्दारितापूर्वक सशक्त भूमिका खेल्दै आएका छन् । र, यो नेपाली कम्युनिष्ट आन्दोलनको सबल पक्ष हो ।

अहिले जनमानसमा के छाप बसेको छ भने, साँच्चिकै देशको राष्ट्रिय स्वाधीनता, जनजीविका र प्रजातन्त्रको लागि लड्ने विश्वासिलो शक्ति भनेको कम्युनिष्ट शक्ति नै हो ।

०४६ सालको जनआन्दोलनपछि भएका सबै संसदीय निर्वाचनहरुमा नेपाली जनताले वामपन्थीहरुलाई कम्युनिष्टको नाममा जुन राम्रो मत दिए, त्यो यसैको अभिव्यक्ति हो ।

तर, यी सबल पक्षहरु हुँदा हुँदै पनि नेपाली कम्युनिष्ट आन्दोलनका गम्भीर दुर्बल पक्षहरु पनि रहेका छन् ।

दुर्बल पक्षहरुको कुरा गर्दा प्रथमतः नेपाली कम्युनिष्ट आन्दोलनमा बैचारिक र सैद्धान्तिक अस्पष्टताको कुरा नै अगाडि आउँछ । अहिलेसम्म हाम्रो आन्दोलनले देशको वस्तुगत परिस्थितिको सही मूल्यांकन गर्न र त्यो मुताविकको सही र स्पष्ट विचार निर्माण गर्न सकेन । त्यस्तै, हाम्रो आन्दोलनभित्र कार्यक्रमको सम्बन्धमाअन्यौलता हुनु र सही कार्यदिशा पहिल्याउनमा असफल हुनु जस्ता गम्भीर दुर्बलताहरु पनि रहेका छन् । यी दुर्बलताहरु नेपाली कम्युनिष्ट आन्दोलनका सैद्धान्तिक र

*अहिले नेतृत्वमा सत्ताको लागि जे पनि गर्ने, सुविधाको लागि जे पनि गर्ने जस्ता प्रवृत्ति जुन देखिरहेको छ, यो साह्रै नै खतरनाक विकृति हो ।*



**हाम्रो आन्दोलनमा सिद्धान्त र व्यवहारको बीच एकरूपता देखिँदैन । नारा, सिद्धान्त एकातिर छ भने व्यवहार अर्कोतिर हुन्छ । यसलाई राजनीतिक इमान्दारिताको स्पष्ट अभाव भन्नु पर्छ ।**

वैचारिक अस्पष्टताकै कारणले पैदा भएका हुन् ।

हाम्रो आन्दोलन बेला बेलामा अति दायाँ र अति बायाँ अवसरवादको दलदलमा फस्न पनि पुगेको छ । अर्थात्, नेपाली कम्युनिष्ट आन्दोलन कहिले उग्र दक्षिणपन्थी त कहिले उग्र वामपन्थी भड्कावमा नराम्ररी नै फँसेको छ ।

◆ **तपाईंले वैचारिक अस्पष्टताको त कुरा गर्नु भयो, तर त्यसरी वैचारिक अस्पष्टता हुनुको खास कारण के होला ?**

-यो हुनुको कारण, यहाँ सही विश्व दृष्टिकोणको विकास हुन नसक्नु हो । सही र वैज्ञानिक दृष्टिकोणको अभावको कारणले नै यहाँ अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको यान्त्रिक नक्कल गर्ने चलन चलेको छ । मार्क्सवादलाई जडसूत्रको रुपमा लिने र क्रान्तिलाई हूबहू नक्कल गर्न खोज्ने काम यहाँ भएको छ । गल्ति यहींबाट शुरु भयो जस्तो मलाई लाग्छ ।

अर्को कुरा, संघर्षको सिलसिलामा, आन्दोलनको सिलसिलामा नेताहरुको संघर्षशीलता र आचरणमा आएको जुन चारित्रिक विचलन हो, त्यसले पनि वैचारिक विचलन ल्याउने गरेको छ ।

यसरी, मार्क्सवादलाई बुझ्ने र व्यवहारमा लागू गर्ने सवालमा भएको त्रुटीले गर्दा नै वैचारिक अस्पष्टताको समस्या आएको जस्तो मलाई लाग्दछ । जस्तो कि, मार्क्सवादको सारलाई नै छोडेर बिसर्जनको बाटोमा लाग्ने, संसदीय गतिविधिमा मात्र सीमित रहने र जनसंघर्षका सम्पूर्ण कामहरुलाई छोड्ने जस्ता कामहरु गरेर पूरै दक्षिणपन्थी बाटो समात्ने काम पनि यहाँ भएको छ । यसको ठीक विपरीत, अर्को पक्षमा देशमा अहिले नै क्रान्तिको परिस्थिति देख्ने र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको प्रतिकूल सशस्त्र संघर्षको सम्भावना देख्ने काम पनि हाम्रो आन्दोलनमा भएको छ । जनताको बीचमा गएर संगठन गर्ने, जनसंघर्ष उठाउने र जन परिचालन गर्ने जस्ता कामहरुलाई बेवास्ता गरेर क्रान्तिकारी रोमान्सबाट प्रेरित भई सशस्त्र संघर्ष गरी क्रान्ति गर्न सकिन्छ भनेर सशस्त्र संघर्षको परिस्थिति देख्ने अति बायाँ उग्रवामपन्थी अवसरवादको भड्काव पनि हामीकहाँ भएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलन यी दुई दायाँ र बायाँ अतिबाट अहिले पनि ग्रसित छ । र, यसबाट जोगाएर आन्दोलनलाई मध्यमार्गतर्फ डोऱ्याउनु पर्ने आवश्यकता अहिले रहेको छ ।

०४६ सालको जनआन्दोलनबाट हामीले एक हदको जुन प्रजातान्त्रिक वातावरण पाएका छौं, यसको अधिकतम उपयोग गरेर संसदभित्र र बाहिर शान्तिपूर्ण जनसंघर्षहरु संचालन गर्दै जनतालाई चेतनशील पार्दै जनवादी आन्दोलनलाई अगाडि बढाउनु नेपाली कम्युनिष्टहरुको वर्तमान कार्यभार हो भन्ने मलाई लाग्दछ ।

हुन त कतिपय कम्युनिष्ट पार्टीहरुले अहिले कार्यक्रमको तहमा आफूलाई ठीक ढंगले पेश गरेको जस्तो देखाएको छ । अथवा, कतिपयले मध्यमार्गलाई अप्नाएको जस्तो देखिन्छ तर, व्यवहारमा के देखिएको छ भने, उनीहरुले पनि आफ्ना कार्यक्रम र घोषणापत्रहरुमा उल्लेख गरेका कामहरु इमान्दारीतापूर्वक गरिरहेका छैनन् ।

यसरी, हाम्रो आन्दोलनमा सिद्धान्त र व्यवहारको बीच एकरुपता देखिंदैन । नारा, सिद्धान्त एकातिर छ भने व्यवहार अर्कोतिर हुन्छ । यसलाई राजनीतिक इमान्दारिताको स्पष्ट अभाव भन्नु पर्छ ।

मलाई के लाग्छ भने, कतिपय कम्युनिष्ट पार्टीहरुले सिद्धान्त र विचारको आधारमा देशको परिस्थिति अनुसार पार्टीको नीति अख्तियार गर्नेभन्दा पनि निहीत व्यक्तिगत र गुटगत स्वार्थबाट प्रेरित भएर नीति अख्तियार गर्ने, अनि त्यसलाई सैद्धान्तिक जामा लगाएर राजनैतिक र सैद्धान्तिक तर्कले पुष्टि गर्ने कसरत हाल भइरहेको छ ।

यदि सिद्धान्त र व्यवहारबीच एकरुपता नहुने हो भने अथवा सिद्धान्तलाई व्यावहारमा लागू नगर्ने हो भने, त्यो सिद्धान्तको कुनै काम छैन भन्ने मलाई लाग्दछ ।

यसरी वैचारिक रुपमा नेपाली कम्युनिष्ट आन्दोलनमा भड्कावहरु वा विसंगतिहरु देखापरिरहेका छन् । साँच्चै भन्ने हो भने, सही दृष्टिकोणको अभावको साथसाथै यसलाई हामीले राजनीतिक इमान्दारिताको टड्कारो रुपमा अभावको रुपमा बुझ्नु पर्दछ ।

अर्को कुरो, नेपाली कम्युनिष्ट आन्दोलन अझै पनि सामन्ती संस्कारबाट मुक्त हुन सकेको छैन ।

हुन त हाम्रो समग्र समाज नै पनि अझै सामन्ती संस्कारबाट ग्रसित भएको र आन्दोलनमा मानिसहरु पनि त्यहीं समाजबाट आउने भएकोले आन्दालनभित्र सामन्ती संस्कार देखिने सम्भावना रहन्छ नै । तैपनि साम्यवादी उद्देश्य र सिद्धान्तप्रति प्रतिबद्ध भई अगाडि बढ्नेहरुले आफूलाई त्यस सामन्ती संस्कारको विरुद्ध ढाल्नु पर्ने हुन्छ ।

कम्युनिष्ट पार्टीभित्र हावी भएको सामन्ती संस्कारको कारणले गर्दा हाम्रो कम्युनिष्ट आन्दोलनभित्र सर्वहारावादी जनवादी संस्कृतिको टड्कारो अभाव देखिन्छ । अहिले सबै कम्युनिष्ट पार्टीहरुमा जनवादी केन्द्रीताको अभाव भएको कुरा उठिरहेको छ ।

वास्तवमा सम्मुनत, उच्च प्रजातान्त्रिक, समतावादी समाज निर्माण गर्ने उद्दश्यले अगाडि बढिरहेका व्यक्तिहरुले स्वयं आफ्नो पार्टीभित्र जनवादको अभ्यास गराउन सक्दैनन् भने, उनीहरुले आफ्ना कार्यकर्ताहरुको तहमा पनि समान व्यवहार गर्न सक्दैनन् भने, के पार्टी आफ्नो घोषित उद्देश्यमा अगाडि बढ्न सक्ला ? निश्चित रुपमा सक्दैन । त्यसैले, व्यवहारिक क्षेत्रमा, संस्कृतिको क्षेत्रमा आन्दोलनभित्र यो जुन विकृति देखिरहेको छ, त्यसको कारणले पार्टीले अवलम्बन गर्ने नीति, पार्टीको कार्यदिशा र पार्टीको गतिमा स्पष्टतः नकारात्मक असर परिरहेको छ । पार्टीभित्रको यो विकृतिसंग नजुधिकन, यसको विरुद्धमा संघर्ष नगरीकन पार्टी सुदृढ हुन सक्दैन । र, जबसम्म पार्टी सुदृढ हुँदैन, तबसम्म पार्टीले आन्दोलनलाई सही अर्थमा अगाडि बढाउन पनि सक्दैन, कम्युनिष्ट आन्दोलन अगाडि बढ्न पनि सक्दैन । त्यसैले मलाई लाग्छ, कम्युनिष्ट आन्दोलनभित्र देखिएका यी सास्कृतिक विकृतिहरुका विरुद्ध संघर्ष गरेर नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठित गर्नुपर्ने बेला आएको छ ।

अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा बढिरहेको विकृति भनेको नेतृत्व सुविधाभोगी हुनु र नेतृत्वले अनुचित सम्पत्ति बटुल्ने तर उनीहरुले कार्यकर्ताहरुलाई भने त्याग र तपस्याको उपदेश दिने, क्रान्तिको निम्ति समर्पित हुने उपदेश दिने जस्ता काम गर्नु रहेको छ । नेतृत्व तहमा देखिएको भनाइ र गराइबीचको यो जुन फरक हो, वास्तवमा यो विकृतिले आन्दोलनलाई गलत दिशातिर डोऱ्याइरहेको छ । अहिले नेतृत्वमा सत्ताको लागि जे पनि गर्ने, सुविधाको लागि जे पनि गर्ने जस्ता प्रवृत्ति जुन देखिरहेको छ, यो साह्रै नै खतरनाक विकृति हो भन्ने मलाई लाग्दछ ।

यी विकृतिहरुका विरुद्ध नेपाली कम्युनिष्ट आन्दोलनभित्रका सम्पूर्ण कार्यकर्ताहरुले संघर्ष गर्नु पर्छ । र, नयाँ ढंगले नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठित गरेर अगाडि लैजानु पर्छ । यस्तो भएमा मात्र कम्युनिष्ट आन्दोलनले सही दिशा र गति लिन सक्दछ ।

◆ **तपाईंले आन्दोलनभित्र सामन्ती संस्कार हावी छ भनेर भन्नुभयो, यसलाई मूर्त रुपमा तपाई कसरी देखाउनु हुन्छ ?**

-क्रान्तिको ध्येयले अगाडि बढेको पार्टीको नेतृत्वले पार्टीभित्र जनवादी केन्द्रीयताको अभ्यास गराउनु पर्छ । उसले पार्टीका कार्यकर्ताहरुलाई जागरुक, आलोचनात्मक दृष्टिकोणले युक्त र क्रान्तिकारी विचारले लैश बनाउने प्रक्रियाको थालनी गर्नु पर्छ ।

अहिले पार्टीहरुभित्र नोकरशाही हावी छ । पार्टीहरुभित्र अन्धभक्तहरुको जमात तयार गर्ने काम मात्र भएको छ । यही प्रवृत्तिलाई मैले सामन्ती संस्कार भनेको हुँ ।

◆ **तपाईंले अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा पुनर्संगठनको आवश्यकता छ भन्नु भयो । यसको सम्भावना तपाई कसरी देख्नु हुन्छ ?**

-यसको लागि त सम्पूर्ण इमान्दार कार्यकर्ताहरुले अहिले हाम्रो आन्दोलनमा देखिएका सैद्धान्तिक वैचारिक क्षेत्रको विचलन, सांस्कृतिक क्षेत्रको विचलन र जनवादी केन्द्रीयता सही अर्थमा लागू गर्ने सवालमा भएका कमी कमजोरीहरु विरुद्ध आ-आफ्नो क्षेत्रबाट सशक्त संघर्ष छेड्नु पर्छ । □

**(श्री कोजु नेमकिपाका भूपू केन्द्रीय सदस्य र भक्तपुर जिविसका भूपू सभापति हुनुहुन्छ । उहाँ हाल नेमकिपाको कुनै पनि जिम्मेवार पदमा हुनुहुन्न । -मूल्यांकन)*

# नेपालको कम्युनिष्ट आन्दोलनको पुनर्गठन केका लागि र किन ?

◆ भरत दाहाल ◆

**के नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगले पुनर्संगठन गर्नु जरूरी छ ?**

यस प्रश्नको उत्तर खोज्दा कम्युनिष्ट आन्दोलनका हालसम्मका उपलब्धि र कमीहरुमाथि राम्ररी ध्यान जानु पर्दछ। विशेषतः मार्क्सवादको प्रचार-प्रसार, देशभक्तिपूर्ण भावनाको विकास, वर्गीयसत्ता प्राप्तिको लागि राजनीतिमा बल प्रयोगको अनिवार्य भूमिकाको महत्व, शोषण-उत्पीडनविरोधी जनमतको सिर्जना जस्ता कुराहरुमा मौजुदा कम्युनिष्ट आन्दोलनले महत्वपूर्ण भूमिका खेलेको छ । यसले, प्रतिक्रयावादी वर्गको स्वच्छन्द एकाधिकारमाथि एक हदसम्म अवरोध खडा गरेको छ र यी उपलब्धिहरुलाई महत्वपूर्ण मान्नु पर्छ ।

यत्ति हुँदाहुँदै पनि आन्दोलनले हासिल गर्नुपर्ने आधारभूत उपलब्धिहरु प्राप्त गर्न भने सकेको छैन । र, आन्दोलनमा कहिले संसदवादी अति र कहिले फौजीवादी अति त, कहिले बीचबचाउको सारसंग्रहवादी मध्यमार्गी विचलनहरु देखापर्दै आएका छन् ।

राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिक्रान्तिका इतिहासहरुले मूल्यवान शिक्षाहरुको उद्घाटन गर्दागर्दै पनि आन्दोलनमा अन्यौलता र विकृतिको श्रृंखला किन बढिरहेको छ त ? यसै प्रश्नको समाधानको लागि कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगमा पुनर्संगठन गर्नु जरुरी छ । किन पुनर्संगठन गर्ने भन्ने प्रश्नको उत्तरमा आन्दोलनभित्रका आधारभूत समस्याहरुलाई म यस प्रकार इंगीत गर्न चाहन्छु ।

### १) वैज्ञानिक विश्वदृष्टिकोणको अभावः

प्रकृति र समाजका हरेक घटना र वस्तुप्रति वस्तुसंगत धारणा निर्माण हुन नसक्नु कम्युनिष्ट आन्दोलनको प्रमुख समस्या हो । यहाँ, वस्तुगत तथ्यहरुमाथि आफ्ना निजी आकांक्षाहरु लादेर सत्यको खोजी गर्ने अद्वन्दवादी चिन्तन र आफ्नो फाइदा अनुकूल मनोगत ढंगले त्यसको व्याख्या गर्ने आदर्शवादी चिन्तन हावी छ ।

पहिलो प्रकारको चिन्तनले कुनै पनि कुराका पछाडि वस्तुगत कारण खोज्दैन । पार्टीलाई विपरीतहरुको एकताको रुपमा लिनु पर्छ भन्ने आडम्बरभित्र भिन्न मतलाई ध्वंश गर्न खोज्ने प्रवृत्ति, साम्राज्यवाद-सामन्तवादविरोधी संयुक्त मोर्चाको ढोल पिटेर मित्रहरुमाथि भौतिक आक्रमण गर्ने प्रवृत्ति, वर्ग संघर्षको दस्तावेज लेखेर निरपेक्ष वर्ग सहमतिको बाटो हिँड्ने प्रवृत्ति यसै कोटीका चिन्तन हुन् ।

दोस्रो प्रकारको चिन्तनले समाजलाई जस्तो छ त्यस्तो नहेरी, समाजको यथार्थतालाई नहेरी आफ्नो निजी मनगढन्त धारणा र आकांक्षाहरुलाई सर्वोपरी बनाउँछ । 'बहुदलीय जनवाद'लाई आफूले गरेको नयाँ आविष्कार ठान्ने, व्यक्तिलाई आन्दोलनको चालक शक्ति र श्रष्टा घोषित गर्ने, वस्तुगत परिवेशलाई आफ्नो मनोभावनाको मातहत राख्ने जस्ता ऐतिहासिक भौतिकवादविरोधी आदर्शवादी चिन्तनहरु यस श्रेणीका अभिव्यक्तिको रुपमा देखिएका छन् ।

यी अधिभूतवादी आदर्शवादी खोटहरुलाई हटाउन र त्यससंग लड्नको लागि एकातिर आम बहसतिर र अर्कोतिर विश्वदृष्टिकोणलाई जीवनसंग जोडेर त्यसलाई बुझ्ने दिशातिर उन्मुख हुनुपर्ने खाँचो छ ।

### २) विचारधारात्मक स्पष्टताको समस्या :

विचारधारात्मक अस्पष्टता र गैर-क्रान्तिकारी दृष्टिकोणले आन्दोलनमा दिशाविहीनताको काम गरिरहेको छ ।

मौजुदा कम्युनिष्ट आन्दोलनमा विचारधारात्मक अस्पष्टताले खतरनाक नतिजाहरु अगाडि ल्याएको छ । पार्टीले नौलो जनवादको नारा दिँदा पनि ठीक र संसदवादको वकालत गर्दा पनि ठीक, उही पार्टीले समाजवादी अर्थतन्त्रको वकालत गर्दा पनि संतुष्टि र व्यवहारतः निजीकरणको पूँजीवादी अभ्यास गर्दा पनि संतुष्टि । पार्टीमा सामूहिक नेतृत्व प्रणालीको नीति पारित हुँदा पनि 'राम्रो' र त्यहाँ चरम व्यक्तिवादको निर्णय लाद्दा पनि 'राम्रै' ठान्ने ।

यो यथार्थताबाट के प्रष्ट हुन्छ भने, कम्युनिष्ट आन्दोलनभित्रको ठूलो पंक्ति अझैसम्म कुहिरोमा हराइरहेको छ । यो कमजोरीबाट नेता वर्गले भरपूर फाइदा पनि उठाइरहेको छ ।

प्रकृति, समाज, व्यक्ति, अर्थतन्त्र, राजनीति, दर्शन, संस्कृति, नैतिकमूल्य, आचरण आदिको विषयमा विचारधारात्मक स्पष्टताको प्रश्नलाई शीर्ष स्थानमा राखेर संघर्ष चलाइएन भने इमान्दार तत्वहरुको बर्बादी, आन्दोलनको पतन र नेताहरुको व्यक्तिगत उन्नतिको क्रम जरी रहन्छ र श्रमजीवी वर्ग अवसरवादी तत्वहरुको स्वार्थपूर्तिको साधन बनिरहन्छ ।

> जनताका छोराछोरीलाई स्कूलबाट थुतेर हातमा बन्दूक थमाउने तर आफ्ना सन्तानलाई बोर्डिङ्ग र रोजगारमा पठाउने जस्ता अनगिन्ती विकृत संस्कारहरुको थुप्रोमा कम्युनिष्ट आन्दोलन उभिएको छ ।

### ३) यथास्थितिवादी जीवनमूल्य :

यो भनेको क्रान्तिकारिताको शाब्दिक खोलभित्र पुरानो प्रतिक्रियावादी जीवन संचालन गर्ने, मार्क्सवादलाई तर्कज्ञानको रुपमा प्रयोग गरेर आफूलाई त्यसको विपरीत दिशातिर अघि बढाउने, समाजवादलाई जीवनको रुपमा बदल्न नचाहने प्रवृत्ति हो । कम्युनिष्ट आन्दोलनका हर्ताकर्ता हौं भन्नेहरुको चिन्तन, दृष्टिकोण, नीति, सामाजिक सम्बन्ध, आचरण, व्यवहार, जीवन आदि प्रतिक्रियावादीहरुको भन्दा पनि तुच्छ देखिनु यसै कारणले गर्दा हो । यो सांस्कृतिक रुपान्तरणको समस्या हो । समाजको व्याख्याभन्दा त्यसलाई बदल्ने कुरा प्रमुख हो भनेर सांस्कृतिक रुपान्तरणको माग गर्दा त्यसलाई खिल्ली र हाँसोमा उडाउने धुन्धकारी कम्युनिष्ट नेताहरुको नेपालमा ठूलो ताँती नै छ ।

अरुलाई समानताको उपदेश दिने तर आफूले विशेषाधिकारको माग गर्ने, जनताका छोराछोरीलाई स्कूलबाट थुतेर हातमा बन्दूक थमाउने तर आफ्ना सन्तानलाई बोर्डिङ्ग र रोजगारमा पठाउने, अर्कालाई वर्गसंघर्षमा खटाउने तर आफ्नालाई गृहस्थीमा पठाउने, अर्काको सम्पत्तिमा सामूहिकताको दावी गर्ने तर आफ्नो घरमा कार्यकर्ताले खाएको खर्च पनि चन्दा र लेवीमा कट्टा गर्ने जस्ता अनगिन्ती विकृत संस्कारहरुको थुप्रोमा कम्युनिष्ट आन्दोलन उभिएको छ ।

सांस्कृतिक रुपान्तरणको यो समस्याबाट उक्किनको लागि सर्वप्रथम नेतृत्व पंक्तिले अनिवार्य रुपमा आफूबाट रुपान्तरणको क्रम शुरु गर्नुपर्छ । अर्कोतिर, माथिबाट तलतिर रुपान्तरणको प्रक्रयालाई प्रत्येक क्रान्तिकारीहरुले निगरानी गर्ने, संघर्ष गर्ने र रुपान्तरण हुन नचाहने तत्वहरुलाई पार्टीबाट हुत्याउने आँट गर्नुपर्छ । प्रतिक्रयावादी र कम्युनिष्टका बीचको फरक छुट्याउन नसकिने स्थितिको सिर्जना गर्ने व्यावहारिक कारण पनि यही हो ।

### ४) नोकरशाही संगठनात्मक ढाँचा

उपर्युक्त विकारहरुको निर्बाध प्रवाहको जड भनेको कम्युनिष्ट पार्टीहरुको नोकरशाही संगठनात्मक ढाँचा हो । संगठनको नोकरशाही ढाँचाले एकातिर कम्युनिष्ट आन्दोलनभित्रको नेतृत्वमा नयाँ अभिजात वर्ग (New Elite class) जन्माएको छ भने अर्कोतिर तलका कार्यकर्ता र जनतालाई 'भूमिकाशून्य ज्यामी' को रुपमा पतन गराएको छ । पार्टीभित्रको सामाजिक सम्बन्ध मालिक र दासको रुपमा विकसित भएको छ ।

यसले जनवादी-केन्द्रीयताको सारतत्वलाई अपभ्रंश पार्दै व्यक्तिवादलाई शिखरमा चढाएको छ । अनुशासनको पालनाको अमूर्त कुरा गरेर विचारधारा र सिद्धान्तलाई 'केन्द्रियता'को नियन्त्रणमा राख्ने र बहुमतको आडमा विचारधारात्मक एवं सैद्धान्तिक विवादहरुलाई पार्टी पंक्ति तथा जनताको बीचमा जानबाट रोक्ने एकाधिकारवादी पद्धति हाम्रो आन्दोलनको टड्कारो विशेषता नै बनेको छ ।

पार्टीहरुको नोकरशाही ढाँचालाई तोड्नको लागि विचारधारा र सिद्धान्तका प्रश्नहरुलाई केन्द्रियता वा बहुमतका आडमा आम बहसमा जानबाट रोक्ने पद्धतिलाई जरैबाट उखेलीदिनु पर्छ । दोस्रो, पार्टी नेतृत्वमा रहेका व्यक्तिहरुको आलोचना गर्न नपाउने सामन्तवादी ढाँचालाई उन्मुलन गर्नुपर्छ र आ-आफ्नो स्थानमा, जुनसुकै स्तरको आलोचनालाई पनि निर्बाध खुला र सुनिश्चित गरिनुपर्छ । तेस्रो, जनवाद भनेको अधिकारको प्रश्न हो र केन्द्रियता कर्तव्यको प्रश्न हो भन्ने लेनिनवादी मान्यताका आधारमा जनवादी केन्द्रियतालाई पुनर्स्थापित गर्नुपर्छ र जनवादबिनाको केन्द्रियता सारतः दासता मात्रै हो भन्ने कुरा स्पष्ट पार्नुपर्छ । संगठनात्मक ढाँचामा यति सुधार गर्न सकियो भने, पार्टीभित्रको गुटबन्दी, एकाधिकार, नोकरशाहीतन्त्र, विग्रह र अनावश्यक फूटलाई रोक्न सकिन्छ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा खट्केका प्रमुख जीवन्त समस्याहरु यिनै हुन् । यिनलाई आधार मानेर अगाडि बढ्ने सोच राख्ने हो भने, मलाई लाग्छ, कम्युनिष्ट आन्दोलनको पुनर्संगठन नयाँ ढंगले गर्न अत्यन्त जरुरी छ र यसलाई वर्ग-संघर्षको प्रक्रयासंग अभिन्न रुपले जोडेरै लैजानु पर्छ । दक्षिण र वाम अवसरवादलाई पछार्ने उत्तम बाटो यही हो भन्ने लागेको छ । ❑

*(श्री दाहाल हालै गठित 'देशभक्त कम्युनिष्ट लिग' का संयोजक हुनुहुन्छ । -मूल्यांकन)*

# 'अहिलेसम्मको संगठन पूर्वनिश्चित फ्रेममा कैद गरिएको निर्जीव खालको छ'

## डा. सरोज धितालसंगको कुराकानी

'होटलबाट निस्केको फोहोर फ्याँक्नु पर्छ भनी कसैले बोकेर हिँड्यो, तर फ्याँक्ने ठाउँसम्म नपुग्दै ......'



**◆ नेपाली कम्युनिष्ट आन्दोलनको ५० वर्षको इतिहासमा यसका सबल र दुर्बल पक्षहरु के के रहे ?**

-नेपाली कम्युनिष्ट आन्दोलन विश्व कम्युनिष्ट आन्दोलनकै एक भाग हो। त्यसैले यसलाई मात्र छुट्टै ढंगले अलग्याएर हेर्न मिल्दैन, तथापि यसका आफ्नै विशिष्ट परिस्थितिहरु पनि अवश्य नै छन्।

अहिले कम्युनिष्ट आन्दोलनमा आधारभूत प्रश्नहरुमै फेदेदेखि नै गम्भीरतापूर्वक सोच्नुपर्ने आवश्यकता छ।

क्रान्तिको अर्थ के हो ? क्रान्तिको स्वत्व के हो ? क्रान्तिको सार के हो ? क्रान्तिकारीहरु यी प्रश्नहरुको उत्तर खोज्न नै अहिले लाग्नु आवश्यक छ।

क्रान्तिलाई विभिन्न किसिमले परिभाषित गर्ने गरिए पनि यस सम्बन्धमा क्रान्तिकारीहरु बीच धेरै मतभिन्नता नरहने गरी भन्ने हो भने, क्रान्ति भनेको एक अर्थमा यस्तो सामाजिक परिवर्तन हो, जसले मान्छेमा अन्तर्निहित उसका सम्पूर्ण सम्भावनाहरुलाई जीवनोन्मुख दिशातर्फ उजागर गर्दछ।

मैले बुझे अनुसार, शुरुदेखि नै कार्ल मार्क्स के कुरामा स्पष्ट हुनुहुन्थ्यो भने, राज्यसत्ता भनेको राम्रो चीज होइन, यो भनेको दमनात्मक यन्त्र हो, जसलाई इतिहासका विभिन्न कालखण्डमा विभिन्न वर्गले आ-आफ्नो नियन्त्रणमा लिएका छन्। र, यसलाई एउटा वर्गले आफ्नो स्वार्थको लागि अर्को विपरीत वर्गलाई दमन गर्ने औजारको रुपमा प्रयोग गर्दै आएको छ। यसको अर्थ यो हो कि, राज्य सत्तालाई प्रयोग गरी संसारमा एउटा वर्गले अर्को वर्गमाथि उत्पीडन गर्ने काम गर्दै आइरहेको छ। त्यसैले, राज्यसत्ता भनेको असल चीज होइन, यसलाई निर्मूल पार्नुपर्छ।

तर, राज्यसत्तालाई कुनै जादू गरेर हटाउन सकिँदैन। यसलाई त सर्वप्रथम यसप्रति मोह हुन सक्ने सम्भावना न्यूनतम भएका अर्थात् राज्यसत्तालाई लामो समयसम्म दीर्घजीवी बनाएर फाइदा नहुने वर्गले आफ्नो हातमा लिनु पर्‍यो। र, त्यसपछि त्यस वर्गले क्रमशः राज्यसत्ताको आवश्यकता नपर्ने स्थितिको सृजना गर्नुपर्‍यो।

अहिले अन्त्य हुन लागेको यो सिंगो शताब्दी एक अर्थमा कम्युनिष्ट आन्दोलनको शताब्दी रह्यो। यो सिंगो शताब्दीभरि संसारका विभिन्न ठाउँहरुमा कम्युनिष्टहरुको नेतृत्वमा विभिन्न खालका आन्दोलनहरु भए र विभिन्न खालका क्रान्तिहरु भए। तर त्यसमा शुरुदेखिनै जताततै धेरै गल्तिहरु भएका छन्।

माथि पनि भनियो कि ,राज्यसत्ता भनेको यस्तो एउटा खराब चीज हो, जसलाई सबभन्दा पहिले आफ्नो हातमा लिनु पर्छ र त्यसपछि विस्तार विस्तारै त्यसको आवश्यकता नपर्ने परिस्थितिको सृजना गरेर त्यसलाई खत्तम पार्नु पर्छ। तर, अहिले यो कुराको सट्टामा राज्यसत्ताको मोहले ठाउँ लिँदै जान थाल्यो। अहिले यस्तो एउटा स्थितिको सृजना हुन थाल्यो कि, मानौं, होटलबाट निस्केको फोहोर फ्याँक्नु पर्छ भनी कसैले बोकेर हिँड्यो, तर फ्याँक्ने ठाउँसम्म नपुग्दै उसलाई त्यो फोहोरको गन्ध नै यति मनपर्न थाल्यो कि, आफ्नै घरमा लगेर राख्यो !

वास्तवमा, कम्युनिष्टहरुले सत्ता हातमा लिएर गर्न खोजेको काम भनेको त अरु ठूलठूला परिवर्तनहरु नै हुन्। यी परिवर्तनहरुका लागि उनीहरुले त आफूले प्रयोग गर्ने विभिन्न खालका साधनहरुमध्ये सत्ता पनि एक हो भन्ने कुरा बुझ्दै त्यसलाई पनि उपयोग गर्ने मात्र हो। त्यही नै अभिष्ट भने होइन। राज्यसत्ता भनेको साध्य त होइन, त्यो त साधन मात्र हो।

त्यसैले अहिलेका सिंगै शताब्दीलाई पछाडि फर्केर हेर्ने हो भने, कम्युनिष्टहरुले गरेको गल्तीहरुमध्ये एउटा ठूलो गल्ती चाहिं सत्तालाई साधनको रुपमा हेर्नुको सट्टा विस्तार विस्तारै त्यसैलाई साध्यको रुपमा हेर्न थालिनु हो। नेपालमा पनि यही कुरा भइरहेको छ।

राज्यसत्ता कम्युनिष्टहरुको हातमा परेपछि त्यसलाई साधनको रुपमा प्रयोग गरी तिनीहरुले जनताको सशक्तीकरणको प्रक्रियाको थालनी गर्नुपर्ने हो। यतिबेला जो कोहीलाई पनि थाहा भएको कुरा के छ भने, चीनका महिलाहरु, खासगरीकन, पूर्व दक्षिणी भेगका शहरहरुका महिलाहरुको स्तर अन्य धेरै एशियाली देशहरुको तुलनामा निक्कै राम्रो छ।

यस्तो कहिलेदेखि भयो भनेर हेर्ने हो भने निश्चितै रुपले त्यो सन् १९४९ पछाडि हुन थालेको हामी पाउँछौं। यस्तो हुनुमा त्यहाँ क्रान्तिपछि राज्यले गरेका कामहरुको प्रभाव स्पष्ट रुपले देखिन्छ। त्यसैले, राज्यले जनतालाई सशक्तीकृत गर्न अनुकूल स्थिति प्रदान गर्न सक्छ।

नेपालमा कम्युनिष्टहरुले क्रान्ति गरेर राज्यसत्ता आफ्नो हातमा लिइसकेका छैनन्। तैपनि एमालेको नौ महिने शासनकालमा 'आफ्नो गाउँ आफैं बनाऊँ' भन्ने जुन कार्यक्रम अगाडि सारियो, त्यो केवल एक सतही नारा मात्र भएको भए पनि र यसमा आवश्यक हदमा प्रतिबद्धता नभए पनि त्यसले एक हदको सकारात्मक परिवर्तन ल्यायो। त्यो सकारात्मक परिवर्तनलाई गैर कम्युनिष्टहरुले पनि स्वीकार गरेका छन्।

त्यसैले, निश्चित नै राज्यसत्तालाई साधनकै रुपमा प्रयोग गर्दा त्यसले जनतालाई सशक्तीकृत तुल्याउने अभियानलाई सजिलो पार्दछ। अर्को भाषामा भन्दा, सत्ता भनेको चीज त खराबै हो र यो आफैंमा एक दमनात्मक यन्त्र हो, तर यो असल मान्छेहरुको हातमा परेको खण्डमा जनताको सशक्तीकरणको विरुद्धमा यो त्यति हदसम्म प्रयोग हुन सक्दैन, जति नराम्रा मान्छेहरुको हातमा यो पर्दा हुने गर्छ। राज्यसत्ताको भूमिका भनेको यति मात्र हो।

अर्थात् राज्यसत्ता क्रान्तिकारीहरुको हातमा भयो भने- जनताको क्रान्तिकारी आन्दोलनलाई केही हदसम्म अनुकूलता उपलब्ध हुन सक्दछ। जनताको आन्दोलनलाई अलिकति सहजीकृत गर्न सकिन्छ।

तर, सत्ता हासिल नगरिकन केही हुँदै हुँदैन भन्ने कुरा होइन। यो कुरालाई अबको जनक्रान्तिले याद गर्नुपर्दछ। सामाजिक परिवर्तनको लागि सत्ताको अपरिहार्यता छ भन्ने विचारलाई त्याग्न सक्नु पर्दछ। र, सत्तादेखि बाहिर नै पनि क्रान्तिको लागि र सामाजिक परिवर्तनको लागि आन्दोलन हुन सक्छ र यो नै प्रमुख आन्दोलन हो भन्ने कुरा बुझ्नु पर्दछ।

अर्को कुरो, अबको क्रान्ति भनेको अहिलेसम्मका क्रान्तिहरुभन्दा बढी वैज्ञानिक हुनुपर्छ। अहिलेसम्मका कम्युनिष्ट आन्दोलनहरुमा थोरै उपलब्धिको लागि बढी मूल्य तिर्ने काम भइराखेको छ। आन्दोलनमा जति जीवनको नोक्सान भएको हुन्छ, जति मान्छेको बलिदान भएको हुन्छ, जति भौतिक सम्पत्ति तथा सम्पदाहरुको

विध्वंस भएको हुन्छ, यी कुराहरु भनेको क्रान्तिले चुकाएको मूल्यहरु हुन् । आन्दोलनको क्रममा एउटा, दुईटा, तीनटा गरी कैयौं पुस्ताहरुले दुःख झेल्नु परेको हुन्छ । यो पनि क्रान्तिले चुकाएको मूल्य हो ।

तर, यति धेरै मूल्य चुकाएर पनि प्राप्त भएको उपलब्धिलाई हेर्ने हो भने, त्यो ज्यादै नै न्यून देखिन्छ । अबको क्रान्तिमा यस्तो हुनु भएन । यथासम्भव थोरै मूल्य चुकाएर सकेसम्म धेरै उपलब्धि हासिल गर्ने वा ठूलो परिवर्तन ल्याउने आन्दोलन गर्न सक्नु पर्छ । निश्चितै यसलाई कसैकसैले डरछेरुवापन हो वा क्रान्तिबाट विमुख हुने प्रवृत्ति हो भनेर आरोप लगाउन सक्छन् ।

क्रान्तिकारी हुनु भनेको वैज्ञानिक हुनु हो । वैज्ञानिक हुनु भन्नुको अर्थ कसरी थोरै मूल्य चुकाएर बढी उपलब्धि हासिल गर्ने भन्ने सवालमा चनाखो हुनु हो । वैज्ञानिकहरुले नयाँ नयाँ यन्त्रहरुको जुन आविष्कार गरेका छन्, त्यसको ध्येय थोरै श्रम र साधनबाट धेरै काम गर्न सक्ने तुल्याउनु हो । त्यसैले क्रान्तिकारीहरु विज्ञानप्रिय हुन् भने विज्ञान प्रिय हुनुको अर्थ अथवा वैज्ञानिक हुनुको अर्थ थोरै मूल्य चुकाएर बढी उपलब्धि हासिल गर्ने तरीका अप्नाउनु हो । तर, अहिलेको हाम्रो क्रान्तिकारी आन्दोलनमा यसको उल्टो भइरहेको छ ।

अहिले हाम्रो आन्दोलनमा हिंसा र षड्यन्त्र क्रान्तिका आवश्यक हतियारको रुपमा प्रशस्त प्रयोग भइरहेका छन् । यो शताब्दीभरि नै क्रान्तिकारी कम्युनिष्ट हुनुको अर्थ सशस्त्र संघर्ष गर्ने र भूमिगत संघर्ष गर्ने भन्ने नै रहयो ।

सशस्त्र संघर्षको प्राविधिक सार भनेको हिंसा नै हो । र, त्यस्तै, भूमिगत संघर्षको प्राविधिक सार भनेको पनि षड्यन्त्र नै हो ।

हिंसा र षड्यन्त्र सधैं क्रान्तिकारीहरुको हातमा हतियारको रुपमा मात्रै रहिरहँदैनन् । ती कुराहरु त भाइरसको रुपमा विकसित भएर क्रान्तिकारीहरुको सोच, विचार र आत्मालाई नै संक्रमण (Infect) गर्न पुग्छन् । र, यो एउटा संस्कारको भाग बन्न गई मान्छेहरुको मनमा घर गरी बस्न पुग्छ ।

अहिले हामी देखिराखेका छौं कि, सशस्त्र संघर्ष र भूमिगत संघर्षको माध्यमबाट क्रान्ति सम्पन्न भयो भनिएका थुप्रै समाजवादी देशहरुमा त्यहींभित्रको नेतृत्वबीच जुन किसिमको अनावश्यक काटाकाट र मारामारको स्थिति देखा पऱ्यो, त्यसलाई जतिसुकै दुई लाइन बीचको संघर्ष भनेर भनिए पनि त्यसले त्यस देशभित्रको पार्टी र सिंगो देशलाई मात्र होइन कि सिंगो विश्व कम्युनिष्ट आन्दोलनलाई नै नकारात्मक असर गरेको छ ।

**◆ तपाईंले अबको क्रान्ति 'हिंसा र षड्यन्त्रबाट मुक्तिको क्रान्ति' हुनुपर्छ भन्न खोज्नु भएको हो ?**

-हो, एक अर्थमा त्यही नै हो । अथवा, जुन बेलामा साँच्चै नै क्रान्तिको लागि भनेर हिंसा र षड्यन्त्रको उपयोग नगरिकन भएन, त्यसलाई त म इतिहास रोएको मान्दछु । त्यो भनेको इतिहासको पीडा हो । हामीले चाहेर पनि, नचाहेर पनि कुनै कुनै बेला त्यस्तो हिंसा र षड्यन्त्रको उपयोग गर्नुपर्ने बाध्यता सृजना हुन सक्छ । यसबाट त्यो बेलाका क्रान्तिकारीहरु र त्यो क्रान्ति भइरहेको युगले मात्र होइन कि, भावी सन्तति र युगले पनि त्यो घाउको पीडा भोग्नु पर्ने हुन्छ । त्यसैले सकेसम्म हिंसा र षड्यन्त्रलाई त्याग्नु नै पर्छ ।

यहाँ मैले षड्यन्त्र भन्नुको अर्थ अपारदर्शिता भन्नु पनि हो । जनताप्रति अपारदर्शी हुनु भन्नुको अर्थ जनतालाई विश्वास नगर्नु हो । जनताको माझमा क्रान्तिविरोधी तत्वहरु पनि हुन्छन् भन्ने कुरालाई बहाना बनाई जनतासमक्ष अपारदर्शी हुनुले त जनताप्रतिको अविश्वासलाई दर्शाउँछ । तपाईं जनतालाई नै विश्वास गर्न सक्नु हुन्न भने जनतालाई अविश्वास गरी गरिएको क्रान्ति कस्तो क्रान्ति होला ?

क्रान्तिकारीहरुलाई जनताले निरन्तर रुपमा मूल्यांकन गरिराखेको हुन्छ । यदि क्रान्तिकारीहरु जनसमक्ष अपारदर्शी हुन्छन् भने कोही क्रान्तिकारी भनिएको व्यक्ति साँच्चैकै क्रान्तिकारी हुन लायकको छैन भने उसलाई जनताले 'तिमी क्रान्तिकारी हुन लायकको छैनौ' भनेर भन्ने ठाउँ कहाँ हुन्छ त ? साँच्चै क्रान्तिकारीहरु भने जस्तैका भए त ठीकै भयो । तर, त्यस्तो भएन भने, त्यो कुरो जनताले थाहा पाउने कसरी ? उनीहरुलाई समाउने कसरी ? जनता त निरीह बन्न पुग्छन् । त्यसैले अपारदर्शीताले जनतालाई सशक्तीकृत गर्दैन, निरीह तुल्याउँछ ।

त्यसकारण, क्रान्तिकारीहरुको जीवन, क्रान्तिको योजना, नीति, कार्यक्रम र दिशा सबै पारदर्शी हुनुपर्छ ।

हामीले बुझ्नै पर्ने अर्को कुरा के छ भने, क्रान्ति भनेको सम्पन्न हुने चीज होइन । त्यो त निरन्तर चलिरहने प्रक्रिया हो ।

सशस्त्र संघर्षको प्राविधिक सार भनेको हिंसा नै हो । र, त्यस्तै, भूमिगत संघर्षको प्राविधिक सार भनेको पनि षड्यन्त्र नै हो ।

समाज विकासको हरेक कालमा कुनै पनि मान्छेलाई सधैं दुईटा कुराहरुबीचबाट छनौट गर्नु पर्ने आवश्यकता हुन्छ, कि ऊ आफू क्रान्तिको पक्षमा उभिनु, कि त प्रतिक्रान्तिको पक्षमा उभिनु । क्रान्तिको प्रक्रिया त लगातार भइरहन्छ नै । यो त समुद्रको छाल जस्तै हो- कहिले माथिसम्म उठेर स्पष्ट रुपमा देखिने हुन्छ, त कहिले सलल मात्र बगेर अस्पष्ट हुन पुग्छ ।

त्यसैले, क्रान्ति भनेको सत्ता प्राप्त गर्नु हो र सत्ता प्राप्त गरेपछि मात्र परिवर्तनको प्रक्रिया शुरु हुन्छ भन्ने अवधारणालाई त्याग्नु जरुरी छ । यसको अर्थ, अहिले शुरुदेखि नै सत्ताको अपरिहार्यतालाई न्यून पार्ने अभियान थालनी गर्नु हो । यसबाट सत्ता प्राप्तिको लागि हतारो गर्नु पर्ने जरुरी हुन्न र यसले सत्ताप्राप्तिको हतारोमा गरिने हिंसा र षड्यन्त्रको संस्कारलाई पनि कमजोर तुल्याउँदै लैजान्छ ।

**◆ नेपाली कम्युनिष्ट आन्दोलनको अहिलेसम्मको इतिहासलाई केलाउँदा के अब यसलाई पुनर्संगठन गर्नु जरुरी भएको हो ?**

-निश्चित रुपमै हो । पक्कै पनि यो पुनर्संगठनको आवश्यकताको बोध अहिले नै धेरै मान्छेहरुलाई भइसकेको छ । तर, कहाँबाट र कसरी थालनी गर्ने भन्ने सवाल मात्र ठूलो समस्याको रुपमा बाँकी रहेको छ ।

कम्युनिष्ट आन्दोलनको पुनर्संगठन गर्ने भन्ने बित्तिकै पहिलेदेखि चल्दै आएको परम्पराको कारणले गर्दा 'लौ अब कसैले फेरि अर्को नयाँ पार्टी खोल्न लाग्यो' भनेर मान्छेहरुले अर्थ लगाउन सक्छन् । त्यसैले अबको संगठनको रुप पनि पुनर्परिभाषित गर्नुपर्ने जरुरी भएको छ । यसको पनि नयाँ ढंगको संरचना हुनुपर्दछ । किनकि, नयाँ जनक्रान्तिको लागि परम्परागत संगठनको ढाँचा र संरचनाले उपयोगी भूमिका खेल्न सक्छ कि सक्दैन ? यो सोचनीय कुरा भएको छ । मेरो विचारमा, अहिलेसम्मका परम्परागत ढाँचा र शैलीका संगठनहरु अब आउने, अब हुने वा अब हुनुपर्ने जनक्रान्तिको लागि उपयोगी र योग्य हुँदैनन् । र, त्यसको लागि नयाँ किसिमका संगठनहरुको जरुरत पर्दछ । ती नयाँ संगठनहरुमा नेता र नेतृत्व भन्ने कुराको पनि पुनर्परिभाषा गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**◆ नेपाली कम्युनिष्ट आन्दोलनको त्यो पुर्नसंगठनबाट बन्नुपर्ने संगठन कस्तो होला ?**

-मेरो विचारमा 'कस्तो संगठन ?' भन्दापनि संगठनभित्र के के गुण हुन्छन् ? र संगठनको प्रकृति कस्तो हुन्छ ? भन्नेतिर लाग्नु बेश होला ।

मलाई के लाग्छ भने, अहिलेसम्मको संगठन पूर्वनिश्चित फ्रेममा कैद गरिएको निर्जीव र खरो ढाँचाभित्र व्यक्तिहरुलाई सामेल गर्ने खालको छ । अब यो ढाँचालाई हामीले त्याग्नु जरुरी भएको छ । अबको संगठन भनेको बढी लचकदार हुनुपर्छ । र, यसमा समान प्रतिबद्धता, समान उद्देश्य र समान आकांक्षा बोकेका मानिसहरु प्राकृतिक किसिमले संगठित भई प्रभावकारी ढंगले क्रियाशील हुन सक्ने वातावरण हुनुपर्छ । यो भन्नुको अर्थ, अबको संगठन अहिलेसम्मको संगठन जस्तो यान्त्रिक नभइकन जैविक खालको हुनुपर्छ भन्ने हो ।

अहिलेसम्मको संगठन बढी यान्त्रिक किसिमको भएकोले व्यक्तिले पार्टीभित्र एउटा यन्त्रको पेचकिलाको रुपमा रही बस्नु पर्दछ । व्यक्तिको पार्टीमा प्रवेश भएपछि उसको 'म' पूर्णतः 'म'को रुपमा नरहने मानसिकता उसले लिनुपर्छ ।

त्यस्तै, पार्टी र संगठनलाई अहिलेसम्म एउटा 'ब्लाक होल' को रुपमा लिइएको छ । ब्लाक होलको नजिक पुग्दा जसरी तारा र प्रकाश समेत तानिएर त्यसभित्र हराउन पुग्छ, त्यसरी नै पार्टी संगठनमा कोही पनि व्यक्तिले आफूलाई त्यसभित्र पूर्णतः समाहित गरी आफ्नो अस्तित्वलाई समाप्त गर्नु पर्दछ । यसलाई म संगठनको 'ब्लाक होल सिद्धान्त' भन्दछु । यो सिद्धान्तलाई अब हामीले त्याग्नु पर्दछ ।

अहिलेसम्म पार्टी र संगठनभित्र शक्ति नेतृत्वमा केन्द्रीत छ । यसको बदलामा अबको संगठनमा शक्ति नेतृत्वबाट आम सदस्यसम्म फैंजिनु पर्दछ । पहिलेजस्तो संगठनभित्र शक्तिको वितरण पिरामीड प्रकारको हुनुभएन । सबभन्दा सक्रिय, सुस्पष्ट र सबभन्दा अगाडि बढेको व्यक्ति नै नेता बन्नु पर्छ । तर नेताले सधैं नै आफूजस्तै अरुलाई पनि कसरी विकास गर्ने भन्ने ध्यान, ध्याउन्न राखेको हुनुपर्छ । उसले सधैं अरुलाई सशक्तीकृत कसरी बनाउने भन्ने चिन्तन राख्नु पर्छ ।

❑

*(विगतमा तात्कालीन नेकपा मालेको संगठनको अनुभव समेत हासिल गर्नु भएका डा. धिताल हाल स्वतन्त्र रुपमा रही स्वास्थ्य क्षेत्रमा क्रियाशील हुनुहुन्छ । -मूल्यांकन)*

# नेपाली मार्क्सवाद कागजदेखि कागजसम्म र सडकदेखि सडकसम्म कुदिरहेछ



◆ खगेन्द्र संग्रौला ◆

## नेपाली कम्युनिष्ट आन्दोलनको मूल समस्या के र समाधानको उपाय के ?

◆ राजनीतिमा नौलो जनवाद र साहित्य-कलामा सांस्कृतिक क्रान्तिभन्दा तल्लो तहका कुरामा हाम्रा आँखा लाग्दैनन् । किशोर उमेरदेखि नै यस्ता पदावलीहरुको अमूर्त रटना शुरु हुन्छ । तिनको ऐतिहासिकता, सार्थकता र सान्दर्भिकताको अत्तोपत्तो हुँदैन । यसरी हामीमा नजिकका साना कुरालाई नगन्ने र टाढाका ठूला र बुझ्दै नबुझेका कुरा गर्ने बानी बस्छ । यी सैद्धान्तिक मान्यताहरु आफूले देखे-भोगेको जीवन-अनुभव, आफ्नो भूगोल र इतिहास, संस्कृति र परम्परा, सामाजिक बनोट र त्यसको निर्माण-विनाश प्रक्रियाहरुसँग सोझो र सार्थक ढङ्गले कतै जोडिँदैनन् । जडसूत्रभक्तिको प्रशिक्षण यहींबाट शुरु हुन्छ ।

◆ नेपाली मार्क्सवाद कागजदेखि कागजसम्म, भित्तादेखि भित्तासम्म र सडकदेखि सडकसम्म कुदिरहेछ । मार्क्सवाद श्रमिक जनताको दर्शन हो । तिनका जीवनको नर्कतुल्य वास्तविक अवस्था बुझ्न र त्यसलाई उन्नत दिशातिर डोऱ्याउन सिकाउने-सघाउने दर्शन हो । तर नेपाली कम्युनिष्ट आन्दोलनले जनशैलीमा श्रमिक जनताका घर-दैलामा पुग्न, तिनका भाषा सिकेर तिनका आवश्यकता र आकांक्षा बुझ्न, तिनकै वैचारिक-सांस्कृतिक धरातलमा उभिएर तिनको भाषामा तिनलाई जागृत हुन, एकगठ हुन, शत्रुमित्र चिन्न र जीवनलाई फेर्नका लागि आन्दोलित हुन सघाउन सही जमर्को गर्नतर्फ चाहिंदो मात्रामा ध्यान पुऱ्याएन । हुन त कतिपय पार्टीका ध्वजामुनि संगठित भएका समर्पित र इमानी कार्यकर्ता कहींकहीं श्रमिक जनताका घर-आँगनमा नपुगेका होइनन् । तर पार्टीको टुप्पोमुखी शिक्षण-प्रशिक्षण बिधिका कारण तिनले श्रमिक जनताका आँगनमा पुगेर तिनले बुझ्ने गरी तिनका आवश्यकता र आकांक्षाका कुरा गर्न जान्दैनन् । तिनले त मार्क्सवाद-लेनिनवाद-माओविचारधारा, वर्ग संघर्ष, सशस्त्र क्रान्ति, दीर्घकालीन जनयुद्ध, गाउँले शहरलाई घेर्ने, सर्वहारा वर्गको अधिनायकत्व, घरेलु सामन्तवाद, दलाल तथा नोकरशाही पूँजीवाद, भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवाद, राष्ट्रिय पूँजीपति, निम्न पूँजीवादी, सारसंग्रहवाद, अराजकतावाद आदि-आदि जस्ता शब्दहरु दोहोऱ्याउन मात्र जान्दछन् । गरीब जनताको दैनिक ढिंडोरोटी, सुत्केरीको ज्वानाको झोल, शिशुको लिटो-पिठो, केटाकेटीको कपुरी क, महिलाहरुका घाँस-दाउरा र धारापानी, नून-चिनी-पानी, दैनिक इलम र ज्याला-मजुरी, हक र इज्जत, रस्तीबस्तीको संस्कृति र इतिहास, सामाजिक बनोट, श्रम सम्बन्ध र त्यसमाथि उभिएका श्रमिक जनताका शत्रु र मित्रबारे त्यहाँ मसिनो ढङ्गले कुरा हुँदैनन् । व्यक्तिगत जीवनका अनेकौं आकांक्षा र सुख-सुबिस्ता त्यागेर गरीब जनताका आँगनमा पुग्ने कार्यकर्ता जनताका नजरमा 'बिरानो देशका बिराना कुरा मात्र जान्ने मानिस' जस्ता लाग्दछन् । 'जनयुद्ध' भनिने 'माओवादी' कार्यकलाप पनि श्रमिक जनतामाझ, तिनका मन-मस्तिष्कमा, तिनका आस्था र विश्वासमा छैन । त्यसको निरन्तरको उपस्थिति छापामा, भित्तामा, शिक्षालयमा, ओडारमा र भारतमा मात्र छ । त्यो मध्यरातमा रहस्यमय राँकेभूतका रुपमा गाउँबस्तीमा देखापर्छ, अथवा त्यसैगरी कतै 'कार्बाई' गर्न जान्छ र श्रमिक जनताका मनमा भय र आतङ्क जगाएर अलप हुन्छ ।

◆ सामाजिक परिवर्तनलाई क्रमिक प्रक्रिया मार्फत विकसित हुने फड्कोको रुपमा होइन, जङ्गी घटनाका रुपमा बुझ्ने गरिएको छ । नेपाली कम्युनिष्ट नेतृत्वका दृष्टिमा कुरुप र सुन्दर गरी समाजका दुईवटा चित्र छन् । एउटा अहिलेको असमानता र अन्यायले भरिएको नारकीय समाज, अर्को नौलो जनवाद खडा भएपछिको स्वर्गीय समाज । समाजका यी दुई अवस्थाका बीचमा सुधार, क्रमिक परिवर्तन र प्रगतिको प्रक्रिया छैन । पार्टीहरुका दस्तावेज र नेताहरुका लेखमा कुरुप वर्तमानको वर्णन र चित्रणपछि 'नौलो जनवाद आएपछि मात्र यी सबै समस्याबाट पार पाउन सकिन्छ' भनिएको हुन्छ । अहिले र आजैदेखि राजनीति, अर्थनीति र संस्कृतिका क्षेत्रमा लागि परेर गर्नुपर्ने ठोस काम सम्बन्धी सोचाइ र कार्यक्रम केही छैन । गरीब जनताका दैनिक समस्यालाई सकेजति होलो-खुकुलो पार्दै जाने क्रमिक प्रक्रियालाई अक्रान्तिकारी सुधारवाद, अर्थवाद आदि भनेर किनारा लगाउने गरिन्छ । अहिले नै सम्भव हुने सानातिना आर्थिक-सामाजिक-सांस्कृतिक सुधारका गतिविधिलाई क्रान्तिको दीर्घकालीन लक्ष्यसँग निरन्तर रुपमा कसरी गाँस्ने र सामाजिक परिवर्तनको प्रक्रियामा आम जनतालाई कसरी क्रियाशील सहभागी बनाउने भन्ने विषयमा न कतै कुनै सोचाइ देखिन्छ, न कार्यकौशल । त्यसैले एउटा जुलुस र अर्को जुलुसका बीचको समयमा कार्यकर्ता, समर्थक र शुभचिन्तकले गर्नुपर्ने काम-कर्तव्य केही पनि हुँदैन । त्यसैले आन्दोलनका कार्यकर्ता, समर्थक र शुभचिन्तक पार्टीका पटके खेतालाजस्ता लाग्छन् ।

◆ इतिहास निषेधक प्रवृत्तिः पार्टीको नीति र कार्यक्रम निर्माण गर्ने तरिका तथा परिचालन विधि विवाद, संवाद र मतैक्यता अथवा मतभिन्नतासहितको समझदारीमा होइन, टुप्पोवादी एकोहोरो चिन्तन, गुटबन्दी र जालसाजीमा आधारित देखिन्छ । पार्टीभित्रको शिक्षण र प्रशिक्षण विधि आम कार्यकर्ताले पार्टी र क्रान्तिका समस्या, नेता र नीति, कार्यशैली र विधि-प्रक्रियाप्रति जिज्ञासा राख्न, सन्देह गर्न, तर्क गर्न, चित्त नबुझेका कुरामा निर्धक्क भएर असहमति जनाउन पाउने जनवादी अधिकारमा आधारित छैन । विचार, नीति, नेता, कार्यक्रम, कार्यशैली आदि सबै टुप्पोबाट पहिल्यै निर्क्यौल भएर आउँछन् । ती सबको निर्क्यौल गर्ने प्रक्रियामा आम कार्यकर्ताका अनुभवको भूमिका नाम मात्रको हुन्छ । कार्यकर्ताका भागमा चुपचाप सहमति जनाउने र तर्क गर्न खोजे किनारा लगाइने र कार्वाइ बेहोर्ने कर्तव्य मात्र रहन्छ । पार्टी परिचालन गर्ने यस्तो विधिले सचेत र स्वाभिमानी, अन्वेषणकारी र सिर्जनशील तथा खाँचो पर्दा नेतासँग सोझै आँखा जुधाउन सक्ने आँट भएका कार्यकर्ता पंक्तिको निर्माण हुन सक्दैन । परिणाम स्वरुप, पार्टीमा अवाक् भक्तहरुको भीड लाग्छ । टुप्पोवादमा सोच्ने, बोल्ने, निर्णय गर्ने र अरनखटन गर्ने अधिकार जति टुप्पोमा केन्द्रित हुन्छ । जनवादी केन्द्रियता सम्बन्धी मान्यताको घोर विकृतिकरण भएको छ र बुद्धि र विवेक, ज्ञान र अनुभव, अन्तदृष्टि र दूरदृष्टि तथा नीति-निर्णय गर्ने कौशल जति माथि टुप्पोमा केन्द्रित भएको हुन्छ भन्ने मतवादले घर गरेको छ । तलका जनहरुको काम-कर्तव्य त सुन्नु र मुन्टो हल्लाउनु मात्र बाँकी रहन्छ । जहाँ संकोच र भयमुक्त वातावरणमा निरन्तर दोहोरो संवाद र विवाद हुँदैन, त्यहाँ संवाद र विवादको ठाउँमा जालसाजी हुनु स्वाभाविक हो । पार्टीभित्रका गुटबन्दीहरु र धेरैजसो फुटहरु यही टुप्पोवादी र मुखबन्दवादी शैलीका परिणाम हुन् । टुप्पोवादी-एकाधिकारवादी सोचाइ र शैलीले निर्विकल्पवादलाई जन्म दिन्छ । टुप्पोमा बसेर सोच्ने, बोल्ने, लेख्ने र निर्णय गर्ने हकमाथि एकाधिकार जमाउनेले पार्टीमा आफूलाई आजीवन निर्विकल्पका रुपमा स्थापित गर्ने परिपञ्च मिलाउन खोज्छ । उसले आफूलाई बौद्धिक, व्यवहारिक र नैतिक दृष्टिले चुनौती दिने योग्यता र क्षमता भएको दोस्रो पंक्तिलाई जन्मिन दिँदैन । आफ्ना विचार, कार्यशैली र आचरणप्रति कसैले फिटिक्क सन्देह मात्र गरेमा त्यो पात्र कार्वाहीको शिकार बन्छ । स्वतन्त्र र सिर्जनशील ढङ्गले विचार चलखेल

गर्न पाउने वातावरणको अभावमा पार्टी निसासलाग्दो सुरुङ्मा परिणत हुन पुग्छ । यस्तो सुरुङबाट फुत्किन खोज्दा आज राति 'परम् भक्त'को भेषमा सँगै सुतेको साथी भोलि बिहान आफ्ना नेतालाई गद्दार भन्दै 'परम् शत्रु'को भेषमा प्रकट हुन्छ । यस प्रकारका गुटबन्दी र फुटलाई गुट र फुटका दुबै पक्षले सधैं मार्क्सवादी सत्यको जलप लगाएर सही सिद्ध गर्ने भगिरथ प्रयास गर्छन् । तर प्रायः दुबै चोइटाको भौतिक र सांस्कृतिक धरातलमा तात्विक अन्तर देखिँदैन । त्यसैले नेपाली कम्युनिष्ट आन्दोलनको गुट र फुटको अन्तरकथा जनसाधारणका दृष्टिमा बुझिनसक्नु पहेली बनेको छ । वास्तवमा आजसम्म भएका धेरैजसो फुटहरु टुप्पोवादी-हैकमवादी सोचाइ र शैलीप्रतिका नकारात्मक प्रतिक्रियाका परिणामका रुपमा प्रकट भएका छन् ।

◆ नेपाली कम्युनिष्ट आन्दोलनमा इतिहास विरोधी प्रवृत्ति विद्यमान छ । पार्टीभित्र मतभिन्नताको सोझो परिणाम फुट र फुटको सोझो परिणाम घोर शत्रुता हुने गरेको देखिन्छ । यस्तो शत्रुता इतिहासविरोधी र कृतघ्न प्रवृत्तिका रुपमा प्रकट हुने गरेको छ । जस्तो कि प्रश्रितहरुको मुक्ति मोर्चाका दृष्टिमा पुष्पलाल श्रेष्ठ गद्दार, मोहनविक्रम सिंहका दृष्टिमा पुष्पलाल गद्दार, झापाली कोके र मालेका दृष्टिमा मोहन-विक्रम सिंह गद्दार, प्रचण्डका दृष्टिमा मोहनविक्रम सिंह गद्दार र भरत दाहालका दृष्टिमा प्रचण्ड गद्दार । यसरी हेर्दा, नेपाली कम्युनिष्ट आन्दो-लनको नेतृत्व गद्दारै-गद्दारहरुको लस्कर जस्तो देखिन्छ । आफ्ना अगुवाहरुमाथि लगाइएका गद्दारीका यी अभियोगहरु मार्क्सवादी विश्लेषणका आधारमा कम र गुटबन्दी, व्यक्तिवादी महत्वाकांक्षा, असहिष्णुता र आहारिसमा बढी आधारित छन् । आफ्नै अगुवालाई निषेध गरेर उसको स्थान र उचाइमा आफूलाई उभ्याउन खोज्ने यो प्रवृत्ति इतिहास- विरोधी र कृतघ्न प्रवृत्ति हो । यस प्रवृत्तिका कारण नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास क्रमहीन र मर्यादाहीन बनेको छ । आन्दोलनको नेतृत्व आफू समेतले कष्टसाध्य प्रयत्नबाट निर्माण गरेका आफ्नो समेत इतिहासका सबल र सकारात्मक गुणहरुको संरक्षण गर्न र त्यो इतिहासलाई आन्दोलनमा उर्जा थप्ने प्रेरक सन्दर्भका रुपमा उपयोग गर्न असमर्थ छ । यति लामो कम्युनिष्ट आन्दोलनमा सर्वमान्य वर्गीय प्रतीकको निर्माण हुन नसक्नु यही प्रवृत्तिभित्रको घोर असहिष्णुता र अदूरदर्शीताको द्योतक हो । तसर्थ यो घोर सांस्कृतिक दरिद्रताको द्योतक पनि हो ।



◆ अन्तका अनुभवको सुगा रटाइ गर्ने संस्कार पनि कम जब्बर छैन । आजको नेपाली समाज हिजोको चिनियाँ समाज होइन । यी इतिहासका दुई बेग्लाबेग्लै कालखण्डका, बेग्लाबेग्लै ठाउँका, आ-आफ्नै खालका सूक्ष्म विशिष्टताहरु भएका समाज हुन् । तसर्थ चिनियाँ क्रान्तिका नीति र कार्यक्रमहरु स्वतः नेपाली क्रान्तिका नीति र कार्यक्रम हुन सक्दैनन् । मानव इतिहासका ती उत्तम अनुभवहरु नेपाली सामाजिक परिवर्तनको प्रक्रियामा प्रेरक र उपयोगी सन्दर्भ मात्र हुन सक्छन् । सन्दर्भ आफैं मूल पाठ होइन । समाजबारे सोधखोज गर्ने र निचोड निकाल्ने काम जति माओका रचनामा भइसकेको छ, बाँकी रहेको कुरा त ती निचोडहरुलाई व्यवहारमा उतार्नु मात्र हो भन्ने सुगामार्गी सोचाइले नेपाली कम्युनिष्ट आन्दोलनमा जब्बर रुपमा घर गरेको देखिन्छ । हैन, इतिहासको गति हिजोको चीनमै टुङ्गिएको हो र ? यसरी अन्तका अनुभवको सुगा रटाइ गर्नाको परिणाम स्वरुप मार्क्सवादी समाज-विज्ञानलाई सरल गणितका रुपमा बुझ्ने पनि गरिएको छ । मार्क्सवादको भण्डारका केही शब्द र शब्दावलीलाई गणितीय सूत्रका रुपमा रट्न जानेपछि जान्नुपर्ने कुरा जति जानिसकियो भन्ने भ्रम पनि लर्तरो छैन । यस्तो सूत्रभक्ति हाम्रो सामाजिक अध्ययन-अनुसन्धानका बाटाको भयंकर बाधक हो । हाम्रो टपर्टुइँयापना, आफ्नै समाजका सूक्ष्म विशिष्टबारेको हाम्रो अज्ञानता र हाम्रो मूढाग्रहको जरो कारण यही सुगे सूत्रभक्ति हो ।

**आन्दोलनका कार्यकर्ता, समर्थक र शुभचिन्तक पार्टीका पटके खेतालाजस्ता लाग्छन् ।**

◆ नेपाली कम्युनिष्ट आन्दोलनमा नेतृत्व र कार्यकर्ताको वर्ग परिवर्तन, भावनात्मक परिवर्तन, सांस्कृतिक रुपान्तरण, सर्वहाराकरण आदिजस्ता पदावलीहरुको प्रयोग छ्यास्छ्यास्ती पाइन्छ । तर त्यस्तो परिवर्तनको लागि चाहिने सामाजिक आधार, शिक्षण-प्रशिक्षण, सांस्कृतिक प्रक्रिया र प्रयोग-परीक्षणबारे न गम्भीर सोचाइ छ, न ठोस कार्यक्रम । आन्दोलनभित्र इमानसाथ आत्म-परीक्षा गर्ने, स्वआलोचनात्मक दृष्टिले आफ्नो पृष्ठभूमि र चरित्रलाई केलाउने, आफूभित्रका सांस्कृतिक विकारहरुलाई साहसकासाथ स्वीकार गर्ने र सचेत रुपबाट तिनमा सुधार-परिवर्तन ल्याउने प्रक्रिया शुरु गर्नुको सट्टा मनचिन्ते खालका बाक्ला राता कोट लगाएर ती विकारहरुलाई छोप्ने-लुकाउने अभिनय मात्र हुने गरेको देखिन्छ । परिणामस्वरुप, आन्दोलनका प्रचण्ड नायक भनिएकाहरुमध्ये कसैको किस्सा तिरुपति बालाजीमा समाधिमा पुगेर टुङ्गिएकोछ, कसैको किस्सा चरु होम्न पलेंटी कसेर बिसर्जन भएको छ, कसैको किस्सा पजेरो र अजिङ्गर महलमा पुगेर दङदडी गन्हाएको छ । कतिपय नायकहरु त बडो नाटकीय ढङ्गले मार्क्सवाद र श्रमजीवी जनताका मुखर शत्रु बन्न पनि पुगेका छन् । यी सांस्कृतिक दृष्टिले एक पटक रुपान्तरित भएपछि पतीत हुन हुन पुगेका पात्र होइनन् । यी त वास्तवमा सांस्कृतिक रुपान्तरणको प्रक्रियामा प्रवेशै नगरेका कोरा पात्रहरु हुन् । यी बनेर बिग्रिएका हुन् भन्ने हाम्रो सोचाइ भ्रम मात्र हो ।

समस्याहरुको चर्चा गर्ने क्रममा तिनका सम्भावित समाधानका उपायहरु रेखाङ्कित भइसकेका छन् भन्ने मलाई लाग्छ । यहाँ तिनलाई छोटकरीमा यसरी दोहोऱ्याउन सकिएला:

◆ इमान्दार आत्म-समीक्षक भई निर्भिकता र निर्ममतासाथ नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासको वस्तुनिष्ठ र सूक्ष्म निरीक्षण गर्नु र त्यसबाट हात लाग्ने सकारात्मक र नकारात्मक पाठबाट सिक्नु ।

◆ नेतावादी-हैकमवादी केन्द्रियतालाई उल्ट्याएर वास्तविक जनवादी केन्द्रियताको अभ्यास गर्न खोज्नु । आम पार्टी पंक्तिमा भयमुक्त रुपबाट संवाद र वाद-विवाद चल्नसक्ने स्वस्थ र सिर्जनात्मक वातावरण निर्माण गर्नु र माओले सिकाउनु भएको 'जनताबाट लिएर जनताकहाँ लैजाने' जनवादी पद्धति अंगाली टुप्पोवादलाई उल्ट्याउनु ।

◆ पुस्तकबाट सिकेका मार्क्सवादी पदावलीहरुलाई सन्दर्भका रुपमा मनको पृष्ठभूमिमा राखेर जनजीवनमाझ जानु र जनताका समस्या र आकांक्षा जनतासँगै बसेर जनताका भाषामा जनतासँगै मिलेर केलाउँदै जनजागृतिको प्रक्रियामा 'पण्डितको मार्क्सवाद'को सट्टा 'जन-मार्क्सवाद'को खोजी गर्नु ।

◆ जिउँदो मार्क्सवादलाई श्रमिक जनताका मन-मस्तिष्कसम्म पुऱ्याउन र जनतालाई क्रियाशील नायकका रुपमा आन्दोलनमा सरिक गराउन जनताका दैनिक समस्यालाई प्रत्यक्ष रुपले समेट्ने खालका तत्कालै थाल्न सकिने आर्थिक-राजनैतिक-सांस्कृतिक कार्यक्रम निर्माण गर्नु । र, यस्ता झिना-मसिना सुधारका कार्यक्रमहरुलाई वृहत् सामाजिक परिवर्तनको दूरगामी उद्देश्यसँग गाँस्ने प्रक्रियागत कडीहरुको व्यवहारबाटै खोजी गर्नु ।

◆ खुला र व्यापक बहस मार्फत् सांस्कृतिक रुपान्तरणको व्यावहारिक प्रक्रियाबारे वैज्ञानिक धारणा निर्माण गर्नु । पाखण्डका भ्रामक राता कोट फुकालेर आ-आफ्नो सांस्कृतिक अस्तित्वको सारको निरीक्षण गर्नु र यथार्थवादी भएर सांस्कृतिक रुपान्तरणको वास्तविक, व्यावहारिक र लचिलो कार्यक्रम तय गर्नु र प्रयोग-परीक्षणका रुपमा त्यसलाई लागु गर्न खोज्नु । आदि । ❑

*(श्री संग्रौला वरिष्ठ प्रगतिशील लेखक हुनुहुन्छ । -मूल्यांकन)*

# कसरी बढ्दैछ विश्वमा महाधनाढ्यहरूको संपत्ति ?

◆ दीपक वैद्य

विश्वमा अति थोरै धनाढ्यहरुको हातमा अति ज्यादा विश्वको सम्पत्ति थुप्रिने प्रक्रिया अरु चर्को रुपमा बढ्दो छ । विश्वका सारै थोरै मान्छे अचाक्ली धनी भएका छन् र तिनीहरुको धनाढ्यता विश्वका बहुसंख्यकहरुको गरीबीको भरेङ चढेर आएको छ ।

सन् १९६० मा संसारको सबैभन्दा धनी देशमा बस्ने उपल्ला २० प्रतिशत धनी मानिसको आम्दानी विश्वका सबैभन्दा गरीब २० प्रतिशतको आयको तुलनामा ३० गुणा ज्यादा थियो । ३५ वर्षपछि, सन् १९९५ मा पुग्दा यो अन्तर बढेर ८२ गुणा ज्यादा भएको छ । विश्वमा अति थोरै मान्छेका हातमा कसरी सम्पत्ति थुप्रँदैछ- त्यसको यो उदांगो उदाहरण हो ।

विश्वका सबैभन्दा धनाढ्य २० प्रतिशत र कंगाल २० प्रतिशतको विश्वको कुल आम्दानीको हिस्सा कति छ भन्ने कुराको तुलना ऐतिहासिक विकास क्रममा गर्ने हो भने यो चित्र अरु उदांगो हुनेछ । यू.एन.डि.पी.को मानव विकास प्रतिवेदन, १९९६ अनुसार सन् १९६० मा विश्वका सबैभन्दा धनी २० प्रतिशतले विश्वको कुल आम्दानीको ७० प्रतिशत हिस्सा आफ्नो हातमा थुपारिरहेका थिए । सन् १९९१ मा पुग्दा त्यति नै मान्छेले विश्वको कुल आम्दानीको ८५ प्रतिशत अंशमाथि अधिकार जमाएका छन् र थिए । तर उता विश्वका सबैभन्दा गरीब २० प्रतिशतको आम्दानी भने सन् १९६० मा विश्वको कुल आम्दानीको २.३ प्रतिशत मात्र थियो । सन् १९९१ मा पुग्दा त्यो हिस्सा अझ घटेर विश्वको कुल आयको १.४ प्रतिशत मात्र हुन पुगेको छ । यसको मतलब के हो भने, विश्वका महाधनाढ्यहरु गएको तीस वर्षमा अरु ज्यादा सम्पत्तिका मालिक बनेका छन्, जबकि विश्वका महाकंगालहरुको आय चाहिँ यस अवधिमा लगभग दोब्बर नै घटेको छ ।

यसलाई विश्वको आम्दानीको वितरणको गणितीय अनुपातमा बदल्ने हो भने यस्तो चित्र निक्लन्छ : सन् १९६० मा सबैभन्दा धनी २० प्रतिशतको विश्व आम्दानी हिस्सा अनुपात सबैभन्दा गरीब २० प्रतिशतको हिस्साको तुलनामा ३० : १ थियो । सन् १९९१ मा पुग्दा त्यो अनुपात दोब्बर बढेर ६१ : १ भएको छ । (हेर्नुहोस् UNDP, मानव विकास प्रतिवेदन, १९९६)

यो तथ्यांकले छर्लंग देखाएको कुरा के हो भने, विश्वका २० प्रतिशत धनीहरु विश्वका गरीबहरुको घट्दो आयुको भरेङ चढेर नै तीन दशकअघि भन्दा दोब्बर ज्यादा गाँठवाला भएका छन् । विश्वको आम्दानीमा उनीहरुको हिस्सा तीव्र गतिले बढ्दो छ, जबकि कंगाल २० प्रतिशतको हिस्सा तीन दशकमा शतप्रतिशतका दरले घट्दैछ ।

विश्वका तीन चार सय जना सबैभन्दा धनाढ्यहरुको आय कसरी बढ्दैछ, र उनीहरुसित कति सम्पत्ति थुप्रँदैछ भन्ने कुराको आँकडा हेर्‍यो भने पनि विश्वको सम्पत्ति कतातिर कसरी बहँदैछ, कता त्यसको महासागर जम्दैछ- प्रष्ट थाहा हुन्छ ।

दुई वर्षअघि, सन् १९९६ मा यही UNDP को मानव विकास प्रतिवेदनले लेखेको थियो- विश्वमा ३८५ जना महाधनाढ्यहरु यति ज्यादा धनी छन् कि उनीहरुको कुल सम्पत्ति विश्वका ४५ प्रतिशत जनसंख्याको वर्षभरिको आम्दानीभन्दा ज्यादा छ । दुई वर्षकै बीचमा ती महाधनाढ्यहरु अरु कति धेरै धनी भएका छन्, त्यो रहस्यको उद्घाटन हालै प्रकाशित १९९८ को UNDP को मानव विकास प्रतिवेदनले गरेको छ । त्यसले लेखेको छः विश्वका २२५ जना महाधनाढ्यहरुको कुल सम्पत्ति विश्वका ४७ प्रतिशत जनसंख्याको वर्षभरिको कुल आम्दानी बराबर छ ।



*विश्वकै सबैभन्दा धनी व्यक्ति बिल गेट्स*

*विश्वका महाधनाढ्यहरू हाम्रो खल्ती निचोरेर अति चाँडै अचाक्ली धन सम्पत्ति थुपारिरहेछन् ।*

दुई वर्षअघि र दुई वर्षपछिको यो महाधनाढ्यहरुको हातमा सम्पत्तिको केन्द्रीकरण सम्बन्धी तथ्यांक दाँजेर हेर्दा के थाहा हुन्छ भने, विश्वका लगभग आधा जनसंख्याको वर्षभरिको आम्दानी र ३५८ जना विश्वका महाधनाढ्यहरुको कुल सम्पत्ति परारसम्म बराबर थियो । यसपालि आइपुग्दा ३५८ को ठाउँमा २२५ जना महाधनाढ्यहरुकै कुल सम्पत्ति विश्वका लगभग आधा जनसंख्याको वार्षिक आय बराबर हुन आएको छ । दुई वर्षमै अति थोरै महाधनाढ्यहरुको सम्पत्ति कति चर्को गतिले बढेछ त ? त्यो यो आँकडाले स्पष्ट पारेको छ ।

अझ, १९९८ को UNDP को मानव विकास प्रतिवेदनले त के पनि उदांगो देखाएको छ भने, विश्वमा ३ जना सबैभन्दा धनाढ्यहरुको सम्पत्ति विश्वका ४८ वटा अति कम विकसित देशको कुल गार्हस्थ्य उत्पादन (GDP) भन्दा ज्यादा छ । विश्वका १५ जना महाधनाढ्यहरुको सम्पत्ति सम्पूर्ण सब-सहारा अफ्रिकाको कुल गार्हस्थ्य उत्पादनभन्दा पनि ज्यादा छ ।

यी सबै आँकडाहरुको सार के हो भने, संसारमा ज्यादै थोरै मानिसहरु ज्यादै छिटो ज्यादै धेरै सम्पत्तिको मालिक बन्दैछन् । यसैको परिणामस्वरुप विश्वमा ज्यादै धेरै मानिसहरु निकै छिटो निकै धेरै गरीबीको शिकार हुँदैछन् ।

संसारमा महाधनाढ्यहरुको सपत्ति कुन गतिमा कसरी बढ्दैछ भनेर सजिलै ठम्याउनका लागि अहिले विश्वकै सबैभन्दा धनी मान्छे कहलाइएका अमेरिकाका कम्प्युटर व्यवसायी बील गेट्सको विगत तीन वर्षको सम्पत्ति वृद्धिदर हेरे स्पष्ट हुनेछ ।

### बील गेट्सको सम्पत्ति यसरी बढ्दैछ :

| १९९६ मा | १९९७ मा | १९९८ मा |
|---|---|---|
| १८ अरब डलर | ३६.४ अरब डलर | ५१ अरब डलर |

*स्रोत: Forbes पत्रिका, अमेरिका*

उनले माइक्रोसफ्ट नामक कम्प्युटर सफ्टवेयर उत्पादन गर्ने कम्पनीको कारोबार र व्यापारद्वारा हाम्रो खल्तीबाट कति ज्यादा नाफा धुत्दा रहेछन् त ? त्यो यो तथ्यांकबाट छर्लंग हुन्छ । बील गेट्स त एउटा उदाहरण मात्रै हो । सबैजसो विश्वका सबैभन्दा ठूला धनाढ्यहरु हाम्रो खल्तीबाट पैसा धुतेर यही नै गतिमा झन्भन्दा झन् ज्यादा धन सम्पत्ति थुपारिरहेछन् । हामीलाई चाहिं उनीहरु सबैभन्दा कंगाल पार्दैछन् । विश्वकै तेस्रा ठूला धनी अमेरिकाकै वारेन बफेटको सम्पत्ति १९९६ मा १५.३ अरब अमेरिकी डलर थियो । १९९७ मा त्यो डेढीगुणा बढेर २३.२ अरब डलर पुग्यो । १९९८ मा पुग्दा त उसको कुल सम्पत्ति दुई वर्ष अघिभन्दा दोब्बर भन्दा पनि ज्यादा बढेर ३३ अरब डलर पुगेको छ । विश्वका अरु महाधनाढ्यहरु कति छिटो कति धेरै नाफा कमाउँदैछन् र सम्पत्ति थुपार्दैछन् त्यो तलको तथ्यांक हेर्‍यो भने स्पष्ट हुनेछ ।

### यसरी बढ्दैछ महाधनाढ्यहरूको सम्पत्ति

| महाधनाढ्यहरु | १९९८ मा | १९९७ मा | १९९६ मा |
|---|---|---|---|
| पउल एलेन, अमेरिका | २१ अरब डलर | १५.३ अरब डलर | ७.५ अरब डलर |
| केनेथ थम्पसन, क्यानाडा | १४.४ अरब डलर | ११.० अरब डलर | ७.४ अरब डलर |

*स्रोत: Forbes पत्रिका, अमेरिका*

यी सब तथ्यांकहरुको निचोड के हो भने, विश्वका महाधनाढ्यहरु हाम्रो खल्ती निचोरेर अति चाँडै अचाक्ली धन सम्पत्ति थुपारिरहेछन् । उनीहरुको खल्तीमा अति ज्यादा धन सम्पत्ति यसकारण थुप्रिरहेछ, किनकि, हाम्रा खल्तीमा अति कम धन सम्पत्ति बाँकी भएको छ । उनीहरु हामीलाई ज्यादै धेरै उपभोग्य सामानहरु बेच्छन् र त्यसबाट अधिकतम पैसा नाफाका रुपमा निचोरेर लिन्छन् । हामी उनीहरुलाई अति कम सामानहरु बेच्छौं, त्यसैले हाम्रो नाफा मार्फत् हाम्रो गोजीमा पैसा अति कम छ । उनीहरु हामीकहाँ अति ज्यादा पूँजी लगानी गर्छन् र त्यस मार्फत् हाम्रो पैसा स्वाट्टै सोहोरेर लिन्छन् । हामी त्यहाँ लगानी नै गर्दैनौं वा गर्न सक्दैनौं । त्यसैले एकतर्फी रुपमा उनीहरुको पूँजी बढ्दो छ, हाम्रो चाहिं गरीबी बढ्दोछ । ❑

### १६ औं महाधिवेशनको झाँकी

# श्रीलंकाको सरकारमा सामेल कम्युनिष्ट पार्टीको कथा



*विगत चार वर्षदेखि सत्तासीन CPSL का ५ जना सांसदहरू श्रीलंकाको संसदमा छन् । त्यस्तै प्रान्तीय काउन्सिलहरूमा यसका ९ जना सदस्यहरू कार्यरत छन् ।*

श्रीलंका हाम्रो नजीकैको मुलुक हो, तर नजीकै रहेका देशहरुको कम्युनिष्ट आन्दोलनबारेमा हामीलाई धेरै कम मात्र थाहा छ। श्रीलंकाको कम्युनिष्ट आन्दोलनको बारेमा जो कोही प्रश्न गर्छन्- के श्रीलंकामा पनि कम्युनिष्टहरु छन् र ? त्यहाँको कम्युनिष्ट पार्टी भूमिगत छ कि खुला छ ?

यही प्रश्नको जवाफ खोज्नका लागि गत वर्ष 'मूल्यांकन' को ५५ अंकमा हामीले श्रीलंकाका कम्युनिष्ट आन्दोलनबारे त्यहींको न्यू डेमोक्रेटिक पार्टीका युवा नेता क. इ. थाम्बियाको अन्तर्वार्ता दिएका थियौं। अन्तर्वार्ताका क्रममा उहाँले श्रीलंकाको एउटा कम्युनिष्ट पार्टीका प्रतिनिधिहरु संसद र सरकारमा समेत रहेको जानकारी दिनुभएको थियो। हामीलाई एकछिन आश्चर्यचकित पारेको सो जानकारी मूल्यांकनमा प्रकाशित भएपछि हाम्रा केही पाठकहरु र सहयोगी पनि आश्चर्यचकित भएका थिए र जिज्ञासा प्रकट गरेका थिए- साँच्चै नै श्रीलंकामा कम्युनिष्ट पार्टी पनि सत्तासीन छ र ? त्यस पार्टीको नीति र कार्यक्रम कस्तो छ ?

यही जिज्ञासालाई विचार गरेर श्रीलंकाको कम्युनिष्ट आन्दोलनको बारेमा खोजतलाश गर्ने क्रममा थाहा भयो- श्रीलंकाको कम्युनिष्ट पार्टी (Communist Party of Sri Lanka-CPSL) सन् १९९४ देखि सरकारमा आसीन हुँदै आएको छ। चन्द्रिका कुमारातुंगाको नेतृत्वमा चलिरहेको पीपुल्स अलाएन्स (PA) नामक संयुक्त सरकारमा CPSL नामक कम्युनिष्ट पार्टीका एक प्रतिनिधि क्याबिनेट मन्त्री छन् र अर्का एकजना चाहिं सहायक मन्त्री छन्।

विगत चार वर्षदेखि सत्तासीन CPSL का ५ जना सांसदहरु श्रीलंकाको संसदमा छन्। त्यस्तै प्रान्तीय काउन्सिलहरुमा यसका ९ जना सदस्यहरु कार्यरत छन्। यसका ९३ जना सदस्यहरु देशका विभिन्न जिल्लास्तरीय काउन्सिलहरुमा चुनिएर गएका छन्। त्यस्ता जिल्लास्तरीय काउन्सिलहरुमा पनि यसका ५ जना सदस्यहरु काउन्सिल प्रमुखका रुपमा र ११ जना सदस्यहरु उप प्रमुखहरुका रुपमा क्रियाशील छन्।

श्रीलंकाको गाउँ, जिल्ला र केन्द्रको सरकारमा समेत पहुँच भएको यस पार्टी नै त्यहाँको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी मानिन्छ। सत्तासीन पिपुल्स अलाएन्स र सरकारको एक घटकको रुपमा क्रियाशील भएपछि यसको सदस्य संख्या र प्रभावमा वृद्धि भएर यो कम्युनिष्ट पार्टी निकै मोटाएको देखिन्छ। तथापि, श्रीलंकाका अरु वामपन्थी पार्टीहरु यसबारे भन्छन्- "सत्ताको सुख-सुविधा भोग गर्न चाहने अवसरवादीहरुको भीड CPSL को पछि पछि लागिरहेको छ !"

## पार्टी एकीकरणको प्रयास

CPSL ले अर्को कम्युनिष्ट पार्टीसंग एकीकरण गर्न लागेको देखेर पनि एकताका पक्षपातीहरु यस पार्टीतिर आकर्षित भएको बताइन्छ। स्मरणीय छ, श्रीलंकामा क्रियाशील अर्को कम्युनिष्ट पार्टी लंका सम-समाज पार्टी (LSSP) संग पार्टी-एकीकरणका लागि यी दुई पार्टीबीच सन् १९९३ मा सहमति भएको थियो। सोही सहमतिलाई लागू गर्ने प्रयास हाल भइरहेको छ। लंका सम-समाज पार्टी शुरुमा ट्रट्स्कीपन्थी कम्युनिष्ट पार्टीको रुपमा प्रकट भएको थियो। 'अविराम क्रान्ति'का प्रतिपादक ट्रट्स्कीको पक्षधर त्यस पार्टीले १९६४ मा सिरीमाओ बन्दरनायकेको श्रीलंका फ्रिडम पार्टी (SLFP) संग संयुक्त गठबन्धन कायम गर्ने र संसदीय राजनीति गर्ने काम थालेको थियो।

यसले गर्दा श्रीलंकाको कम्युनिष्ट आन्दोलनभित्र संसदवादी र गैरसंसदीय संघर्षका पक्षपातीहरुबीच, शान्तिपूर्ण संघर्ष र सशस्त्र संघर्षका हिमायतीहरुबीच संघर्ष चर्किएको थियो। त्यहाँको सन्दर्भमा संसदवादी, शान्तिपूर्ण संघर्षका पक्षपाती कम्युनिष्ट पार्टीको रुपमा देखा परेको लंका सम-समाज पार्टीसंग अर्को संसदवादी पार्टी CPSL ले छिट्टै नै पार्टी एकीकरण गर्दैछ।

यो एकीकरणको सन्दर्भलाई CPSL ले वामपन्थी आन्दोलनका दुई मुख्य धार र प्रवृत्तिहरु बीचको संगमको रुपमा व्याख्या गर्न खोजिरहेको छ। तर यथार्थमा अविराम क्रान्तिको बाटो समेत छोडिसकेको र शान्तिपूर्ण संघर्षको कट्टर पक्षपातीको रुपमा देखिएको लंका सम-समाज पार्टी र संसदीय घेराभित्रै रमाइरहेको कम्युनिष्ट पार्टी CPSL बीच सार र रुपमा कुनै तात्विक भिन्नता देखिन्न। 'अविराम क्रान्ति'को नारा बेच्न छोडिसकेकों पार्टी LSSP र सडक संघर्षलाई चटक्कै बिर्सिसकेको सत्तासीन कम्युनिष्ट पार्टी CPSL बीचको एकीकरणलाई श्रीलंकाको कम्युनिष्ट आन्दोलनका दुई प्रमुख धार र प्रवृत्तिहरुबीचको एकीकरण भनेर प्रचार गर्नु अलिकति संकोच मान्नु पर्ने हो भन्ने विचार राख्ने वामपन्थीहरु पनि श्रीलंकामा थुप्रै छन्।

CPSL ले यो एकीकरणलाई भनिरहेको छ- 'यो एकीकरणले श्रीलंकाको सम्पूर्ण वामपन्थी आन्दोलनको एकीकरण गर्ने अभियानमा कोसेढुंगोको काम गर्नेछ।'

जेहोस्, यो एकीकरणले दर्जनौं टुक्राहरुमा विभाजित श्रीलंकाली कम्युनिष्ट निकट पार्टीहरुको संख्यामा कमी ल्याउने कुरामा भने कसैको पनि भिन्न मत रहेको देखिँदैन। CPSL अहिले लंका सम-ससाज पार्टी प्रवृत्तिका अरु पार्टीहरुसंग पनि झन् झन् नजीकको सम्बन्ध गाँस्ने कामहरुमा अग्रसर भइरहेको छ। आ-आफ्ना कामहरुलाई संयोजन गर्ने र संयुक्त ढंगले कामहरु गर्ने दिशातिर अगाडि बढ्ने उद्देश्यले त्यसले देश विमुक्ति जनता पार्टी (DVIP) र चन्द्रिका बन्दरनायके कुमारातुंगाको श्रीलका महाजन पार्टी (SLMP) संग को कार्यगत एकतालाई अझ सुदृढ बनाउने काम पनि गरिरहेको छ। यी दुवै पार्टीलाई पनि 'वामपन्थी' पगरी गुथाउने CPSL का नेताहरुको सत्ताले मोहित पारेको आँखामा चन्द्रिका कुमारातुंगा पनि 'वामपन्थी राष्ट्रपति' हुन पुगेकी छिन्।

तथाकथित वामपन्थी राष्ट्रपति चन्द्रिका कुमारातुंगाको सरकारमा आसीन हुँदै दक्षिणपन्थतिरको यात्रामा द्रुतगतिले लागिरहेको यस पार्टीका बारेमा अरु वामपन्थी पार्टीहरु के भन्छन् त ? न्यू डेमोक्रेटिक पार्टीका पोलिटब्यूरो सदस्य क. इ. थाम्बिया भन्नुहुन्छ- 'यो पार्टी हाम्रो देशको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी हो, तर यसलाई कम्युनिष्ट पार्टी भन्नु नै मुश्किल छ। योसित न त कम्युनिष्ट पार्टीमा हुनुपर्ने चरित्र छ, न कार्यक्रम नै !'

## सार्क क्षेत्रका कम्युनिष्ट पार्टीहरूबीच समन्वयको खाँचो

सार्क क्षेत्रका कम्युनिष्ट पार्टी र श्रमिक पार्टीहरुबीच सहयोग र समन्वयको खाँचो औंल्याउँदै श्रीलकाको कम्युनिष्ट पार्टी CPSL को १६ औं महाधिवेशन हालै सम्पन्न भएको छ। चन्द्रिका कुमारातुंगाको सरकारको एक घटक CPSL को १६ औं महाधिवेशन श्रीलंकाको राजधानी कोलम्बोमा गत कार्तिक २७ देखि २९ गते सम्पन्न भएको हो। महाधिवेशनमा देशभरिका कार्यकर्ताहरुको प्रतिनिधित्व गरेर आएका ४०० जना चुनिएका प्रतिनिधिहरुको सहभागिता थियो।

१६ औं महाधिवेशनले ५१ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ। मंसीरको दोस्रो हप्तामा बसेको नव निर्वाचित केन्द्रीय सदस्यहरुको भेलाले पोलिटब्यूरो सदस्यदेखि कार्यालय संचालकहरु र महासचिव समेत छानेको छ। केन्द्रीय सदस्यहरुको भेला नहुन्जेलसम्मका लागि महासचिव पदमै राखिएका राजा कोलुरलाई नै भेलाले महासचिव पदमा पुनः निर्वाचित गरेको खबर छ।

## पार्टीका नीति र कार्यक्रमहरू

१६ औं महाधिवेशनले पार्टी र जनसंगठनहरुलाई अझ सुदृढ, सुव्यवस्थित र विस्तार गर्ने दृढता प्रकट गरेको छ । यसै सिलसिलामा लंका समसमाज पार्टीदेखि जनता विमुक्ति पेरुमुनो अर्थात् देश विमुक्ति जनता पार्टी र श्रीलंका महाजन पार्टी जस्ता तथाकथित वामपन्थी पार्टीहरुसंगको नजीकको सम्बन्धलाई अझ सुदृढ पार्ने, संयोजनको व्यवस्थालाई बेसी व्यवस्थित गर्ने र संयुक्त मोर्चालाई अझ सबल बनाउने निर्णय पनि महाधिवेशनले गरेको छ ।

महाधिवेशनमा राजनीतिक र संगठनात्मक रिपोर्ट प्रस्तुत गर्ने महासचिव राजा कोलुरले सरकार र पार्टीलाई वामपन्थी दिशातिर लाने खालका नीति र कार्यक्रमहरु प्रस्तुत गर्न नसकेकोमा पार्टी पंक्तिभित्र र बाहिरबाट केही छिटपुट आलोचना पनि भएको बताइन्छ । यसका वावजूद पनि, मूल रुपमा सुधारवादी नीति र कार्यक्रम मै फँसिरहेको यस कम्युनिष्ट पार्टीका महासचिव राजा कोलुरले सत्तामा टाँसिरहने र कार्यकर्ता एवं जनतालाई सुधारकै भुलभुलैयामा राखिछाड्ने

**अमेरिकी साम्राज्यवादसित आर्थिक, राजनीतिक र रणनैतिक रूपले लगनगाँठो बाँधेर कुर्सीमा बसिरहेकी राष्ट्रपति चन्द्रिका कुमारातुंगासंगको संयुक्त मोर्चाबन्दीका कारण यो पार्टी वामपन्थी आन्दोलनबीच झन् झन् बदनाम हुँदैछ ।**

खालका राजनैतिक कार्यक्रमहरु प्रस्तुत गरेका छन् ।

अमेरिकी साम्राज्यवादसित आर्थिक, राजनीतिक र रणनैतिक रुपले लगनगाँठो बाँधेर कुर्सीमा बसिरहेकी राष्ट्रपति चन्द्रिका कुमारातुंगासंगको संयुक्त मोर्चाबन्दीका कारण यो पार्टी वामपन्थी आन्दोलनबीच झन् झन् बदनाम हुँदैछ । विश्वव्यापीकरणको आँधीबेरीसंगै उडिरहेको चन्द्रिका सरकारको खुला बजार अर्थतन्त्रले मुठ्ठीभर देशी-विदेशी पूँजीपतिहरुलाई मात्रै फाइदा पुऱ्याइरहेको दृश्य देख्दा देख्दै यो कम्युनिष्ट पार्टीले आफ्नो सरकारलाई कुनै दवाब दिइरहेको देखिन्न ।

त्यस्तै, चन्द्रिका सरकारले सत्तासीन हुनुभन्दा अगाडि गरेका वाचाहरु पूरा गराउन पनि यसले ठोस कदम चाल्न सकिरहेको छैन । विशेष गरी संवैधानिक सुधार गर्ने र तमिल जातिको जर्जर समस्याको राजनीतिक समाधान गर्ने वाचा भुल्न थालेको चन्द्रिका सरकारलाई सडक, सदन र सरकारमा आवश्यक दवाब दिन सक्ने यस पार्टीको क्षमता अचेल सत्ता टिकाउने काममै बेसी खर्च भइरहेको छ ।

चुनावी वाचा अनुसार, राष्ट्रपति व्यवस्था भंग गरी प्रजातान्त्रिक संविधान निर्माण गर्ने, त्यसमा प्रान्तीय र क्षेत्रीय स्वायत्तता र सहभागिता बढाउने काम बढाउन सकेमा देशको भविष्यले अर्कै मोड लिने तर्कप्रति यसले बेसी ध्यान दिनु पर्थ्यो र तमिल जातिको हक, हित र अधिकारका लागि भनेर सशस्त्र संघर्ष गरिरहेको लिट्टे (Liberation Tigers of Tamil Elam - LTTE) संग शान्तिवार्ता गराई राजनीतिक हल निकाल्नका लागि यसले ठोस कदम चाल्नु पर्थ्यो, तर त्यसो भइरहेको छैन । 'एकीकृत श्रीलंकाभित्रै' तमिल समस्याको राजनीतिक हल निकाल्न शान्तिवार्ता गर्नुपर्ने विचार राख्ने यस पार्टी चन्द्रिका सरकारले अमेरिका र इजरायलको सहयोग लिई लिट्टेका विरुद्ध भीषण सैनिक अभियान चलाइरहेको देख्दादेख्दै पनि चुपचाप बसिरहेको छ । यही मौनतालाई बल पुऱ्याउने हिसाबले वर्तमान महाधिवेशनले पनि यस विषयमा झिनो आवाज उठाउने बाहेक ठोस दवाबमूलक संघर्षका कार्यक्रम र नीतिहरु अगाडि ल्याउन सकेको देखिँदैन ।

यसलाई अन्य वामपन्थीहरुले सत्ताबाट मोहित भएका CPSL का नेताहरुको 'नपुंशकताको रुपमा' आलोचना गरिरहेका छन् । हेरौं, CPSL का नेताहरुले यी सबै आलोचनाहरुलाई गलत सिद्ध गर्दै वामपन्थी र क्रान्तिकारी दिशा समात्लेछन् कि दक्षिणपन्थतिरको यात्रालाई अझ तेज पार्नेछन् ? □

# लेनिनको शालिक पुनः स्थापित गर्न थालियो !

पूर्वी यूरोपमा समाजवादी शासन ढलेपछि लेनिन, स्तालिन लगायतका कम्युनिष्ट नेताहरुको शालिक ढाल्ने अभियान नै छेडिएको थियो । त्यसबेला प्रख्यात वामपन्थी साहित्यकार पारिजातले कम्युनिष्ट नेताहरुको शालिक ढाल्ने पूँजीवादीहरुलाई चुनौती दिँदै भन्नु भएको थियो- "लेनिनको शालिक ढल्दैमा मेरो मुटुभित्र रहेको आस्थाको शालिक कदापि ढल्दैन !"

त्यही बेला जनपक्षीय कलाकार रायनले शालिकको बारेमा गीत नै लेखेर गाउनु भएको थियो- ढुंगाको शालिक ढल्दैमा हाम्रो छातीको ढल्दैन !

लेनिन र स्तालिन जस्ता विख्यात कम्युनिष्ट नेताहरुको शालिक ढालेको देखेर धेरै नेपाली जनताहरु दुःखित भएका थिए ! तर विश्वमा सबैभन्दा पहिले समाजवादी व्यवस्था लागू भएको देश र अहिले समाजवादी व्यवस्था ढलिसकेको देश रुसमा लेनिनको शालिक फेरि स्थापित गर्न थालिएको समाचार सुनेर धेरैजसो न्यायप्रेमी नेपाली खुशीले गदगद् हुनेछन् ।

हो, उत्तरी रुसको मुर्मान्स्क शहर नजिकै रहेको पोलार्निये जोरीको मुटुमै गत मंसिर १९ गते शनिवार लेनिनको विशाल नयाँ शालिक स्थापना गरिएको खबर आएको छ । इन्टरफ्याक्स न्यूज एजेन्सीले त्यहाँ कार्यरत कम्युनिष्ट पार्टीका स्थानीय नेताको भनाइसहित यो सुखद् समाचार प्रसारण गरेको हो ।

उक्त स्थानीय कम्युनिष्ट नेताले शालिक स्थापनापछि भनेका छन्- "यो शालिकले भावी पुस्तालाई विश्वका सर्वहाराहरुका महान् नेताका योगदानहरुको स्मरण गराउने काम गर्नेछ !"

पूर्वी यूरोपमा समाजवादी व्यवस्था ढलेपछि लेनिनका शालिकहरु कति ढालिए ?- भन्ने कुरा धेरैलाई थाहा थिएन । अझ हामी नेपालीहरुलाई शालिक ढाल्ने अभियानबाट सबैभन्दा बेसी प्रभावित लेनिनका शालिकहरु रुसका धेरैजसो शहरहरुमा अहिले पनि सगर्व ढलिरहेका छन् भन्ने कुरा पनि थाहा थिएन । शालिक ढाल्ने अभियानका विरुद्ध उभिएर त्यहाँका केही वामपन्थी शक्तिहरुले लेनिनका शालिकहरु बचाएको खबर त हामीसम्म आउँदै आएन ।

तर अब फेरि लेनिनका शालिकहरु स्थापना गर्ने काम हुन थालेकों उज्यालो संकेत प्राप्त भएको छ । पहिले लेनिनको शालिक नै नभएको ठाउँमा समेत उहाँको शालिक राख्ने काम गरेर त्यहाँको कम्युनिष्ट पार्टीले विश्वका सबै न्यायप्रेमी जनताको सहानुभूति पाउने काम गरेको छ । मुरी मुरी धन्यवाद, लेनिनको मूर्ति स्थापना गर्ने पोलिर्निये जोरीका जनतालाई !

□



# मजदूर वर्गप्रति समर्पित एक ठूला योद्धाको निधन

"अत्यधिक शोकका साथ भन्नु परिरहेको छ कि एक त्यस्ता वरिष्ठ एवं दक्ष मार्क्सवादी र ट्रेड यूनियन नेता कमरेड प्रीतीश चन्दाको देहान्तको खबर हमीलाई प्राप्त भएको छ, जसले क्रान्तिकारी उद्देश्य, साम्राज्यवादविरोधी संग्राम र आफ्नो देशका जनताको मुक्ति र समृद्धिको लागि आफूलाई समर्पित गरेका थिए ।"

*-कम्युनिष्ट पार्टी अफ क्यूबा*



क. प्रीतीश चन्दाको क्रान्तिकारी जीवनले विश्वभरिका जनतामा आशाबोध जगाइरहनेछ ।

*उहाँले आफ्नो जीवनलाई क्रान्तिकारी दियोको रूपमा निरन्तर बालेर देखाउनुभयो- आउँदो नयाँ पुस्ताले कसरी कम्युनिष्ट सिद्धान्तप्रति अडिग समर्पणका साथ मजदूर वर्गको मुक्तिका निम्ति लागीपर्नु पर्दछ !*

प्रीतीश चन्दाको निधनको समाचारले क्यूबादेखि नेपालसम्म र बंगलादेशदेखि बेल्जियमसम्मका क्रान्तिकारीहरुको मन-मस्तिष्कमा शोकको भाव संचार गरेको छ । मजदूर आन्दोलनको नेतृत्व गर्दै सत्ता र पार्टीमा आसीन हुने नेताहरु धमाधम मजदूरविरोधी भएर निस्किरहेको वर्तमान समयमा मजदूर वर्गप्रति पूरै समर्पित योद्धाको निधन भएको खबरले जो कोहीलाई पनि शोकले विह्वल पार्ने कुरा निर्विवाद छ ।

शोकको यस घडीमा पहिलो दर्जाका एक कम्युनिष्ट क्रान्तिकारीको जीवनबाट जो कोहीले पनि धेरै कुरा सिक्न सक्छन् ।

प्रीतीश चन्दाको जीवन वर्तमान बंगलादेशको कुमिल्ला नामक ठाउँमा सन् १९२४ मा मध्यम वर्गीय परिवारबाट शुरु भएको थियो । र, उहाँको राजनीतिक जीवन चाहिं चौथो दशकको शुरुवाततिरदेखि अगाडि बढेको थियो । १९३९ मा १५ वर्षको कलिलो उमेरमा उहाँ भारतको स्वतन्त्रता आन्दोलनको बाढीमा हाम्फाल्नु भएको थियो ।

प्रीतीश चन्दाले जब स्वतन्त्रता आन्दोलनको फल भारतीय पूँजीपतिहरुले चाख्न थालेको दृश्य देख्न थाल्नुभयो, तब भारतका गरीब जनता र मजदूर वर्गका लागि "सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी' को आवश्यकता बोध गर्नुभयो । क. शिवदास घोषको नेतृत्वमा चन्दाले भारत जस्तो विशाल देशमा मजदूर वर्गीय क्रान्ति सम्पन्न गर्न सच्चा कम्युनिष्ट पार्टी निर्माण गर्ने दृढ प्रतिज्ञा गर्नुभयो । यही प्रतिज्ञाकै फलस्वरुप १९४८ मा निर्मित कम्युनिष्ट पार्टीको नाम हो- 'भारतीय समाजवादी एकता केन्द्र' (SUCI) । यसका सात जना संस्थापक नेताहरुमध्ये सबैभन्दा कान्छो व्यक्ति हुनुहुन्थ्यो- क. प्रीतीश चन्दा !

उहाँले SUCI पार्टीलाई सच्चा कम्युनिष्ट पार्टीको रुपमा विकसित गर्नका लागि भयंकर कठिनाइहरुको सामना गर्नुभएको थियो । भारतमा जन आन्दोलनहरु निर्माण गर्न र पश्चिम बंगालमा भएका मजदूर आन्दोलनहरुलाई क्रान्तिकारी दिशा दिन उहाँले अथक प्रयास गर्नुभएको थियो । उहाँले पश्चिम बंगालदेखि बिहार, उत्तर प्रदेश, दिल्ली, हरियाणा, राजस्थान र पंजाबमा ट्रेड यूनियन संघर्ष निर्माण गर्ने कार्यमा ठूलो योगदान दिनुभएको थियो । उहाँ SUCI को ट्रेड यूनियन आन्दोलन UTUC - लेनिन सरानीका संस्थापक हुनुहुन्थ्यो । त्यस आन्दोलनको शुरुवातमा महासचिव र पछि सभापति भएर काम गर्नुभएका चन्दाले आफ्नो जीवनभरि ट्रेड यूनियन संघर्षको नेतृत्व गर्नुभएको थियो । यसका साथै उहाँले स्टील, कोइला, फलाम कारखानाका मजदूरहरुदेखि इन्जिनियरिङ, बैंकिङ र सरकारी कर्मचारीहरुका आन्दोलनहरुको समेत नेतृत्व गर्नुभएको थियो । यसका अलावा १९७४ को ऐतिहासिक अखिल भारतीय रेल हडतालको संचालनमा पनि उहाँले आफ्नो श्रम र सीप प्रयोग गर्नुभएको थियो । उहाँकै पहलकदमी र अथक मेहेनतकै परिणामस्वरुप १९८० मा अस्तित्वमा आएको सुविख्यात एनसीसी (National Campaign Committee) को निर्माणमा उहाँको योगदानलाई कसैले बिर्सन सक्दैन ।

ब्रिटिश शासन कालदेखि अहिलेका भारतीय पूँजीपतिहरुको शासनकालसम्ममा अनेकौं पटक जेल जीवन भोग्नुभएको थियो- क. प्रीतीश चन्दाले । तापनि उहाँले न त राष्ट्रिय मजदूर आन्दोलन परित्याग गर्नुभयो, न त मजदूर आन्दोलनको बुई चढेर सत्ताको कुर्सीलाई अंगाल्न पुग्नुभयो । उहाँले त अझ अन्तर्राष्ट्रिय स्तरमा मजदूर वर्गको संघर्षलाई टेवा दिनुभएको थियो । मजदूर वर्गको अन्तर्राष्ट्रिय आन्दोलनमा देखापरेका अवसरवादी, अर्थवादी र संकीर्ण प्रवृत्तिहरुका विरुद्ध उहाँले अविराम संघर्ष चलाउनु भएको थियो ।

उहाँले १९८५ मा बेइजिङ, मस्को र उलान बातोरमा भएका मजदूर सम्मेलनहरु, १९८६ मा डेनमार्कमा भएको विश्व शान्ति सम्मेलन, १९८७ मा अल्बानियामा, १९८६ मा बर्लिनमा, १९९० मा मस्कोमा र १९९४ मा डमास्कसमा भएका वर्ल्ड फेडरेशन अफ ट्रेड यूनियन्स (WFTU) का सम्मेलनहरुमा भाग लिएर आफ्नो बुद्धि र विवेकले भ्याएको सेवा प्रदान गर्नुभएको थियो । तर दुःखको कुरो, १९९५ मा बंगलादेशमा भएको सार्क क्षेत्रीय ट्रेड यूनियन सेमिनारमा भाग लिएर स्वदेश फर्केपछि उहाँ गंभीर रुपले बिरामी पर्नुभयो ।

१९९५ को अन्ततिर उहाँको रोगको जाँच भएपछि थाहा भयो- उहाँलाई पेटको क्यान्सर भएको रहेछ ! तर पनि जनवरी १९९६ मै अपरेशन थियटरबाट निस्किएका क. प्रीतीश चन्दाको जोश र उत्साहमा तीव्र गतिले गिर्दो स्वास्थ्यस्थितिले कुनै कमी ल्याउन सकेन । त्यस्तो स्थितिमा पनि मजदूरहरुका सच्चा नेताका हैसियतले उहाँ अक्टोबर, १९९६ मा नयाँ दिल्लीमा भएको ८३ औं अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सम्मेलनमा सहभागी हुनुभयो, ताकि भारतीय सरकारको मजदूरविरोधी नीतिहरुबाट खतरनाक ढंगले हनन भइरहेका मजदूर अधिकारहरुको रक्षार्थ आवाज बुलन्द पार्न सकियोस् !

गिर्दो स्वास्थ्यका बावजूद उहाँ केन्द्र सरकारद्वारा १९९८ मा गरिएको विहारको तामाखानी बन्द गर्ने घोषणाका विरुद्ध त्यहाँका मजदूरहरुले चलाएको संघर्षमा त्यत्तिकै जोश-जाँगरका साथ कुद्नु भयो । यही संघर्षलाई लिएर दिल्लीमा संझौता-वार्ता संचालन गर्दागर्दै उहाँ फेरि एकपटक गंभीर रुपले विरामी हुनुभयो र तुरुन्तै कलकत्ता लगेर उहाँको उपचार गरियो । तब थाहा भयो- क्यान्सरले फेरि एक पटक नराम्ररी जरो गाडिसकेको रहेछ !

**लामो समयसम्म बिमारीको हालतमा पनि मजदूर वर्गप्रति समर्पित योद्धा प्रीतीश चन्दाको गत २४ सेप्टेम्बर १९९८ मा**

**भारतको चर्चित कम्युनिष्ट पार्टी SUCI का पोलिटब्यूरो सदस्य तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ट्रेड यूनियन नेता प्रीतीश चन्दाको चारित्रिक विशेषता अचम्म पार्ने खालको थियो ।**

निधन भयो ।

उहाँले आफ्नो जीवनलाई क्रान्तिकारी दियोको रुपमा निरन्तर बालेर देखाउनुभयो- आउँदो नयाँ पुस्ताले कसरी कम्युनिष्ट सिद्धान्तप्रति अडिग समर्पणका साथ मजदूर वर्गको मुक्तिका निम्ति लागीपर्नु पर्दछ !

भारतको चर्चित कम्युनिष्ट पार्टी SUCI का पोलिटब्यूरो सदस्य तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ट्रेड यूनियन नेता प्रीतीश चन्दाको चारित्रिक विशेषता अचम्म पार्ने खालको थियो । उहाँको राजनीतिक जीवनका अभिन्न मित्र तथा SUCI का वर्तमान महासचिव क. नीहार मुखर्जी उहाँको चारित्रिक विशेषताका बारे भन्नुहुन्छ- 'उहाँमा जनताका कुनै पनि समस्या समाधान गर्ने काममा ज्यू ज्यान लगाएर जुट्ने तत्परता थियो । उहाँमा अनन्त एवं अथक उत्साहको भण्डार नै थियो । र, उहाँको मन सदावहार तरुण थियो ।'

प्रसिद्ध साहित्यकार विष्णु प्रभाकर उहाँको हँसिलो अनुहार, स्नेहपूर्ण कुराकानी, अर्कालाई आदर गर्ने उहाँको दुर्लभ गुणहरु सम्झँदै उहाँ आफ्नो स्मृतिमा सधैं सधैं आफूसंगै रहने विचार व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ- 'प्रीतीश निर्भिक योद्धा थिए, निष्कपट मानव पनि थिए ।'

भारतका पूर्व प्रधानमन्त्री इन्दरकुमार गुजराल प्रीतीशको निधनमा गहिरो दुःख प्रकट गर्दै भन्नु हुन्छ- 'उनी SUCI का एक महत्वपूर्ण नेता थिए र सामाजिक कार्यहरुप्रति उनको समर्पणलाई राष्ट्रले हमेशा याद गर्नेछ !'

दुःख र शोकको यस घडीमा उहाँका नीकट मित्रहरुलाई लागिरहेछ-अब कलकत्तामा एउटा प्रौढ, स्नेहिल, मुलायम तर दृढ हातसंग तातोतातो हात मिलाउन नपाइने भयो र गुरुगंभीर मुद्रामा सभापतिको आसनमा बसेर जीवन र जगत्को अध्ययन र अनुभवका आधारमा बोल्ने एकजना सरल कम्युनिष्टबाट क्रान्तिकारी सन्देश सुन्न नपाइने भयो । यो रिक्तताबोध क. प्रीतीश चन्दाको निधनसंगै जतिसुकै विस्तृत भए पनि उहाँको पहिलो दर्जाको एउटा कम्युनिष्ट क्रान्तिकारी जीवनले नेपालदेखि नेदरल्याण्डसम्मका जनतालाई सम्पूर्ण रुपले आशाबोध जगाइरहनेछ !

❑ राजेन्द्र महर्जन



# माओले आफ्नो कार्यकर्ताहरूको यसरी ख्याल राख्नु हुन्थ्यो !

१९३३ को जाडोमा, जब हाम्रो सेना च्येनछाङफूमा लडिरहेको थियो, अध्यक्ष माओ र केन्द्रीय कमिटीका अरू केही सदस्यहरू क्वाङदाङ आइपुग्नुभयो । यो ठाउँ मेरो गाउँ काउन्टी निङतूको नजिकै पर्दथ्यो । यसले गर्दा अचानक मेरो मनमा घर जाने विचार उठ्यो । क्वाङछाङ पुग्नासाथ मैले अध्यक्ष माओलाई भनें-

"म यो ठाउँ क्वाङछाङदेखि परिचित छु । यदि म आफ्नो घर जानु पर्‍यो भने कसरी जानुपर्छ, मलाई राम्ररी थाहा छ ।"

यो सुनेर माओ हाँस्नु भयो र भन्नुभयो- "यस्तो हतार नगर, थोरै धैर्य गर । हामी जति अगाडि बढ्छौं, त्यति नै तिम्रो घर नजिकिने छ ।"

"साँच्चै ?" म चिच्याउन पुगें । म यति खुशी भएँ कि मैले मनै थाम्न सकिनँ ।

दुई, तीन दिनपछि हामी उही काउन्टीमा पुग्यौं, जुन मैले जमानामा छोडिसकेको थिएँ । त्यतिबेला त्यस्तै दिनको दुई बजेको थियो । अध्यक्ष माओ च्याङशीको प्रान्तीय पार्टी सेक्रेटरी कामरेड ली फू-छुनसंग बसिरहनुभएको थियो । जब हामी त्यहाँ पुग्यौं, अध्यक्षले मलाई बोलाएर सोध्नुभयो- "घर जान चाहन्छौ ?"

"...... अँ, हो ।"

"राम्रो" उहाँले भन्नुभयो । "केही दिन मलाई यहाँ धेरैवटा बैठकहरूमा सामेल हुनु छ । यही बेला तिमी घरमा जाऊ र हाल खबर बुझेर आऊ" उहाँ एकछिन रोकिनु भयो र मलाई प्रश्नसूचक दृष्टिले हेरेर भन्नुभयो- "भन तिमी कति दिन घरमा बस्न चाहन्छौ ?"

म यति उत्तेजित भएँ कि मैले माओको प्रश्नको उत्तर नै दिन सकिनँ । पछि उहाँले नै भन्नुभयो- "दश दिन भए पुग्छ ?"

"हुन्छ" भन्दै म जानलाई उठेको मात्र थिएँ, तर अचानक मलाई जान मन लागेन । म गएपछि उहाँको हेरचाह कसले गर्ला भन्ने लाग्यो र मैले भनें- "भैगो म जान्नँ ।"

किन ? के भयो ?" अध्यक्ष माओले कौतुहलपूर्ण दृष्टिले मलाई हेर्नुभयो ।

"यदि म गएँ भने तपाईंको खाना कसले तयार गर्छ ?"

अध्यक्ष माओ मुस्कुराउँदै मतिर आउनुभयो र दुवै हात मेरो काँधमा राखेर उहाँले भन्नुभयो- "तिमी निर्धक्क भएर जाऊ र परिवारको हालखबर के छ, बुझेर आऊ । तर फर्कने बेलामा तिमी यहाँ आउनु पर्दैन, घरबाट सिधै छाङतिङ पुग्नू । म तिमीसंग उहीं भेट्नेछु ।"

त्यसपछि म ज्यादै उत्तेजित हुँदै घर जानको लागि तयार भएँ र घर जान हिडें । बाटोभरि मेरो मनमा अध्यक्ष र मेरो घरको कुरा खेलिरहयो । साँच्चै नै माओ एकजना महान् व्यक्ति हुनुहुन्छ । उहाँकै प्रयासबाट मेरो घर अहिले सोभियत क्षेत्र (मुक्त इलाका) मा रहेको छ । निश्चय नै उहाँ गरीब जनताको महान नेता हुनुहुन्छ । उहाँभन्दा राम्रो मान्छे अरू कोही हुन सक्ला र ?

जुनबेला म मेरो गाउँ नजिकको सानो नदीको किनारमा पुगें, त्यतिबेला त्यहाँ निक्कै अँध्यारो भइसकेको थियो । नदीको किनारमा धेरै मानिसहरू नदी पार गर्न डुंगा पर्खिरहेका थिए । जब डुंगा आइपुग्यो, सबै मानिसहरू डुंगामा बसे । म पनि कोचाकोच भरिएको डुंगामा बसें । सबै मानिसहरू मेरो लाल सेनाको पोशाक हेर्दै मेरो बारेमा कानेखुसी गरिरहेका थिए ।

## माओका अंगरक्षकको सम्झना

"माफ गर्नुस्, के तपाईं यस गाउँको छनथाए-श्याङ (मेरो बुबाको नाम) लाई चिन्नु हुन्छ ?" मैले एकजना व्यक्तिसंग सोधें ।

एकछिनसम्म त्यहाँ मौनता छायो । म चिन्तित हुन थालें । त्यतिकैमा एकजना अधबैंसे व्यक्तिले मेरो बालककालको नाम काटेर मलाई भन्यो "ओह तिमी.... !"

त्यसपछि डुंगाका सबै मानिसहरू उत्साहित भएर कुराकानी गर्न थालें । सबैका सबैले गाउँमा कसरी लालसेना पस्यो, कसरी स्थानीय जमीन्दार तथा निरंकुश तानाशाहीहरूलाई उखेलेर फ्याँकियो, कसरी जनताहरूलाई जमीन बाँडेर दिइयो, कसरी मेरा बुबाले आफ्नो हिस्सा प्राप्त गर्नुभयो भन्ने कुराहरू सुनाउन थाले । यी कुराहरू गर्दागर्दै डुंगा नदीको किनारमा उत्रियो ।

डुंगामा रहेका सबै मानिसहरू मसंगसंगै मेरै घरमा आए । मानौं त्यो दिन मेरो घरमा आमसभा हुन लागिरहेको थियो । गाउँ सोभियतका अध्यक्ष पनि त्यस भीडमा उपस्थित थियो । लालसेनामा जीवन कस्तो हुन्छ भन्ने कुरा उनीहरूलाई भन्न सबैले मसंग अनुरोध गर्न थाले । मैले पनि लालसेनाको बारेमा भन्न शुरू गरें । जब म यी सबै कुराहरू भनिरहेको थिएँ, त्यतिबेला मेरा बुबा मुस्कुराइरहनु भएको थियो । यसरी मेरो बुबा मुस्कुराउनु भएको मैले पहिलो चोटि देखेको थिएँ ।

जब म अध्यक्ष माओको अंगरक्षक हुँ भन्ने कुरा उनीहरूले सुने, त्यसपछि त उनीहरूले मप्रति झन् दिलचस्पी लिन थाले र माओको बारेमा भन्न अनुरोध गर्न थाले ।

"अध्यक्ष माओ ठीक त्यस्तै हुनुहुन्छ, जस्तो साधारण मानिसहरू छन्" मैले भनें ।

तर उनीहरू यति कुरामै सन्तुष्ट भएनन् । माओका बारे अझै अरू कुराहरू भन्न उनीहरूले अनुरोध गर्न थाले । मैले पनि माओको बारेमा सबै कुराहरू बताउन थाले । सबै मानिसहरू ध्यानपूर्वक मेरा कुराहरू सुनिरहेका थिए । त्यो दिन हामीहरू भाले नबासुन्जेल कुराकानी गरिरहयौं ।

नवौं दिन म घरबाट हिँडे । म फर्केर आएको देखेर अध्यक्ष माओले मसंग मेरो गाउँको हालखबर विस्तृत रूपमा सोध्नु भयो । मैले पनि आफ्नो उत्तेजनालाई रोक्न सकिनँ ।

"गाउँमा अब सबै मानिसहरू खुसी र सुखी छन् । सबैले आफ्नो भागमा ६ मु जमीन (६ मु= १ एकड) पाएका छन् । गाउँका सबै जमीन्दार तथा स्थानीय निरंकुश शासकहरूलाई उखेलेर फ्याँकीसकेका छन्" भन्ने सबै कुराहरू मैले माओलाई बताएँ ।

"अब तिम्रो गाउँ सोभियतको अध्यक्ष धनी व्यक्ति छन् कि गरीब व्यक्ति छन् त ?" माओले सोध्नुभयो ।

"एक गरीब व्यक्ति नै गाउँ सोभियतको अध्यक्ष छन् । उनले पनि पहिला हामीले जस्तै निक्कै दुःख भोगेका थिए" मैले जवाफ दिएँ ।

मेरो गाउँको बारेमा सुनेर अध्यक्ष माओ निकै खुशी हुनुभयो । अन्तमा उहाँले जिस्काउँदै मसंग सोध्नुभयो- "तिम्रो बुबाले तिम्रो लागि नयाँ आमा खोज्नुभयो त ?"

उहाँको स्मरण शक्ति देखेर म निक्कै अचम्भित भएँ । मैले पहिलो पटक उहाँसंग भेटेको बेला मात्र एक पटक मेरी आमा बितिसक्नु भएको कुरा भनेको थिएँ । त्यो बेलाको कुरा अझै उहाँले बिर्सिसक्नु भएको रहेनछ ।

मैले तुरुन्तै जवाफ दिएँ- "अँ, उहाँले विहा गरिसक्नु भएको छ । गाउँलेहरूको मनाइ अनुसार यो विवाह एक किसिमको स्वतन्त्र छनौटको विवाह थियो ।" यी कुराहरू सुनेर माओ सन्तुष्ट हुनुभयो र मुस्कुराउनु भयो । ❑

*साभार : लम्बे अभियान मे अध्यक्ष माओ के साथ- छन छाङ फङ (अनुदित)*

भारतमा रहेका नेपालीहरूबीच रहेर काम गरिरहेको एक संगठन 'अखिल भारत नेपाली एकता समाज' का केन्द्रीय सभापति गिरधारीलाल न्यौपानेसँगको कुराकानीलाई हामीले पूर्णाङ्क ६१ मा छापेका थियौं । यसपल्ट प्रस्तुत छः पुनः उहाँसँग गरिएको कुराकानी । यो कुराकानी पूर्वोत्तर भारतका नेपालीहरूका समस्याहरूबारे केन्द्रीत छ ।

*–मूल्यांकन*

# कस्ता छन् पूर्वोत्तर भारतका नेपालीहरूका समस्याहरू ?



## 'अखिल भारत नेपाली एकता समाज'का सभापति गिरधारीलाल न्यौपानेसंगको अन्तर्वार्ता

**◆ भारतमा नेपाली मूलका मानिसहरु ज्यादा बसोबास गर्ने पूर्वोत्तर क्षेत्रमा तपाईहरु कसरी काम गरिरहनु भएको छ ?**

–हामीहरु नेपालीहरुका बीचमा काम गर्ने कार्यकर्ता भएको हुँदा पूर्वोत्तर क्षेत्रमा हामीलाई सजिलो हुनुपर्ने हो, तर त्यस्तो छैन । काम गर्दा अत्यन्त अप्ठेरो छ । नेपाली-नेपालीका बीचमा प्रवासी (नेपालबाट आउने जाने) र भारतीय नेपाली (भारतमा स्थायी बसोबास गर्ने) का बीचमा बेला बेलामा झै-झगडा पनि हुने गर्दछन् । हामी त्यस प्रकारका असामाजिक विचारहरुलाई सामाजिक रुपबाट समाधान गर्दै अगाडि बढिरहेका छौं ।

त्यस क्षेत्रमा हामी निम्न विषयहरुमा काम गर्न अगाडि बढिरहेका छौं । १) सर्वसाधारण नेपालीहरुका सामाजिक भावनाको विकासको लागि विशेष तैयारी गर्ने कार्य । २) त्यस क्षेत्रमा रहेका नेपालीहरुका समस्याहरु के के छन्, संकलन गर्ने र ती समस्याहरुको समाधानको निम्ति पहल गर्ने काम ।

पूर्वोत्तर क्षेत्रमा सात स्टेटहरु पर्दछन्, जसमा आसाम, मेघालय, मणिपुर, मिजोरम, नागालैण्ड, त्रिपुरा र अरुणाञ्चल प्रदेश पर्दछन् । ती स्टेटहरुको लागि हाम्रो संयुक्त पूर्वोत्तर क्षेत्रीय समिति छ । समितिको मातहतमा नगर समिति, जिल्ला समितिहरु छन् । नगरको मातहतमा एरिया समिति र एरिया समितिको मातहतमा टोल समितिहरु छन् । हाम्रो संगठनको ढाँचा यस्तो छ । त्यसकारण, आम जनताहरुको घर दैलोमा संगठनका कार्यकर्ताहरु पुग्दछन् । उनीहरुका समस्याहरु सुन्दछन् र जनताहरुका समस्याहरुलाई सामान्य भए व्यक्तिले समाधान गर्ने र गंभीर भए समितिको निर्णय अनुसार समाधान गर्ने गर्दछौं ।

**◆ पूर्वोत्तर भारतका नेपालीहरुको आजको मूल समस्या के हो ?**

–न्यू जलपाईगुडी (N.G.P) बाट रेलमा चढेपछि पुलिस प्रशासन वा पुलिस प्रशासनको मिलीभगतमा गुण्डाहरुले चलिरहेको रेलमा वा श्रीरामपुर, कमख्या, रंगिया र गुहाटी रेल्वे स्टेशनहरुमा र विभिन्न बस स्टेशनहरुमा सोझासाझा नेपालीहरुलाई अपमानित गर्ने, लुट्ने, ठग्ने, अपहरण गरेर घरमा लगेर घरेलु काम लगाउने, महिलाहरुलाई गुण्डाहरुले लगेर बलात्कार गर्ने र हत्यासम्म गर्ने कार्यहरु आम भइसकेका छन् ।

पूर्वोत्तर क्षेत्रमा पुस्तौदेखि बसोबास गर्दै आएका नेपाली मूलका भारतीयहरुलाई र प्रवासी नेपालीहरुलाई पनि विदेशी भगाउ अभियान अन्तर्गत १९८७ मा पूर्वोत्तर क्षेत्रको, खास गरेर मेघालयमा नरसंहार नै भयो । अहिले पनि सर्वसाधारण नेपालीहरुलाई 'पाकिस्तानी घुस पैठिया' भनेर गिरफ्तार गर्ने र लापत्तासम्म पनि गर्ने काम पुलिस प्रशासनबाट शुरु भएको छ ।

पूर्वोत्तर क्षेत्रभित्र रहेका नेपाली भाषाका विद्यालयहरु तथा विश्वविद्यालयहरुमा सरकारबाट पाउनु पर्ने मूलभूत सुविधाहरु पनि लगभग बन्द भएको छ वा बन्द हुने अवस्थामा छ । यो पनि त्यस क्षेत्रको एक ज्वलन्त समस्या बन्न पुगेको छ ।

**◆ यी समस्याहरुको समाधान कसरी होला ?**

–यी समस्याहरुको समाधानको लागि नेपाली एकता समाज लगनशील र प्रयत्नशील छ । विगतमा एकता समाजले प्रतिनिधिमण्डल पठाएर असामका मुख्यमन्त्री, दिल्लीमा भारतीय प्रधानमन्त्री, गृहमन्त्री, शाही नेपाली राजदूत तथा काठमाडौंमा नेपालका प्रधानमन्त्री, गृहमन्त्री र परराष्ट्रमन्त्रीसंग पनि समस्याहरु प्रस्तुत गरी बूँदागत छलफल गऱ्यौं । तर सबै निकायहरुमा समस्याहरु राखेपछि पनि खासै ध्यान दिइएको भने पाइएन ।

यसैबीच, एकता समाजले आफ्नै पहलमा आन्दोलनको घोषणा गऱ्यो । यस आन्दोलनको प्रथम चरणमा आसामको राजधानी गुहाटीको दिसपुरमा मुख्यमन्त्रीको अफिसको अगाडि विशाल जुलुश प्रदर्शन गरियो । दोस्रो चरणमा व्यापक हस्ताक्षर अभियान र समितिहरुले विरोध प्रस्तावहरु पास गरी असामको मुख्यमन्त्री, दिल्लीमा प्रधानमन्त्री र गृहमन्त्री तथा काठमाडौंमा नेपालका प्रधानमन्त्रीलाई पठाउने काम गरियो । हामीलाई लाग्छ, यसमा हजारौं नेपालीहरुको सहभागिता पाइयो ।

–नेपाल सरकार र भारत सरकारका बीचमा यी समस्याहरुलाई समाधान गर्नको निम्ति उच्चस्तरीय वार्ता हुनुपर्दछ ।

–१९५० को असान सन्धी खारेज गर्नु पर्दछ । र, समानताको आधारमा नयाँ सन्धि गरिनु पर्दछ ।

–भारत सरकारले भारतमा रहने सम्पूर्ण नेपालीहरुको सुरक्षाको ग्यारेण्टी गर्नु पर्दछ ।

–वास्तवमा भारतस्थित नेपालीहरुको समस्या समाधान गर्न नेपालमा देशभक्त तथा जनपक्षीय सरकार आउनु पर्दछ ।

**◆ तपाईहरु र अन्य संगठनहरुबीच यी समस्याहरु समाधानका लागि कार्यगत एकता किन नभएको हो ?**

–यी समस्याहरु कसरी समाधान गर्ने भन्ने विषयमा पूर्वोत्तर क्षेत्रीय स्तरका अन्य संगठनहरुसंग बेला बेलामा हाम्रो कुराकानी हुने गरेको छ । कतिपय

पूर्वोत्तर क्षेत्रमा सात स्टेटहरु पर्दछन्, जसमा आसाम, मेघालय, मणिपुर, मिजोरम, नागालैण्ड, त्रिपुरा र अरुणाञ्चल प्रदेश पर्दछन् । ती स्टेटहरुको लागि हाम्रो संयुक्त पूर्वोत्तर क्षेत्रीय समिति छ ।



*नेपालीहरुको समस्यालाई लिएर भारतको आसाम राज्यको राजधानी गोहाटीमा भएको विरोध जुलुसको नेतृत्व गर्दै गिरधारीलाल न्यौपाने*

जिल्लास्तरमा संचालित संगठनहरु छन् भने कतिपय पूर्वोत्तर क्षेत्रमा संचालित छन्। ती संघ संस्थाहरुसित लगातार हाम्रो भेटघाट र कुराकानीहरु भैइरहेका छन्।

अर्कोतर्फ, प्रवासी नेपालीहरुलाई मात्र संगठित गर्नु पर्दछ र नेपली मूलका भारतीयहरुलाई संगठित गर्नु हुँदैन भन्ने सोचाइले नेपालीहरुबीचमा फुटको बीउ रोपेर संगठन गर्ने प्रक्रिया प्रवासी नेपाली संघले शुरु गरेको छ। त्यो नीतिले नेपालीहरुको एकतामा होइन, फुटमा जोड दिएको छ। उनीहरु (प्रवासी संघ) लाई भारतस्थित सम्पूर्ण नेपालीहरुको एकता गरेर साझा लडाइँ लड्नको निम्ति अगाडि बढ्नमा उनीहरुले नै निर्माण गरेको सिद्धान्तले अत्यन्त ठूलो आपत्ति गर्दछ। त्यसको सानो उदाहरण म दिन चाहन्छु। १३ नोभेम्बर १९९६ का दिन गुहाटीमा हुने जुलुसको तैयारीको लागि म सिलाङ्ग गएको थिएँ। प्रवासी संघका कार्यकर्ताहरुले मलाई घेरेर जुलूस रद्द गर्न जोड गर्नु भयो। उहाँहरुले पूर्वोत्तर क्षेत्रमा जुलूसहरु गर्न सकिँदैन, सकिने भए हामी गर्ने थियौं भनी भन्नुभयो। यसरी प्रवासी संघले गर्न सकिँदैन भनेर आन्दोलन गर्न हुन्न भन्ने वातावरणको सिर्जना त्यहाँ भएको थियो। त्यस प्रकारको वातावरण तोड्न हामीलाई अप्ठ्यारो थियो तर त्यसलाई हामीले तोड्यौं। मैले जनताहरुलाई जुलूसमा गुहाटी लैजान नसके मुख्यमन्त्री प्रफुल्ल कुमार महन्तको अफिसको अगाडि म एक्लै भए पनि ब्यानर झण्डा गाडेर धर्नामा बस्नेछु भने। विरोध व्यापक जनसमूह र जुलूसबाट पनि हुन्छ, त्यसो नभए एक्लै भए पनि विरोध हुन सक्दछ भन्ने हाम्रो यो दृढ अडानको अगाडि उनीहरु टिक्न सकेनन् र हिँडे। प्रवासी संघका साथीहरु जनताका समस्याहरुलाई समाधान गरेर होइन, समस्याहरु यथावत राखेर संगठन गर्न चाहन्छन्। त्यसकारण, उनीहरुसित हाम्रो एकता हुन सकेको छैन। यसको वावजूद पनि मिल्न सकिने विषयहरुमा मिलेर जाने हाम्रो नीति छ।

## गोर्खाल्याण्डको मागलाई घोषित वा अघोषित रूपबाट भारतीय नेपालीहरूले पाउन खोजेको मुक्तिको रूपमा बुझ्नु पर्दछ। पवन चाम्लिङ्गको सरकारबाट जे जति सुधारात्मक कामहरू भएका छन्, तिनीहरूप्रति हाम्रो समर्थन छ।

यसबाहेक, पूर्वोत्तर क्षेत्र अन्तर्गत अन्य संघ संस्थाहरुसित पनि एकता गरेर जाने क्रममा हाम्रो पहलकदमी जारी छ। यी गंभीर समस्याहरुसंग जुझ्दै अखिल भारत नेपाली एकता समाज पूर्वोत्तर भारतमा रहेका सपूर्ण नेपालीहरुको मान-सम्मान पुनर्बहाली गर्न र नेपलीहरुको सुरक्षाको निम्ति आन्दोलन गर्न संगठित रुपमा तैयार रहनेछ।

**◆ गोर्खाल्याण्ड आन्दोलनप्रति तपाईंहरुको धारणा र व्यवहार कस्तो छ ?**

-दार्जलिङ्ग क्षेत्र लगायत भू-भाग नेपालको थियो। पछि जग्गा जमीन समेत भारततिर गएको क्षेत्र हो त्यो। त्यहाँ लामो समयदेखि गोर्खाल्याण्ड आन्दोलन चल्यो, पश्चिम बंगाल सरकार र भारत सरकारसित लामो आन्दोलनपछि गोर्खा हिल काउन्सिल प्राप्त भयो। जो वास्तवमा उनीहरुमाथि धोखा थियो। आज पनि दार्जलिङ्ग क्षेत्रमा बसोबास गरिरहेका नेपाली मूलका भारतीयहरुलाई विदेशीको श्रेणीमा राखेर हेरिन्छ, अपमान गरिन्छ, राष्ट्रले दिनुपर्ने इज्जत नगण्य छ। किनकि, उनीहरु नेपाली मूलका भारतीयहरु हुन्। त्यसकारण, भारतको संविधानभित्र रहेर जसरी लगातार अन्य राज्यहरु निर्माण हुँदैछन्, त्यसरी नै त्यसभित्र गोर्खाल्याण्डको माग जायज छ। पश्चिम बंगालको राज्य सरकारले यो गोर्खाल्याण्डको मागलाई घोषित वा अघोषित रुपबाट भारतीय नेपालीहरुले पाउन खोजेको मुक्तिको रुपमा बुझ्नु पर्दछ।

**◆ यस क्षेत्रका नेपालीहरुको बौद्धिक-सांस्कृतिक समस्या चाहिं के रहेको छ, समाधानका निम्ति के गर्नु जरुरी छ ?**

-नेपालीहरुको बाहुल्य भएका बस्तीहरुमा नेपाली भाषा र संस्कृति कमजोर भएकोमा दुःख मान्दै आफ्नो भाषा र संस्कृतिलाई बचाउनुतिर लाग्नु जरुरी छ। अर्कोतर्फ बुद्धिजीवीहरुको क्षेत्रमा पनि बौद्धिक र सांस्कृतिक पक्षको विकास गर्ने प्रयास हुनु जरुरी छ।

सरकारी क्षेत्रमा नेपाली भाषालाई पराईको भाषाको रुपमा हेरिन्छ। सांस्कृतिक विकासको निम्ति राज्यले गर्नुपर्ने सहयोग शून्य जस्तै छ। यसको रक्षाको निम्ति त्यस क्षेत्रमा रहेका सांस्कृतिकप्रेमीहरुले जनवादी गीत, अभिनय र नाटकहरु तैयार पारेर वस्ती-वस्तीहरुमा प्रदर्शन गर्नु पर्दछ।

**◆ सिक्किममा पवन चाम्लिङ्गहरुको सरकारले कतिपय जनपक्षीय कामहरु अघि बढाएको प्रति तपाईंहरुको धारणा के छ ?**

-सिक्किममा रहेका नेपालीहरुलाई 'सिक्किमेली नेपाली' र 'नेपालको नेपाली' भन्ने प्रचलन जस्तो रहेछ। यस्तो भावनाले दुवै प्रकारका सर्वसाधारण गरीब नेपालीहरुमाझ आपसी अवहेलना पैदा हुने हुनाले यस्तो प्रचलनलाई राम्रो भन्न सकिँदैन। त्यहाँ रहेका दुवैथरि नेपालीहरुले आपसमा मिलेर समस्याहरुविरुद्ध जुध्नु जरुरी छ भन्ने हामीलाई लाग्छ। अर्कोतर्फ, पवन चाम्लिङ्गको सरकारबाट जे जति सुधारात्मक कामहरु भएका छन्, तिनीहरुप्रति हाम्रो समर्थन छ। नेपालीहरुलाई मानवीय व्यवहार गरियोस्, हामी त्यस्तो आशा गर्दछौं।

**◆ पूर्वोत्तर भारतमा जनवादी चेतना अभिवृद्धि गर्न के गर्नु पर्ला ?**

-सिङ्गै पूर्वोत्तर भारतमा जनवादी चेतना वृद्धि गर्ने काम आफैंमा अत्यन्त असजिलो काम छ। त्यो असजिलो काम पनि हामीले शुरु गर्नु पर्दछ। यो हाम्रो मान्यता हो।

सर्वप्रथम, "मेरो लागि" भन्ने मूल्य र मान्यताबाट पर हटेर "हाम्रो लागि गरौं" भन्ने मूल्य र मान्यता स्थापित गरेर काम शुरु गर्नु पर्दछ। जनताको निम्ति काम गर्ने, जनताको निम्ति लेख्ने, जनताको निम्ति लड्ने, भिड्ने कार्यकर्ताहरुको शक्ति तैयार पार्नमा जोड दिनु पर्दछ। वाचनालय तथा जनवादी चेतना उठाउने कक्षा संचालन र प्रगतिशील किताब र अखबारहरुको प्रकाशन, प्रचार-प्रसार र अध्ययनमा विशेष जोड दिनु पर्दछ।

**◆ मूल्यांकनमार्फत अरु केही भन्न चाहनु हुन्छ कि ?**

-देशभक्तिपूर्ण आन्दोलनहरुलाई जनताको बस्तीहरुबाट उठाउने क्रममा र अन्यायको विरुद्धमा लड्नको निम्ति मूल्यांकन बौद्धिक खुराक बनोस् भनी यसको सफलताको कामना गर्दछु। ❑

**पहिलेका कम्युनिष्टहरु सर्वहारा वर्गका दाजुभाइ जस्ता थिए । अहिले त उनीहरु सुवर्ण समशेरका दाजुभाइ जस्ता भइसके ।**

# नेपालमा आर्थिक क्रान्ति हुन सकेन

-चन्द्रशेखर रघुवंश श्रेष्ठ

**◆ तपाई आजकल कसरी जीवन बिताइरहनु भएको छ ?**

-म बिहान अक्सरतया पाँच बजे उठ्छु । दिनहुँ गर्ने काम सकेपछि बाहिर घुम्न निक्लन्छु । जहाँ जहाँ आवश्यक छ, त्यहाँ त्यहाँ जान्छु । साथीभाइहरुसंग भेटेर कुराकानी गर्छु । लेख्ने पढ्ने काम गर्छु ।

**◆ कतिबेला लेख्नु हुन्छ ?**

-कहिलेकाहीं म १०/१२ दिनसम्म पनि कहीं ननिक्लिकन नै लेखेर बस्छु । यति नै बेला लेख्ने र पढ्ने भन्ने समय छैन । आवश्यक परेको बेलामा लेख्छु ।

**◆ के लेख्नु हुन्छ त ?**

खासगरी, मैले लेख्ने कुरा भनेको राजनैतिक, सामाजिक तथा आर्थिक कुराहरु हुन् । मैले लेखेका कुराहरु विभिन्न पत्रपत्रिकाहरुमा छापिएका छन् ।

**◆ तपाई अविवाहित हुनुहुँदोरहेछ । तपाईले किन विवाह गर्नु भएन ?**

-२००७ सालको क्रान्तिभन्दा अगाडि मेरो परिवारले विवाह गराइदिन खोजेको थियो । केटी खोजेर तय पनि भइसकेको थियो । तर त्यतिबेला क्रान्तिको काममा लाग्नु परेकोले मैले विवाह गरिनँ । क्रान्तिपछि पनि संगठनमा लागियो । पछि संगठनमा लागिरहेको, दुःख पाएको मान्छे भनेर मलाई तय भइसकेकी केटी पनि दिन जोड गरेनन् । हामीले पनि जोड गरेनौं । यसरी नै मेरो बिहे हुन सकेन ।

**◆ अरु कुनै केटी खोजेर बिहा गर्न खोजिएन त ?**

-अहँ, खोजिएन ।

**◆ त्यतिबला विहा नगरेर अहिले पछुताउनु त भएको छैन ?**

-खोइ त, पछुताएको भए अहिले पागल भइसक्ने थिएँ ।

**◆ अहिले कोसंग बसिरहनु भएको छ ?**

-भतिजाहरुसंग बसिरहेको छु ।

**◆ तपाईले कुनबेला सुख वा दुःखको क्षण अनुभव गर्नु भएको छ ?**

-बालककालमा त मैले जतिको सुखभोग शायद कसले मात्र भोग गरेको होलान् । साहुमहाजन तथा त्यतिबेलाका सुब्बा, राजा बाबुसाहेबका छोराहरुले जतिकै मैले सुखभोग गरेको थिएँ । तर पछि फेरि खानै नपाउने गरी दुःखभोग पनि गरें ।

**◆ अहिले तपाई कसरी जीवन चलाइरहनु भएको छ त ?**

-मेरो खास आयस्रोत केही छैन । घरमा भतिजाहरुले खान लाउन दिइरहेका छन् । साथीभाइहरुकहाँ जाँदा साथीभाइहरुले खान दिइरहेकै छन् । यसरी नै जीवन चलिरहेको छ ।

**◆ तपाईले राजनैतिक पीडितहरुलाई दिने गरेको सहयोग पाउनु भएको छैन ?**

-२०३० सालतिर तराईमा सबैलाई जग्गा दिएको बेलामा मलाई पनि तीन विघा जमीन दिइएको थियो । त्यसबाट वर्षको १४/१५ हजार आम्दानी हुन्छ ।

**◆ तपाई कहिलेदेखि र कसरी राजनीतिमा लाग्नु भयो ?**

-म राजनीतिमा लाग्दा मलाई राजनैतिक संगठन वा राजनीति के हो भन्ने कुरा पनि थाहा थिएन । तर पनि मैले राजनैतिक कामहरु गरिरहेको थिएँ । मेरा बुबा एकजना प्रतिष्ठित व्यापारी हुनुहुन्थ्यो । उहाँ व्यापारको सिलसिलामा ल्हासा र भारतमा पनि जानुहुन्थ्यो । त्यसरी जाँदा उहाँको विभिन्न राजनैतिक व्यक्तित्वसंग भेटघाट हुन्थ्यो र उहाँ विभिन्न कुराहरुको ज्ञान राख्नु हुन्थ्यो । ती कुराहरु हामीलाई सुनाउनु हुन्थ्यो । त्यसको साथै बुबाले भारतबाट पत्रपत्रिकाहरु पनि ल्याउनु हुन्थ्यो । त्यसरी मैले अप्रत्यक्ष रुपबाट राजनैतिक ज्ञान प्राप्त गरेको थिएँ ।

जब १९९७ सालमा शुक्रराज शास्त्रीलाई र अन्य तीन शहीदहरुलाई मृत्युदण्ड दिइयो, त्यतिबेलादेखि नै ममा राणाहरुको अत्याचारप्रति घृणा पैदा हुन थाल्यो । त्यतिबेलासम्म पनि म कुनै राजनैतिक संगठनमा आबद्ध थिइनँ । २००० सालमा प्रजातन्त्र संघको स्थापना भएपछि मात्र म त्यस संगठनमा सामेल भएँ ।

**◆ तपाईहरु कोको हुनुहुन्थ्यो त त्यस संगठनमा ?**

-त्यतिबेला संगठन निकै गोप्य हुन्थ्यो । संगठनका मान्छेहरु पनि सबैले सबैलाई चिन्दैनथे । चिनेका मान्छेहरुमा पनि आ-आफूले बनाएको मान्छे वा संगठनलाई एक अर्कोलाई चिनाइँदैनथ्यो । त्यसैले मलाई पनि संगठनमा को को थियो भन्ने कुरा सबै थाहा थिएन । म भएको संगठनमा नरबहादुर कर्माचार्य, राजाराम कर्माचार्य र म थिएँ । संगठनमा रहेका मानिसहरु खारिएपछि मात्र एक अर्कोसंग चिनजान गराइन्थ्यो ।

**◆ प्रजातन्त्र संघले कहिलेसम्म काम गर्‍यो ?**

-त्यसले २००३ सालसम्म काम गर्‍यो । नेपाली राष्ट्रिय कांग्रेसको स्थापना भएपछि गणेशमान सिंह, सूर्यबहादुर भारद्वाजले यो संगठनलाई राष्ट्रिय कांग्रेसमा नै विलय गरे । त्यसपछि त त्यो संगठनको नामै लिन् नपर्ने भयो ।

**◆ प्रजातन्त्र संघ नेपाली राष्ट्रिय कांग्रेसमा विलय भइसकेपछि तपाईले के गर्नु भयो त ?**

-प्रजातन्त्र संघ नेपाली राष्ट्रिय कांग्रेसमा विलय भइसकेपछि त्यसकै नेतृत्वमा विराटनगरमा मजदूरहरुको हड्ताल भयो । त्यस हड्काललाई समर्थन गरेर मैले यहाँ पर्चाहरु लेखेर वितरण गरिरहें । त्यसपछि २००४ साल वैशाख १७ गतेदेखि नेपाल अधिराज्यभरि नै नागरिक अधिकार आन्दोलन शुरु भयो । त्यस आन्दोलनमा हामीहरु सक्रिय रुपले लाग्यौं । त्यस आन्दोलनमा हामी समातियौं । र, ७ दिनपछि हामीलाई छोडियो ।

**◆ त्यसपछि तपाई नेपाली कांग्रेसमा लागिरहनु भयो कि अरु कुनै पार्टीमा लाग्नु भयो ?**

-त्यसपछि म नेपाली कांग्रेसमा लागिरहिनँ । नागरिक अधिकार आन्दोलन पछाडि २००४ सालमै म विश्व भातृसंघमा सामेल भएँ । यो संगठन त्यतिबेलाको एउटा कम्युनिष्ट पार्टी जस्तै थियो । २००५ सालमा प्रजा पंचायतले गरेको आन्दोलनमा हामी पनि सक्रिय रुपमा भाग लियौं । त्यसै आन्दोलनको दौरानमा म समातिएँ र जेलमा परें । पछि २००७ सालमा प्रजातन्त्रको घोषणापछि मात्र म जेलबाट छुटें । जेलबाट छुटेको लगत्तैपछि म फेरि पुष्पलाल श्रेष्ठले खोल्नु भएको कम्युनिष्ट पार्टीमा सामेल भएँ ।

**◆ अहिले तपाई कुन**



*चन्द्रशेखर रघुवंश श्रेष्ठ पुराना राजनैतिक कार्यकर्ता हुनुहुन्छ । वि.सं. १९८४ चैत्र २१ गतेका दिन डम्बरकुमारी श्रेष्ठको कोखबाट पाटनको इखाछें टोलमा उहाँको जन्म भएको थियो । चन्द्रशेखर आफ्नै बुबा कुलशेखरबाट नै राजनैतिक कुरा सिक्नु भएको बताउनु हुन्छ । राजनीति र संगठन भन्ने कुरा थाहै नपाई आफू राजनीतिमा लागेको कुरा पनि उहाँ बताउनु हुन्छ । प्रस्तुत छ- चन्द्रशेखरसंग मूल्यांकनले गरेको कुराकानीको सार संक्षेप ।*

-मुक्ता श्रेष्ठ

**मैले २०१५ सालमै पार्टीबाट राजीनामा गरेको हुँ। तर मलाई साम्यवाद वा कम्युनिष्ट पार्टी मन नपरेर पार्टी छोडेको होइन।**



**संगठनमा हुनुहुन्छ त ?**

-अहिले म कुनै पनि संगठनमा छैन।

**◆ राणा शासनकालदेखि राजनीतिमा लाग्नु भएको तर अहिले कुनै संगठनमा पनि नरहनु भएको त ?**

-मैले २०१५ सालमै पार्टीबाट राजीनामा गरेको हुँ। तर मलाई साम्यवाद वा कम्युनिष्ट पार्टी मन नपरेर पार्टी छोडेको होइन। घरको परिस्थितिले गर्दा नै मैले पार्टी छोड्नु परेको हो। घरमा बुबाले कमाउन सक्नुभएन। आमा बाबु खान नपाएर मर्न लाग्नु भयो। त्यसैले गर्दा मैले घरको व्यवस्था मिलाउन कमाउनु पर्‍यो। काम गर्न लागेपछि पार्टीको काममा ध्यान दिन सकिनँ। त्यसैले पार्टीको नियम अनुसार म पार्टीमा रहन सकिनँ। र, मैले राजिनामा दिएको थिएँ। २०१७ सालपछि पार्टी प्रतिबन्धित भयो। पार्टीका नेताहरु यताउति लागे। पार्टीको बारे मैले केही पनि थाहा पाउन सकिनँ। पछि थाहा पाउँदा त पार्टी विभिन्न टुक्रामा विभाजित भइसकेको रहेछ। सबै नेताहरु आ-आफू नै नेता बन्न खोज्ने भए। त्यसैले पछि म कुनै पार्टीमा पनि जान चाहिनँ। तर पनि मैले आफ्नो कर्तव्य भुलेको भने छैन।

**◆ पंचायतकालमा के गरेर बस्नु भयो त ?**

-पंचायतकै विरोध गरेर बसें।

**◆ पंचायतकालमा तपाई पंचहरुसंग पनि नजिक हुनुभएको थियो भन्ने कुरा सुनिन्छ नि ?**

-म त त्यतिबेला पंचहरुसंग नजिक मात्र भएँ, तर त्यति बेला सि.आई.डि. नै भएर काम गरेका नेताहरु कति छन् यहाँ। त्यतिबेला म नजिक पनि कसरी हुन गएँ भने, २०१७ सालमा पंचायती व्यवस्था लागू भएपछि सबै पार्टीका नेता तथा कार्यकर्ताहरुलाई धरपकड गरियो। कति नेताहरु बाहिरिए। कति नेताहरु भूमिगत भए। म पनि भूमिगत भएर बसेको थिएँ। त्यतिबेला पाटनका मजिष्ट्रेट धैर्य समशेरले (उनको बाबु कांग्रेस थिए र उनी पनि कांग्रेस नै थिए) ले मलाई बोलाउन पठाए। म पनि कति लुकेर बसुँ, थुने पनि थुनोस् भनेर उनीकहाँ गएँ। उनीसंग कुराकानी भयो। उनको कुरा मलाई चित्त बुझ्यो। मैले त्यहाँबाट पैसा ल्याएर विकास कार्यहरु गरेर बसेको थिएँ। त्यसैको आधारमा मलाई पंचसंग मिलेको भनेर भनेका हुन्।

**◆ तपाई किसान आन्दोलनमा पनि लाग्नु भएको थियो रे ! तपाईंले कहाँ कहाँ किसान आन्दोलन उठाउनु भयो ?**

-किसान आन्दालनमा लागेको थियो रे मात्र होइन, म त किसान आन्दोलनमा राम्ररी नै लागेको हुँ नि ! आन्दोलनको दौरानमा म कीर्तिपुर, पाँगा, नगाउँ, थानकोट आदि ठाउँमा पुगेको थिएँ। कीर्तिपुरमा कम्युनिष्ट पार्टी पनि म आफैं गएर खोलेको थिएँ।

**◆ कीर्तिपुरको कम्युनिष्ट पार्टीमा को को थिए ?**

-अब त सबैको नाम बिर्सिसकें। मुख देखे एक दुई जनालाई चिन्छु। पाँगामा ३/४ जना बितिसके। एकजना रामबहादुर दुवाल हुनुहुन्छ। उहाँ पाँगा छोडेर पाटनमै बस्न थाल्नु भएको छ। एकजना रामचन्द्र डंगोल कीर्तिपुरमै हुनुहुन्छ। एकजना पानबहादुर हुन्।

**◆ किसान आन्दोलनबाट त्यहाँका जनताहरुलाई के फाइदा भयो त ?**

-अहिले उपत्यकामा किसानहरुको जुन जीवनस्तर उठेको छ, त्यही हो फाइदा। पहिले किसानहरुले आफूले कमाएको आफैंले खान पाउँदैनथे। अहिले त्यो स्थिति छैन।

**◆ तपाई विदेश वा स्वदेशका नेताहरुमा कसलाई मन पराउनु हुन्छ ?**

-मलाई चित्त बुझ्दा नेताहरु भइदिएको भए म एक्लै किन बस्थें ! मन परेको पार्टीमा म बस्थे नि त ! आफूलाई चित्त बुझ्दो नेता नभएको कारणले नै म स्वतन्त्र भएर बसेको छु। नेताहरुले गर्नु पर्ने कामहरु यहाँ भएकै छैन। नेताहरु खालि आफ्नो आफ्नो डम्फू बजाउने कामहरु मात्र गरिरहेका छन्।

**◆ पहिलेका कम्युनिष्ट नेताहरु र अहिलेका कम्युनिष्ट नेताहरुमा तपाईंले के फरक देख्नु भएको छ ?**

-धेरै धेरै फरक छ। ०४६ सालपछि कम्युनिष्ट नेताहरुले पार्टी सदस्यता प्रदान गर्ने कम्युनिष्ट तौरतरिका नै छाडे। कांग्रेसले जस्तै सदस्यता दिन थाले। यसै कारणले नै कम्युनिष्ट पार्टीभित्र भाँडभैलो मच्चिन गयो। जसले पैसाको थैलो लिएर जान सक्छ, त्यसैको मात्र पार्टीभित्र बोलवाला रहन गयो। कम्युनिष्ट पार्टी एउटा सिद्धान्तनिष्ट पार्टी हुनुपर्छ। अहिले कम्युनिष्ट पार्टीको त्यो सिद्धान्त कहाँ गयो ? अहिले कम्युनिष्ट पार्टीका नेताहरुमा सबभन्दा पुरानो नेता नै मनमोहन अधिकारी हुन्। उनले पनि अहिले कम्युनिष्ट पार्टीलाई के सपार्ने काम गरेका छन् र ?

नेताहरुको जीवनस्तरमै पनि निक्कै फरक भइसक्यो। पहिलेका कम्युनिष्टहरु सर्वहारा वर्गका दाजुभाइ जस्ता थिए। अहिले त उनीहरु सुवर्ण शमशेरका दाजुभाइ जस्ता भइसके।

**◆ अहिले देशको स्थितिलाई तपाईंले कसरी हेरिरहनु भएको छ ?**

-नेपालमा २००७ सालमा पनि राजनैतिक क्रान्ति भयो र २०४६ सालमा पनि राजनैतिक क्रान्ति भयो। तर दुवै समयमा राजनैतिक क्रान्ति मात्र भयो, आर्थिक क्रान्ति भएन। आर्थिक क्रान्ति नहुनुको परिणाम अहिले हामीले भोगिरहेका छौं। आर्थिक क्रान्ति नहुनुको मूल दोषी वि.पि. कोइराला हो। २००७ को क्रान्तिभन्दा अगाडि नेपाली कांग्रेस र कम्युनिष्ट पार्टी दुवैको आर्थिक नीति आर्थिक समानता थियो। तर २००७ सालको क्रान्तिपछि कांग्रेस सरकारमा गएपछि उसले आर्थिक समानताको नीति भएको घोषणापत्र नै लुकायो। आर्थिक स्वतन्त्रताको नीति भएको घोषणापत्र बाहिर ल्यायो। त्यसपछि आर्थिक समानताको कार्यक्रम नै थान्को लाग्यो।

**◆ तपाईंले भन्नुभएको आर्थिक क्रान्तिको अर्थ के हो ?**

-मैले भनेको आर्थिक क्रान्तिको अर्थ आर्थिक समानताको सिद्धान्त व्यवहारमा लागू गर्नु हो। त्यही सिद्धान्त अनुसार कुन बेला कस्तो आर्थिक नीति अपनाउने भन्ने कुरा तय गरिनु पर्छ। जस्तो चीन, रुस, कोरिया आदि देशहरुमा समाजवादी व्यवस्था स्थापना भएको बेला आर्थिक समानताको सिद्धान्त अपनाइएको थियो।

**◆ तपाईंले भन्नु भएको जस्तो आर्थिक क्रान्ति कसले गर्छ त ?**

-अब हामी जनताले बाहेक अरु कसले गर्छन् ? हामी जनताले नै गर्नुपर्छ। अब सरकार वा ससदबाट यो आर्थिक क्रान्ति हुन सक्दैन। उनीहरु अब 'आफै खाउँ आफै लाउँ' भन्ने मानसिकतामा पुगिसके। अब बुद्धिजीवी तथा अन्य श्रमिक जनताहरुको संगठित प्रयासबाट नै मात्र आर्थिक क्रान्ति हुन सक्छ।

**◆ यसको लागि के हतियार नै पनि उठाउनु पर्छ ?**

-यो कुरा त रणनीतिको कुरो हो। जनसंघर्षबाटै यो कुरा पूरा हुन्छ अथवा हतियार उठाउनै पर्ने हुन्छ, त्यो अघि बढ्दै जाँदा आउने कुरा हो।

**◆ तपाईलाई केमा विश्वास लाग्छ ? जनसंघर्षमा अथवा हतियार उठाउनमा ?**

-मलाई दुवैमा विश्वास छ। शान्तिपूर्ण जनसंघर्षले भएसम्म हतियार किन उठाउने ? जनसंघर्षले नभएपछि किन हतियार उठाउन बाँकी राख्ने ? राजनीतिमा स्थिति अनुसार हतियारको प्रयोग गर्नु स्वभाविक हुन्छ।

**◆ तपाई राजनीतिप्रति यत्रो चाख भएको र पहिलदेखि नै राजनीतिमा लागेको मान्छे, अहिले किन निष्क्रिय बसिरहनु भएको त ?**

-म निष्क्रिय छैन। अहिले पनि म आफ्नो ठाउँमा बसेर आफूले सक्ने जति काम गरिरहेको छु।

**◆ आफ्नो मूल्यांकन आफैंले गर्दा देशलाई तपाईंले कति योगदान गरेजस्तो लाग्छ ?**

-मसंग त्यस्तो नाप त छैन। तर मेरो कर्तव्य मैले गरिरहेको छु।

**◆ राजनीतिमा लाग्नुभए वापत तपाईंले कुनै सम्मान तथा पुरस्कार पाउनु भएको छ ?**

-मैले प्रत्यक्ष रुपमा चारवटा सम्मान पाएको छु। प्रजातन्त्र सेनानी सम्मान संघबाट, पुराना राजनैतिक कार्यकर्ता सम्मान गुठीबाट, रामप्रसाद राई स्मृति प्रतिष्ठानबाट र पत्रकार संघबाट मैले सम्मान-पत्र प्राप्त गरेको छु। त्यस्तै, थारु जातिबाट, भिक्षुहरुबाट पनि सम्मान पाएको छु। ❑

# कस्तो अर्थतन्त्रलाई सामन्ती अर्थतन्त्र भन्ने ?

-प्रतिमान श्रेष्ठ

आफ्ना जीविकाका साधनहरु आफैं उत्पादन गर्न सक्ने शारीरिक क्षमताले नै मान्छेलाई अरु सारा जन्तुबाट छुट्याएको हो । मान्छे बाहेक विश्वको अरु कुनै जन्तुले उत्पादनका औजारहरु आफ्नो हातले निर्माण गर्न सक्दैन र आफ्नो जीविकाको उत्पादन आफै गर्न सक्दैन ।

जीविकाको उत्पादन एक्लै सम्पन्न हुने कार्य होइन । यो एउटा सामाजिक क्रिया हो । बाँच्नका लागि मान्छेले जीविकाको उत्पादन गर्नु पर्ने हुन्छ र उत्पादनका लागि मान्छेले अरु थुप्रै मान्छेसितको सम्बन्धमा आउनु पर्ने हुन्छ । जीविकाको निम्ति मान्छे आफ्नो इच्छाभन्दा बाहिर स्वतन्त्र रुपमा जे, जति र जस्तो सम्बन्धमा आउँछ र आउनु पर्ने हुन्छ- ती सबै उत्पादन सम्बन्धहरुको कुल जोड नै त्यो बेलाको अर्थतन्त्र हो । खास समयमा मान्छेले जीविकाको निम्ति के उत्पादन गर्छ, कसरी उत्पादन गर्छ र उत्पादित मालसामान उसले समाजका अरु मान्छेबीच कसरी साटासाट गर्छ र कसरी वितरित गर्छ- यी सबै सवालको कुल जोड नै त्यो बेलाको अर्थतन्त्र हो । अर्थतन्त्र जग हो प्रत्येक समाजको, जसमाथि कानून र राजनीतिको महलको ढाँचा खडा हुन्छ । र, यही अनुकुल नै मान्छेको सामाजिक चेतना विकसित हुने गर्छ ।

अर्थतन्त्रको सामन्ती ढाँचा दास युगको गर्भबाट जन्मिएको हो । दास युगमा दासहरुको आफ्नै जमीन, सम्पत्ति र आफ्नै उत्पादनको साधन हुन्नथ्यो । उनीहरु दास मालिकको जमीनमा काम गर्थे र दास मालिककै उत्पादनका औजारहरु प्रयोग गर्थे । र, उनीहरु दास मालिककै सपत्तिका रुपमा गनिन्थे । यस्तो किनभने, कार्ल मार्क्सका अनुसार, कबिला प्रणालीमा आधारित समाजमा सम्पत्तिको मालिक हुनका निम्ति मुख्य शर्त हुन्थ्यो- कबिलाको सदस्य हुनु । जुन कबिलालाई अर्को कबिलाले लडाइँद्वारा जित्थ्यो र उसलाई आफ्नो अधीनस्थ बनाउँथ्यो, त्यो कबिला उत्पादनको साधनविहीन र सम्पत्तिविहीन हुन जान्थ्यो, विजेता कबिलाले उसलाई र उसको उत्पादनको साधन र सम्पत्तिलाई आफ्नो सम्पत्तिका रुपमा बदल्थ्यो ।

तर दास मालिक र दासहरुको बीचको लामो वर्ग संघर्षको दौरानमा समाज अघि बढ्दा एउटा त्यस्तो समय र परिस्थिति विकसित भयो, जब दासहरुलाई एक टुक्रो जमीन र आफ्नै उत्पादनका साधन उपलब्ध भयो, भूदासहरुलाई त्यही टुक्रो जमीनसित बाँधियो । उनीहरुले आफ्नै हल गोरु, कुटो, कोदालोको सहाराले त्यसमा खेती गर्न सक्ने भए । तर यो एक टुक्रो जमीनवापत श्रमका साधनहरु वापत सामन्त प्रभुको जमीनमा मुफ्तमा श्रम गरेर खेती गरिदिनु पर्ने भयो । उनीहरुले हप्ताको केही दिन मालिकको जमीनमा र बाँकी दिन आफ्नै जमीनमा खेती गर्न सक्ने भए । उनीहरुले मुफ्त श्रमको रुपमा मालिकको जमीनको लगान चुक्ता गर्नुपर्ने भयो । कतै कतै उनीहरुले मालिकको जमीनवापत कृषि उपजको निश्चित भाग समेत बुझाउनु पर्ने भयो । दासको तुलनामा उनीहरु बढी स्वतन्त्र त भए, तर उनीहरुको श्रम शक्ति माथि, उनीहरुमाथि सामन्त प्रभुको प्रभुत्व खत्तम भएन । उनीहरु सामन्तको जमीनसित बाँधिएका भूदासहरु भए, किनकि आफ्नो जीविकाको उत्पादनको निम्ति उनीहरु सामन्त प्रभुको जमीनमाथि आश्रित भए । उत्पादनको यही सम्बन्धको नाम सामन्ती अर्थतन्त्र हो ।

सामन्ती अर्थतन्त्रका मुख्य विशेषताहरुबारे लेनिनले निकै राम्ररी व्याख्या गरेको भेटिन्छ । लेनिन भन्नुहुन्छ :


"त्यस बेलाको आर्थिक प्रणालीको सार के थियो भने, कृषि अर्थतन्त्रको खास इकाइको सम्पूर्ण जमीनलाई ..... सामन्त प्रभुको जमीन र किसानको जमीनमा बाँडिन्थ्यो, किसानको जमीनलाई किसानहरु बीच टुक्रा टुक्राका रुपमा वितरण गरिन्थ्यो । किसानहरु र उत्पादनका अरु साधनहरु समेत, जस्तो कि टिम्बर, कहिलेकाहीं गाई वस्तु आदि, प्राप्त गरेपछि) त्यो टुक्रो जमीनलाई आफ्नै श्रमद्वारा र औजारहरुद्वारा खेती गर्थे र यसबाट आफ्नो जीविका प्राप्त गर्थे । किसानको श्रमको यो उपज आवश्यक उपजको रुपमा हुन्थ्यो- किनकि किसानको लागि यसले जीविकाको साधन प्रदान गर्थ्यो, र जमीन्दारको लागि यसले श्रम गर्ने मुफ्त हात प्रदान गर्थ्यो । किसानहरुको अतिरिक्त श्रम, अर्कोतिर, उही औजारद्वारा जमीन्दारको जमीनमा खेतीमा प्रयोग हुन्थ्यो, र त्यो श्रमको उपज जमीन्दारलाई जान्थ्यो । यसरी आवश्यक श्रमबाट अतिरिक्त श्रम तात्कालीन परिस्थितिमा यसरी अलग पारिन्थ्यो : जमीन्दारको निम्ति उनीहरु उसको जमीन जोती दिन्थे, आफ्नै निम्ति उनीहरु आफ्नो टुक्रो जमीनमा खेती गर्थे, जमीन्दारको लागि उनीहरु हप्ताको केही दिन काम गर्थे, आफ्नो लागि बाँकी अरु किसानलाई दिइएको जमीनको टुक्राले यस अर्थतन्त्रमा जिन्सीमा ज्याला झैं काम गर्थ्यो... अथवा जमीन्दारलाई श्रम गर्ने हातहरु प्रदान गर्ने उपायका रुपमा काम गर्थ्यो । सामन्ती अर्थतन्त्रको एउटा शर्त "आफ्नै" टुक्रो जमीनमा खेतीपाती थियो र यसको उद्देश्य, किसानलाई जीविकाको साधन "प्रदान" गर्नु थिएन, बरु जमीन्दारलाई मुफ्तमा श्रम गरिदिने हात प्रदान गर्नु थियो ।" (हेर्नुहोस्- लेनिन संग्रहित रचनाहरु, ग्रन्थ ३, अंग्रेजी, मस्को १९७२, पृष्ठ १९१, १९२)

यसरी सामन्ती अर्थतन्त्रको मुख्य विशेषता थियो- प्रत्यक्ष जोताहा किसानलाई एक टुक्रो जमीन- जीविकाको लागि, यो उद्देश्यले कि उसले जमीन्दारको जमीन मुफ्तमा जोतीदेओस् ।

लेनिनले सामन्ती अर्थतन्त्रको पूर्वाधारहरुलाई यसरी प्रस्तुत गर्नु भएको छ :

पहिलो, प्राकृतिक अर्थतन्त्रको प्रधानता (अर्थात्, सामन्ती जमीन्दारी एउटा आत्मनिर्भर, आफैमा सीमित अस्तित्वका रुपमा रहन्छ र यसको बाहिरी संसारसित अत्यन्त कम सम्पर्क हुन्छ...)

दोस्रो, यस्तो अर्थतन्त्रमा के जरुरी हुन्छ भने प्रयक्ष उत्पादनकर्तालाई सामान्य रुपमा उत्पादनको साधन र विशेषतः जमीन प्रदान गरिन्छ, विशेषतः उसलाई जमीनसित बाँधिन्छ, अन्यथा जमीन्दारको निम्ति मुफ्तमा श्रम गर्ने हात सुनिश्चित हुन्न...



तेस्रो, यस्तो आर्थिक प्रणालीको निम्ति एउटा शर्त हुन्छ- जमीन्दारमाथि किसानको व्यक्तिगत निर्भरता । यदि जमीन्दारको किसानको व्यक्तित्वमाथि प्रत्यक्ष अधिकार कायम नरहने हो भने आफ्नै एक टुक्रो जमीन भएको र आफ्नै खेतीबारी गर्ने मान्छेलाई आफ्नो काम गर्न बाध्य पार्न सकिन्न ।

चौथो र अन्तिम, अत्यन्त तल्लो स्तरको र स्थिर प्रकारको प्रविधिको प्रयोग, किनकि खेतीपाती साना किसानको हातमा रहन्छ, जो गरीबीले किचिएको हुन्छ र व्यक्तिगत निर्भरता र अज्ञानताले गर्दा नितान्त हेपिएको हुन्छ ।" (हेर्नुहोस्, उही, पृष्ठ १९२-९३)

कार्ल मार्क्सका अनुसार, कबिला प्रणालीमा आधारित समाजमा सम्पत्तिको मालिक हुनका निम्ति मुख्य शर्त हुन्थ्यो- कबिलाको सदस्य हुनु । जुन कबिलालाई अर्को कबिलाले लडाइँद्वारा जित्थ्यो र उसलाई आफ्नो अधीनस्थ बनाउँथ्यो, त्यो कबिला उत्पादनको साधनविहीन र सम्पत्तिविहीन हुन जान्थ्यो

कार्ल मार्क्सले पनि सामन्ती अर्थतन्त्रको सारको रुपमा त्यही विशेषताहरुको उल्लेख गर्नुभएको छ । उहाँ भन्नुहुन्छ- "हामीले भूमिको लगानलाई यसको सरलतम रुप श्रम-लगानको रुपमा हेर्यौं भने स्थिति एकदमै स्पष्ट हुनेछ । यसमा प्रत्यक्ष उत्पादक श्रमको साधन (जस्तो हलो, हल गोरु आदि) जसमाथि कानूनी र यथार्थ रुपमा उसको आफ्नै स्वामित्व छ, प्रयोग गरेर हप्ताको केही भाग आफ्नो स्वामित्वमा रहेको भूमिमाथि खेतीपाती गर्छ, हप्ताको बाँकी दिन सामन्त स्वामीको जमीन्दारीमा सामन्त स्वामीबाट कुनै क्षतिपूर्ति प्राप्त नगरीकन काम गर्छ । यो स्थितिमा लगान र अतिरिक्त मूल्य उस्तै उस्तै कुरा हुन्छ ।" हेर्नुहोस्- पूँजी, ग्रन्थ ३, अंग्रेजी, भाग ६,

मस्को, १९७४, पृष्ठ ७९०)

लेनिन र कार्ल मार्क्सको यो व्याख्यानबाट सामन्ती अर्थतन्त्रका मुख्य विशेषताहरु के हुन्- धेरै हदसम्म स्पष्ट हुनेछ । सामन्ती अर्थतन्त्र सारमा- कृषिमा मुख्य रुपले निर्भर र कृषि उत्पादन मुख्य रुपले बजारमा बिक्रीका निम्ति होइन, आफ्नो उपभोगको निम्ति उपयोग हुने आत्मनिर्भर प्रकृतिको अविकसित प्राकृतिक अर्थतन्त्र हो । सामन्ती अर्थतन्त्रको विशेषता के हो भने, यसमा उत्पादकले आफूलाई चाहिने धेरैजसो कुरा आफैं उत्पादन गर्छ । आफूले उत्पादन नगर्ने जीविकाको साधनहरु (जस्तो, जुत्ता, लुगा र अन्य सामानहरु) कृषि उपजसितको साटासाटद्वारा जुटाउँछ । राष्ट्रिय बजार र अन्तर्राष्ट्रिय बजारसित सामन्ती अर्थतन्त्रमा एकदम कम सम्पर्क हुन्छ ।

यसको मतलब सामन्ती अर्थतन्त्रमा माल सामानको उत्पादन नै हुन्न र माल सामानको व्यापार नै हुन्न भन्ने होइन । हुन्छ, सामन्ती अर्थतन्त्रमा पनि वस्तुहरुको उत्पादन हुन्छ र व्यापार हुन्छ । तर अर्थतन्त्रमा त्यसको स्थान नगण्य हुन्छ । सामान उत्पादन ठूलो कार्खानामा नभएर साना साना ज्यासलमा हुन्छ र यस्ता उत्पादकहरुको श्रमको सामाजिक विभाजन भइसकेको हुन्न । ऊ कच्चा पदार्थ पनि आफैं प्रशोधन गर्छ, सामान पनि आफैं बनाउँछ, तैयारी वस्तुको बिक्री पनि आफैं गर्छ, साथै खेतीपाती पनि भ्याउँछ । सामन्ती अर्थतन्त्रमा किसान वर्ग धनी किसान, मध्यम किसान, गरीब किसान जस्ता विभिन्न तप्कामा विभाजित भइसकेको हुन्न । उनीहरु एउटै वर्गका रुपमा रहेका हुन्छन् । सामन्त वर्ग र किसान वर्ग दुई वर्गका रुपमा विद्यमान हुन्छ ।

❑

# विकसित औद्योगिक अर्थतन्त्रभित्रका यी पीपहरु

◆ प्रतिमान श्रेष्ठ ◆

हाम्रो अर्थतन्त्र गुणैगुणले भरपूर छ- विकसित पूँजीवादी मुलुकका पूँजीपतिहरु भन्ने गर्छन् । विश्वले हाम्रो अर्थतन्त्रको मोडेलको सिको गर्नु पर्छ, हामीले तोकेको प्रेष्क्रिप्शन अनुसार सारा अविकसित मुलुकहरुले चल्नु पर्छ र आफ्नो अर्थतन्त्रलाई हामीले श्रमको ढाँचामा समायोजन गर्नु पर्छ- उनीहरु हामीलाई यस्तो दवाब दिने गर्छन् ।

के पश्चिमका पूँजीवादी मुलुकहरुको अर्थतन्त्र उनीहरुले दावी गरे जस्तै सर्वाग सुन्दर छ ? के गुणै गुणले युक्त छ त्यहाँको अर्थतन्त्र ? आउनुहोस्, हामी एकचोटी नियाली हेरौं ।

६ अरब जनसंख्या भएको अहिलेको विश्वमा विकसित औद्योगिक राष्ट्रहरुमा सवा अरब जनसंख्याले बसोबास गर्छन् । अर्थात्- विश्वको पाँच भागको एक भाग । त्यहाँका दश करोडभन्दा बढी मानिसहरु नितान्त गरीब छन् । उनीहरु दुई छाक पनि अघौजी खान पाउन्नन् । प्रत्येक दशमा एक जना नागरिक त्यहाँ भोकभोकै सुत्छ । एक करोड मानिसको निम्ति त्यहाँ कुनै बास प्राप्त छैन । उनीहरु खुल्ला आकाशमुनि जिन्दगी गुजार्छन् ।

तीन करोड ७० लाख मानिसको निम्ति त्यहाँ कुनै रोजगारी छैन । काम मामको अभावमा यिनीहरु विलखबन्द जिन्दगी गुजार्ने गर्छन् । त्यहाँ काम गर्न सक्ने जनसंख्यामध्ये ८ प्रतिशतको निम्ति कुनै रोजगारी उपलब्ध छैन । उनीहरु पूर्ण रुपमा बेरोजगार छन् । बेरोजगारी सबभन्दा ज्यादा युवाहरुमा छ । लगभग १५ प्रतिशत युवाहरुको निम्ति पश्चिमा मुलुकमा कुनै रोजगारी छैन । फ्रान्समा ३२ प्रतिशत युवतीहरु र २२ प्रतिशत युवाहरु पूर्ण बेरोजगार छन् । इटालीमा ३९ प्रतिशत युवतीहरु र ३० प्रतिशत युवकहरु काम-मामरहित छन् । स्पेनमा त अझ ४९ प्रतिशत अर्थात् आधा आधी युवतीहरुको हातमुख जोर्ने कुनै उपाय छैन र ३६ प्रतिशत युवकहरुको कुनै रोजगारी छैन ।

रोजगारी प्राप्त गर्नेहरुमा पनि महिलाहरुको ज्याला पुरुषको तुलनामा सयमा ६६ मात्र छ । अर्थात् उनीहरु पुरुष सरह उस्तै र उत्ति नै काम गर्दा पनि तीनमा दुई भाग ज्याला मात्र पाउँछन् । संसदमा पनि सय सिटमा ८८ जना पुरुष सांसद हुने गर्छन् र १२ मात्र महिला सांसद हुने गर्छन् । काममा निक्लने महिलाको असुरक्षा त्यहाँ चर्को छ । हरेक आठ जनामा एक जना महिला त्यहाँ प्रत्येक दिन बलात्कारको शिकार हुने गर्छ ।

**के पश्चिमका पूँजीवादी मुलुकहरुको अर्थतन्त्र उनीहरुले दावी गरे जस्तै सर्वाग सुन्दर छ ?**

अमेरिका विश्वको नम्बर १ अर्थतन्त्र भनेर धक्कु लाउँछ । त्यहीं १३.७ प्रतिशत मानिसहरु गरीबीको रेखामुनि छन् । यो सन् १९९६ को जनगणना तथ्यांक हो र यो अमेरिकाकै जनगणना व्यूरोद्वारा प्रकाशित तथ्यांक हो । यस हिसाबले अमेरिकाका ३ करोड ६५ लाख मानिसहरु दुई छाक पनि राम्ररी खान नपाउने हरिकंगाल छन् । अझ काला जातिहरुमा त गरीबी अरु भयावह ढंगले व्याप्त छ । २८.४ प्रतिशत हब्सीहरु अमेरिकामा गरीबीको रेखामुनि हरिकंगाल जिन्दगी बाँच्छन् । अर्थात्, हरेक तीनमा एक हब्सी प्रत्येक रात भोकभोकै सुत्छ । हब्सीहरुमध्ये पनि लोग्ने नभएका र महिला घरमूली भएका हब्सीहरु सबभन्दा कंगाल छन् । एक तिहाइ त्यस्ता हब्सी महिलाहरु नितान्त दरिद्रताको जिन्दगी बाँच्छन् । उनीहरुका १८ वर्षमुनिका सन्तानहरु त अझ सबभन्दा दरिद्र छन् । दुईमा एक त्यस्ता बच्चाहरु हरेक दिन भोकभोकै सुत्छन् । खालि हब्सीका बच्चाहरु मात्र होइन, अमेरिकाका सम्पूर्ण १८ वर्षमुनिका बालखहरु अत्यन्त गरीब छन् । अमेरिकाका सम्पूर्ण गरीबहरुमध्ये ४० प्रतिशत त बच्चाहरु नै छन् । अमेरिकामा ४ करोड १७ लाख मानिसको स्वास्थ्य बीमाको कुनै व्यवस्था छैन । स्वास्थ्य बीमा नभएपछि अमेरिकामा स्वास्थ्य उपचार गराउनु भनेको गरीबहरुको वशको कुरो नै होइन ।

यस प्रकार विकसित औद्योगिक मुलुकहरुको विपन्नताको चित्र त्यति रंगीन छैन, जति धाकधक्कू लाउने गरिन्छ । त्यहाँ सम्पन्नताको खोलभित्र विपन्नता निकै चर्कोसित हावी छ ।

*स्रोत: UNDP, Human Development Report 1996, 1998 ◆ US, Bureau of Census: Current Population Reports*

❑

विश्व अर्थतन्त्र

# विश्वको ताजा आर्थिक परिसूचकहरु

| देश | आर्थिक वृद्धि दर (GDP) % | | औद्योगिक उत्पादन वृद्धि दर % | | बेरोजगारी दर % | | महँगी वृद्धि दर | | विदेशी ऋण | व्यापार सन्तुलन अरब डलरमा | | विदेशी मुद्रा जगेडा डलरमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहिले | पोहोर | अहिले | पोहोर | अहिले | पोहोर | अहिले | पोहोर | अरब डलरमा | अहिले | पोहोर | अहिले | पोहोर |
| अमेरिका | +३.५ | +३.९ | +१.५ | +५.६ | ४.६ | ४.६ | +१.५ | +१.८ | ८१४.० | -२३४.३ | -१९८.८ | ६८.१ | ५७.० |
| जापान | -३.६ | +१.० | -५.५ | -१.१ | ४.४ | ३.५ | +०.८ | +२.१ | ० | +१२१.४ | +९७.५ | २१३.० | २२७.० |
| जर्मनी | +२.८ | +२.४ | +२.३ | +४.२ | १०.६ | ११.८ | +०.७ | +१.९ | ० | +७७.१ | +७२.१ | ८०.९ | ७७.५ |
| ब्रिटेन | +२.३ | +३.८ | +०.४ | +१.९ | ६.२ | ६.७ | +३.० | +३.६ | ० | -३१.३ | -१८.५ | ३१.६ | ३५.० |
| फ्रान्स | +२.८ | +२.६ | +२.० | +४.२ | ११.२ | १२.४ | +०.३ | +१.३ | ४५.० | +२९.० | +२८.४ | ४२.८ | २९.७ |
| इटाली | +१.२ | +१.९ | -१.८ | +४.७ | १२.३ | १२.० | +१.५ | +१.६ | १.६ | +२७.९ | +३४.५ | ३८.८ | ५४.४ |
| स्विट्जरल्याण्ड | +१.८ | +०.८ | +४.७ | +८.२ | ३.३ | ४.९ | -०.२ | +०.४ | ० | +०.१ | ० | ३५.६ | ३५.१ |
| अष्ट्रेलिया | +५.० | +३.६ | +१.९ | +२.७ | ८.० | ८.४ | +१.३ | -०.३ | १४८.९ | -४.३ | +१.८ | १४.१ | १६.७ |
| रूस | -९.९ | +१.० | -९.१ | +१.९ | ९.० | - | +६६.९ | +११.६ | १२०.५ | +१२.५ | +२०.८ | ८.८ | १८.७ |
| चीन | +९.० | +८.२ | +११.० | +११.६ | - | - | -०.८ | +१.१ | १३०.९ | +४५.० | ३८.६ | १४३.७ | १३७.९ |
| भारत | +५.० | +६.८ | +१.४ | +२.१ | - | - | +१६.३ | +४.९ | ९५.३ | -९.१ | -५.२ | २६.५ | २४.४ |

*स्रोत: The Economist, London, Jan 2, 1999 र Jan 3, 1998 ◆ Asia Week को जनवरी ८, १९९९ को अंक*

# 'मुक्ति समाज' को दोस्रो राष्ट्रिय सम्मेलन सामु रहेका चुनौतिहरू

-पद्मलाल विश्वकर्मा

*अध्यक्ष, नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज*

## कसरी संगठित हुन थाल्यो दलितहरूको आन्दोलन ?

नेपालमा संगठित रुपमा देखापरेको दलित आन्दोलनले लगभग ५० वर्ष पार गरिसकेको छ। वर्ण व्यवस्थामा हुर्केको अहंकारी हिन्दू धर्मद्वारा लादिएको हजारौं हजार वर्षदेखि चालू जातपात एवं छुवाछुतको अन्त्य गर्ने उद्देश्यले नेपाली समाजमा दलित आन्दोलनको आरम्भ र विकास भएको हो। संगठित रुपमा नै वि.सं. २०११ सालमा दलित समुदायले पशुपति मन्दिर प्रवेश, २०१८ मा डोटीको शैलेश्वरी मन्दिर प्रवेश र २०२१ सालमा भोजपुरको सिद्धकाली मन्दिर प्रवेश लगायतका संघर्षहरु छेडेको थियो। स्मरणीय छ, यी संघर्षहरु अलग अलग समयमा निर्मित अलग अलग संगठनहरुले चलाए तर ती संगठनहरु भने आफैं बिलाए।

वि.सं. २०२४ मा चितवनमा खुलेको 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद' ले भने २०२९ मा पहिलो चोटि काठमाडौंमा राष्ट्रिय भेला सम्पन्न गरेर जातीय छुवाछुतविरोधी आन्दोलन चलाउँदै आयो। नेतृत्वको होडबाजी र सत्ताको तावेदारी गर्ने प्रवृत्तिले गर्दा यस संगठनबाट केही नेताहरु चोइटिए अनि 'नेपाल राष्ट्रिय समाज कल्याण संघ' जस्ता संस्थाहरु जन्मिए।

पंचायतकालमा पनि टि.आर. विश्वकर्माले त्यस 'दलित जन विकास परिषद' मार्फत् छुवाछुतलाई दण्डनीय करार गर्नुपर्ने माग राष्ट्रिय पंचायतमा उठाउनु, त्यस संस्थामार्फत् छुतभेद विरुद्धमा 'हुमिन संघर्ष' जस्ता अन्य संघर्षहरु उठ्नु आफैमा महत्वपूर्ण थिए।

पंचायती व्यवस्थाको अन्त्य गरेर बहुदलीय व्यवस्था स्थापना गरी त्यसैमार्फत् मात्र सामाजिक समानताको क्रान्ति गर्न संभव हुने ठहरसहित वि.स. २०४५ मा उत्पीडित जातीय उत्थान मंचको गठन हुनु, अनि २०४६ को जनआन्दोलनमा यसले पनि संलग्नता राख्नु, अनि मुलुकका कतिपय स्थानमा जातपात एवं छुवाछूतविरोधी आन्दोलन चलाउनुले मुलुकका बहुसंख्यक दलित समुदाय त्यस संगठनपट्टि आकर्षित हुँदै थिए। लामो सांगठनिक इतिहास बोकेको 'दलित जनविकास परिषद' र क्रान्तिकारी रुपमा चर्चित 'उत्पीडित जातीय उत्थान मंच' का नेताहरुले यस देशको विभाजित दलित आन्दोलनलाई एकीकृत गर्न र साझा एवं स्वतन्त्र रुपमा अघि बढाउन आवश्यक ठानी यी दुई संगठनहरुबीच एकीकरण गरी २०४९ मा 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज' (मुक्ति समाज) को नामबाट हालको अवस्थामा आइपुगेको हो।

## मुक्ति समाजसम्म आइपुग्दा

यस संगठनको प्रथम राष्ट्रिय सम्मेलन २०५१ मा सम्पन्न भएको थियो। यस संगठनको निर्माण भएपछि स्यांजा, चितवन, सिन्धुपाल्चोक आदिमा गरिएका दुग्ध संघर्षहरु, गोरखा, नवलपरासी, स्यांजा, काभ्रे, लगायतका स्थानमा गरिएका मन्दिर प्रवेश संघर्षहरु, सिन्धुपाल्चोक र काभ्रेमा भएका 'कुवापानी उबाऊ' संघर्षहरु र देशका विभिन्न भागमा गरिएका अरु किसिमका छुवाछूत विरोधी आन्दोलनहरुले 'मुक्ति समाज' दलित आन्दोलनको मूल प्रवाह बन्न पुग्यो।

अलग-अलग राजनैतिक पार्टीमा आस्था राखे पनि दलित मुक्तिको साझा सवाल समाधान हेतु यस संस्थामा जुट्ने र विविध खाले राजनैतिक विचारहरु बीच पनि साझा सहमतिका साथ अघि बढ्ने वा आफू आबद्ध पार्टीको प्रभावबाट यसलाई स्वतन्त्र राख्ने र कुनै पनि पार्टी वा शक्तिको आग्रहबाट माथि उठेर संगठनका सदस्यहरुको आस्थालाई सम्मान गर्ने कुरा नै यसको एकताको मूल आधार रहेको थियो- जसलाई प्रथम राष्ट्रिय सम्मेलनले सर्वसम्मत अभिमत प्रदान गरेको कुरा अविस्मरणीय छ। त्यसै गरी, मुक्ति समाजले अघि सारेको आन्दोलनलाई समर्थन गर्ने सबै पार्टीहरुलाई संगठनले समदूरीमा रहेर हेर्ने नीति पनि कायम रहँदै आएको हो।

> **अब दलितहरूको मुक्ति समाजले के र कसरी काम गर्नु पर्ला ?**

यस मुक्ति समाजलाई दलित समुदायको एक साझा एवं स्वतन्त्र अस्तित्व प्रदान गरेर संस्था दर्ता ऐनको मापदण्डभित्र रही यसलाई दर्ता गरियो पनि।

यसै वैधानिक औपचारिकतासमेत निर्वाह गरी अघि बढेको यस संगठनका सकारात्मक पक्षहरुको जगेर्ना गर्दै, यसका सामु रहेका चुनौतिहरु खुट्याएर तिनको समाधान गरी जानु आजको आवश्यकता भएको छ।

## चुनौती

यस स्थितिमा, चुनौतिको कुरा गर्ने हो भने, संगठनको एकताको मर्म र सम्मेलनबाट पारित स्वतन्त्र रुपले एकीकृत दलित आन्दोलनलाई हाँक्ने मूल नीतिलाई कतिपय कार्यकर्ताहरुले इमान्दारीपूर्वक पालना नगरेको स्थिति नै यस संगठनसामुको प्रमुख चुनौति बन्न पुगेको छ। यसका पछाडि रहेका कारणहरुलाई केलाउनु पर्ने र चिर्नुपर्ने भएको छ।

नेपाली कांग्रेस र राप्रपा जस्ता पार्टीहरुले घोषित रुपमै दलित जातिको भातृ संस्था खोले, अनि आफ्ना पार्टी पक्षीय कार्यकर्ताहरुलाई मुक्ति समाजबाट झिकेर ती संस्थामा राख्ने यो प्रयासले एकातिर समस्या खडा गरेको छ भने अर्कातिर विभिन्न वामपन्थी पार्टीसंग आबद्ध कतिपय कार्यकर्ताहरु पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले यस संगठनलाई आफ्नो पार्टीको जिम्मा लगाएर निजी स्वार्थपूर्ति गर्ने दाउमा लागे। केही दिन अघि मात्रै यस संगठनका नेकपा (एमाले) पक्षीय ३ जना केन्द्रीय सदस्यले विधान विपरीत जाली ढंगले एमालेको प्रत्यक्ष निर्देशनमा छुट्टै भेलाको आयोजना गरेर संगठन आफ्नो पार्टीलाई बुझाउँदै पुन: संगठन स्वतन्त्रै रहेको कपटी कुरा भन्दै जनतालाई भ्रमित पार्ने प्रयत्न गरेको उदाहरण स्मरणीय छ। संगठनको एकताको मर्मलाई घात गर्ने यस्तो प्रवृत्तिलाई रोक्नु अत्यावश्यक छ।

## स्पष्ट नीति जरूरी

यस्तो प्रवृत्तिलाई राकेर संगठनको स्वतन्त्र अस्तित्वको रक्षा गर्ने र यस देशको एकीकृत दलित आन्दोलनलाई अझ उचाइँमा पुर्‍याउने हो भने, सम्मेलनले केही कुरामा स्पष्ट नीति लिनैपर्छ। पहिलो कुरो त, दलित जातिको सामुदायिक संस्थालाई पार्टीले भातृसंस्था बनाउने गैर-सैद्धान्तिक प्रवृत्तिको खिलापमा जनमत तैयार गर्नु जरुरी छ। दलितले पार्टी सदस्य बन्नका लागि जातीय संगठनमार्फत् मात्रै जानुपर्ने किन ? अन्य जातिहरुका भने पार्टीका भातृसंस्था बन्नु जरुरी छैन तर दलितले मात्रै किन पार्टीको भातृसंस्था खोल्ने ? यस संगठनमार्फत् मात्रै जानु पर्ने किन ? यस संगठनका नेता एवं कार्यकर्ताहरु पार्टीका सदस्य वा कार्यकर्ता हुन पाउने भएदेखि उनीहरुले संगठनभित्र पालना गर्नुपर्ने आचार संहिता किटान गर्नुपर्ने हुन्छ। संगठनको राजनीति र पार्टी राजनीतिलाई एकैसाथ गर्न सकिन्छ कि सकिन्न ? संगठनका प्रमुख नेताहरुले पार्टी राजनीतिमा कस्तो संलग्नता राख्न पाउने अर्थात् कुन स्तरसम्मको जिम्मेदारी बहन गर्न पाउने हो, किटान गरिनु पर्ने भएको छ। यस संगठनभित्र यही संगठनको मात्र राजनीति गर्नुपर्छ। संगठनको स्वतन्त्र अस्तित्वलाई सांगठनिक सिद्धान्तको रुपमा स्वीकार्नै पर्छ, तर कसरी ?

दलित समुदायको मुख्य दुश्मन भनेको ब्राम्हणवाद-सामन्तवाद हो। यही ब्राम्हणवादी सामन्तवादी उत्पीडनका कारण दलित जातिहरुकै बीचमा चालू रहेको आपसी भेदभाव एवं छुवाछूतलाई अन्त्य गर्दै यी जातिहरुलाई अरु छूत भनिने जातिहरुसरहको जीवनस्तर र मर्यादामा पुर्‍याउनु हाम्रो रणनीति रहँदै आएको छ। यसलाई अर्को शब्दमा भन्नु पर्दा, आफूभित्रको असमानता मेटेर मात्रै अरुसंग समानताको लडाइँ लड्न सकिन्छ।

हाम्रो संगठनको मूल दर्शन विज्ञान हो। वैज्ञानिक दृष्टिकोण र भौतिकवादी चिन्तनले नखारिएसम्म जातपात र छुवाछूतबाट मुक्ति मिल्दैन। समाजवाद वा पूर्ण जनवादी शासन व्यवस्थामा पुग्नु हाम्रो लक्ष हो। यसैले, दलित मुक्ति आन्दोलन वामपन्थी आन्दोलन वा पूर्ण प्रजातान्त्रिक आन्दोलनसंग हातेमालो गरेर अघि बढ्ने आन्दोलन हो।

दलित समस्या सामाजिक समस्या मात्र नभई एक गंभीर मानवीय समस्याको रुपमा रहेको प्रष्ट छ। यसैले यो एक राजनैतिक समस्या पनि हो।

ब्राम्हणवादले राजनैतिक प्रकृतिलाई ध्वस्त गर्छ, अनि समानता र स्वतन्त्रताको अवसरलाई पूर्ण रुपमा इन्कार गर्छ। जातपात र छुवाछूतको समस्या भनेको वर्ण-समस्या र वर्ग समस्याको संयुक्त रुप हो। यसैले वर्ण संघर्ष र वर्ग संघर्षलाई सगसंगै उठान नगर्दासम्म दलित मुक्ति संभव छैन। वर्गीय क्रान्ति सम्पन्न गरेपछि स्थापित राज्य व्यवस्थामा आर्थिक समानता भलै मिल्ला, तर सामाजिक समानता र न्याय मिल्ने संभावनाको ग्यारेण्टी छैन। यसैले हाम्रो जातीय मुक्ति आन्दोलन हाँक्न वर्गीय दृष्टिकोणले मात्रै पुग्दैन, वर्णीय दृष्टिकोण पनि साथै रहनु अनिवार्य छ। सामाजिक न्याय र समानताको आन्दोलनलाई समाजवादको आन्दोलनसंग गाँसेर अघि बढाउँदा मात्र क्रान्तिकारी सामाजिक परिवर्तन हुन सक्छ र मात्रै आमूल परिवर्तन संभव छ।

दलित मुक्ति आन्दोलन मानव अधिकार बहालीको आन्दोलन पनि हो, जो शोषित पीडित जनता र सिंगो राष्ट्रको मुक्ति आन्दोलनको एक हिस्सा वा पूरक कै रुपमा रहन्छ। यसैले विविध जाति जनजातिका संगठनहरु, मानव अधिकारवादी संस्थाहरु, लेखक साहित्यकार, कलाकारका संस्थाहरु, बुद्धिजीवीका संस्थाहरुसंग पनि सहकार्य गर्दै आन्दोलन उठाउनु जरुरी देखिन्छ। विभिन्न भाषा, धर्म, संस्कृति र जातिहरुको मुक्ति आन्दोलनलाई एकीकृत आन्दोलनमा डोऱ्याउने मूल कडी कसरी फेला पार्ने हो, त्यही नै हाम्रो आन्दोलनको र सिंगै मुलुकका लागि पनि एक चुनौति बन्न पुगेको छ।

## राज्य सत्तामा हिस्सेदारी-आरक्षण

राज्य सत्तामा दलितको हिस्सेदारीको सवाल पनि हाम्रा निम्ति चुनौति बन्न पुगेको छ। प्रजातान्त्रिक भनिने यो ८ वर्ष अवधिमा परम्परागत रुपमा शासनमा हालीमुहाली गर्दै आएका ब्राम्हण क्षेत्री-नेवार बाहेक आंशिक रुपमा जनजाति, आदिवासीहरु पनि शासनमा हिस्सेदार हुन पुगे। महिला वर्गलाई आंशिक रुपमा किन नहोस्, माथिदेखि तलसम्म आरक्षण प्राप्त छ तर श्रमिक जनताको प्रतिनिधिको रुपमा रहेको, हजारौं वर्षदेखि अर्थिक-सामाजिक उत्पीडनको कारण अछूतमा खसालिएको अनि सिंगै राष्ट्रकै जनसंख्याको एक चौथाई जनसंख्यामा रहेको दलित समुदायलाई कतै आरक्षणको व्यवस्था भएन। कांग्रेस, कम्युनिष्ट, राप्रपा आदि पार्टीका ज्यानफाला कार्यकर्ताहरु दलित नै छन्, तर जातीय कारणले भोट नमिल्ने ठहर गर्दै पार्टीहरुले चुनावमा तिनलाई टिकट दिँदैनन्।

अर्को कुरो के छ भने, मुलुकका राजनैतिक पार्टीहरु जातीयतावाद र क्षेत्रीयतावादबाट मुक्त हुन सकेका छैनन्। पार्टी कमिटीका केन्द्रदेखि तल्लो स्तरसम्म खास माथिल्ला भनिने जातिको भीड जम्मा छ र चुनावमा टिकट दिँदा नातावाद, दादावाद, द्रव्यवाद, जातीयता र क्षेत्रीयतावाद अपनाईंदै आएको छ। मुलुकका राजनैतिक पार्टीहरुको यो रवैयाले गर्दा दलित समुदाय आफ्नो राजनैतिक प्रतिनिधित्वको उपायको खोजीमा लागेको छ। यसै क्रममा आरक्षण मोर्चा, दलित श्रमिक मोर्चा जस्ता दलित जातिको मात्र भनेर पार्टी चलाउने पहल हुँदै पनि आएको छ। तर यस्ता पार्टीहरु दलित मुक्तिको सैद्धान्तिक बाटोबाट विचलित हुँदै अन्य देशी विदेशी पार्टीको शाखाको रुपमा अति भावावेशको राजनैतिक नारा दिएर आएका छन्। यस सवालमा हामीले हाम्रो मुलुकको वस्तुगत यथार्थलाई बिर्सेर जे पायो त्यही गर्न सकिन्न।

**फुटेर होइन जुटेर संघर्ष गर्नु पर्छ भन्ने नारा दिँदै दिनानुदिन नयाँ संगठनहरु खडा हुँदैछन्।**

उत्तर प्रदेश र विहारका कतिपय इलाका जस्तो दलित बाहुल्यता भएका चुनाव क्षेत्र हाम्रो मुलुकमा कति होलान्? हाम्रो देशमा क्षेत्रीयताका आधारमा निर्मित पार्टीले एक हदसम्म गणनायोग्य सिट जित्न सक्ला, तर जातीय पार्टीले नगण्य सिट ल्याउँछ वा ल्याउँदै ल्याउँदैन। त्यसकारण, दलित मुक्ति आन्दोलनको सिद्धान्त समेत बोकेको अनि यस समुदायलाई आरक्षण दिने नीति लिने पार्टी कुनै छ भने त्यसमार्फत् वा त्यससंग तालमेल गरेर जाने हो कि? यदि त्यो संभावनाको ढोका बन्द छ भने अबदेखि हाम्रो नीति के हुने? मुक्ति समाजको आगामी राष्ट्रिय सम्मेलनले यसबारे ठहर गर्नैपर्ने भएको छ।

चरम आर्थिक उत्पीडन र सामाजिक रुपमा अछूत समुदाय नै दलित हो। गाँसबास एवं कपासको समस्या टार्न अरुको हरुवाचरुवा खेतालादेखि बधुवासम्मको दासता बेहोरेर अधिकांश दलितहरु बाँच्न बाध्य छन्। यसरी, पटक्कै समय दिन नपाउने र अरुका कब्जामा रहने दलित जनतालाई उनीहरुको मानवीय हक हितबारे केही कुरा सुनाउने कहिले अनि कसरी? बन्द-व्यापार, व्यवसाय गर्ने पैसा नपाउने यी जनताहरुले जसैतसै उत्पादित गरेका दूध, च्यूरा, चिया-पानी आदि छुइने भएकोले बजारमा चल्दैनन् भने कहाँबाट बढाउने आम्दानीको स्रोत? सिंगो दलित समुदाय साह्रै सस्तोमा राजनैतिक पार्टीका भोट बैंक भएका छन्, दलित महिलाहरु नगण्य रकममा यौनदासी पारिएका छन् वा विदेशमा पैठारी गरिँदै आएका छन्। केही वर्ष यतादेखि INGO र NGO हरुको लागि अच्छा-खासा कच्चा पदार्थको रुपमा दलित वर्ग देखापरेको छ। यी NGO का ठेकेदार एवं एजेण्टहरुले दलित उत्थानका नाममा लाखौं लाख कमाइरहेका छन् भने NGO ले मुक्ति देला भनेर बाटो हेर्ने दलितहरुको बेहाल भइरहेको छ। पार्टीका भातृसस्था भएर आउने दलित सगठनहरु पनि NGO कै कारोवारबाट पार्टीको र दातृसंस्थाको दोहोरो तावेदारी गरेर आफ्नो झोली भर्दैछन् भने दलित संस्थाका रुपमा उदाएका अनगिन्ती संस्थाहरु जो INGO, NGO र सरकारका एजेन्ट छन्, तिनीहरुले दलितका नाममा दलाली मात्रै गर्दै आएका छन्। पैसा बोकेर दलित माझमा पुग्ने अनि दलितको मोलतोल गर्दै डुल्ने दलित संस्थाहरुले दलित आन्दोलन सामु विशेष गरी, हाम्रो अभियानमा गंभीर चुनौति खडा गरिदिएका छन्।

विना पैसा जनताका माझमा जाने, उनीहरुकै भाग मागेर खाने, चन्दा उठाएर भेला-गोष्ठी-सभा आदि गर्दै उनीहरुलाई सचेत-संगठित एव आन्दोलित गर्ने हाम्रो काइदा यस स्थितिमा अब संकटमा पुगेको छ। कुन हिसाबले अब पूर्णकालीक कार्यकर्ता पाल्ने, NGO र सरकारी परियोजनाबाट पल्किएका केही, अनि बिच्किएका अधिकांश दलितहरुलाई कसरी आकर्षित गर्ने वा समेट्ने, दलित जनतालाई बाँच्ने तथा सशक्तीकृत हुने कस्तो वैकल्पिक उपाय दिन सकिन्छ? सिंगै राष्ट्र, ठूलाठूला पार्टी एवं माफिया समूहलाई समेत चलाउँदै आएको INGO, NGO जस्ता धनकुबेरका छेउछाउ पर्दै नपर्ने हो भने सम्मानजनक ढंगले आत्मनिर्भर बन्ने उचित बाटोको खोजी हुनुपऱ्यो, या त यिनीहरुलाई कसरी र कहिलेसम्म उपयोग गर्ने भन्ने नीतिको ठहर गर्नै पर्ने हुन्छ। आजसम्म हाम्रो संगठन NGO को परियोजना सचालन गर्ने कुराबाट तटस्थ रहँदै आएको छ।

यी माथिका विविध कुराहरुलाई गंभीर ढंगले मनन् गरेर आगामी दिनको नीति तय हुनुपर्छ।

## छुवाछुतबारे दण्ड र पार्टी-स्पष्टता

संविधान र कानूनमा लेखिएका सीमित समानताका हक-अधिकार प्राप्तिका लागि हाम्रो पहल निरन्तर कायम रहेको हो। तर अहिलेसम्म पनि किन सर्वजनिक स्थलमा जातीय भेदभावको दुर्व्यवहार गर्नेमाथि राज्यले कुनै कार्यवाही गरेन? छुवाछूतको अपराधमाथि दण्ड सजाय हुने भन्ने कानून फितलो भएर हो वा हाम्रो आवाज फितलो भएर हो? यथार्थमा यी दुवै हुन्- जिम्मेवार। हाम्रो संगठनले उठाउँदै आएका मूल मुद्दाहरुमा राज्यलाई धर्मनिरपेक्ष बनाउने र दलितले आरक्षण लिने थिए। यी मागपूर्तिका लागि हामीले गरेका प्रयत्नहरु कामयाब भएका छैनन्। मुलुकका केही साना ठूला पार्टीहरुले समेत धर्मनिरपेक्षताको सवाल उठाएका छन् तर दलित वर्गलाई आरक्षण दिने सवालमा मुलुकका ठूला राजनैतिक पार्टीहरु अहिलेसम्म स्पष्ट छैनन्। मुक्ति समाजले आरक्षणको सवालमा जे जति प्रयत्न गऱ्यो त्यसबाट देखिएको उपलब्धि के हो भने, अब कांग्रेस, कम्युनिष्ट, राप्रपा एव दरबार पक्षधर दलितहरु आरक्षणको पक्षमा एकमत छन्- केही अपवादलाई छाडेर। यो आरक्षणको लडाइलाई मानव अधिकारवादी सस्थाहरु र जनजातिका सस्थाहरुले पनि साथ दिने पक्का छ। यसैले आगामी दिनमा आरक्षणको साझा मुद्दामा सबै दलित सस्थाहरु, नेताहरु एव सहयोगीहरुसंग एकता गरी साझा मोर्चा बनाएर सशक्त संघर्ष उठाउने दायित्व हाम्रो काँधमा छ र हाम्रो आगामी सम्मेलनले त्यसबारे उपयुक्त कार्यनीति तय गर्नुपर्ने छ।

त्यसै गरी, छुवाछूतलाई पूर्ण उन्मूलनका लागि अनि धर्मनिरपेक्षता सहितका हामीले उठाउँदै आएका मागहरु पूर्ति गर्नका लागि आगामी सघर्षका रुपहरुको ठहर पनि गर्नुपर्ने भएको छ।

दलितका नाममा NGO खोल्ने कुरालाई त अब रोक्न सकिने स्थिति छैन, तर सबै दलितका सगठनहरु एक हुनु पर्छ, फुटेर होइन जुटेर संघर्ष गर्नु पर्छ भन्ने नारा दिँदै दिनानुदिन नयाँ सगठनहरु खडा हुँदैछन्। स्वतन्त्र रुपमा अघि बढ्नु पर्छ भन्दै स्वतन्त्र संगठनबाट फुट्दै पार्टीका दलाल सगठनहरु देखा पर्दैछन् भने सबै दलित एक होऔं भन्ने नारा दिएर सार्की, परियार, विश्वकर्मा, माझी, बांतर, पासवान, खड्गी, कपाली आदिका छुट्टाछुट्टै सस्थाहरु खुल्दैछन्।

परियोजनामुखी दलित NGO हरुलाई हाम्रा मोर्चामा कसरी सामेल गरी उपयोग गर्ने, कसरी पार्टीपरस्त दलित सस्थाहरुलाइ साझा सघर्षमा गोलबन्द गर्ने, अनि खास एकै जाति वा उपजातिका सगठनहरुलाई कसरी व्यवस्थित गर्दै साझा सघर्षमा उतार्ने जस्ता स्पष्ट नीति र कार्यक्रम आगामी ०५५ फागुन १ देखि ३ सम्म काठमाडौंमा सम्पन्न हुन गइरहेको हाम्रो 'मुक्ति समाज' को दोस्रो राष्ट्रिय सम्मेलनको काँधमा छ।

यी माथिका सबै चुनौतिहरुलाई सिद्धान्त र व्यवहार दुवै दृष्टिले गंभीर विश्लेषणसहित समाधान गर्ने उपयुक्त बाटो प्रशस्त गर्न सकिएमा मात्र सम्मेलनको मूल नारा 'ब्राम्हणवाद-सामन्तवादको अन्त र पूर्ण स्वतन्त्रता, धर्म निरपेक्षता र "आरक्षण हाम्रो आवश्यकता" चरितार्थ हुनेछ। ☐



# छापामार युद्धमा नेता क. नागभूषण !

गतांकदेखि हामीले ज्यूँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. क. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्न थालेका छौं । गतांकमा यहाँहरूले जमीन्दारको परिवारमा जन्मेका क. नागभूषणले कसरी जमीन्दारहरूकै शोषण–उत्पीडनविरूद्ध संघर्ष गर्न थाले भन्ने कुरा पढ्नुभयो । यस अंकमा पढ्नुहोस्- क. चारू मजुमदारको नेतृत्वमा नक्सलवाडीबाट शुरू भएको सशस्त्र किसान विद्रोहमा उनको संघर्षशील भूमिका । *-मूल्यांकन*

## माकपाबाट निष्काशन र पहिलो अपरेशन

१९६६ मा मलकानगिरीस्थित चित्रकुण्ड जलविद्युत परियोजनाका ५ हजार मजदूरहरुले क. नागभूषण पटनायकको नेतृत्वमा संचालन गरेको लामो जुझारु संघर्ष सफल भयो । यस सफल संघर्षका क्रममा दुईवटा प्रवृत्तिहरु देखा परे । एउटा, माकपाद्वारा चित्रकुण्ड मजदूर आन्दोलनका नेताहरुसंग 'जुझारु संघर्ष किन चलायौ ?' भन्ने आशय-सहितको स्पष्टीकरण मागियो । चित्रकुण्ड संघर्षको तरीका ठीक छ भन्ने मजदूर नेताहरुले स्पष्टीकरणको जवाफ नदिएपछि माकपाले आक्रोशित भएर क. नागभूषण लगायतका अन्य नेताहरुलाई पार्टीबाटै निष्काशित गर्‍यो ।

अर्को प्रवृत्ति थियो, हडतालरत मजदूरहरुका सबै माग पूरा गर्ने वचन नागभूषणले एक दर्जनभन्दा बेसी अपरेशन गराउनु पर्‍यो । लामो समयसम्म कैदी जीवन बिताउनु परेकाले गंभीर रोगहरुको लस्कर नै उनको शरीर पछि पछि लागेको थियो ।

## नक्सलवादको आँधीबेरी बीच

जेल र अस्पतालको बन्दी जीवनबाट अलिकति छुट्कारा पाएपछि उनी क. चारु मजुमदारको नेतृत्वमा नक्सलवाडीबाट गुञ्जेको 'वसन्तको बज्रनाद' सुनेर नक्सलवादी भए । माकपाद्वारा निष्काशित जुझारु कमरेड नागभूषणको लागि १९६७ को मई २३ मा नक्सलवाडीबाट शुरु भएको सशस्त्र किसान विद्रोह चाहिं भारतको नयाँ जनवादी क्रान्तिको शुरुवात नै हो जस्तो लाग्यो । माओ त्से तुङको नेतृत्वमा चीनमा सफलतापूर्वक सम्पन्न भएको नयाँ जनवादी क्रान्तिको अन्ध नक्कलस्वरुप भएको त्यस सशस्त्र किसान विद्रोह पश्चिम बंगालको नक्सल-बाडीबाट आन्ध्र प्रदेशको श्रीकाकुलम र तेलंगाना हुँदै उडिशाको कोरापुर, विहारको भोजपुर र मुजफ्फरपुर, उत्तर प्रदेशको लखीमपुर खिरी, तमिलनाडु, केरल, आसाम, त्रिपुरा र पंजाबका गाउँहरुसम्म विस्तार भयो ।

नक्सलवादी किसान विद्रोह नक्सलबाडीबाट श्रीकाकुलमसम्म जंगलको आगो भैं फैलिएपछि श्रीकाकुलम क्षेत्रसंग जोडिएको उडिशाको कोरापुट जिल्लाका जुझारु कमरेडहरु निकै आकर्षित भए । छापामार युद्धका लागि आवश्यक मानिने पहाडहरु र जंगलहरुले भरिएको कोरापुर जिल्लामा क. नागभूषण जस्ता कमरेडहरु त्यहाँ 'छापामार युद्धका लागि आवश्यक आदर्श परिस्थिति' देखेर निकै रोमाञ्चित भए । क. नागभूषण र उनका गुरु भुवनमोहन पटनायकको नेतृत्वमा कोरापुटका नक्सलवादीहरुले जुझारु किसान संघर्षहरु गरेर गुणुपुर परगनामा आफ्ना गतिविधिहरु केन्द्रित गरे ।

क. भुवनमोहन नागभूषणभन्दा वरिष्ठ थिए र उनलाई कम्युनिष्ट राजनीतिमा सहभागी गराउने काम क. भुवनमोहनले नै गरेका थिए । ती दुवै पटनायकहरु गुणुपुर बारका प्रख्यात र भलादमी वकिलहरु थिए । आदिवासी किसानहरुको पक्षमा थुप्रै मुद्दाहरु लडेर दुवै पटनायकहरुले राम्रो प्रतिष्ठा आर्जन गरेका थिए ।

त्यसबेलाको अनुभवबारे बताउँदै क. नागभूषणले एक पटक भनेका थिए- "वकालतको पेशामा लाग्दाका ती सबै वर्षहरुमा म त्यस्ता स्थितिहरुसंग जोडिएँ, जुन स्थितिहरुले मेरो जीवनमा उत्तेजना भर्ने काम गरे । वकिलको पेशा संगसंगै सक्रिय राजनीतिक जीवन बकाइदासंग चलिरहेको थियो र यो दोहोरो भूमिका धेरै नै कठीन खालको थियो !'

अदालतमा आदिवासी किसानहरुको पक्षमा वकालत गर्ने र सडकमा नारा-जुलूस गर्ने, संगठन र चेतना विस्तार गर्ने अभियानमा लागीपरेका क.

## जीवनको झाँकी

दिइसकेपछि सरकारले त्यस संघर्षका नेताहरुलाई गिरफ्तार गर्‍यो । क. नागभूषण लगायत अधिकांश नेतृत्वदायी कमरेडहरुलाई जेलभित्र बन्द गरियो ।

"जेलभित्र मेरो स्वास्थ्य झन् झन् खराब हुँदै गयो । मेरो मुखबाट रगत उल्टी हुन थाल्यो र गुदद्वारबाट पनि धेरै नै रगत बहन थाल्यो । जेलमा मेरो हालत झन् झन् बिग्रिँदै गएपछि मेरो वकिल आर.के. गर्ग सी.के. कृष्णमेननसंग भेट्न गए तथा उनलाई मेरो बिग्रँदो स्थितिका बारेमा बताए । कृष्णमेननले म एकजना रोगले ग्रस्त युवा बन्दी भएको नाताले मेरो मामिलामा रुचि लिए एवं त्यस स्थितिमाथि हस्तक्षेप गरे । फलस्वरुप, मलाई जमानतमा रिहा गरियो, त्यो मुद्दालाई विचाराधीन राखियो । र, यहाँ अखिल भारतीय आयुर्विज्ञान संस्थानमा ल्याइयो । जाँचको क्रममा थाहा भयो- मेरो पेटमा अल्सर भइसकेको रहेछ । मेरा भाइले पैसाको व्यवस्था गरे । र, अपरेशन गरेर मेरो आन्द्राको ठूलो भाग निकालेर फ्याँकियो । अहिले आन्द्रा केवल १/८ भाग मात्र बाँकी छ ।"

**जंगल, जेल र अस्पतालका आजाद बन्दी**

पेटको ठूलो अपरेशनपछि क. नागभूषणको जीवन, उनकै शब्दमा "जंगल, जेल र अस्पताल" को निर्मम बन्दी बन्न थाल्यो । तर नक्सलवादी कमरेडहरु उनको जीवनलाई 'जेल, जंगल र अस्पतालका आजाद बन्दी' भन्न रुचाउँथे । हुन पनि आफ्नो जीवनको १४ वर्षभन्दा बेसी समय उनले जेलमा बिताए । जंगलमा २-३ वर्ष बिताएका

# जीवनको झाँकी

**१४ जुलाई १९९९ मा विशाखापट्नम अस्पतालमा म पेटको रोगसम्बन्धी अपरेशन गराएर आराम गरिरहेको बेला गिरफ्तार गरिएको हो । त्यसबेला अपरेशनको घाउको दुखाइले गर्दा म न उठ्न सक्थें, न हिंड्न नै सक्थें । त्यस्तो बिरामी अवस्थामा रहेको व्यक्तिलाई पनि हथकडी लगाइयो ।**

**-क. नागभूषण**



नागभूषणले नक्सलवादी विद्रोहको क्रममा गुणुपुरका किसानहरुको परिचालनमा महत्वपूर्ण योगदान दिए ।

उनले 'कम्युनिष्ट क्रान्तिकारीहरुको उडिशा राज्य कोअर्डिनेशन कमिटी' र आन्ध्र प्रदेशमा आन्ध्र प्रदेश रिभोल्यूशनरी कोअर्डिनेशन कमिटी अफ कम्युनिष्ट (APCCCR) मार्फत् किसानहरुलाई सचेत, संगठित र सशस्त्र गर्ने काममा सहयोग गरे । आन्ध्र प्रदेशमा माकपाको चुनावी पराजयबाट निराश भएका र नक्सलवादी सशस्त्र किसान विद्रोहबाट अति उत्साहित भएका कमरेडहरुले श्रीकाकुलमका किसानहरुको जुझारु संघर्षलाई नयाँ आयाम दिए । तिनीहरुले माकपाभित्र रहँदाखेरी नै माकपाको श्रीकाकुलम जिल्ला कमिटी र किसानहरुको गिरीजन संघमहरुमार्फत् जमीन्दारहरु एवं सरकारविरुद्ध १९५९ देखि १९६७ सम्म लगातार संघर्ष गरेर ठूला ठूला सफलताहरु प्राप्त गरिसकेका थिए । संघर्षको क्रममा श्रीकाकुलमका किसानहरुले जमीन्दारहरुबाट खोसिएको आफ्नो ७ सय एकड जमीन जोत्ने, सरकारबाट मुक्त गरिएको डेढ हजार एकड जंगल आफूहरुले प्रयोग गर्ने, सूदखोरहरुको दुई लाख ऋण नतिर्ने, बेगार खत्तम गर्ने, दैनिक मजदूरी १२ गुना बढाउने जस्ता ठूला ठूला सफलताहरु पाइसकेका थिए । यो अभूतपूर्व सफलतामाथि जमीन्दार, साहू र सरकारले धावा बोल्न थाल्दा पनि माकपाको नेतृत्वले त्यसको प्रतिरोध गर्ने नीति नबनाएपछि श्रीकाकुलम लगायत आन्ध्र प्रदेशका अधिकांश जुझारु कमरेडहरुले पार्टीभित्र विद्रोह गरेका थिए ।

यही विद्रोहको क्रममा माकपा पार्टीबाट निष्काशित कमरेडहरुद्वारा निर्मित APCCCR ले श्रीकाकुलमदेखि तेलंगानासम्म किसानहरुको जुझारु संघर्षलाई नयाँ आयाम दिनका लागि छापामार दस्ता बनाउने र किसानहरुको हतियारबन्द लडाइँ शुरुगर्ने निर्णय गर्‍यो । छापामार युद्ध शुरु गर्नुभन्दा अगाडि युद्ध कौशलको ट्रेनिङ दिनु जरुरी ठानेर त्यसका प्रमुख नेता टी. नागीरेड्डीको अगुवाइमा तय गरियो- अप्रिल, मे र जून, १९६८ सम्म ट्रेनिङ पूरा गरेर वर्षा शुरु हुनासाथ छापामार कारवाही शुरु गर्ने !

छापामार युद्ध कौशलको लागि सुरक्षित ठाउँ खोज्नका लागि क. नागभूषण र जिल्ला सचिव रामलिंगाचारीले कैयौं ठाउँमा यात्रा गरे । तर जमीन्दार, साहूहरु र प्रहरीहरुद्वारा सशस्त्र आक्रमण भइरहेको सन्दर्भमा किसानहरुको प्रतिरोधमा दिनानुदिन नेतृत्व गरिरहेका श्रीकाकुलमका जुझारु नेताहरुले APCCCR को यो 'ढिलोढालो खाल'को नीतिप्रति असहमति प्रकट गरे । वेम्पटापु सत्यनारायण, आदिबाटला कैलासम र तमाडा गणपति जस्ता श्रीकाकुलमको किसान संघर्षका नेताहरुले किसानहरुमाथि भइरहेको आक्रमणको तुरुन्तै सशस्त्र प्रतिरोध गर्नुपर्ने विचार राख्दै भने- 'तुरुन्त सशस्त्र संघर्ष शुरु गर्नु पर्दछ । छापामार ट्रेनिङ त संघर्षको दौरानमा पाईहालिन्छ नि ! क्रान्तिले कहिले पनि वर्षाको मौसम कुर्दैन !'

यही विवादको विषयमा क. नागभूषणले बीचबचाऊको भूमिका खेले । उनी क. चारु मजुमदारको नेतृत्वमा स्थापित नक्सलवादी विद्रोहको मूल संचालक कमिटी AICCCR का प्रतिनिधि सुशीतल रायचौधरीसंगै आन्ध्रको यात्रामा हिंडे । आन्ध्रको प्रतिष्ठित कम्युनिष्ट नेता तथा माकपाका पूर्व केन्द्रीय सदस्य कोला बेंकैयासंग श्रीकाकुलमका समस्याहरुका बारेमा छलफल गर्न उनीहरु दुवै विजयनगरम गए, तर उनीसंग भेट भएन । यसैबीच १९६८, सेप्टेम्बरको तेस्रो हप्तामा श्रीकाकुलम कमिटीको बैठकले श्रीकाकुलममा प्रहरी र जमीन्दारहरुको आक्रमणको प्रतिरोध गर्न सशस्त्र जनसंघर्ष शुरु गर्ने निधो सर्वसम्मति गर्‍यो । बैठकले जमीन्दारहरुबाट जग्गा जमीन, सम्पत्ति र अन्न खोस्ने निर्णय गरेर किसानहरुको जायज माग पूरा गर्ने र उनीहरुको सहभागिताको ग्यारेन्टी गर्ने राजनीतिक सुझबुझपूर्ण निर्णय पनि गरियो । साथै, आन्ध्र प्रदेशको APCCCR नक्सलवादीहरुको मुख्य संगठन AICCCR मा तुरुन्त सहभागी नभएकोमा पनि बैठकले निन्दा गर्‍यो ।

यही सन्दर्भमा आन्ध्रका तेजेश्वर राव, पंचादि कृष्णमूर्ति र मुरलापुडी बेंकटरत्नमले कलकत्ता गएर चारु मजुमदारसंग भेटे । चारु बाबुले पनि उनीहरुलाई तुरुन्तै सशस्त्र संघर्ष शुरु गर्ने सल्लाह दिए । साथै श्रीकाकुलम कमिटी आफ्नो हातबाट खुस्कँदै गएको ठानेर टी. नागीरेड्डी जस्ता आन्ध्रका नेताहरुले APCCCR लाई AICCCR मा जोड्ने र वर्षा नपर्खीकन नै युद्ध शुरु गर्ने अनुमति दिए । अन्ततः अक्टोबर २३ देखि २५ सम्म बोड्डापाडुमा भएको श्रीकाकुलम कमिटीको बैठकले सशस्त्र संघर्ष शुरु गर्ने अन्तिम टुंगो लगाएर तयारी गर्न शुरु गर्‍यो । त्यसपछि यो सशस्त्र संघर्ष १९६७ को मध्यसम्म सशस्त्र जन अभियानको रुपमा चलिरह्यो ।

## सशस्त्र संघर्षको शुरुवात

श्रीकाकुलममा २४ नोभेम्बर, १९६८ को रातदेखि सशस्त्र संघर्ष शुरु भयो । त्यहाँका प्रख्यात नेता वेम्पटापु सत्यनारायणको नेतृत्वमा त्यस रात धनुष वाणहरुले लैश ४०० किसानहरुले पेडागोठिल्ली गाउँका जमीन्दार थीगला नरसिंहलुमाथि आक्रमण गरे । त्यसको लगत्तै दोड्डकालु गाउँका साहू राममूर्तिमाथि हमला गरियो । त्यसपछि त सशस्त्र किसानहरुको आक्रमणका कारण श्रीकाकुलमका जमीन्दार र साहूहरुको आराम हराम भयो । प्रत्येक जसो गाउँमा किसानहरुको चार-पाँच सयभन्दा बेसीको सशस्त्र जत्थाले जमीन्दारहरुमाथि आक्रमण गरेको, 'माओ जिन्दावाद !' भनेर नारा बुलन्द पार्दै उनीहरुका धन-सम्पत्ति लुटेको, जमीन किसानहरुबीच बाँडेको, अन्नबाली काटेर लगेको र तमसुकहरु च्यातेको समाचार फैलिन थाल्यो ।

यो सफलताबाट उत्साहित श्रीकाकुलम विद्रोहका नेताहरुले त्यहाँ 'जनसत्ता स्थापित गर्ने र जनसेना निर्माण गर्ने' जतिसक्दो त्यति छिटो हातहतियार, पैसा र सम्पत्ति लगायत अन्य सामान जोड्ने प्रयास गरे । सरकारले त्यहाँ सेना तैनाथ गर्नुभन्दा अगावै यी जम्मै जम्मा गर्ने अभियानको क्रममा कमै मात्र जमीन्दार र साहूहरुको हत्या भएको देखिन्छ ।

यस्ता सशस्त्र जन अभियानहरुमा श्रीकाकुलमका आदिवासी किसानहरुको सम्पूर्ण समर्थन थियो । जिल्लाभरि जनसंगठन गिरीजन संघम र पूर्व पार्टी संगठन APCCCR को जालो

भारतको चेन्नई (मद्रास) मा भाकपाको १७ औं महाधिवेशनको उद्घाटन समारोहमा सम्बोधन गर्दै क. नागभूषणः यही नै उनको जीवनको अन्तिम भाषण थियो



# जीवनको झाँकी

फैलिसकेको थियो । यी संगठनहरुको अगुवाइमा विद्रोहमा उत्रेका आदिवासी किसानहरुले स्थानीय हतियार र बन्दूकको भरमा, पहाड र जंगलको सुरक्षा कवचलाई प्रयोग गरेर नक्सलवादी विद्रोहलाई जनमुखी स्वरुप दिए । त्यस जनविद्रोहको सफलता र राम्रो प्रचारबाट आन्ध्र प्रदेशका मात्रै होइनन्, पश्चिम बंगालदेखि पंजाबसम्मका नक्सलवादी नेता- कार्यकर्ताहरुले उत्साह र उत्प्रेरणा प्राप्त गरे ।

## 'वर्ग शत्रु सफाया' गर्ने अभियान

श्रीकाकुलममा फैलिएको सशस्त्र जन अभियानकै क्रममा बैलेरुगुडा गाउँमा एउटा त्यस्तो घटना भयो, जुन घटनालाई गलत ढंगले व्याख्या गरिएको कारणले सशस्त्र जनताको सामूहिक कारवाहीलाई केही मुट्ठीभर छापामारहरुको दस्ताको कारवाहीमा नक्सलवादी विद्रोह फेरिन पुग्यो ।

२० डिसेम्बर, १९६८ मा पुलिसले त्यस गाउँमा छापा मार्न आएको देखेर गाउँलेहरु पहाडको चुच्चोतिर चढ्न थाले, साथै छिमेकी गाउँका जनताहरु पनि जम्मा हुने क्रममा त्यहाँ ५०० भन्दा बेसी मान्छेहरु एकत्रित भए । स्पेशल आर्म्ड पुलिसहरुको कैयौं प्लाटून, २५ वटा ट्याक्टर र ठूलो संख्यामा मालवाहक बाहन सहित आएका जमीन्दारहरुतिर जम्मा २०० जना जति भए । पहाडको चुच्चोतिर रहेका किसानहरुले पुलिस र जमीन्दारहरुमाथि तीर बर्साए, ठूल-ठूला ढुंगा खसालेर तिनीहरुलाई भगाएरै छाडे ।

भोलिपल्ट, २३ डिसेम्बरका दिन पुलिस र जमीन्दारहरु एगुवावल्लेरुगुडम गाउँ पुग्दा पनि ८०० जना आदिवासी जनताको सशस्त्र प्रतिरोध भयो । जब यो प्रतिरोधसम्बन्धी रिपोर्ट AICCCR का नेताहरुकहाँ पुग्यो, तब तिनीहरुले यो प्रतिरोध संघर्षको गलत निष्कर्ष निकाल्दै श्रीकाकुलमका कार्यकर्ता-नेताहरुलाई सुझाव दिए- पुलिसको मुकाबिला गर्ने काम सयौं हजारौं मानिसहरुबाट गरिनु रणनीतिक रुपले घातक हुन सक्छ, त्यसैले छापामार दस्ता बनाएर पुलिसहरुको आक्रमणको प्रतिरोध गरियोस् !

केन्द्रको यस सुझावले जमीन्दार र पुलिसको आक्रमणका विरुद्ध सामूहिक कारवाही र प्रतिरोधमा सफलतापूर्वक उत्रिरहेका जनतालाई पछाडि धकेल्यो र जनताको सट्टामा केही मुट्ठीभर छापामारहरुको दस्ता निर्माण गरी त्यसलाई क्रियाशील गर्‍यो । त्यसपछि जनताको सशस्त्र कारवाहीको सट्टामा सोमपेट क्षेत्रको एउटा गाउँमा एकजना जमीन्दारमाथि आक्रमण गर्ने क्रममा छापामार दस्ताले त्यस जमीन्दारको हत्या गर्‍यो । जमीन्दार जस्ता 'वर्ग शत्रुहरुको हत्या गर्ने' कुनै कार्यदिशा नबनाइसकेको स्थितिमा भएको यो हत्याले 'चारैतिर जोरदार असर' गर्‍यो । नक्सलवादी नेताहरुले यो हत्यापछि किसानहरुमा एक खालको उत्साह छाएको र जमीन्दारहरुमा नयाँ ढंगको डर फैलिएको महसूस गरे । यही महसूससहितको रिपोर्ट चारु मजुमदारको कानमा पुगेपछि उनको दिमागमा नयाँ कार्यनीतिक विचारले जन्म लियो । उनले र उनको नेतृत्वमा संचालित AICCCR का केही नेताहरुले यो घटनालाई अगाडि राखेर 'वर्ग शत्रु सफाया' गर्ने कार्यनीति अगाडि बढाउने विचार गरे । उनीहरुलाई लाग्यो- सानो



*नक्सलवादी आन्दोलनका प्रणेता*
*क. चारु मजुमदार*

छापामार दस्ताले 'वर्ग शत्रु सफाया' गर्न सकेमा पुलिसको आक्रमणको पनि प्रतिरोध गर्न सकिने हुन्छ र जमीन्दार मारिएको र भागेर गएको क्षेत्रमा मुक्त इलाका सृष्टि गर्न सकिन्छ । उनीहरुले यो कार्यनीति सफलतापूर्वक लागू गर्न सकेमा लाल आधार इलाकाको स्थापना र छापामार फौजको कल्पना साकार हुने सपना देख्न थाले । त्यसपछि त श्रीकाकुलमको यो अनुभवलाई बंगालमा लागू गर्ने उद्देश्यले 'ग्राम-ग्रामेर सोमपेट' (गाउँ-गाउँमा सोमपेट बनाऔं !) भन्ने नारा दिँदै क. चारुले सोमपेटमा जस्तै वर्गशत्रु सफाया गर्ने अभियान चलाउने निर्देशन दिए !

## श्रीकाकुलममा चारु मजुमदारको यात्रा

वर्ग शत्रु सफायाको अभियान चलाउने सिलसिलामा क. चारुले २१ जनवरी, १९६९ मा गंगन्नादोरावलसामा वेम्पटापु सत्यनारायण र तेजेश्वर राव जस्ता संघर्षशील नेताहरुसंग भेटे । ती दुवै नेताहरुबाट त्यहाँको आन्दोलनको रिपोर्ट सुन्ने क्रममा श्रीकाकुलममा किसानहरु उत्साहका साथ संघर्षमा कुदिरहेको थाहा पाएर क. चारु निकै खुशी भए ।

उनले 'रक्षात्मक युद्ध'को वकालत गरिरहेका टी. नागीरेड्डीको नेतृत्ववाला APCCCR लाई १९६९, ६ फेब्रुअरीमा AICCCR बाट अलग्याए । त्यसपछि उनले फेब्रुअरीकै दोस्रो हप्तामा AICCCR संग वैचारिक रुपले नजीकका कमरेडहरुलाई गुन्टूर जिल्लाको गुट्टीकोंडाविलम गाउँमा भेला गरे । त्यहाँ

जमीन्दार जस्ता 'वर्ग शत्रुहरुको हत्या गर्ने' कुनै कार्यदिशा नबनाइसकेको स्थितिमा भएको हत्यापछि किसानहरुमा एक खालको उत्साह छाएको र जमीन्दारहरुमा नयाँ ढंगको डर फैलिएको नक्सलवादी नेताहरुले महसूस गरे । यही महसूससहितको रिपोर्ट चारु मजुमदारको कानमा पुगेपछि उनको दिमागमा नयाँ कार्यनीतिक विचारले जन्म लियो ।

चारु बाबुको उपस्थितिमा तेजेश्वर रावलाई AICCCR को आन्ध्र प्रदेश राज्य कोअर्डिनेशन कमिटीका संयोजक छानियो । बाँकी दश जना सदस्यहरुमा बिशाखापट्नमबाट क. नागभूषण छानिए ।

यही बैठकले तय गर्‍यो- अब ७/८ जना सदस्य भएको छापामार दस्ता संगठित गरिनेछ, उनीहरुलाई स्थानीय र आधुनिक हतियार चलाउने ट्रेनिङ दिइने छ । त्यस्तो छापामार दस्ताले प्रतिरोध संघर्षमा अगुवा भूमिका खेल्नेछ !

यो निर्णयपछि श्रीकाकुलमदेखि तेलंगानासम्म वर्ग शत्रु मास्ने अभियान शुरु गरियो । यता उडिशामा पनि श्रीकाकुलमको वर्ग शत्रु मास्ने अभियानले असर गर्न थाल्यो ।

## भुवनमोहनको गिरफ्तारी

क. नागभूषण र भुवनमोहनले उडिशामा वर्गशत्रु मास्ने शैलीको सशस्त्र संघर्ष विस्तार गर्न २३ जनवरी, १९६९ मा बैठक गरे । कपिलापुर, गुणुपुरस्थित भुवनमोहनको घरमा अत्यन्त गोप्य ढंगले भएको बैठकमा जमीन्दारहरुमाथि आक्रमण गर्ने फैसला गरियो ।

सोही फैसला अनुसार २४ देखि २८ जनवरीसम्म त्यस इलाकाका गाउँ गाउँमा 'क्रान्तिकारी विचार' प्रचार-प्रसार गर्नका लागि सभाहरु गरिए । तर जमीन्दारहरुमाथि कारवाही चलाउनुभन्दा अगावै त्यसको सुइँको पुलिसले पायो । त्यसैले पुलिसले उडिशा मिलिट्री पुलिसको एउटा कम्पनीको मद्दतले नक्सलवादीहरुलाई गिरफ्तार गर्न शुरु गर्‍यो । पुलिसले नागभूषणलाई त गिरफ्तार गर्न सकेन, तर भुवनमोहनलाई गिरफ्तार गरेर जेलमा पुर्‍यायो । यसै क्रममा एकजना नक्सलवादीको घरबाट हतियार र गोलाबारुद पनि बरामद गरियो । त्यसपछि पुलिसले दावी गर्‍यो- 'गुणुपुरका आदिवासी बस्तीलाई मुक्त क्षेत्र बनाउने षड्यन्त्रको पोल खुल्यो !'

उडिशामा नक्सलवादीहरुको यो पहिलो गोप्य योजना असफल भएपछि आन्ध्र प्रदेशबाट प्रख्यात कवि तथा छापामार नेता सुब्बाराव पाणिग्रही उडिशा आए । उडिशामै जन्मेका-हुर्केका पाणिग्रही श्रीकाकुलममा वेम्पटापुको नेतृत्वमा भएको छापामार युद्धहरुमा सहभागी भई कुशल छापामार नेताका रुपमा विकसित भएका थिए । उनले उडिशामा संगठन र संघर्षलाई विस्तार गर्ने जिम्मा आफ्नो काँधमा लिए । उनको नेतृत्वमा त्यहाँ नक्सलवादी गतिविधि केही बढ्न थालेपछि २८ फेब्रुअरीमा राज्यका मुख्यमन्त्री आर.एन. सिंह देवले विधानसभालाई बताए- 'गुणुपुरको जंगली क्षेत्रमा ३२ वटा नक्सली सेलहरु सक्रिय छन् र जमीन्दारहरुको सम्पत्ति जफत गर्ने खालका क्रियाकलापहरु एवं पुलिस दलहरुमाथि हमलाका घटनाहरु बढ्न थालेका छन् ।'

## संघर्षकै क्रममा क. नागभूषणको गिरफ्तारी

नक्सलवादी विद्रोहको शुरुवातदेखि नै भूमिगत रुपमा क्रियाशील क. नागभूषण उडिशा र आन्ध्र प्रदेशका किसानहरुबीच संगठन र संघर्ष विस्तार गर्न लागिरहे ।

यसैबीच, प्रहरीले गिरफ्तार गर्ने भय हुँदाहुँदै पनि उनले नक्कवानीपलेमका गरीब र भूमिहीन किसानहरुको संघर्षको नेतृत्व गरे । नवगठित भाकपा (माले) को नेतृत्वमा जून, १९६९ मा भएको यस संघर्षको



*आफ्ना पार्टीका सहयोद्धाहरूका साथ क. नागभूषणः (बायाँबाट- क. दीपंकर भट्टाचार्य, एस. कुमारासामी, वर्दराजन, विनोद मिश्र, वी. शिवरामन र एस. बालासुन्दरम)*

बारेमा उनकै शब्दमा-

"नक्कवानीपलेममा एउटा ठूलो जमीन्दारले गरीब र भूमिहीन किसानहरुको जीवन मृतप्रायः पारिरहेको थियो। किसानहरुलाई अत्यन्त नराम्ररी डराइने र सताइने गरिन्थ्यो। त्यहाँ भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को नेतृत्वमा संघर्ष शुरु भयो। त्यहाँका किसानहरुका साथै वरिपरिका गाउँका गरीब र पीडित किसानहरु जनताले एकजूट भएर अनेकौं पटक संघर्ष गरे, भूस्वामीविरुद्ध भएको संघर्ष चर्कँदै गयो र अन्ततः संघर्षको स्वाभाविक परिणामकी रुपमा उक्त भूस्वामीलाई संगठित जनताले खतम गरे। उक्त भूस्वामीले त्यस क्षेत्रमा सामन्ती हिंसा र आतंकको वातावरण कायम गर्ने काम गर्दै आइरहेको थियो।'

'यही संघर्षकै सिलसिलामा पुलिसले मलाई गिरफ्तार गऱ्यो। १४ जुलाई १९६९ मा विशाखापट्नम अस्पतालमा म पेटको रोगसम्बन्धी अपरेशन गराएर आराम गरिरहेको बेला गिरफ्तार गरिएको हो। त्यसबेला अपरेशनको घाउको दुखाइले गर्दा म न उठ्न सक्थें, न हिँड्न नै सक्थें। त्यस्तो विरामी अवस्थामा रहेको व्यक्तिलाई पनि हथकडी लगाइयो। र, सभ्य समाजमा कल्पनै गर्न नसकिने हदसम्मका राक्षसी शैलीका यातनाहरु दिइए।'

'उनीहरुले गिरफ्तार गरेर विशाखापट्नम जेलमा मलाई राखे। त्यहाँ उनीहरुले जब मलाई पहिलो पटक शारीरिक यातना दिए, तब नक्कवानीपलेम केसका साथ साथै मेरो थाप्लामाथि करीब १० वटा मुद्दा थोपरेका थिए।'

### जब नक्सलवादीहरूले जेल तोडे !

विशाखापटनमबाट अन्य १० जना कमरेडहरुका साथ गिरफ्तार गरिएका क. नागभूषणलाई सरकारले ३ महिनाभन्दा बेसी समयसम्म जेलमा थुनिराख्न सकेन! उनले यस विषयमा भनेका थिए- 'गिरफ्तारीको तीन महिनाभित्रै अन्य दशजना कमरेडहरुसंगै मैले स्वयंलाई मुक्त गरेको थिएँ.... हामी जेलबाट भागेका थियौं!'

क. नागभूषणहरु जेल तोडेर भागेकै घटनाबारे पत्रपत्रिकाहरुले अनेकौं रंगीन र रोमाञ्चक कथाहरु छापे। जेलका कर्मचारीहरुको सहयोग लिएर अनेकौं साहसिक चमत्कारहरु गरेर सफलतापूर्वक भागेको कहानी प्रकाशित गरे। यसबारेमा जेलबाट भागेका उनी स्वयंले के भनेका थिए त?

**क. नागभूषणहरु जेल तोडेर भागेको घटनाबारे पत्रपत्रिकाहरुले अनेकौं रंगीन र रोमाञ्चक कथाहरु छापे।**

'जेलको कालकोठरीमा कुनै पनि व्यक्तिले महिनौं महिनासम्म एकान्तवासमा रहन चाहँदैन। हामी पनि जेलभित्र खिइएर मर्न चाहँदैनथ्यौं र त्यस फाँसीको फन्दाबाट मुलुकभित्र गुञ्जिरहेको 'बसन्तको बज्रनाद' सुनिरहन चाहँदैनथ्यौं। त्यसैले हामीले जेलबाट भाग्नका लागि योजना बनाउन थाल्यौं। एक दिन, १९६९, अक्टोबर ८ को राति जेलका बन्दीहरुदेखि कर्मचारी र प्रहरीहरु सांस्कृतिक कार्यक्रम हेर्न व्यस्त रहेको बेला हामीले भाग्ने मौका पायौं! त्यसबेला म फिभर (ज्वरो) ले ग्रस्त थिएँ, तर जब हामीले भेन्टिलेशनको लागि राखिएको सानो झ्याल फोर्न सफल भयौं, तब जस्तोसुकै विरामी भए पनि म पनि भागें।' (हाँसो)

'सरकारले यसबारे ममाथि मुद्दा चलायो र मैले जेल तोडेको र कानूनी हिरासतको उल्लंघन गरेको आरोप लगायो। मैले पनि त्यो मुद्दा लडें। सरकारले मेरो विरुद्ध लगाएका आरोप र अभियोगहरु सावित हुन सकेनन्, त्यसैले म छुटें!'

### जेलबाहिर छाएको उत्साह

क. नागभूषणका साथ आदिबाटला कैलासम र डा. मल्लिकार्जुनुडु जस्ता आन्ध्रप्रदेशका नक्सलवादी नेताहरु जेलबाट सफलतापूर्वक भागेका थिए। यो अद्भुत सफलताले श्रीकाकुलम र उडिशाको ओर्लँदो नक्सलवादी आन्दोलनमा नयाँ ज्यान भर्ने काम गऱ्यो।

क. नागभूषणहरु जेलभित्र हुँदा जेलबाहिर धेरै नै उथलपुथल भइसकेको थियो। १९ मे, १९६९ देखि श्रीकाकुलममा नियोजित ढंगले लागू गरिएको 'वर्ग शत्रु सफाया गर्ने' कार्यनीति अनुरुप त्यहाँका धेरैजसो जमीन्दारहरु मारिएका थिए। छापामार दस्ताले सयौं गाउँलेहरुको साथ लिएर जमीन्दारहरुको घरमा र प्रहरी चौकीमा दिउँसै आक्रमण गरिरहेको थियो। यो स्थितिमा सरकारले जून, १९६९ मा श्रीकाकुलमलाई अशान्त क्षेत्र घोषणा गरेर पुलिसलाई असाधारण अधिकार दिएको थियो। अत्याधुनिक संचार यन्त्र र छापामारविरोधी युद्धका नयाँ नयाँ साधनहरुसहित त्यहाँ बोलाइएका CRP का टुकडीहरुले दमन अभियान शुरु गरिरहेका थिए। उनीहरुले सबैभन्दा पहिले छापामारहरुको सप्लाई लाइन काटेका थिए, त्यसपछि जमीन्दार र प्रहरी चौकीहरुमाथि दिउँसै आक्रमण गर्ने छापामारहरुको सफाया शुरु गरे। पार्वतीपुरममा ६ जना छापामारहरुको हत्याबाट शुरु भएको यो सफाया अभियानको क्रममा छापामार नेताहरु बिडीका अड्डई, कुरंगी सुन्दरी, अड्डाकुलु चिरंजीवुलुको हत्या भइसकेको थियो। दर्जनौं दर्जन छापामारहरु एक्कै पटक मारिने र छापामार समर्थक सयौं जनता गिरफ्तार गरिने क्रमसंगै आन्ध्र प्रदेशका नक्सलवादी नेताहरु चिन्तित हुन थालिसकेका थिए।

त्यसैले अप्पलासुरी र तेजेश्वर रावले ५ देखि ९ सेप्टेम्बरबीच कलकत्ता गएर भाकपा (माले) का नेताहरुसमक्ष नक्सलवादी आन्दोलनमा छाएको जड्ताको समस्या अगाडि सारे। त्यहाँबाट वर्ग शत्रु सफाया अभियानलाई नै निरन्तर लागू गर्ने राय प्राप्त भएपछि श्रीकाकुलममा बैठकहरु गरिए, नयाँ नेतृत्वहरु स्थापित गरिए र नक्सलवादी विद्रोह निरन्तर चलाइए!

ठीक यही बेला जेल तोडेर भागेका क. नागभूषणले आन्ध्र र उडिशामा सफाया अभियानमा सक्रिय सहयोग गर्न थाले। श्रीकाकुलममा सफाया अभियान चलाउँदै प्रहरी दमनबाट बच्न उडिशा छिर्ने छापामारहरुलाई लुकाउने-बचाउने जिम्मा उडिशाका नक्सलवादीहरुकोमा आइपऱ्यो। यसैबीच कोरापुट, श्रीकाकुलम र विशाखापटनम एवं गंजम इलाकामा भाकपा (माले) को केन्द्रीय नेतृत्वको तर्फबाट आन्दोलन चलाउने जिम्मा क. नागभूषणलाई दिइयो। यसमा उनको तीक्ष्ण राजनीतिक बुद्धि र बौद्धिक क्षमतालाई केन्द्रीय नेतृत्वले मध्यनजरमा राखेको बताइन्छ।

क. नागभूषणको नेतृत्वमा त्यहाँको आन्दोलन चल्न थालेपछि पनि प्रहरीसंगको मुठभेडमा छापामारहरु र तिनीहरुका नेताहरु मारिने क्रम तीव्रताका साथ जारी रह्यो। टेक्कली ताल्लुकमा तमाडा गणपति र चेंगति भास्कर राव जस्ता नेताहरु मुठभेडमा मारिए। २२ डिसेम्बरमा सुब्बाराव पाणीग्रही, रमेशचन्द्र साहू र निर्मल कृष्णमूर्ति जस्ता छापामार नेताहरुलाई पुलिसले पक्रेर फर्जी मुठभेडमा माऱ्यो। १९७० को १० जुलाईमा वेम्पटापु सत्यनारायण र आदिबाटला कैलासम, ३० जुलाईमा अप्पलास्वामी, डा. मल्लिकार्जुनुडु र मल्लेश्वरराव पनि फर्जी मुठभेडमै मारिए।

यो खबरसंगै श्रीकाकुलमको नेतृत्वका करीब-करीब सबैजसो कमरेडहरु शहीद भए। केवल पैला वासुदेव राव मात्रै बाँकी बचे, त्यो पनि कैयौं पटक त संयोगवश र चलाकीकै कारणले मात्रै पुलिसको हातबाट उनी बच्न सफल भएका थिए।

यो दुःखद् खबर जुलाईको अन्ततिर क. चारु, क. नागभूषण र क. अप्पलासुरीले कलकत्तामा ट्रान्जिस्टरबाट सुनेका थिए।

(क्रमशः)

❑ राजेन्द्र महर्जन



# विनोद मिश्र

## एउटा नयाँ 'दास क्यापिटल' लेख्न चाहन्थे !

-अभयकुमार दुबे

सशक्त किसान विद्रोहको रूपमा शुरू गरिएको नक्सलवादी विद्रोहको क्रममा जन्मिएको पार्टी भाकपा (माले) लिवरेशन समूहका महासचिव क. विनोद मिश्रको यही पुस ३ गते दुःखद मृत्यु भएको छ । ५२ वर्षको अल्पायुमै मृत्युको मुखमा पुग्नु भएका क. विनोद मिश्रप्रति श्रद्धाञ्जली स्वरूप हामीले भाकपा (माले) द्वारा प्रसारित उहाँको जीवनवृत्तदेखि उहाँप्रति समर्पित श्रद्धाञ्जली छापिरहेका छौं । साथै, भारतीय लेखक एवं पत्रकार अभयकुमार दुबेको लेख पनि प्रकाशित गरिरहेका छौं ।

*-राजेन्द्र महर्जन*

नागभूषण पटनायकको निधनको सन्ताप मन्द हुने क्रम शुरु नहुँदै विनोद मिश्रको देहान्तको खबर आयो । यदि कुनै मृत्युलाई अपूरणीय क्षति भन्न मिल्छ भने, त्यो यही मृत्यु हो । भारतीय कम्युनिष्ट आन्दोलनको तेस्रो धाराका सर्वाधिक तेजस्वी र सफल नेता विनोद मिश्रको अचानक मृत्यु हुनु वैकल्पिक राजनीति, वैकल्पिक जीवनशैली र वैकल्पिक समाज व्यवस्थाका संभावनाहरुका लागि एउटा असामयिक झट्का हो ।

भारतको कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का महासचिव विनोद मिश्र देशभरि फैलिएका आफ्ना प्रशंसकहरु, सहयोगीहरु र कार्यकर्ताहरुबीच क. विएमको नामले लोकप्रिय थिए । उनको आयु केवल ५२ वर्षको मात्र थियो र उनीसंग पहिलो पटक भेट्ने हरेक व्यक्ति उनीबाट प्रभावित हुँदै भन्थे- 'उमेरले उनलाई साथ दिइरहेको छ !'

जगजाहेर छ- ती सबै मानिसहरुमा क. विएमको सैद्धान्तिक प्रतिभा र संगठन क्षमतामा निहित क्रान्तिकारी तत्वबाट केही आशा थियो, त्यो क्रान्तिकारी तत्व संसदवादको भुमरीबीच फँसिरहेको कम्युनिष्ट आन्दोलनबाट तिरोहित भइरहेको स्थितिमा जन्मिरहेको थियो ।

विएमको जन्म जबलपुरको एउटा मध्यमवर्गीय परिवारमा भएको थियो । उनको बाल्यकाल कानपुरमा बितेको थियो । आफ्ना बाबुबाट स्वतन्त्रता आन्दोलनका अमर शहीदहरुका कथाहरु सुनेर उनको किशोर मनले प्रतिज्ञा गर्‍यो- यदि अहिले पनि स्वतन्त्रता संग्राम चलिरहेको भए म पनि अंग्रेजहरुका विरुद्ध क्रान्तिमा हाम्फाल्छु !

विएमको यो प्रतिज्ञा पछि गएर पूरा भयो । एक प्रतिभाशाली विद्यार्थीको रुपमा उनले कानपुर आईआईटीमा प्रवेश परीक्षा उत्तीर्ण गरे । साथै मेकानिकल इन्जीनियरिंगको कोर्स गर्नका लागि दुर्गापुर रीजनल इन्जीनियरिंग कलेजमा भर्ना भए । बंगालको धरतीमा पाईला राखेको केही दिनपछि नै उनी नक्सलवादी भनिने कम्युनिष्ट क्रान्तिकारीहरुका सम्पर्कमा आए ।

सत्तरीको दशकको मध्यतिर विएमले छिन्नभिन्न हुँदै गइरहेको नक्सलवादी आन्दोलनमा चारु मजुमदारको क्रान्तिकारी विरासतलाई सम्हाल्ने जिम्मा बोके । शुरुमा उनी महादेव मुखर्जी नामक एक अर्का नक्सलवादी नेताको संगठनसंग जोडिएका थिए, तर छिट्टै नै उनको कठमुल्लावादी रवैयाबाट आजित भएर उनले स्वतन्त्र पहलकदमी लिने निर्णय गरे । बर्धमान रिजनल कमिटीका सचिवका रुपमा उनले विहारमा कार्यरत सुब्रत दत्त उफ जौहर र स्वदेश भट्टाचार्यसंग सम्पर्क गरे । जौहरको नेतृत्वमा बनेको भाकपा (माले) को नयाँ केन्द्रीय कमिटीमा उनको हैसियत दोस्रो नम्बरमा थियो । त्यस संगठनले क्रान्तिकारी प्रयोगका लागि भोजपुर जिल्लालाई छानेको थियो र त्यहाँका भूमिहीन किसानहरुलाई हतियारबन्द




भाकपा (माले)- लिवरेशन समूहको छैठौ महाधिवेशनलाई सम्बोधन गर्दै क. विनोद मिश्र
*(फोटो: उषा तिवारी)*

लडाईंका लागि गोलबन्द गर्‍यो ।

पुलिससंगको मुठभेडमा जौहरले शहादत प्राप्त गरेपछि विनोद मिश्रले महासचिवको पद सम्हाले । उनको अगुवाइमा पार्टीको प्रभाव पूरै मध्य बिहारमा फैलियो । सत्तरीको दशकको उत्तरार्द्ध भाकपा (माले) ले भोजपुर, गया, पुनपुन, नालंदा र पटनामा लाल आधार इलाका बनाउने कोशिसमै बितायो । यही समयमा कैयौं जमीन्दारको सफाया भयो । सामन्तहरुका गुण्डाहरुको दलसंग टक्कर लिइयो र अनगिन्ती कमरेडहरुले प्राण बलिदान दिए । पार्टी हतियारबन्द दस्ता बनाउन पनि सफल भयो । एक हिसाबले यो एउटा राम्रै सफलता थियो, तर बिएमको गहिरो नजरमा यस प्रक्रियाका सीमाहरु प्रकट हुन थाले । उनलाई लाग्यो- हतियारबन्द लडाईंमा प्रजातान्त्रिक राजनीतिको जस्तो व्यापकताको अभाव हुने भएकोले क्रान्तिकारी संघर्ष स्थानीय स्तरमा मात्रै सीमित भइरहेको छ। त्यसैले उनले राष्ट्रिय राजनीतिमा माथिबाट हस्तक्षेपको आवश्यकता महसूस गरे ।

आफ्ना यी नयाँ विचारहरुलाई कार्यरुप दिनका लागि बिएमले पार्टीभित्र १९७८-७९ को समयावधितिर शुद्धीकरण अभियान चलाए । यसकै चरम परिणतिको रुपमा अस्सीको दशकको शुरुवातमा इण्डियन पिपुल्स फ्रन्ट (IPF) गठन भयो । भारतीय क्रान्तिको रणनीतिलाई ध्यानमा राखेर हेर्ने हो भने IPF को निर्माण एउटा अद्‌भूत प्रयोग थियो । थाहा छैन- IPF मार्फत् कति आदर्शवादी युवकहरु क्रान्तिकारी राजनीतिसंग जोडिए होलान् !

बिएमले पार्टी-संगठनलाई कुनै नोक्सान नपुर्‍याइकन विस्तारै विस्तारै प्रजातान्त्रिक राजनीतिका लागि तयारी शुरु गरे । शुरुमा IPF मार्फत् विहारमा विधान सभाका लागि ५० सिटमा चुनावमा भाग लिइयो र पछि लोकसभा चुनावमा पहिलो 'नक्सली सांसद' निर्वाचित भए । त्यसपछिको विधान सभाको चुनावमा IPF ले विहार विधानसभामा आफ्नो उपस्थिति दर्ज गर्‍यो । विशेष महत्वको कुरो के थियो भने, संसदीय राजनीतिमा भाग लिंदा लिंदै पनि बिएमले सामन्तवादविरोधी सशस्त्र लडाईंलाई पूर्णतया छोडेनन् । पछि IPF लाई भंग गरियो । भाकपा (माले) त्यसभन्दा पहिले नै पूर्णतया खुला पार्टी बनिसकेको थियो ।

विनोद मिश्रको सपना थियो- भारतीय कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी दिशाका साथ एकताबद्ध गर्ने ! आफ्नो अन्य आग्रहका कारणले उनी वाममोर्चामा सामेल भएनन् । उनले 'वाम महासंघ' बनाउने प्रस्ताव राखे, ताकि सबै वामपन्थी दलहरुले समानताका आधारमा एक अर्कासंग

## भाकपा मालेद्वारा प्रकाशित

# क. विनोद मिश्रको संक्षिप्त जीवनवृत्त

क. विनोद मिश्रको जन्म २४ मार्च १९४७ मा मध्य प्रदेशको जबलपुरमा भएको थियो । उहाँका पिता श्री सूर्यकेश मिश्र त्यहाँको आर्डिनेन्स कारखानामा कर्मचारी हुनुहुन्थ्यो । १९५५ मा उहाँका पिताको सरूवा उत्तर प्रदेशको कानपुरमा भयो । त्यहींबाट उहाँले १९६५ मा विज्ञानमा स्नातक स्तरसम्मको शिक्षा प्राप्त गर्नुभयो । अर्को वर्ष उहाँ प. बंगालको दुर्गापुर रिजनल इन्जीनियरिङ्ग कलेजमा भर्ना हुनुभयो ।

उहाँको सक्रिय राजनीतिक जीवनको शुरूवात १९६६ मा भएको वामपन्थी विद्यार्थी आन्दोलनबाट भयो, पहिला कानपुरमा, पछि दुर्गापुरमा । १९६७ मा उहाँ नक्सलवादी आन्दोलनसंग जोडिनुभयो- यो आन्दोलनको जन्मकालदेखि नै !

प्रारंभमा उहाँ दुर्गापुरमा मजदूर वर्गबीच पार्टीको निर्माण गर्ने काममा लाग्नुभयो । १९६९ पछि उहाँले पढाइ छोड्नु भयो र पार्टीका पूर्णकालीक कार्यकर्ता बन्नुभयो एवं भूमिगत जीवन शुरू गर्नुभयो ।

१९७० मा उहाँलाई निवारक नजरबन्दी कानून अन्तर्गत गिरफ्तार गरियो र पश्चिम बंगालको बरहमपुर जेलमा कैद गरियो । जेलबाट उहाँ १९७२ मा रिहा हुनुभयो ।

१९७४ मा पार्टीको केन्द्रीय कमिटीको पुनर्गठन भएपछि उहाँलाई पनि त्यसको सदस्य बनाइयो । त्यस बेला उहाँ पश्चिम बंगाल राज्य कमिटीका सचिव पनि हुनुभयो ।

१९७५ मा भाकपा (माले) का तत्कालीन महासचिव क. सुब्रत दत्त, जो क. जौहरको नामबाट परिचित हुनुहुन्थ्यो, को शहादतपछि उहाँ महासचिव बन्नुभयो । फेब्रुअरी १९७६ मा पार्टीको दोस्रो महाधिवेशन भयो, जसमा क. विनोद मिश्रलाई सर्वसम्मतिबाट महासचिव पदमा पुनः निर्वाचित गरियो । क. विनोद मिश्रलाई पार्टीको तेस्रो, चौथौं, पाँचौं र छैठौं महाधिवेशनबाट पनि महासचिव पदमै पुनः निर्वाचित गरिएको थियो, जुन महाधिवेशनहरू क्रमशः १९८२, १९८७, १९९२ र १९९७ मा सम्पन्न भएका थिए ।

१९७८ मा उहाँले चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरूसंग द्विपक्षीय वार्ताका लागि भाकपा (माले) को प्रतिनिधि मण्डलको नेतृत्व गर्दै चीनको यात्रा गर्नुभयो ।



नेपालगञ्जमा सम्पन्न नेकपा एमालेको छैंठौं महाधिवेशनलाई सम्बोधन गर्नुहुँदै क. विनोद मिश्र *(फोटोः सुन्दर बस्नेत)*

*क. विनोद मिश्र केवल क्रान्तिकारी रणनीति र कार्यनीतिका मेधावी प्रणेता मात्रै हुनु हुनुहुन्नथ्यो, उहाँ त एक जना अत्यन्त उच्चकोटिका सृजनशील मार्क्सवादी चिन्तक र विचारक पनि हुनुहुन्थ्यो ।*

जनवरी १९७९ मा क. विनोद मिश्र दार्जिलिंग जिल्लाको बडपुत्थुजोत गाउँमा एउटा 'काबिंग अपरेशन' को क्रममा इस्टर्न फ्रन्टियर राईफल्सको गोलीको शिकार हुनुभयो । नराम्ररी घाइते भए तापनि उहाँको प्राण बच्यो ।

२८ डिसेम्बर, १९९२ मा भएको पार्टीको पाँचौं महाधिवेशनको लगत्तै क. विनोद मिश्रले एउटा विशाल र्‍यालीका बीच आफ्नो भूमिगत जीवन परित्याग गर्नुभयो र खुला राजनीतिक नेताको जीवनको शुरूवात गर्नुभयो ।

क. विनोद मिश्र आफ्नो पछाडि आफ्नी पत्नी क. कुमुदिनीपति र आफ्ना दुई सन्तानहरू, १३ वर्षीय राहुल र ४ वर्षीया रोजालाई छाडेर जानुभएको छ ।

भाकपा (माले) १९७० को दशकको शुरूवातमा लागेको धक्कापछि दन्त्यकथाको स्फिंक्स पन्छी जस्तै आफ्नो खरानीबाट फेरि जिउँदोजाग्दो रूपले उठ्यो, पार्टीको त्यस पुनरूत्थानका सबैभन्दा ठूला कुशल शिल्पी क. विनोद मिश्र नै हुनुहुन्थ्यो । भारतीय क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको जिउँदोजाग्दो आत्माको भूमिका खेल्दै क. विनोद मिश्रले हरेक विभाग र हरेक आयाममा सधैं सधैं पार्टीको अग्रिमपंक्तिमा रहँदै त्यसको नेतृत्व गर्नुभयो । उहाँ केवल क्रान्तिकारी रणनीति र कार्यनीतिका मेधावी प्रणेता मात्रै हुनु हुनुहुन्नथ्यो, उहाँ त एक जना अत्यन्त उच्चकोटीका सृजनशील मार्क्सवादी चिन्तक र विचारक पनि हुनुहुन्थ्यो । 'विहार के धधकते खेत खलिहानों से' नामक विहारको क्रान्तिकारी किसान आन्दोलनको सबैभन्दा प्रामाणिक र शानदार वर्णन एवं दस्तावेजको लेखनकार्य उहाँकै नेतृत्व र मार्गदर्शनमा सपन्न भएको थियो । उहाँ एकजना विलक्षण वक्ता र दक्ष लेखक पनि हुनुहुन्थ्यो । अंग्रेजी र हिन्दी, दुवै भाषाहरूमा उहाँको समान रूपले दखल थियो र बंगला भाषामाथि पनि उहाँको उल्लेखनीय पकड थियो । ❑




फोटो: उषा तिवारी

हातेमालो गर्न सकून् र भाकपा (माले) संग आफ्नो क्रान्तिकारी दिशा प्रस्तुत गरिरहने मौका पनि सुरक्षित रहोस् !

बिएमको नेतृत्वको विशेषता थियो- आफू कहिले पनि एउटै कार्यनीतिमा टाँसी नरहने ! उनमा हरेक नयाँ परिस्थितिलाई चिर्नका लागि नयाँ-नयाँ युक्ति खोज्ने र त्यसलाई व्यवहारको धरातलमा प्रयोग गरेर हेर्ने असीम क्षमता थियो । शास्त्रीय मार्क्सवादमाथि उनको दखल थियो र उनको के दावी थियो भने, समस्याहरुको हल खोज्ने काममा मार्क्स, एंगेल्स, लेनिन र माओद्वारा रचित शास्त्रीय रचनाहरुको अध्ययन हमेशा फलदायी हुन्छ ।

अत्यधिक रुपले सादापन र सरलताले भरिएको जीवन ज्यूँने विनोद मिश्रमा केवल दुईवटा मात्रै ब्यसन थियो- धुवाँधार रुपले चुरोट पिउने र क्रान्तिका संभावनाहरु खोजी गर्नका लागि दृढतापूर्वक श्रम गर्ने ! औंलाहरुमा च्यापिएको चुरोटका धुँवाको मुस्लो पछाडि अग्निमय संघर्षहरुको भट्टीको रापले तातेको उनको केही कालो वर्णको अनुहार, संक्रामक मुस्कान र कुशाग्रतालाई कसैले पनि बिर्सन सक्दैन । उनी कम्युनिष्ट आन्दोलनको आम वैचारिक संकटसंग जुझ्नका लागि एउटा नयाँ 'दास क्यापिटल' लेख्नु पर्छ भन्ने विचारका पक्षधर थिए । तर मृत्युले उनलाई आफ्नो यस अभूतपूर्व मनसुवालाई व्यवहारमा लागू गरेर देखाउने मौका दिएन । कमरेड विनोद मिश्रलाई लाल सलाम ! ❑

-'जनसत्ता' बाट अनुदित

*(लेखक नक्सलवादी आन्दोलनको बदलिंदो अनुहारको बारेमा महत्वपूर्ण 'क्रान्तिका आत्मसंघर्ष' नामक किताबका लेखक (वरिष्ठ भारतीय पत्रकार) हुनुहुन्छ । -मूल्यांकन)*

## कमरेड विनोद मिश्र बित्नु भएको लगत्तै उहाँको पार्टीले के बोल्यो ?

### कमरेड विनोद मिश्रलाई श्रद्धाञ्जली !

# "हामी निश्चय पनि सफल हुनेछौं !"

कमरेड विनोद मिश्र एकदमै अचानक रुपले हामीहरुको बीचबाट जानु भनेको हाम्रो सिंगो पार्टी र देशका करोडौं गरीखाने जनताको आन्दोलनका लागि सबैभन्दा क्रुर झट्का भएको छ । क. नागभूषण पटनायकको निधनको गहिरो आघात नसेलाउँदै नै हालको पार्टी इतिहासको यो सबैभन्दा ठूलो त्रासदीले हामी सबैलाई ग्रसित पारिरहेको छ । हामी सबैको मनमस्तिष्कलाई एउटा ठूलो शून्यपनाको महसूसले घेरिरहेको छ । यस त्रासदीबाट मुक्त हुनका लागि हामीले आफ्ना विचार र कारवाहीका हरेक क्षेत्रमा आफ्ना प्रिय नेताको शानदार विरासतलाई मजबूत ढंगले थामीराख्नु जरुरी छ ।

क्रान्ति नै क. विनोद मिश्रको जीवनको उत्कट आकांक्षा थियो र विगत तीस वर्षदेखि उहाँले आफ्नो जिन्दगीको एक एक क्षण एवं ऊर्जाको एक एक कण भारतमा क्रान्तिका तीन स्तम्भहरु- क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी पार्टी र क्रान्तिकारी आन्दोलनलाई मजबूत बनाउने कार्यमा लगाउनु भयो ।

एकनिष्ठ समर्पणका साथ उहाँले करीब-करीब ध्वंशावशेषको स्थितिबाट भाकपा (माले) को पुनर्निर्माण गर्नुभयो र लगभग चौथाई शताब्दीसम्म पार्टीलाई आवेगमय अग्रगतिका साथ नेतृत्व दिनुभयो । यही सिलसिलामा भाकपा (माले) भारतीय वामपन्थी आन्दोलनको क्षितिजमा सबैभन्दा चम्किलो लाल ताराको रुपमा विकसित भयो । आज सिंगो पार्टी एक दिल-एक ज्यान भएर उठ्नु जरुरी छ र उहाँका अधूरा, तर महान् संभावनामय जीवन्त सपनाहरुलाई साकार गर्नका लागि संघर्ष गर्नु आवश्यक छ ।

यस कठीन घडीमा पार्टीको केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरु, समर्थकहरु र पार्टी इकाईहरुलाई आह्वान गर्दछ- तपाईहरु एकजुट हुनुस् र दोब्बर जोश र दृढ संकल्पका साथ आफ्ना प्रिय नेताको मिशनलाई अगाडि बढाउनुस् । जस्तो कि, कमरेड बिएम हरेक नाजूक मोडमा आफ्नो प्रिय पार्टीलाई संकटहरुबीचबाट अगाडि लिएर जाँदा भरपूर विश्वासका साथ भन्नुहुन्थ्यो- 'हामी निश्चय पनि सफल हुनेछौं !'

यही त्यो एक मात्र श्रद्धाञ्जली हो, जुन परीक्षाको यस घडीमा हामी आफ्ना प्रियतम कमरेडलाई अर्पित गर्न सक्छौं ।

आउनुस्, हामीले आफ्नो शोकलाई एकल विराट संकल्पमा बदलीदिऔं ! आउनुस्, हामीले पार्टीलाई फैलाउने र यसको फलामे एकताको रक्षा गर्ने कार्यभारप्रति आफूलाई पुनः समर्पित गरी दिऔं, जसको लागि कमरेड बिएमले आफ्नो महान् जीवनको आहुति दिनुभयो !

◆ *हाम्रा प्रियतम करमेडलाई लाल सलाम !*

◆ *हाम्रो समयका महानतम कम्युनिष्ट योद्धाको शाश्वत स्मृति अमर रहोस् !!*

◆ *अगाडि बढौं कमरेडहरु, कमरेड बिएमद्वारा आलोकित पथमा अगाडि बढौं !!!*

-केन्द्रीय कमिटी, भाकपा-माले
लखनऊ, डिसेम्बर १९, १९९८

**क्रान्ति नै क. विनोद मिश्रको जीवनको उत्कट आकांक्षा थियो**



*पटनामा क. विनोद मिश्रप्रति श्रद्धाञ्जली । (फोटो: उषा तिवारी)*

दर्शनसम्बन्धी ज्ञान बढाउन मद्दत गर्ने खालका लेख-रचनाहरूको माग हाम्रा पाठकहरूबाट बारम्बार हुँदै आएको छ । यही मागलाई ध्यानमा राखी हामीले गत अंकदेखि दर्शनको आधारभूत प्रसंगबाट शुरू गरी क्रमशः यसबारे सामग्री तयार गरी प्रस्तुत गर्न थालेका छौं । झ्याउरे छन्दमा लेखिएको र चार्टको समेत प्रयोग गरी प्रस्तुत गर्ने सोच राखिएको यस श्रृंखलाको प्रथम अंशमा दर्शन के हो ? दर्शनको वर्गीयता र के हो आदर्शवाद ? के हो भौतिकवाद भन्नेबारेमा उल्लेख गरिएको थियो । सोही श्रृंखलाको दोस्रो अंश यहाँ प्रस्तुत गरिएको छ । *-मूल्यांकन*

# आदर्शवादका हाँगाहरु

संम्बन्ध के हो प्रकृति अनि चेतना, आत्माको ?
साइनो के हो अस्तित्व अनि विचार, भावको ?
चेतना जसले पहिलो ठान्यो- आदर्शवादी भो
विचार जसले प्राथमिक ठान्यो- आदर्शवादी भो ।

माउ हो आत्मा, बस्तु हो सन्तान् जो जस्ले भन्दछ
अस्तित्व भन्दा स्वतन्त्र रूपमा भावलाई देख्दछ
संसारलाई बुझी नसक्नु जो जस्ले ठान्दछ
ती सबै मान्छे आदर्शवादी - यो कुरो प्रष्ट छ ।

आदर्शवादी दृष्टिकोण पनि दुईटा भागमा
बाँडेर हेरे सटिक हुन्छ, दुई भिन्न फ्याँकमा ।

# वस्तुगत आदर्शवाद

जगतभन्दा स्वतन्त्र रूपमा चेतना, आत्मा छ
वस्तुगत रूपले चेतना, आत्मा विश्वमा हावी छ
त्यो परमात्मा, त्यो विश्व आत्मा अजर अमर् छ
भौतिक जगत, प्रकृति त्यस्ले सिर्जना गर्दछ

पुरानो थोत्रो लुगालाई मान्छे जसरी फेर्दछ
पुरानो शरीर आत्माले फेर्छ, नयाँमा सर्दछ
मर्दैन आत्मा कहिल्यै पनि, त्यो बूढो हुँदैन
हावा र पानीले बगाउँदैन, बमले छुँदैन

वस्तुगत खाल्का आदर्शवादी सोच्दछन् यसरी -
वस्तुगत रूपमै छन् परमात्मा - घाम् जून जसरी
पश्चिममा सोच्थे प्लेटोले यस्तो, पूर्वमा कृष्णले
हेगेलले सोच्थे ठीक् यसरी नै, पूर्वमा ओशोले ।

# आत्मगत आदर्शवाद

आत्मगत् रूप्मा जे संवेदना हुन्छ यो मनमा
त्यै संवेदना वस्तु हो, अर्कै हुँदैन जगत्मा
संसारमा जे जे कुरालाई मान्छे पदार्थ भन्दछन्
संवेदनाको संगालो ती हुन्, ती वस्तु होइनन्

उखु भनेको गुलियोपन् हो, तीतोपन् करेला
मनमा जे जे अनुभूत् हुन्छ, त्यै बस्तु त्यै बेला
तर्कारी खाँदा नूनको स्वाद आउँछ मनमा
त्यै स्वाद् हो नून, अलग्गै नून् त हुँदैन संसारमा

अनुभूत गर्ने कर्ता नै यदि नभए पृथ्वीमा
यो वस्तु-जगत् कसरी हुन्छ उत्तिकै हावामा ?
त्यसैले, ब्रम्ह सत्य हो, बाँकी संसार झूठा हो
आत्मामा जे जे झल्किन्छ - सत्य, यो जगत् भ्रम हो

आत्मगत् खालका आदर्शवादी सोच्दछन् यसरी -
यो आत्मभित्र जे छ त्यो वस्तु, भ्रम हो बाहिरी
बर्कले, फिक्टे, ह्यूम र माख सोच्दथे यसरी
शंकराचार्य पूर्वमा पनि सोच्दथे यसरी ।

❑ श्याम श्रेष्ठ

चेतना वा आत्मा नै प्राथमिक हो,
प्रकृति र वस्तु यसको उपज हो ।

आदर्शवाद
Idealism

| वस्तुगत आदर्शवाद<br>**objective idealism** | अात्मागत आदर्शवाद<br>**subjective idealism** |
|---|---|
| आत्मा, परमात्मा, विश्व आत्मा वा चेतना भौतिक संसारभन्दा बाहिर स्वतन्त्र रुपले र वस्तुगत रुपले नै अस्तित्वमा छ । | आत्मामा वा मनमा जे संवेदना अनुभूति हुन्छ, त्यो नै वस्तु हो । संवेदनाको संगालो नै वस्तु हो । आत्मा वा मनको संवेदना भन्दा अलग्गै वस्तुको अस्तित्व छैन । ब्रम्ह नै सत्य हो, जगत झूठा हो । |
| यसका प्रवक्ताहरू<br>*पश्चिममा:* प्लेटो: ५-४ शताब्दी ई.पू.<br>हेगेल: १९ सौं शताब्दी<br>*पूर्वमा:* कृष्ण<br>ओशो: बीसौं शताब्दी | यसका प्रवक्ताहरू<br>*पश्चिममा:* बर्कले: १८ औं ताब्दी<br>फिक्टे: १८-१९ औं शताब्दी<br>ह्युम: १८ औं शताब्दी<br>माख: १९/२० औं शताब्दी<br>*पूर्वमा:* शंकराचार्य: आठौं शताब्दी<br>गौडपाद: छैठौं शताब्दी |

# के तपाईलाई थाहा छ ?

## विश्वमा अपांगहरू

◆ विश्वमा ५० करोड मानिसहरु अपांग छन् ।

◆ त्यसमध्ये ३० करोड अपांगहरु विकासोन्मुख मुलुकमा छन् ।

◆ कुल अपांगहरुमध्ये ३२ प्रतिशत, अर्थात् १६ करोड महिला छन् ।

◆ अपांगहरुमध्ये १४ करोड बालबालिका छन् ।


## नेपालमा अपांगहरू

◆ २० लाख मानिस अपांग छन् ।

◆ नेपालको कुल जनसंख्याको करिब १० प्रतिशतले अपांग छन् ।

◆ नेपालका सम्पूर्ण अपांगहरुमध्ये ९३ प्रतिशत गाउँमा छन् ।

*स्रोत: विश्व स्वास्थ्य संगठन*



# नेपालमा बच्चाहरु

◆ नेपालमा बच्चालाई जन्म दिने क्रममा हरेक वर्ष ४२८० जना र हरेक हप्ता ८२ जना महिलाको मृत्यु हुन्छ ।

◆ नेपालमा प्रत्येक एक लाख जीवित शिशुलाई जन्म दिने क्रममा ५३५ जना आमाको मृत्यु हुन्छ ।

◆ नेपालमा हरेक वर्ष ८ लाख केटाकेटीको जन्म हुन्छ ।

◆ नेपालमा प्रत्येक वर्ष ४५ हजार मानिसको झाडा पखालाबाट मृत्यु हुन्छ ।

◆ नेपालमा प्रत्येक वर्ष एक वर्ष मुनिका शिशुहरुमा प्रति हजारमा ७९ जनाको मृत्यु हुन्छ ।

◆ नेपालमा प्रत्येक वर्ष ५ वर्ष मुनिका बालकहरुमा प्रति हजारमा ११८ जनाको मृत्यु हुन्छ । ❑


*स्रोत : UNICEF*

हाम्रो गोरेटोको दोस्रो अंक

संवाद

*थप संवादहरूसहित बजारमा आउनै लाग्यो ।*

*बाल्दै नबोल्ने*
*बोल्या बोल्यै गर्ने र*
*बेढंगति बोल्ने हामीहरु !*



*बटुवाहरू*
खगेन्द्र संग्रौला
हरिगोविन्द लुइँटेल
शरद पौडेल

हाम्रो गोरेटो प्रकाशन, काठमाडौं ।
सम्पर्क: पो.ब.नं. ७३१, काठमाडौं । फोन: ३३१०२६

## अन्तरिक्षमा नौलो घटना



# कहीं गुरुत्वाकर्षणको सिद्धान्तमा संशोधन त गर्नुपर्ने होइन ?

◆ तुल्सीदास महर्जन ◆

सूर्यबाट धेरै टाढा, सौर्य-मण्डलको सीमाभन्दा बाहिर नेप्च्यून र प्लूटो ग्रहहरुका कक्ष (Orbits) हरुभन्दा बाहिर वैज्ञानिक जगत्मा अनौठो लाग्ने घटना घटिरहेको छ। पृथ्वीबाट अरबौं अरब किलोमिटर टाढा पर्ने अन्तरिक्षको त्यस शून्य क्षेत्रमा अहिले दुईवटा अन्तरिक्ष यानहरु पुगेका छन्। तर ती यानहरुले त्यहाँ अहिलेसम्मका भौतिक शास्त्रका सिद्धान्तहरुका आधारमा जे व्यवहार देखाउनु पर्ने हो, त्यो देखाइरहेका छैनन्। यस घटनालाई लिएर वैज्ञानिकहरु आश्चर्यमा परेका छन् र कहीं अहिलेसम्म स्थापित भइरहेको भौतिक विज्ञानको नियम नै पो संशोधन गरिनु पर्ने हुने हो कि ? भनेर उनीहरु प्रश्न गरिरहेका छन्।

गुरुत्वाकर्षणको सिद्धान्तअनुसार गुरुत्वाकर्षणको प्रभाव सबै प्रकारका पिण्डहरुमा समान हुन्छ। त्यसैले, पृथ्वीमा जुनसुकै मात्राको पिण्ड भएका वस्तुहरु भएपनि सतहमा समान प्रवेग (Acceleration) र समान समयमा खस्तछन्। त्यस्तै, यस सिद्धान्तअनुसार पिण्डहरु जति टाढा हुन्छन्, त्यति नै तिनीहरु बीचको गुरुत्वाकर्षण शक्ति पनि कमजोर हुन्छ।

अहिले अनौठो के भयो भने, सौर्य परिवारभन्दा बाहिर पुगेका दुई अन्तरिक्ष यानहरुमाथि सूर्यको थप गुरुत्वबल परेको देखिन आएको छ। अर्थात्, अन्तरिक्ष यानहरु सौर्य परिवारलाई छोडी बाहिर हुईंकिन खोज्दा तिनीहरुलाई सूर्यले थप बल लगाएर आफूतिर तान्न खोजेको छ। के यस घटनाले न्यूटनको गुरुत्वाकर्षणको सिद्धान्तलाई औंलो ठड्याएन र ?

भौतिकशास्त्रीहरु गुरुत्वाकर्षणका नियमहरुलाई प्रयोग गरी अन्तरिक्ष यानहरुका बाटाहरुको भविष्यवाणी अत्यन्त सही ढंगले गर्छन्। यो कार्यको लागि सन् १९७२ र १९७३ मा बृहस्पतितर्फ दुई अन्तरिक्ष यानहरु 'पायोनियर- १०' र 'पायोनियर- ११' पठाउँदा उनीहरुले कक्ष निर्धारण कार्यक्रम (Orbit Determination Program, ODP) नामक कम्प्युटर सफ्टवेयरको एक कार्यक्रमको सहयोग लिएका थिए। ODP ले आइन्स्टाइनको सामान्य सापेक्षताको सिद्धान्त (General Theory of Relativity) सँग मेल खानेगरी कसरी सूर्य तथा ग्रहहरुको गुरुत्वाकर्षणको प्रभाव अन्तरिक्ष यानहरुमा पर्दछ भन्ने कुराको हिसाब गर्दछ।

अर्को कुरो, वैज्ञानिकहरुका अनुसार ती यानहरु अन्तरिक्षमा पठाइसकेपछि तिनीहरुले पृथ्वीमा पठाउने रेडियो संकेतहरुको विश्लेषण गरेर तिनीहरुले लिइरहेको वास्तविक बाटाहरुको यथार्थ नाप निकाल्न सकिन्छ। जस्तो कि, अन्तरिक्ष यान सौर्यमण्डलबाट टाढा हानिँदा त्यसले पृथ्वीमा पठाएको रेडियो तरंगहरु केही मात्रामा तन्किन्छन्। यस्तो हुनुको कारण तरंगको फ्रिक्वेन्सीमा फेरबदल हुनु हो। यसलाई डप्लर सिफ्ट (Doppler Shift) भनिन्छ। डप्लर सिफ्ट पृथ्वीसँगको सापेक्षतामा अन्तरिक्ष यानमा कायम हुने गतिसँग निर्भर गर्दछ। यी कुराहरुको आधारमा वैज्ञानिकहरु पायोनियर अन्तरिक्ष यानहरुको स्थिति र प्रवेग पत्ता लगाउँछन्।

**अनौठो के भयो भने, सौर्य परिवारभन्दा बाहिर पुगेका दुई अन्तरिक्ष यानहरूमाथि सूर्यको थप गुरूत्वबल परेको देखिन आएको छ।**

तर, पायोनियर यानहरुको सन्दर्भमा वैज्ञानिकहरुले तिनीहरुका बाटाहरुका बारे जुन अनुमान लगाएका हुन्, त्यो र अहिले मापन गरिएका तिनीहरुका बाटाहरुको माप एक आपसमा फरक पर्न आए। यसको अलावा, ती यानहरुमाथि सूर्यबाट थप आकर्षणको बल प्रयोग भएको पाइयो, जुन ODP ले केही पनि अनुमान लगाएको छैन। हुन त यानहरुको गतिमा देखापरेको यो अनियमितता (anomaly) साह्रै थोरै छ (यहाँ उल्लेखित सूर्यले गरेको थप आकर्षणको मानबाट एउटा स्याउको दाना बोटबाट तल झर्छ भने जमीनमा पुग्न त्यसले एक दिन पूरा लाग्छ।) तैपनि भौतिक विज्ञानमा यतिले नै पनि प्रश्न उठाउन पर्याप्त आधार प्रदान गर्छ।

वैज्ञानिकहरुले अन्तरिक्षमा देखिने अस्थिरता, अनि-यमितता र अस्वभाविकताका आधारमा खगोलीय अन्वेषणहरु गर्ने गर्छन्। जस्तो कि, अनुमान गरिएको युरेनसको कक्ष (Orbit) र अवलोकनबाट देखिन आएको युरेनसको कक्षबीच देखिन आएको फरकपनाको आधारमा नै नेप्च्यून ग्रहको अन्वेषण गर्न वैज्ञानिकहरु सफल भएका हुन्। त्यस्तै, सूर्यको नजीक भएको कारणले अत्यधिक गुरुत्वाकर्षणको प्रभाव पर्ने भएर पनि बुध ग्रहको कक्ष अस्वभाविक ढंगले लाम्चो प्रकारको (elliptical) भएको पाइएबाट त्यस अस्वभाविकतालाई न्यूटनको गुरुत्वाकर्षणको सिद्धान्त अपूर्ण भएको कुसको एउटा संकेतको रुपमा लिइएको थियो। र, यसले आइन्स्टाइनलाई 'सामान्य सापेक्षताको सिद्धान्त' तर्फ जान प्रेरित गरायो।

अहिले पायोनियर अन्तरिक्ष यानहरुमा देखापरेको अस्वभाविक गतिले 'गुरुत्वाकर्षणका नियमहरु' मा पुनर्विचार गर्न वैज्ञानिकहरुलाई प्रेरित गरिरहेको छ। 'पायोनियर- १०' अन्तरिक्ष उडान टीमका एक सदस्य तथा अमेरिकाको क्यालिफोर्निया राज्यको पासाडेनास्थित 'जेट प्रपल्सन लाबोरेटोरी' का वैज्ञानिक डा. जोन आन्डर्सन र उनको टीमले अहिले पायोनियर अन्तरिक्ष यानहरुमा देखापरेको अस्वभाविकताको कारण के हो भन्नेबारे अनुसन्धान गरिरहेका छन्।

डा. आन्डर्सन र उनको टीमले पायोनियर यानमा पर्न सक्ने ODP मा समावेश नभएका अन्य सम्भाव्य बलहरुको अहिले एक एक गरी विश्लेषण गर्दैछन्। यानमा चुहिएको ग्याँस र यानको विद्युत जेनेरेटरबाट निस्केको इन्फ्रारेड विकिरणको कारणले उत्पन्न हुने बललाई उनीहरुले विश्लेषण गरेर

हेरे । तर यी दुबै बलहरु अत्यन्त कमजोर भएको र यिनीहरुले यानलाई सूर्यको दिशामा दवाब दिन नसक्ने कुरा प्रमाणित हुन्छ । त्यस्तै गरी, सूर्यको प्रकाशले दिने दवाब र यानको रेडियो ऐन्टेनाबाट निस्कने विकिरणले दिने दवाब पनि साह्रै कमजोर देखिन्छ । र, यी दवाबहरुले यानलाई सूर्यको दिशामा होइन, बरु त्यसको विपरीत दिशामा धकेल्दछन् ।

अर्को कुरो, यानहरुमा कहीं कुइपर पेटी (Kuiper belt) बाट अर्थात् प्लूटोभन्दा टाढा सूर्यलाई परिक्रमा गरिरहेका असंख्य साना साना पिण्डहरुको सूर्यलाई घेर्ने पेटीबाट वा सौर्यमण्डलभन्दा टाढा ब्रम्हाण्डका पिण्डहरुबाट त दवाब पैदा भएन ? भन्ने हामीलाई लाग्न सक्छ । तर, ती पिण्डहरुको प्रभाव यानमा अत्यन्त न्यून वा नगण्य रुपले मात्र पर्ने र त्यसले यानमा कुनै दवाब पैदा नगरेको तथ्य देखिन्छ । त्यस्तै, सौर्यमण्डलभित्र अहिलेसम्म पत्ता नलगाइएका काला पिण्डहरुको अस्तित्व रहेको र तिनीहरुकै कारणबाट यानहरुमा सूर्यको दिशामा दवाब परेको भनेर भनौं भने, त्यसको प्रभाव यसअघि नै ग्रहहरुका कक्षहरुमा परेको देखिनु पर्ने थियो । तर, त्यस्तो तथ्य वैज्ञानिकहरुसँग उपलब्ध छैन ।

डा. आन्डर्सन र उनको टीमले पायोनियर अन्तरिक्ष यानको डिजाइनमा भएको दोषले पो त्यस्तो भएको हो कि भनेर पनि जाँच अनुसन्धान गरी हेरे । तर उनीहरुले अर्को अन्तरिक्ष यान 'युलिसेस' मा पनि पायोनियरले देखाएको नै व्यवहार विद्यमान रहेको पत्ता लगाए ।

त्यस्तै, उनीहरुले यानहरुको बाटो, स्थिति र गतिको विश्लेषण गर्न प्रयोग गरिएको कम्प्युटर सफ्टवेयर ODP मा नै कुनै दोष छ कि भनेर पनि हेरे । तर भूउपग्रह उद्योगमा प्रयोग हुँदै आएको कम्प्युटर सफ्टवेयरद्वारा स्वतन्त्र ढंगले 'पायोनियर- १०' को बाटोको विश्लेषण गर्दा पनि ODP ले दिएको जस्तै नतीजा नै प्राप्त भयो । अर्थात्, पायोनियरको अस्वभाविकता फेरि पनि पुष्टि भयो ।

पायोनियरको बाटोलाई मापन गर्न प्रयोग गरिएको डप्लर सिफ्टको विश्लेषण गर्ने पद्दति 'डप्लर रेन्जिङ्ग मेथड' (Doppler ranging method) को प्रयोग गराइमा दोष छ कि भनौं भने त्यही पद्धति अप्नाई मापन गरिएको हालै मात्र बृहस्पति ग्रहलाई परिक्रमा गर्न पुगेको 'ग्यालिलियो' अन्तरिक्ष यानको सन्दर्भमा पनि उही नतीजा प्राप्त भएको छ ।

**यदि यानलाई प्रभाव पार्न सक्ने जति पनि शक्तिहरू छन्, ती सबै र मानव निर्मित संभाव्य दोषहरूमध्ये कुनै पनि कुरा यानमा देखिएको अस्वभाविक व्यवहारको लागि जिम्मेवार छैन भने, साँच्चै त्यो अस्वभाविक व्यवहारको कारण के हुन सक्ला ? के कारणले टाढा पुगेका पायोनिर अन्तरिक्ष यानहरूमा सूर्यतर्फको दिशामा थप आकर्षण बल देखापर्‍यो ?**

यदि यानलाई प्रभाव पार्न सक्ने जति पनि शक्तिहरु छन्, ती सबै र मानव निर्मित संभाव्य दोषहरुमध्ये कुनै पनि कुरा यानमा देखिएको अस्वभाविक व्यवहारको लागि जिम्मेवार छैन भने, साँच्चै त्यो अस्वभाविक व्यवहारको कारण के हुन सक्ला ? के कारणले टाढा पुगेका पायोनिर अन्तरिक्ष यानहरुमा सूर्यतर्फको दिशामा थप आकर्षण बल देखापर्‍यो ? यी प्रश्नहरुले गुरुत्वाकर्षणको नियमहरुको सन्दर्भमा आइन्स्टाइनपछि पुनः थप अध्ययन गर्नुपर्ने बोध गराएको छ ।

विद्यमान गुरुत्वाकर्षणका नियमहरुबाट ग्रहहरुको गतिको मापन सही ढंगले गर्न सम्भव छ । त्यसैले, समस्याग्रस्त दुई अन्तरिक्षयानहरुमा देखापरेको अस्वभाविक घटनाको आधारमा नै अहिले नै नयाँ सिद्धान्तको तत्काल उदय हुन सक्दैन । तर नयाँ प्रश्नहरु जरुर उठेका छन् ।

डा. आन्डर्सन अहिले उठेका ती प्रश्नहरुका आधारमा हलुका र गह्रौं बस्तुहरुलाई फरक ढंगले असर हुने अथवा इनर्सियाको धारणामा हेरफेर हुने गुरुत्वाकर्षणको नयाँ नियमको सम्भावना देख्छन् । तर, उनी अहिले नै कुनै टुंगोमा भने पुगेका छैनन् । हेरौं, आगामी दिनहरुमा डा. आन्डर्सन तथा अन्य वैज्ञानिकहरुले कस्तो तथ्य र सिद्धान्तलाई अगाडि सार्नेछन् ।

*सन्दर्भ स्रोत: The Economist*

❑


## सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा

युवाहरूको मासिक खुराक
तपाई निम्ति पनि उपयोगी !
तपाईका छोराछोरीहरू,
भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!

मूल्यांकन मासिकको सहकर्मी

नव युवा

मासिक










**स्वस्थ, सार्थक, प्रगतिमुखी, रोचक र ज्ञानबर्द्धक सामग्रीहरुको संगालो !**

❑ के तपाईले किनेर पढ्नु भयो ? ❑ के तपाईले किनेर घर लगिदिनुभयो ?

❑ तपाईले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन

❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

- ❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।
- ◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।
- ❑ नव युवा रूपी यस अभियानलाई तपाई पनि सघाउनु होस् :-
  -नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।
  -लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*
- ◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिबृद्धि गर्नुहोस् ।
- ❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सूर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

अन्तर्क्रिया प्रकाशन प्रा. लि.




# मेरो रक्सीको गिलास ◆

◆ विमल निभा ◆



मेरो रक्सीको गिलासलाई साधारण ठान्ने भूल नगर्नोस् । यो पक्का सिद्धान्तवादी टाइपको छ । दुई-चार पेगको सम्पर्कमा आउनासाथ अर्कै हुन्छ । यसमा अझै थप्दै जाने हो भने यसले नीति, त्याग, आदर्श, संघर्ष, निष्ठा, आस्था, आन्दोलन, बलिदान आदिको पनि कुरा गर्न थाल्छ । हुन त रक्सी कुन ब्राण्डको हो, त्यसमा पनि यो निर्भर गर्छ । घरेलु रक्सीले 'संघर्ष-संवाद' जन्मनु गाह्रो छ । अँ, विदेशी भएमा कुरो भिन्दै हो । त्यो क्रान्तिकारी भावनासम्म पनि पुग्न सक्छ ।

*जस्तो,*

-लाल सलाम कमरेड ।'

'लाल सलाम ।' मैले साश्चर्य मेरो रक्सीको गिलासलाई हेरें । र, भनें- 'मेरो परम आदरणीय रक्सीको गिलासज्यू, आज हजूरलाई के भयो ?'

'किन, के भयो ?' मेरो रक्सीको गिलासले पनि त्यही दोहोऱ्यायो ।

'एक्कासी यो 'लाल सलाम'को कसरी स्मरण भयो ? हजूर त अभिवादन शब्दको पक्षपाती हुनुहुन्छ । लामो समयको सरसंगतले गर्दा यति त मलाई पनि थाहा छ, हजूर क्लासिकल शैलीलाई घृणा गर्नु हुन्छ ।

मैले भनें, "त्यसैले यो लाल सलामको कारण के हो, मेरो परम आदरणीय रक्सीको गिलासज्यू ?"

"त्यो त हो कमरेड, म एक बहुदलीय जनवादी हुँ । आधुनिकताको सुखभोग गर्ने अवसर पाएको एक रक्सीको गिलास । तसर्थ, मैले पुरानोको पछि लाग्ने प्रश्नै छैन ।" मेरो रक्सीको गिलास अर्थपूर्ण ढंगले मुस्कुरायो । अनि गम्भीरता धारण गरेर भन्यो, "तर नवीनताको भोगचलन गर्नेहरूले पनि कहिलेकाहीं प्राचीनतातिर फर्कनु पर्ने हुन्छ ।"

"किन मेरो परम आदरणीय रक्सीको गिलासज्यू ?"

"यो व्यवहारको कुरो हो । तिमी बुझ्न सक्दैनौ कमरेड । म लाल सलाम मात्र होइन, वर्ग संघर्ष, सर्वहाराको अधिनायकत्व र साम्यवाद स्थापनाको कुराबाट पनि लाभ लिन सक्ने रक्सीको गिलास हुँ । जसरी भए पनि व्यक्तिगत फाइदा आर्जन गर । नयाँ र पुरानोको फिक्री नगर । यही समयोचित चिन्तन हो । जसमा मैले क्रान्तिकारीताको टच दिएको हुँ कमरेड । गहिरिएर हेर्न सक्नु पर्छ । सबै स्पष्ट हुन्छ ।" मेरो रक्सीको गिलासले हाँसेर भन्यो ।

म नियमित रक्सी सेवन गर्ने गर्छु । यो बानी भएको धेरै भइसक्यो । के गर्ने ? तर एक क्वाटर भन्दा बढी उदरस्थ गर्ने मेरो क्षमता छैन । यो क्षमता पूर्णरूपेण मेरो पकेटसंग सम्बन्धित छ । अन्यथा, सित्तैमा पेला परे म बोतलका बोतल ह्वीस्की, ब्राण्डी, भोड्का, माओताई, रम र जीन रित्याउन सक्छु । विश्वास छैन भने एकपटक कुनै भोजमा आमन्त्रित गरेर हेर्नोस् । म सदैव विनम्रतापूर्वक सेवामा हाजिर छु । किन्तु केही दिनदेखि म एक क्वाटरमै सीमित छु । यो मेरो (व्यक्तिगत) आर्थिक उदारवाद हो । जसलाई मध्यमार्गी राजनैतिक पार्टीहरूले सापटी लिएका छन् । हाम्रो देशका केही जल्दाबल्दा कम्युनिष्ट पार्टीहरू पनि यही नीतिमा विश्वास राख्छन् । मार्क्सवादीहरू अब अनुभवी भइसकेका छन् ।

*हिजो रातिको कुरो*

मेरो रक्सीको गिलासलाई हातमा लिएर सहज रूपमा मैले भनें, "मेरो परम आदरणीय रक्सीको गिलासज्यू, के हालखबर छ ?"

"तिमी हेरि नै रहेछौ कमरेड ! बेसै छ । फेरि यो प्रश्नको तात्पर्य के हो ?" उसले अप्रसन्न भावमा भन्यो ।

"होइन, मेरो आशय केवल हजूरको हालखबर नै हो मेरो परम आदरणीय रक्सीको गिलासज्यू ! अन्यथा नलिनोस् । मेरो करजोरी बिन्ती छ ।" मैले भनें ।

"तिमीले कुनै चिन्ता लिनु पर्दैन कमरेड । मेरो हालखबर अति शुभ छ । मार्क्सवाद एउटा शुभ लाभको चिन्तन हो- यो मैले प्रमाणित गरेर दुनियाँलाई देखाइदिएँ कमरेड ।"

"कसरी मेरो परम आदरणीय रक्सीको गिलासज्यू ?" मैले प्रश्न गरें ।

"हेर, अब म तिम्रो त्यही पुरानो काँचको गिलास होइन । मेरो तलदेखि माथिसम्म काया-परिवर्तन भइसकेको छ । म एक महँगो स्फटिकको गिलासमा फेरिइसकें । हो, एक उज्ज्वल स्फटिकको गिलास । तिमी अनुमान नै गर्न सक्दैनौ, मेरो हैसियत करोडौं-करोडको भइसक्यो कमरेड ।"

"हो र मेरो परम आदरणीय रक्सीको गिलासज्यू ?"

"अब तिमीले मलाई आफ्नो नठाने हुन्छ । तिम्रो पहुँचको सीमाभन्दा म धेरै धेरै पर पुगिसकें । कहाँ कहाँ । मसम्म पुग्ने असम्भव प्रयत्न नगर । सबै व्यर्थ हुनेछ । किनभने, म एक रूपान्तरित गिलास हुँ । त्यही तिम्रो मामुली रक्सीको गिलास होइन", मेरो रक्सीको गिलासले पत्याउनै नसकिने, अचम्मको बात माऱ्यो ।

जुन गिलासमा म रक्सी पिउने गर्छु, त्यो सम्पूर्ण काँचको गिलास हो । अर्को चलनचल्तीको शब्दमा सिसाको गिलास, जसलाई मैले बजारबाट दुई रूपियाँमा खरीद गरेर ल्याएको हुँ । कति पटक फुट्नबाट यो जोगिएको छ । म यसको निकै हेरविचार गर्ने गर्छु । सतर्कतापूर्वक । तथापि यो चर्किएको छ । भित्रैबाट, झट्ट देखिँदैन । र, यही मेरो रक्सी खाने गिलासको विशेषता हो । अतएव मलाई असाध्यै मन पर्छ । भित्रभित्रै चर्किएको भए तापनि के भयो र, यो मेरै गिलास त हो । मेरो आफ्नै गिलास । मेरो रक्सी खाने गिलास । परन्तु यो मेरो ठूलो भ्रम रहेछ, जुन हिजोको मितिदेखि चकनाचूर भयो । काँचको गिलास होइन, मेरो भ्रम फुटेर टुक्रा टुक्रा भएको छ ।

*आजको प्रसंग*

काठको टेबुलमाथि गर्वले ठडिएको मेरो रक्सीको गिलास आज प्रफुल्लित देखिन्छ । दुई पेग दुधिया मै ठूल्ठूलो सिद्धान्त ओकल्न थालेको छ । निकै राम्रो मुडमा छ । म भने चुप छु । ऊ मतिर हलुको दृष्टि फ्याँकेर सस्मित भन्छ, 'लाल सलाम कमरेड !'

'लाल सलाम ।' म यन्त्रबद्ध तरीकाले उत्तरित हुन्छु ।

'कमरेड, तिमी सोचिरहेछौ, आज फेरि लाल सलाम किन ? पुरानो बानी हो । हत्पत्ति जाँदैन । कहिलेकाहीं ममा पनि क्रान्तिकारी भावना उत्पन्न हुनु अस्वाभाविक छैन । अहिले चुनाव समीप आएको छ । यही बेला हो । निर्वाचनद्वारा नै म यो देशमा जनवादको स्थापना गर्ने विचार गरिरहेछु । कस्तो जनवाद ? बहुदलीय जनवाद । के यो क्रान्तिकारी कदम हुने छैन ? तिमी पनि सहयोगको लागि तम्तयार होऊ कमरेड । यहाँ मार्क्सवादको अवश्य आगमन हुनेछ । तर मेरो मार्क्सवाद अलि फरक छ । यो अहिलेको मार्क्सवाद हो । मेरो दुनियाँको मार्कर्सवाद-लेनिनवाद । बुझ्यौ त कमरेड ? ' मेरो रक्सीको गिलास छचल्किएर भुईंमा पोखिँदै भन्छ ।

'बुझें मेरो परम आदरणीय रक्सीको गिलासज्यू ।' यो मेरो शान्त स्वर हो ।

गजब छ । मेरो रक्सीको गिलास मात्र होइन, सबै प्रकारका भाँडाकुँडाहरू थाल, कचौरा, बाटा, कसौंडी, करूवा, रिकापी, केत्ली, बाल्टीन, अम्खोरा, पनेउ, ताप्के, कराही, डाडु, सीसी, बट्टा, लोटा र चम्मचहरू अचेल महान आदर्शवादी भइसकेका छन् । यो के भएको हो ?

*◆ वास्तवमा यो मेरो पानी खाने गिलास थियो । जसबाट म आवश्यकता अनुसार चिया पनि खाने गर्थें । तर कुन्नि, कसरी यो मेरो रक्सी खाने गिलासमा परिणत भयो ?* □

> *'एक्कासी यो 'लाल सलाम'को कसरी स्मरण भयो ? हजूर त अभिवादन शब्दको पक्षपाती हुनुहुन्छ ।*

# के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुनर्संगठित गर्नु जरुरी छ ?

(८ पेजको बाँकी)

उनीहरुले साम्यवादी विचारधाराप्रति भक्तिभाव प्रदर्शित गरे पुग्छ । धर्मभीरुहरुले धर्मशास्त्र मान्छु भने जस्तै गरी वैज्ञानिक समाजवादलाई 'म मान्छु' भनी दिए पुग्छ । यस प्रकार, साम्यवाद एउटा धर्मशास्त्रझैं हुन गएको छ । धर्मशास्त्रको 'स्वर्ग' झैं हुन गएको छ साम्यवादी लक्ष्य ।

यो दोषपूर्ण बुझाइका कारणले स्वयं कम्युनिष्ट पार्टीका नेताहरुको जीवनशैली दोहोरो हुन गएको छ: बाहिर कुरा र घोषणा हेर्‍यो- वैज्ञानिक समाजवादी, भित्र व्यवहार र जीवनशैली हेर्‍यो- सामन्तवादी वा पूँजीवादी । रातो मूला जस्तो हुन गएको छ हाम्रो साम्यवादी नेतृत्वको चरित्र । बाहिर भाषण र कुरा हेर्‍यो पूरै रातो, भित्र जीवन र व्यवहार हेर्‍यो- नितान्त सेतो । हाम्रो कम्युनिष्ट आन्दोलनमा तर्क क्षमता, चलाखी र सक्रियताको भरमा कुनै पनि व्यक्ति कम्युनिष्ट पार्टीको सर्वोच्च नेता हुन सक्ने स्थिति विद्यमान छ, गोर्वाचोभ कम्युनिष्ट पार्टीको महासचिव भए जस्तो । यो यसैकारणले संभव भएको हो कि, वैज्ञानिक समाजवादलाई यहाँ जीवन संस्कृतिका रुपमा ग्रहण नै गरिएको छैन । यो बुझाइ र प्रक्रियाबाट अघि बढ्ने हो भने, यहाँ वर्षैपिच्छे हजारौं गोर्वाचोभहरु पैदा हुने निश्चित छ । किनभने, कम्युनिष्ट हुन कुनै व्यक्तिले आफ्नो दृष्टिकोण र जीवन संस्कृति नै रुपान्तरित गर्न नपर्ने हो भने तर्क-क्षमता, चलाखी र सक्रियताको भरमा त पूँजीपति वर्गको एउटा गुप्तचर पनि पार्टीको कुनै पनि ओहोदामा पुग्न संभव छ ।

यही हुनाले, हामीले नेपालको कम्युनिष्ट आन्दोलनको वैज्ञानिक समाजवाद सम्बन्धी बुझाइ नै बदल्नु जरुरी भएको छ । वैज्ञानिक समाजवाद सम्पूर्ण समाजको हकमा त सुदूर भविष्यको लक्ष्य हो नै, तर जागृत र ध्येयप्रति प्रतिबद्ध र स्पष्ट मानिसहरुको निम्ति यो सुदूर भविष्यको लक्ष्य मात्र होइन, यो उनीहरुको वर्तमानकै जीवन-संस्कृति हुन सक्छ र हुनुपर्छ । यसको अभ्यास एक हदसम्म यहीं र अहिल्यै संभव छ र संभव पार्न जरुरी छ । वैज्ञानिक समाजवाद आनन्ददायक, उन्नत र वैज्ञानिक सामाजिक प्रणाली र जीवनसंस्कृति हो भनेर वैज्ञानिक समाजवादी ध्येय बोकेका अगुवा र पहलकर्ताहरु स्वयं आफ्नो व्यवहारमा, आफ्नो जीवनमा लागू गरेर साबित गर्दैनन्, गर्न सक्दैनन् भने सम्पूर्ण समाजलाई यो दिशामा अघि बढ्न अपील गर्ने नैतिक हक उनीहरुसित कसरी रहन्छ ? नयाँ ढंगले कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठित गर्नु जरुरी छ भन्नुको एउटा तात्पर्य हाम्रो कम्युनिष्ट आन्दोलनको वर्तमान दिशामै हेरफेर गर्नु जरुरी छ र यसको बारे हाम्रो बुझाइमै परिवर्तन ल्याउनु जरुरी छ भन्ने हो ।

## प्राथमिकताको गडबडी

अहिले नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख प्राथमिकता भइरहेछ- सत्ताकेन्द्रित दिनानुदिनको राजनीति । यही राजनीतिमा घाँटीघाँटीसम्म डुब्दै अरु थोक गर्न फुर्सदै नहुने स्थिति आन्दोलनमा विद्यमान छ । सत्ता हामीकहाँ साधन कम, साध्य ज्यादा भइरहेछ ।

राजनीतिक सत्ता समाज रुपान्तरणको एउटा महत्वपूर्ण साधन हो, यसमा विवाद नै छैन । तर के त्यो आजको समय र परिस्थितिमा हाम्रो सर्वप्रमुख प्राथमिकताको विषय हो ? के दिनानुदिनको राजनीति नै हाम्रो यतिखेरको प्रमुख काम हो ?

अहिले नेपालको कम्युनिष्ट आन्दोलन दायाँ अति र बाँया अतिबाट ज्यादै पीडित छ । दुवै अतिहरुले आफ्नो साध्य र पहिलो प्राथमिकता नै राजनीतिक सत्तालाई बनाएका छन् । सत्ताको निम्ति जे पनि गर्नु नैतिक हुन्छ, जे पनि गर्नु उचित हुन्छ भन्ने जीवन-संस्कृति दुवैले अँगालेका छन् । दक्षिणपन्थी अति र उग्रपन्थी अति- दुवैको प्रमुख कारण भइरहेछ- वैज्ञानिक विश्व दृष्टिकोण र समाजवादी जीवन संस्कृतिको खडेरी, विचारधारात्मक स्पष्टताको अनिकाल । सम्पूर्ण नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख दुर्वलता नै यही भइरहेछ । यस परिस्थितिमा हाम्रो कम्युनिष्ट आन्दोलनको प्रमुख प्राथमिकताको विषय- विश्व दृष्टिकोण र जीवन संस्कृतिको खडेरीको समस्या र विचारधारात्मक स्पष्टताको अभावको समस्या हल गर्नु हुनुपर्ने हो । तर हाम्रो प्राथमिकता यो भइरहेको छैन । हाम्रो



**वैज्ञानिक समाजवाद आनन्ददायक, उन्नत र वैज्ञानिक सामाजिक प्रणाली र जीवनसंस्कृति हो भनेर अगुवा र पहलकर्ताहरू स्वयं आफ्नो जीवनमा लागू गरेर साबित गर्दैनन् भने सम्पूर्ण समाजलाई यो दिशामा अघि बढ्न अपील गर्ने नैतिक हक उनीहरूसित कसरी रहन्छ ?**

प्राथमिकता सत्ताकेन्द्रित दिनानुदिनको राजनीति भइरहेछ । हाम्रो आन्दोलनमा गडबडीको एउटा प्रमुख स्रोत यो भइरहेछ ।

हाम्रो कम्युनिष्ट आन्दोलनमा अन्ध नक्कल गर्ने र मनगढन्त धारणा र कार्यक्रम बनाउने प्रवृत्ति निकै व्यापक रुपमा विद्यमान छ । यो वास्तवमा आदर्शवादी र अधिभूतवादी चिन्तन प्रणाली अँगाल्नुकै परिणाम हो । नेपाली समाजको गतिशील यथार्थबारे खोजीनीति गरेर नेपाली समाजको विकास प्रक्रिया र वर्ग विश्लेषणको वस्तुसम्मत अध्ययनको आधारमा हाम्रो क्रान्तिको कार्यक्रम र नीति, सिद्धान्त र योजना तयार पार्ने काम हाम्रो आन्दोलनमा अहिलेसम्म भएको छैन । द्वन्दवादी भौतिकवादी चिन्तन प्रणाली हामीसित नहुनुकै कारणले अन्यत्रका सफल क्रान्तिकारी अनुभवहरुको अन्ध नक्कल गरेर वा त्यसलाई बिना सोचविचार उधारो लिएर हाम्रो देशको क्रान्तिको सिद्धान्त र कार्यक्रम तयार गर्ने काम हामीकहाँ भइरहेछ । विश्व र नेपाली समाज निरन्तर गतिशील छ । तर हाम्रो समाजबारेको धारणा बिल्कुलै स्थिर छ । नेपालको समाज र राज्यको वर्ग-चरित्रबारे ५० वर्षअघि जे भन्थ्यौं, अहिले पनि हामी त्यही भनिरहेका छौं, जबकि यसबीचमा नेपाली समाज कताबाट कता पुगिसकेको छ । कुनै पनि समस्या वा घटनालाई एकांकी रुपमा र अलग थलग रुपमा लिने र हेर्ने प्रवृत्ति त हामीकहाँ व्यापक छ । एकता गर्‍यो भने संघर्ष नगर्ने, संघर्ष गर्‍यो भने एकतालाई इन्कार गर्ने प्रवृत्ति यसैको ज्वलन्त उदाहरण हो ।

जम्मामा, हाम्रो आन्दोलनमा द्वन्दवादी भौतिकवादी विश्व दृष्टिकाण हाम्रो आन्दोलनको जीवन-दर्शन नै भइरहेको छैन । हामीले द्वन्दवादलाई समेत अद्वन्दवादी ढंगले ग्रहण गरिरहेका छौं । समाजको कुनै पनि समस्या आउँदा, जीवनको कुनै पनि समस्या आउँदा, हामी समाजबाट सिकेर आएको अरु नै कुनै दर्शनको सहाराले समस्यालाई विश्लेषण र हल गर्छौं । बस्- बैठकहरुमा, गोष्ठी र कक्षाहरुमा चाहिं द्वन्दात्मक भौतिकवादबारे हामी बयान गरेर थाक्दैनौं । यसरी वैज्ञानिक समाजवादी दर्शन पनि हाम्रो आन्दोलनमा औपचारिक विषय मात्र भइरहेछ ।

यही समस्या, जीवन संस्कृतिको बारेमा पनि छ, जसबारे हामीले माथि थुप्रै चर्चा गरिसक्यौं । सारमा, वैज्ञानिक समाजवादी संस्कृति नेपाली कम्युनिष्ट आन्दोलनमा पार्टीको नेतृत्व तहमै अभ्यास भइरहेको छैन । त्यहाँ अभ्यास भइरहेछ- सामन्ती र पूँजीवादी संस्कृति । पार्टीभित्र मुट्ठीभर मानिसको वैचारिक निरंकुशतन्त्र चल्नु भनेको- सारमा सामन्ती राजतन्त्रात्मक संस्कृतिकै अभ्यास हो । व्यक्तिगतसत्ता सुनिश्चित गर्न, व्यक्तिगत नाफा वा फाइदाको निम्ति समाजको हितमाथि नै बंचरो चलाउनु भनेको पूँजीवादी व्यक्तिवादी संस्कृतिको अभ्यास हो ।

यस प्रकार, नेपालको कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट विश्व दृष्टिकोण र संस्कृतिकै भयावह अनिकाल परिरहेछ । यो अनिकालले गर्दा तेस्रो समस्या पैदा भइरहेछ- क्रान्ति, सत्ता, संगठन आदि तमाम सवालमा विचारधारात्मक स्पष्टताको अनिकाल । संसारमा लगातार ज्ञान विज्ञानको क्षेत्रमा चर्को गतिमा ठूलठूला उपलब्धिहरु र विकासहरु भइरहेका छन् । नेपाली कम्युनिष्ट आन्दोलन त्यसबाट लगभग बेखबर छ । त्यसलाई संश्लेषण गर्ने, दही-मथनी गर्ने काम हामीबाट भइरहेकै छैन । आफ्नो स्वार्थका लागि त्यो काम भइरहेछ- पूँजीपति वर्गबाट । यही ढंगले अगाडि बढेर हामी पूँजीपति वर्गलाई कसरी परास्त गर्न सक्छौं ?

यो स्थितिको अन्त गर्ने हो भने, हामीले नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमानको प्राथमिकतामै हेरफेर गर्नु परेको छ । यतिखेर नेपालको कम्युनिष्ट आन्दोलनको सर्वप्रमुख प्राथमिकताको विषय हुनुपर्छ- वैज्ञानिक समाजवादी विश्व दृष्टिकोण र संस्कृतिलाई जीवन संस्कृतिका रुपमा अंगीकार गर्ने र त्यसलाई विश्वको मानव जातिले ज्ञान विज्ञानको क्षेत्रमा हासिल गरेको पछिल्लो उँचाइ अनुरुप परिष्कृत पार्दै लाने कार्य । त्यसैका आधारमा आजको युगको क्रान्ति, सत्ता र संगठन, भावी दिशाबारे विचारधारात्मक रुपले स्पष्ट हुने कार्य । नेपाली कम्युनिष्ट आन्दोलन अहिले दिनानुदिनको राजनीतिक अभावले जुझारुपन र

# मैले कम्युनिष्ट आन्दोलनको पुनर्गठन गर्नुपर्छ किन भनें ?

◆ लोककृष्ण भट्टराई ◆

**◆ तपाईंले केही समय अगाडि 'कान्तिपुर' दैनिकमा नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनर्संगठन गर्नुपर्ने बेला आएको कुरा उल्लेख गर्दै एउटा लेख छपाउनु भयो । तपाई त्यो निर्ष्कर्षसम्म कसरी पुग्नुभयो ? के को आधारमा तपाईंले यो पुनर्संगठनको आवश्यकता देख्नु भएको हो ?**

-अहिलेसम्मका कम्युनिष्ट आन्दोलनका नेताहरुको व्यवहारलाई हेरेर नै म यस निर्ष्कर्षमा पुगेको हुँ ।

म २०२४ सालदेखि कम्युनिष्ट आन्दोलनमा लागेको व्यक्ति हुँ । त्यसैले त्यसभन्दा अगाडिको त मसंग प्रत्यक्ष अनुभव छैन । तर, म 'पुष्पलाल प्रतिष्ठान' संग सम्बन्धित व्यक्ति भएको नाताले त्यहाँ भएका पुराना जति पनि दस्तावेजहरु छन्, ती सबैको अध्ययन गर्दा मैले के पाएँ भने, दोस्रो विश्वयुद्ध पछाडिका प्रजातान्त्रिक आन्दोलन समेत पनि त्याग, निष्ठा र आदर्शमा आधारित थियो । नासेर, गान्धी जस्ता बुर्जुवा नेताहरु पनि त्याग, निष्ठा र आदर्शमा हिँडेका थिए । कम्युनिष्ट आन्दोलनभित्रका लेनिन र पछिका स्तालिन, माओ जस्ता नेताहरु त झन् त्याग, निष्ठा र आदर्शमा छँदै थिए । त्यही समयमा नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भयो ।

नेपालको कम्युनिष्ट आन्दोलनमा उच्च मध्यम र मध्यम वर्ग मात्र रहेको मैले देखेको छु । म पनि एकजना मध्यम वर्गकै मानिस हुँ । कम्युनिष्ट आन्दोलनमा गरीब वर्गबाट उठान गरिएको नेतृत्व नै सबभन्दा ठूलो आदर्श हुँदोरहेछ । त्यो आदर्श नै नभएपछि कसरी कम्युनिष्ट आन्दोलन सही दिशामा जान सक्छ त ? हुन त माओ, चुतेह, चाओ एनलाई जस्ता आदर्श पुरुषहरु पनि ठूला वडाकै छोराहरु थिए । तर उहाँहरुले कम्युनिष्ट पार्टी गठन गरिसकेपछि आफ्नो व्यक्तिगत सम्पत्तिलाई त्यागेर आफ्नो सम्पूर्ण श्रीसम्पत्ति नै कम्युनिष्ट पार्टीलाई मानेर आउनु भयो । उहाँहरु मजदूर वर्ग र किसान वर्गसंगै घुलमील गरेर बस्न थाल्नुभयो ।

नेपालमा पनि त्यस्तै सेरोफेरोमा कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । त्यतिबेलाका दस्तावेजमा तात्कालीन लेखाप्रणाली हेर्दा मैले के पाएँ भने, मोहनविक्रमको आमालाई एक रुपैयाँ दिइएको (त्यस बेला उहाँले पार्टीको मेस चलाउनु हुँदो रहेछ), पुष्पलाललाई एक रुपैयाँ दिइएको भनेर लेखिएको थियो । त्यो कुरा हेर्दा त्यतिबेला कम्युनिष्ट पार्टीमा पारदर्शिता, सादापन र सामूहिकता ल्याउन खोजिएको जस्तो पाइयो ।

तर अहिले त्यो कुरा पार्टीमा छैन । अहिले त 'कम्युनिष्ट पार्टीको नेता हुँ' भनेर कम्युनिष्ट पार्टी चलाइरहेका छन्, तर साथसाथै, गगनचुम्बी महल पनि बनाइरहेका छन् । कम्युनिष्ट पार्टीका नेताहरु भनेका त जनतन्त्रवादी, नैतिक चरित्रले युक्त, राष्ट्रवादी हुनुपर्ने । नेपालको एउटा ठूलो कम्युनिष्ट पार्टी भनिने एमालेले आफू जनतन्त्रवादी तथा नैतिक चरित्रयुक्त हुनु त कता हो कता, राष्ट्रियताको अडान पनि छोड्न थालिसक्यो । यसबाट आजित भएर त्यस पार्टीबाट निक्लेको अर्को पार्टी मालेले आचारसंहिता बनाएर पार्टीका सदस्यहरुले पालना गर्नुपर्ने नियम बनायो । तर त्यस पार्टीका कतिपय नेताहरु स्वयंले न त त्यो आचारसंहिताको पालना नै गरे, न आफ्नो संपत्ति विवरण नै पेश गरे । त्यहाँ पनि सत्ताको लागि नै लुछाचुँडी भयो । सरकारमा गएर पनि कांग्रेसले गरेको कामभन्दा बेग्लै खालको जनमुखी कामहरु गर्न सकेनन् । अहिले एमाले सरकारमा गएको छ, उसको पनि हविगत उही हुने लक्षण देखिँदैछ । नेपालमा भएका केही पार्टीहरु वर्गसंघर्षको अभावमा, जनसमर्थन र संगठन व्यापकताको अभावमाले गर्दा दिशाविहीन र पथभ्रष्ट भइरहेको होइन । यो विचारधारात्मक स्पष्टताको अभावमा, वैज्ञानिक विश्व दृष्टिकोण र संस्कृतिको अभावमा दिशाविहीन र पथविचलित भइरहेको हो । दायाँ अति र बायाँ अतिको जरो कारण पनि यही हो ।

## अति केन्द्रीकरणको समस्या

सोभियत संघको र पूर्वी यूरोपको समाजवादी अभ्यासको विफलताले के स्पष्टसित देखाएको छ भने, संगठन र सत्ताको अति केन्द्रीकरणले जहाँतहीं निरंकुश नोकरशाहीतन्त्रलाई जन्म दिन्छ । माथिबाट सुविधा र सहुलियतको दान पाएर जनता जति सुविधा सम्पन्न भए पनि उनीहरु अधिकारसम्पन्न भएनन् भने कुनै पनि सत्तालाई जनताले 'आफ्नो सत्ता'को रुपमा बोध गर्दैनन् र त्यो 'जनसत्ता' हुन सक्दैन । अब उताको समाजवादी सत्ता सहभागितामूलक विकेन्द्रित जनसत्ता हुनुपर्दछ । राज्यसत्ताको कब्जा मात्रै क्रान्तिको मुख्य सवाल होइन रहेछ । त्यत्तिकै मुख्य कुरो मान्छेको व्यक्तिवादी र अवैज्ञानिक मानसिक ढाँचा बदल्नु रहेछ ।

तर नेपाली कम्युनिष्ट आन्दोलनले सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको प्रयोगको विफलताबाट ठ्याम्मै केही सिकेको देखिन्न । हाम्रा कम्युनिष्ट पार्टीहरु अहिले पनि त्यत्तिकै अति केन्द्रीकरणको समस्याबाट ग्रस्त छन्, जति १९९० को दशक अगाडि थिए । जनवादी केन्द्रियता हाम्रा कम्युनिष्ट पार्टीहरुमा वास्तवमा नोकरशाही केन्द्रियता सिवाय केही भएको छैन । हाम्रो कम्युनिष्ट आन्दोलनमा नाम र नारा जे दिइए पनि संगठनमा यथार्थमा अति थोरै मान्छेहरु अति धेरै शक्तिशाली हुन्छन् र बहुसंख्यक कार्यकर्ताहरु निरीह तमासे रहन्छन् । पार्टीको केन्द्र संश्लेषणकारी संयोजनकारी कम, दमनकारी ज्यादा रहन्छ । निरंकुश राजतन्त्र र कम्युनिष्ट पार्टीको केन्द्रमा तात्विक भिन्नता देखिन्न । नेताहरुमा आलोचक र जागृत कार्यकर्ता होइन, अन्धभक्त दासहरु सिर्जना गर्ने प्रवृत्ति मुख्य रुपले हावी छ । यसको प्रतिक्रियामा अराजकता र गूटबन्दी पार्टीभित्र एउटा स्थायी प्रवृत्ति भएको छ । सैद्धान्तिक भिन्नता नहुँदा नहुँदै पनि पार्टीहरुमा फूट हुनु यसैको एउटा स्वाभाविक परिणाम भएको छ ।

जतिखेर विश्वमा पार्टी संगठनको अनुभव नै थिएन, त्यतिखेर प्रयोगका रुपमा, जनवादी केन्द्रियतालाई जुन ढंगले लागू गरियो, त्यसमा दोषहरु रहनु अस्वाभाविक होइन । तर अहिले त हामीसंग सिंगै विश्वको अनुभव छ । यो अनुभवबाट शिक्षा नलिनु, र संसारमा विकसित ज्ञान विज्ञानलाई दही-मथनी गरेर नौनी ननिकाल्नु अबको हकमा ठूलो गल्ती हुनेछ । अब पनि पुरानै ढंगले चल्न खोज्नु पण्डा-पुरोहितवाद सिवाय केही हुने छैन ।

> **नेपाली कम्युनिष्ट आन्दोलनले सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको प्रयोगको विफलताबाट ठ्याम्मै केही सिकेको देखिन्न ।**

सोभियत संघको अनुभवबाट पाठ सिक्ने हो भने, अब हामीले संगठनलाई अति केन्द्रीकरण गर्ने र निर्णय गर्ने सारा अधिकार केन्द्र र पोलिटब्यूरोका थोरै मान्छेहरुमा थुपार्ने प्रक्रियाको सख्त रुपमा अन्त गर्नु पर्दछ । केन्द्रको भूमिका अब संयोजनकारी र संश्लेषणकारी हुनु पर्दछ, निर्णय गर्ने अधिकार विकेन्द्रित र सहभागितामूलक पारिनु पर्छ । भनाइको मतलब, केन्द्रले नै निर्णय नगरी नहुने निश्चित विषय क्षेत्रहरु छुट्याइनु पर्दछ- जस्तो, क्रान्तिको केन्द्रीय कार्यक्रम र रणनीतिको सवाल, विश्वका र देशका अन्य पार्टीहरुसित केन्द्रीय तहमा सम्बन्धको सवाल, केन्द्रीय संघर्ष र सत्तासित जोडिएका तत्कालीन कार्यनीतिको सवाल, पार्टीको विचाधारा र सिद्धान्तको सवाल, आदि । यी बाहेक, अरु थुप्रै स्थानीय महत्वका विषयहरुमा निर्णय गर्ने स्वतन्त्रता स्थानीय निकायहरुमा विकेन्द्रित गर्नु पर्दछ । केन्द्रले गर्ने निर्णयहरु पनि सहभागितामूलक र पारदर्शी पारिनु पर्दछ ।

भिन्नमत वा आलोचनात्मक विचार कमिटीभित्रै लुकाउने होइन, यसलाई सबै समयमा तल र बाहिरसम्मै लाने स्वतन्त्रता हुनु पर्दछ । शत्रुबाट लुकाउनु पर्ने प्राविधिक कुराहरु र गोप्य सूचनाहरु बाहेक अरु विषयमा छलफलको स्वतन्त्रताले पार्टीभित्र अति केन्द्रीकरण र अपारदर्शी गूटबन्दीलाई अन्त गर्ने दिशातिर लानेछ । यसले सम्पूर्ण श्रमिक वर्गलाई पार्टीको विचारद्वन्दद्वारा शिक्षित गर्ने काम गर्नेछ । पार्टीभित्रको द्वन्द भित्र सम्हाली नसक्नु भएपछि मात्र विष्फोटको रुपमा जनसमुदायमा आउने अपारदर्शी स्थितिको पनि यसले अन्त गर्नेछ ।


सबै कमिटीहरु विभिन्न स्थान र फाँटबाट छानिएर आएका मान्छेहरुबाट बन्नु पर्दछ । र, छानेर पठाउनेहरुलाई आफ्नो प्रतिनिधिले बदमाशी गरेमा कुनै पनि बेला फिर्ता बोलाउने हक हुनु पर्दछ । यसबाट उत्तरदायित्वको प्रणाली बलवान हुनेछ र निरंकुशतालाई यसले निरुत्साहित गर्नेछ ।

यो ढंगबाट संगठन संचालन गर्ने हो भने- संगठनलाई अब नयाँ ढंगबाट पुनर्संगठित गर्नु जरुरी छ । पुरानो जड ढाँचा अब उपयुक्त हुने स्थिति छैन ।

## जनसत्ताको अभ्यासको सवाल

हाम्रो आन्दोलनमा यहीं र अहिल्यै वैकल्पिक जनसत्ताको अभ्यासको सवालमा ठूलो अस्पष्टता र अन्यौल विद्यमान छ । हामी अहिले क्रान्तिकारी काम भन्नाले पर्चा पोष्टर, जुलूस, आमसभा, नेपाल बन्द, स्थानीय जमीन्दार र जाली फटाहाविरोधी आन्दोलन, मजदूर हड्ताल मात्र बुझिरहेछौं । बाँकी सबै जनताको सत्ता र जीवनसंग जोडिएका कामहरु क्रान्तिपछि गरिने कामका रुपमा बुझिरहेछौं । हाम्रो क्रान्ति र जनसत्ता सम्बन्धी यो बुझाइ अत्यन्त यान्त्रिक छ र गलत छ ।

यसको मतलब, हामीले क्रान्तिलाई अलग थलग रुपमा एउटा निश्चित फड्को मात्र हो भनेर बुझिरहेछौं ।



एकातिर यसरी संसदीय भासमा डुबेका छन् भने अर्कोतिर जनयुद्ध गर्ने मित्रहरुको पाटो छ । उहाँहरुको त्याग र बलिदानको सम्मान त हामीले गर्नु पर्छ । तर उहाँहरुले लिनु भएको बाटो पनि वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा उपयुक्त छैन भन्ने कुरामा उहाँहरुको ध्यान गएको छैन ।

क. मोहन विक्रमसंग पनि गएर कुराकानी गरियो । त्यहाँबाट पनि चित्त बुझ्दो जवाफ आउन सकेन । गतिविधिहरु हेर्दा क. रोहित वा क. निर्मल लामाहरुको पनि हालत त्यस्तै लाग्छ । राजनीतिक लाइनहरुमा उहाँहरुबीच केही फरकहरु छन् तर समग्रमा उहाँहरुले साँच्चै उन्नत विकल्प र चरित्र बोक्न सक्नु भएको पाइन्न । यो देखेर नै हाम्रो कम्युनिष्ट आन्दोलनको पुनर्गठन हुनु पर्छ भन्ने निष्कर्षमा म पुगेको हुँ ।

कुरो के हो भने, कम्युनिष्ट पार्टीले जुन करेण्ट दिनुपर्ने हो, त्यो उहाँहरुले दिन सक्नु भएको छैन । ती पार्टीहरुमा अरु पार्टीहरुबाट असन्तुष्ट भएका कार्यकर्ताहरुलाई आकर्षण गर्ने खालको नीति, कार्यक्रम तथा संस्कृति त हुनुपर्‍यो नि ! खोइ त त्यहाँ त्यो कुरा ? भएको भए त हामी सबै त्यहाँ जान सक्थ्यौं ।

**◆ तपाईंले कम्युनिष्ट पार्टीभित्र न्युन गुणस्तर पनि नभएको भन्ने कुरा ठाउँ ठाउँमा उठाउँदै आउनुभएको पाइन्छ । त्यो गुणस्तर भन्नाले के के कुराहरुलाई बुझ्ने ?**

-क्रान्ति हाँक्नको लागि कम्युनिष्ट पार्टीभित्रको नेतृत्व र कार्यकर्ताहरु असल र निष्ठावान हुनु पर्‍यो नि ! माओले त्यसैको लागि आठ नियमहरु बनाउनु भएको थियो । नेपालमा खोइ त्यसको पालना भएको ? अहिले नेपालमा भएका अधिकांश कम्युनिष्टहरु सामन्ती चरित्रका छन् । मुखले सर्वहारा वर्गको देखाउने, चरित्रले भने सामन्त वर्गको गुण देखाउने । अनि कहाँबाट हुन्छ यहाँ क्रान्ति ? भारतका बुर्जुवा प्रजातन्त्रवादी नेताहरुको चरित्र जति पनि नेपालका कम्युनिष्ट नेताहरुको चरित्र छैन । नेपालका कम्युनिष्टहरु आफूसंग २ हजार पैसा छ भने ५ रु. जाने चिया नखाएर १० रु. जाने चिया खान जान्छन् ।

**◆ १० रु. को चिया छोडेर ५ रु. को चिया किन खाने, त्यसको आशय के ?**

५ रु. को चिया खाँदा रु. दशमा ५ रु. त बचत हुन्छ नि । त्यसरी सबैले बचत गर्न थालेमा आन्दोलनको जरुरतको एउटा राम्रो काममा लगानी गर्न सकिन्छ नि । मैले कमरेडहरुलाई पनि भनेको थिएँ- यति ठूलो घर नबनाउनुस् भनेर । सानो एकतले घर बनाएर बाँकी पैसाले उद्योग खोल्नुस्, पार्टीका मान्छेहरुलाई काम दिनुस् । उद्योग खोल्दाखेरि कमसेकम ५० जना बेरोजगारहरुले त काम पाउँछन् । सामान्य सचेत मान्छेहरुले पनि अनुत्पादक क्षेत्रमा किन लगानी गर्ने ? गर्दैनन् । ५० लाख सिध्याएर घर बनाउनु भनेको त अनुत्पादक काममा लगानी भएको भएन र ? हाम्रो जस्तो गरीब देशमा पजेरो चढ्नुको सट्टा सस्तो महेन्द्रा जीप पनि चढ्न सक्थे नि हाम्रा कमरेडहरुले । देशमा भएका सारा विदेशी मुद्रा विदेशमा पठाएर देशलाई टाट पल्टाउने, अनि आफू कम्युनिष्ट हुँ भन्ने ?

**◆ तपाईंले यी कारणहरुबाट कम्युनिष्ट आन्दोलनको पुनर्गठन गर्नुपर्छ त भन्नुभयो । तर यो पुनर्गठन गर्नुको दायित्व कसको हो त ? त्यो कसरी गरिन्छ ?**

-नेपालमा रहेका सबै कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताहरु चिनेका छौं हामीले । त्यहाँ थुप्रै इमान्दार तथा असन्तुष्ट मानिसहरु छन् । ती सबैलाई समेटेर हामीले पुनर्गठन गर्नु पर्छ । यसको लागि जो जो जहाँ जहाँ छन्, उस उसले काम शुरु गर्नु पर्छ ।

**◆ यसरी जो जो जहाँ जहाँ छन्, उस उसले पुनर्गठन गर्नुपर्छ भनेर काम थाल्दा अराजकता पैदा हुँदैन ?**

अराजकता कसरी आउँछ ? पहिले नै पुनर्गठनमा लागेकाहरुले आफ्नो सम्पत्ति, रहनसहन आदि पारदर्शी गरेर जाने हो भने अराजकता आउँनै सक्तैन । यदि अहिले जस्तै एक अर्कोको खुट्टा तान्ने काम भयो भने त अराजकता आउन पनि सक्छ ।

**◆ पुनर्गठन गर्दा कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याउनेहरुलाई नकारेको आरोप पनि लाग्न सक्छ नि ?**

-कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट पार्टीको इतिहासलाई नमान्ने संस्कृति मैले देखें । यसले गर्दा नै कम्युनिष्ट आन्दोलनले दुर्गति भोग्नु परिरहेको छ । जसजसले कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याएका हुन्, उहाँहरुलाई त हामीले सम्मान गर्नुपर्छ । हामीले त उहाँहरुमा भएको खराब प्रवृत्तिलाई मात्र नकारेका हौं । अहिले पनि उहाँहरु सप्रेर आउनु भयो भने उहाँहरुकै नेतृत्वमा बसेर काम गर्न हामी तयार छौं । त्यसैले पुनर्गठन गर्नु भनेको पहिलेका हस्तीहरुलाई नकार्नु होइन । ❑

*(श्री भट्टराई पुष्पलाल स्मृति प्रतिष्ठानका महासचिव हुनुहुन्छ र नेकपा मालेसंग सम्बद्ध हुनुहुन्छ । -मूल्यांकन)*

> **जसजसले कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याएका हुन्, उहाँहरुलाई त हामीले सम्मान गर्नुपर्छ । हामीले त उहाँहरुमा भएको खराब प्रवृत्तिलाई मात्र नकारेका हौं ।**

क्रान्तिलाई हामीले लामो परिवर्तनको प्रक्रियाको रुपमा बुझिरहेका छैनौं, र त्यही परिवर्तनको प्रक्रियामा एउटा बिन्दुमा वस्तु र समाजमा आउने गुणात्मक हेरफेरलाई हामीले समग्रमा क्रान्ति भनेर बुझिरहेका छैनौं । जसरी मान्छेको जन्म एक्कासी भएको देखिन्छ, तर वास्तवमा त्यो एक्कासी भएको हुन्न, गर्भबाट जन्मनुभन्दा धेरै अगाडि जन्मको प्रक्रिया शुरु भएको हुन्छ, र जन्मपछि पनि शरीरमा परिवर्तन र नयाँ जीवकोषहरुको जन्म, पुरानोको मृत्युको प्रक्रिया जारी रहन्छ, त्यस्तै क्रान्ति पनि एक्कासी भएको देखिन्छ, तर त्यो एक्कासी घट्ने घटना होइन । बच्चाको जन्म जस्तै क्रान्ति पनि एउटा लामो परिवर्तनको प्रक्रिया हो । त्यही प्रक्रियाभित्र फड्को पनि निहित हुन्छ, तर फड्कोमै परिवर्तन प्रक्रिया टुंगिन्न र फड्को अघि पनि लामो समयदेखि परिवर्तनको प्रक्रिया क्रियाशील भएको हुन्छ । त्यही प्रक्रियाले एउटा बिन्दुमा फड्कोको घटना घटाएको हुन्छ ।

क्रान्तिलाई अलग अलग रुपमा सत्तागत फड्को मात्र भन्ठान्ने हाम्रो यान्त्रिक समझदारीले गर्दा हामी क्रान्तिपछि नै सबैथोक हुने सपना बाँड्दै अहिले जनसत्ताका सम्बन्धमा उत्तिकै हात बाँधेर बसिरहेछौं । कम्युनिष्टहरुको एकछत्र प्रभुत्व भएका थुप्रै एरिया छन्, तर त्यहाँ प्रगतिशील सामाजिक परिवर्तनको काम र सत्तागत परिवर्तनको प्रक्रिया थालिएकै छैन । न त त्यहाँ उत्पादन प्रणाली बदलिएको छ, न नीतिनिर्णय गर्ने प्रणाली, न त्यहाँ गरीखाने वर्गलाई अधिकारसम्पन्न बनाइएको छ, न महिला र उत्पीडित जाति, जनजातिलाई । संभव भएर पनि प्रगतिशील वैकल्पिक जनसत्ताको भ्रुण त्यहाँ जन्माइएकै छैन । क्रान्तिपछि नै सबैथोक हुनेछ भनेर अहिले जनसत्ताको मामलामा चुपचाप बस्ने काम भइरहेछ ।

यो नितान्त गलत अवधारणा हो । हो, पानी सय डिग्रीमा उम्लन्छ र वाफ बन्छ । तर अहिले एक, दुई, तीन डिग्री गर्दै पानीलाई झन् झन् ज्यादा तातो हुने दिशामा नतताए पानी के स्वत: र एक्कासी सय डिग्रीमा पुग्छ ? कदापि पुग्दैन । त्यसैले, नेपाली कम्युनिष्ट आन्दोलनले जनसत्ता सम्बन्धी धारणामा आमूल हेरफेर ल्याउनु जरुरी छ । कम्युनिष्टहरुको जहाँ जहाँ बाहुल्य छ, टोल, छिमेक, गाउँ र सिंगै जिल्लामा, त्यहाँ त्यहाँ प्रगतिशील वैकल्पिक 'भ्रुण जनसत्ता' अहिले र यहींदेखि नै अभ्यास गर्न थाल्नु पर्दछ । त्यहाँ बहुसंख्यक जनताको चेतना र जागरणको आधारमा स्वेच्छिक रुपले अहिलेदेखि नै सहकारी र सामूहिकताका आधारमा उत्पादन वृद्धि गर्ने, शैक्षिक र स्वास्थ्य स्तर तथा समग्र जीवनस्तर माथि उठाउने, गरीखाने वर्गका जनतालाई, महिला र उत्पीडित जनतालाई सशक्त र अधिकारसम्पन्न बनाउने, न्याय र नीति निर्णय गर्ने प्रक्रिया बदल्ने काम थालिनु पर्दछ । वैकल्पिक स्थानीय जनसत्ताको यो अभ्यास केन्द्रीय जनसत्ताको अभ्यासको लागि रिहर्सल हो भन्ने कुरा बुझ्नु पर्दछ ।

यदि यस्तो जनसत्ताको अभ्यास गर्ने हो भने, कम्युनिष्ट बाहुल्य भएको ठाउँ र प्रतिक्रियावादी बाहुल्य भएको ठाउँ ठोस र स्पष्ट कामको आधारमा नै छुट्टिने छ । कम्युनिष्टको भिन्नताको विज्ञापन त्यो काम आफैंले गर्नेछ । जनताहरु आफैं कम्युनिष्टहरुलाई आफ्नो वस्तीमा आउन् भनेर डाक्ने प्रक्रियाको शुरुआत हुनेछ ।

यी सबै माथि उल्लिखित काम गर्ने हो भने, र प्रक्रियाहरु थाल्ने हो भने, यसका निम्ति नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगले पुनर्संगठित गर्नु जरुरी छ ।

❑

# पाठकको कुरा

## वियरको विज्ञापन र माले पक्षधरता

म मूल्यांकनको नियमित पाठक हुं । यो पत्रिका अरु पत्रिकाको तुलनामा विशिष्ट श्रेणीको छ । श्रमजीवी जनताको पक्षमा उभिने र अहिलेका युवालाई सही बाटोमा हिँडाउने मूल्यांकनले वियरको विज्ञापन दिएकोमा हामी जस्ता युवाहरु दुःखी छौं । अर्को कुरा, अहिले आएर यो पत्रिकाले नेकपा मालेको बढी समर्थन गरेको पाइएको छ । मूल्यांकनले एउटा पाटोको पक्ष मात्र नलिई सिंगो कम्युनिष्ट आन्दोलनलाई बढाउने काम गर्नुपर्छ ।

**–रविन्द्र प्रसाद श्रेष्ठ, पुतली बजार नगरपालिका-४, भाइटारी, स्याङजा**

*('मूल्यांकन' मा हामी रक्सी, चुरोट, सुर्ती, खैनी र जुवाको विज्ञापन छाप्दैनौं । 'नवयुवा' मा चाहिं वियरको पनि छाप्दैनौं । हामी सबै पार्टीलाई गुण-दोषको आधारमा हेर्छौं । त्यसैले हामी कुनै पार्टी विशेषवादी भएका छैनौं । तैपनि हामीलाई सचेत गराउनु भएकोमा धन्यवाद !*

***–अन्तर्क्रिया प्रकाशन)***

## दीपक ज्ञवालीलाई धन्यवाद

मूल्यांकन पूर्णांक ६१ मा "वैज्ञानिक संस्कार तीखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?" शीर्षक अन्तर्क्रियामा प्राज्ञ एवं जलस्रोतविद् दीपक ज्ञवालीले 'नेपालमा वैज्ञानिक संस्कृतिको विकास किन भएन ?' भन्ने जुन बहस छेड्नु भएको छ, त्यो नेपाल र स्वाभमानी नेपालीहरुको लागि अति रोचक, वस्तुपरक र शतप्रतिशत सही दृष्टिकोण एवं रचनात्मक सन्देश र सुझावले भरिएको छ । ज्ञवालीज्यूले अरुण तेस्रो लगायत अन्य राष्ट्रिय सवाल र सरोकारका विषयहरुमा पनि यस्ता उपयुक्त, विचारणीय, तीखो र सटीक विचार दिँदै आउनु भएको छ । उहाँलाई मेरो तर्फबाट हार्दिक सम्मानसहित धन्यवाद टक्र्याउँदछु । यसरी नै अन्य नेपाली प्राज्ञ र विज्ञज्यूहरुले पनि राष्ट्रिय सवाल र सरोकारका विषयमा निर्भिकता र निस्पक्षताका साथ सही र रचनात्मक विचारलाई सन्देशको रुपमा आम नेपाली नागरिकमाझ पुऱ्याई आफ्नो राष्ट्रिय स्वाभिमानको उचाई बढाउनु हुन विनम्र अनुरोध छ ।

**–ओम नारायण राई, भोजपुर सानो दुम्मा-७, हाल दुबई**

## झापड नै हो यो

"वैज्ञानिक संस्कार : तीखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?" शीर्षकको दीपक ज्ञवालीको व्याख्यान नै अंक ६१ को गहना हो जस्तो लाग्यो । यसका हरेक पंक्ति अनि टिप्पणीहरु सटीक र साहसिक छन । बुद्धि-विवेक, पद-डिग्री, मान-प्रतिष्ठा धरौटी राखेर पैसाको पछि दौड्ने 'आधुनिक विद्वानहरु', तल्लो पदकालाई विवेकहीन नोकर ठान्ने अनि माथिल्लालाई भगवान संझी चरणस्पर्शमा घोप्टिने हाम्रा सरकारी हाकिमहरु तथा ढाँट्दै, झुठा कसम खाँदै र आकाशका तारा झार्ने प्रतिबद्धता जाहेर गर्दै हिँड्ने हाम्रा राजनेताहरुलाई दुवै गालामा हानिएको यो झापड नै हो । यस्ता विचारहरु मूल्यांकनले निरन्तर पस्किरहने छ भन्ने आशा राख्दछु ।

**–छविलाल पाठक, रुपन्देही, हालः बाजुरा**

## दार्शनिक विश्लेषण

मूल्यांकन पत्रिकाले नेपालको पत्रिका जगत्मा महत्वपूर्ण स्थान ओगटेको छ । यसले राष्ट्रिय-अन्तराष्ट्रिय, रुढीवादी संस्कार-वैज्ञानिक संस्कार सम्बन्धी अत्यन्तै सत्य एवं तथ्य स्तम्भहरु प्रस्तुत गरी राष्ट्रको चौथो अंगको रुपमा आफ्नो कर्तव्य निर्वाह गर्दै आएको छ । यसले निश्चित रुपमा मानव समाजको व्यक्तित्व विकास गर्नमा ठूलो टेवा पुऱ्याउँछ र यसले मेरो पनि शैक्षिक एवं बौद्धिक क्षेत्रमा राम्रो टेवा पुऱ्याएको छ । कार्तिक अंक ६१ मा प्रिन्ट धेरै गल्ती भएकोमा यस्ता गल्तीहरु नदोहोरिउन् भन्ने आशा व्यक्त गर्दछु ।

प्रज्ञानरत्नले लेख्नु भएको जटिल महत्व राख्ने दार्शनिक विश्लेषण अध्ययन गर्न पाएकोमा अति हर्षित छु । म यस पत्रिकालाई के अनुरोध गर्न चाहन्छु भने ,प्रज्ञानरत्नका स्तम्भहरुलाई नियमित रुपमा ठाउँ दिई प्रकाशित गरियोस् । यसले आगामी अंकमा 'आम निर्वाचनमा वामपन्थीहरु मिल्न सकिन्छ कि सकिँदैन ?' भन्ने बहसका साथ वाम प्रतिनिधिहरुको विचार प्रस्तुत गरोस् ।

**–दीपक विष्ट, रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, स्नातक प्रथम खण्ड**

## वाम तालमेलबारे

हरि गोविन्द लुईटेलद्वारा लेखिएको 'वाम तालमेल हुनुपर्छ कि पर्दैन ?' भन्ने लेख अति सान्दर्भिक र समयानुकूल छ । त्यस लेखलाई माले, एमाले लगायतका समस्त वाम शक्तिहरुका शीर्षस्थ नेताहरुले गहन अध्ययन गर्नु जरुरी छ । समय परिस्थिति अनुसार भौतिकवादी हुँ भन्न रुचाउनेहरुले एकताको प्रष्ट बाटो अवलम्बन गर्नुपर्ने टड्कारो आवश्यकता छ ।

**–विक्रम कुँवर, श्री बरहथवा गाविस-४, सर्लाही**

## पाठकको विचार दिइयोस्

मूल्यांकन मासिक मैले समयमा नै पढ्न पाइरहेको छु । अंक ६२ को मूल्यांकनमा दर्शन परिचय झ्याउरे लयमा र चार्ट समेत दिएकोमा अत्यन्त खुसी लाग्यो । यो शैलीबाट दिइएको दर्शन परिचयले आदर्शवाद, भौतिकवादबारे बुझ्न धेरै सजिलो तुल्यायो । यसको लागि सम्पादक तथा श्याम श्रेष्ठलाई धन्यवाद नदिइरहन सक्तिनँ ।

मूल्यांकनसंग मेरो अनुरोध के छ भने, सकेसम्म प्रत्येक अंकमा, नसकेमा एक अंक विराएर भए पनि उपयुक्त विषयमा पाठकहरुको विचार दिइयोस् ।

**–गगन पुरी, तेलिया-६, धनकुटा**

## मूल्यांकनको साथमा छौं

विगत निकै लामो समयदेखि हामी मुल्यांकनको नियमित पाठक हौं । मूल्यांकन प्रकाशित हुनासाथ समयमै हात लाग्छ, अनि खुशीसाथ अध्ययन गर्छौं । ६१ औं अंक पनि समयमै हात पऱ्यो र यसभित्रका सबै स्तम्भहरु अति रोचक, सान्दर्भिक र ज्ञानर्द्धक लेख रचनाहरु अध्ययन गर्न पाउँदा अत्यन्तै खुशी लाग्यो ।

अन्तर्राष्ट्रिय घटनाचक्रहरुका अलावा भारतका विभिन्न ठाउँहरुमा आफ्नो रोजीरोटीको निम्ति प्रवासी जीवन बिताउन विवश नेपाली दाजुभाइहरुका बारेमा थप जानकारीका साथ एकता समाजका सभापतिसंगको अति समसामयिक अन्तर्वार्ता, ब्लादीमिर इल्यीच लेनिनसम्बन्धी संक्षिप्त, तर अति प्रेरक प्रसंग, नेतृत्वपंक्तिको खड्किदो अभावकै बावजुद विखण्डनको संघारमा पुगिसकेको वर्तमान रुसको अवस्था, भयावह आर्थिक संकटकै वावजुद गरीबीको संख्यामा तीव्रवृद्धि, खाद्यान्नको भयावह अनिकाल अवश्यंभावी, जस्ता प्रसंगहरुको अतिरिक्त यस निष्पक्ष स्वतन्त्र मूल्यांकनप्रति लगाएका नचाहिंदा लाञ्छना सम्बन्धी लेख गणेशवादको प्रसंग अत्यन्तै राम्रो लाग्यो ।

विगत लामो समयदेखि विविध अप्ठ्यारो परिस्थिति र उतारचढावहरु सामना गर्दै आजसम्म पनि आफ्नै ठाउँमा उभिएर आम पाठकलाई बौद्धिक खुराक प्रदान गर्ने एक सफल पत्रिका हो- मूल्यांकन । यस्तो पत्रिकालाई जो कोहीले अनावश्यक टीकाटिप्पणी र लाञ्छना लगाउन खोज्छ भने त्यो व्यक्तिले आफ्नो विवेकको एक खुड्किलो तल झरेर आफ्नो महत्वाकांक्षी परिचय दिन खोजेको हो । तर केही छैन, मूल्यांकन जस्तो स्तरीय र ज्ञानवर्द्धक पत्रिकालाई हरेक क्षण, हरपल साथ दिने हामी जस्ता लाखौंलाख शुभचिन्तक पाठकहरु छन् । अतः आगामी दिनहरुमा जस्तोसुकै असजिलो पारिस्थितिहरु आई परे तापनि अविचलित रुपमा यो अगाडि बढ्दै जावस्- हामी यही कामना गर्दछौं ।

**–बुद्धिबहादुर पुनः 'विरही', गमबहादुर पुनः अकेला, स्यागदी हालः केन्द्रीय कारागार, त्रिपुरेश्वर काठमाडौं**

## जनयुद्धको यो हविगत ?

गतांकमा माओवादी पार्टीबाट विद्रोह गरेका भरत दाहालको अन्तर्वार्ता पढ्दा माओवादी जनयुद्ध वास्तवमा अल्लारे र लहडी खालको नेतृत्वको पछि पछि कुदिरहेको प्रष्ट हुन्छ । झापाकाण्ड २०२८ र सोही ताका भारतको नक्सलवादी आन्दोलनको विफलताबाट पाठ नसिकी माओवादी नेतृत्वले किन यो उग्र रोमान्सेली बाटो पक्रेकेको हो ? अचम्मै लागिरहेछ ।

**–विष्णु कोइराला, रंगेली, मोरंग**

## नेताहरू र साहित्य-कला

अंक ६२ मा चन्द्रदेव नेपालीले नेताहरुले साहित्य-कलामा ध्यान र चासो नदिएको कुरा उठाउनु भएको सान्दर्भिक लाग्यो । 'राजनेता' हुने गुण भएका नेताहरुमा कला-साहित्यको रुची र खुबी समेत भएको इतिहासमा पाइन्छ । तर सामान्य र सतही नेताहरुमा यो रुची र खुबी हुँदो रहेनछ । जेहोस्, मूल्यांकनले उनीहरुलाई झकझकाएकोमा धन्यवाद !

**–विमल विष्ट, धम्बोजीचोक, नेपालगञ्ज**

## मूल्यांकनको मूल्यबारे राय पठाउनुहोस् !

गत डेढ वर्षजति अघि नै हामीले मूल्यांकनको मूल्यवृद्धि गर्नुपर्ने बाध्यता जनाई पाठकहरूसँग राय सल्लाह मागेका थियौं । त्यतिखेर अधिकांश पाठकहरूले मूल्यांकनको पृष्ठ संख्या पनि केही बढाउने र मूल्य पनि बढाई रू. २०/- गर्ने सुझाव दिनुभएको थियो । तर त्यतिखेर प्रतिस्पर्धात्मक बजारको प्रतिकूलताको कारण हामीले कष्ट सहेरै पनि मूल्य बढाएनौं । गएको अंक ६१ देखि चाहिं हामीले १ प्रति मूल्यांकनको रू. १७/- गऱ्यौं ।

यसैबीच, हामीलाई हाम्रा अधिकांश विक्रेता र पाठकहरूले यो रू. १७/- मूल्य अधकल्चो खालको भयो, बरू मूल्यांकनले रू. २०/- नै गरोस्, र चार पृष्ठ थपी थप सामग्री पनि प्रस्तुत गरोस् भन्ने सुझाव दिनुभएको छ ।

पाठकवृन्द ! यसबारे तपाईंहरूको राय के छ ? कृपया हामीलाई लेखी सुझाव दिन हुन हार्दिक अनुरोध गर्दछौं ।

–अन्तर्क्रिया प्रकाशन प्रा. लि.

अन्तर्राष्ट्रिय नव वर्ष सन् १९९९ को सुखद उपलक्ष्यमा नेपालभित्र र नेपालबाहिर रहनु भएका सम्पूर्ण नेपालीहरुमा आरोग्य, अटल सौभाग्य एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । साथै, यो नयाँ वर्ष सम्पूर्ण नेपालीहरुको लागि थप उपलब्धिमूलक र सन्तोषप्रद बनोस् भनी मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाली सेवा समिति जापान -१९९३

# नेपाली सेवा समिति जापान

तथा विभिन्न क्षेत्रका सात शाखा समिति, जापान

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासमा उत्प्रेरणाका निम्ति प्रकाशित

चौमासिक

# विकास

गरीबी सम्बन्धी विशेषांक

आफैं गरिबी भोगिरहेकाहरु के भन्छन् ?
गरिबीबारे अध्ययन गरिरहेकाहरु के भन्छन् ?

- नेपालीहरू किन र कसरी गरिब भइरहेका छन् ? -डा. चैतन्य मिश्र
- जति बढी विदेशी सहायता आयो उति बढी हामी गरिब भएका छौ -डा. देवेन्द्रराज पाण्डे
- हाम्रो मुख्य उद्योग भनेकै गरिबी बेच्नु रहेछ ! -दीपक ज्ञवाली
- अमेरिकामा उत्पीडनको शिकार -स्टिफन मिक्सेल
- गरिबी निवारण मानव अधिकार आन्दोलनको पनि प्राथमिकता हो -कृष्ण पहाडी
- गरिबी भनेको के हो ? *पूर्वी नेपालको अध्ययन तथा अनुभव* -महेश पन्त
- माना र पाथीमा नापिएको हाम्रो गरिबी -मीना पौडेल
- जनप्रतिनिधिले देखेको गरिबी र विकास -लीलाबहादुर थापा मगर
- गरिबी रोग हो कि रोगको लक्षण ? - गरिबीको यथार्थ तस्वीरः हुम्ला -**पूर्ण बस्नेत**
- गरिबी र भोकमरीका प्रोफेसर अमर्त्य सेनलाई नाबेल पुरस्कार -राजेन्द्र महर्जन
- तिम्रो बासित पैसा छैन -सिद्धिचरण श्रेष्ठ
- छतमा बसेको मान्छे -मीनबहादुर विष्ट
- **गाउँघरबाटः** भारीले थिचिएको जुठीको जीवन -हरि बस्नेत
- दिल्ली बम्बै भनेको पनि गरिब बनाउने फ्याक्ट्री नै रहेछ !-सन्तबहादुर दर्जी
- माछा र जाल -हरिगोविन्द लुइँटेल
- गरिबको फोटो -विमल निभा
- राजकुमारको मुखबाट गरिबको कथा -विनयकुमार कसजू



नयाँ अंक बजारमा सर्वत्र उपलब्ध छ !

◆

आत्मनिर्भर विकास मञ्च

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं १२/०५१/५२

